राष्ट्रिय सूचना आयोग

National Information Commission

# वार्षिक प्रतिवेदन

# २०७९/८०

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

## राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७९/८०

प्रकाशक : राष्ट्रिय सूचना आयोग
काठमाडौँ, नेपाल ।
फोन नं. : ४४६४४१२/४४९६५४४
फ्याक्स नं. : ४४९६५४५
इमेल : info@nic.gov.np
वेभसाईट : www.nic.gov.np
हेल्प लाइन : ४४९६५४४
अडियो नोटिस : १६१८०७०७८२४२६
प्रकाशन मिति : २०८०
प्रति :
मुद्रक : ..........

# आयोगका वर्तमान पदाधिकारीहरू



प्रमुख सूचना आयुक्त
श्री महेन्द्र मान गुरूङ्ग



सूचना आयुक्त
श्री कमला ओली थापा



सूचना आयुक्त
श्री रत्नप्रसाद मैनाली



सचिव
श्री दिवस आचार्य

# विषयः चौधौं वार्षिक प्रतिवेदन

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । संविधानमा व्यवस्था गरिएको नागरिकको मौलिक हकको कार्यान्वयनका लागि जारी गरिएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनेर सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारलाई कानूनद्वारा नै प्रत्याभूत गरिएको छ ।

सोही ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था छ । कानुन अनुरूप गठित राष्ट्रिय सूचना आयोगले ऐनको दफा २० उपदफा १ बमोजिम सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकार कार्यान्वयन एवम् सूचनाको हकको सम्बर्द्धन र प्रबर्द्धनका क्रममा आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न गरेका मुख्य-मुख्य कार्यहरू समावेश गरी यो बार्षिक प्रतिवेदन तयार गरेको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रिय सूचना आयोगद्वारा सम्पादित कामकारवाही समेटिएको प्रस्तुत वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसदमा छलफलका लागि प्रस्तुत गर्न तथा सर्वसाधारणको जानकारीका लागि सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था अनुरूप कानूनले सुम्पिएको जिम्मेवारीलाई मन, वचन र कर्मद्वारा इमान्दारीपूर्वक क्रियाशील रही पूरा गर्ने क्रममा भए/गरेका कार्यहरू प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदनलाई सात वटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा आयोगको परिचय र दोस्रो परिच्छेदमा सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था समावेश गरिएको छ । तेस्रो परिच्छेदमा आयोगमा परेका पुनरावेदन तथा तिनको फछ्र्यौटको विवरण समावेश गरिएको छ भने चौथो परिच्छेदमा आयोगबाट यस आर्थिक वर्षमा भएका महत्वपूर्ण आदेश तथा सजाय समावेश गरिएको छ । पाँचौ परिच्छेदमा आयोगबाट सञ्चालित वित्तीय तथा भौतिक प्रगतिको विवरण समावेश गरिएको छ भने छैठौं परिच्छेदमा आयोगबाट सम्पन्न भएका प्रमुख कार्यहरू समेटिएको छ । सातौं परिच्छेदमा आयोगको बैठकबाट भएका निर्णयहरूको विवरण र आठौं परिच्छेदमा आयोगका सुझावहरूको विवरण समावेश गरिएको छ । बाह्र अनुसूची र दुई परिशिष्ट समावेश गरी तयार पारिएको यो वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखिएको छ ।

संविधानमा व्यवस्था गरिएको मौलिक हकको सदुपयोग गर्ने नागरिक, सूचनाको हकको प्रचलन र प्रबर्द्धनमा विभिन्न प्रकारले योगदान पुऱ्याउने अभियन्ता तथा प्रतिवेदन तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने आयोगमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूप्रति आयोग आभार व्यक्त गर्दछ ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| उ.म.न.पा. | : | उपमहानगरपालिका |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| का.म.न.पा. | : | काठमाडौं महानगरपालिका |
| को.ले.नि.का. | : | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| गा.पा. | : | गाउँपालिका |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.बैंक | : | नेपाल राष्ट्र बैंक |
| ब.उ.शी.नं. | : | बजेट उपशीर्षक नम्बर |
| म.ले.प. | : | महालेखा परीक्षक |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रा.प.अनं. | : | राजपत्र अनङ्कित |
| रा.प.अनं.प्र. | : | राजपत्र अनङ्कित प्रथम |
| रा.प.तृ. | : | राजपत्राङ्कित तृतीय |
| रा.प.द्वि. | : | राजपत्राङ्कित द्वितीय |
| सा.प्र. | : | सामान्य प्रशासन |

# विषय सूची

**कार्यकारी सारांश**

**परिच्छेद- १ राष्ट्रिय सूचना आयोगको परिचय**

१.१ संवैधानिक व्यवस्था

१.२ कानूनी व्यवस्था

१.३ राष्ट्रिय सूचना आयोगको गठन

१.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

१.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार

१.६ अधिकार प्रत्यायोजन

१.७ आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था

१.८ आयोगको वार्षिक प्रतिवेदन

**परिच्छेद- २ सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था**

२.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था

२.२ सूचना माग गर्ने प्रक्रिया र पुनरावेदन

२.३ आयोगबाट गरिने निर्णय प्रक्रिया

२.४ सूचनाको संरक्षण

**परिच्छेद- ३ पुनरावेदन र फछ्र्यौटको अवस्था**

३.१ निवेदन, उजुरी तथा पुनरावेदनको विवरण

३.२ क्षेत्रगत पुनरावेदनको विवरण

३.३ प्रदेशगत पुनरावेदनको अवस्था

**परिच्छेद- ४ आयोगबाट भएका आदेश तथा सजाय**

४.१ आयोगबाट भएका केही महत्वपूर्ण आदेश

४.२ सूचना नदिए बापत सजाय

**परिच्छेद- ५ वित्तीय तथा भौतिक प्रगति**

५.१ विनियोजित बजेट र खर्चको विवरण

५.२ विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण

५.३ प्रशासनिक र कार्यक्रम खर्च

५.४ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

**परिच्छेद- ६ आयोगबाट सम्पन्न भएका प्रमुख कार्यक्रम**

६.१ पृष्ठभूमि

६.२ अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम

६.३ सूचनाको हकसम्बन्धी दिवस

६.४ पुरस्कार तथा सम्मान

६.५ प्रकाशन तथा प्रचारप्रसार

६.६ सूचनाको हकको कार्यान्वयन परीक्षण

६.७ सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा

६.८ सूचनाको हकको कार्यान्वयनबारेको अनुसन्धान/अध्ययन प्रतिवेदन

**परिच्छेद- ७ सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगका सुझाव**

अनुसूची-१ नागरिक बडापत्र

अनुसूची-२ राष्ट्रिय सूचना आयोगको संगठन संरचना

अनुसूची-३ राष्ट्रिय सूचना आयोगमा आर्थिक वर्ष २०७८/७९ मा कार्यरत पदाधिकारी र कर्मचारीहरूको विवरण

अनुसूची-४ आर्थिक वर्ष २०७८/७९ आयोगको बैठकबाट भएका निर्णयहरू

अनुसूची-५ आर्थिक वर्ष २०७८/७९ मा पुनरावेदनउपर भएका कारबाहीको विवरण

अनुसूची-६ राष्ट्रिय सूचना आयोगबाट भएका महत्वपूर्ण आदेशहरू

अनुसूची-७ राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको विवरण

अनुसूची-८ आर्थिक वर्ष २०७८।७९ मा जिल्लास्थित कार्यालय प्रमुखहरूसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको तालिका

अनुसूची-९ १५ औँ राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट व्यक्त शुभकामना सन्देश

अनुसूची-१० १५ औं राष्ट्रिय सूचना दिवस र आयोगको प्रतिबद्धता

अनुसूची-११ सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाको राष्ट्रिय सूचना आयोगको १५ औ स्थापना दिवसको अवसरमा शुभकामना सन्देश

अनुसूची-१२ राष्ट्रिय सूचना आयोगको १५ औं स्थापना दिवसका अवसरमा प्रतिवद्धता

अनुसूची-१३ विगतका वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरू

परिशिष्ट १ आ. व. ०७८/७९ मा आयोगमा परेको पुनरावेदनउपर भएको कारवाहीको संक्षिप्त विवरण

# कार्यकारी सारांश

राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०७८/७९ मा आयोगमा दर्ता भएका १०८३ पुनरावेदनहरूमध्ये १०७७ पुनरावेदन अर्थात् ९९.४ प्रतिशत पुनरावेदन फछ्र्यौट गरेको छ । आयोगमा परेका १०८३ वटा उजुरी तथा पुनरावेदनलाई दश वर्गमा वर्गीकरण गरी विश्लेषण गर्दा स्थानीय तहहरूसँग सम्बन्धित उजुरीहरू ७८.५ प्रतिशत रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित १०.३ प्रतिशत, कानून तथा न्याय प्रशासनसँग १.०१ प्रतिशत, सूचना तथा सञ्चारसँग ०.२ प्रतिशत, शिक्षा, स्वास्थ्य तथा खेलकूदसँग सम्बन्धित ३.८७ प्रतिशत, खानेपानी, विद्युत, निर्माण तथा यातायातसँग सम्बन्धित ०.६४ प्रतिशत, संस्थान तथा प्राधिकरणसँग सम्बन्धित १.६६ प्रतिशत, जग्गा, मालपोत, भूमि, वन तथा कृषिसँग सम्बन्धित ०.८३ प्रतिशत, प्रशासनसँग सम्बन्धित ०.४६ प्रतिशत, अन्य (गैरसरकारी संस्था तथा अन्य संस्था) सँग सम्बन्धित उजुरीहरू २.३० प्रतिशत रहेको छ ।

आर्थिक वर्षको अवधिमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायका नाममा ८ वटा आदेश भएका छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम सार्वजनिक खरिदलाई पारदर्शी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तह, सार्वजनिक खरिद अनुगमन कार्यालय, कालिमाटी र बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपतिका नाममा आयोगबाट आदेश भएको थियो । त्यस्तै तराई, मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनको क्रममा भएको घटनाको छानवीन गर्न गठित लाल आयोगको प्रतिवेदन, ३३ किलो सुनसम्बन्धी छानवीन समितिको प्रतिवेदन लगायतका विषयहरूसँग सम्बन्धित सूचना सूचना मागकर्तालाई उपलब्ध गराउन आयोगले आदेश गरेको थियो । त्यसैगरी सूचना मागकर्तालाई सूचना दिन इन्कार गर्ने ४ वटा सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम आयोगबाट कारबाही भएको थियो ।

सूचना माग गर्नु र प्राप्त गर्नु नागरिकको संविधान प्रदत्त नैसर्गिक अधिकार हो । त्यस्तो हकको प्रचलनका साथै प्रबर्द्धन गर्ने कानूनी दायित्व आयोगको रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय सूचना आयोगबाट काठमाडौं लगायत विभिन्न जिल्ला स्थित कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि तथा सञ्चारकर्मीको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । यसका साथै गण्डकी र लुम्बिनी प्रदेशमा खुला शासन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । आयोगबाट संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका विभिन्न सरकारी तथा गैरसरकारी सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयनको अवस्था तथा समस्याको बारेमा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत भएको छ ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यका कामकारबाही र सार्वजनिक सरोकारको सूचनामा नागरिकको सहज पहुँच हुनु पर्दछ । नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्छ । सही सूचनाको प्रवाहद्वारा नै शासन व्यवस्थाप्रति नागरिकको सहभागिता बढ्न गई शासन व्यवस्थाले वैधता प्राप्त गर्दछ । संविधान र कानूनले सूचना प्रवाह गर्न बाध्य गरिने छैन भनेको बाहेक नागरिकले माग गरेका व्यक्तिगत तथा सार्वजनिक सरोकारका विषय तथा सार्वजनिक निकायले स्वत: सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक गर्न आयोगबाट आदेश भइरहेका छन् । सार्वजनिक निकायका प्रमुखलाई संविधान र कानूनको परिधिभित्र रहन तथा नागरिक अधिकारको सम्मान गर्न आयोगले पटक-पटक सचेत गराइरहेको अवस्था छ ।

यही आर्थिक वर्षमा आयोगले गरेको अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रमबाट १८४ जना महिला र ११०७ जना पुरुष गरी जम्मा १२९१ जना नागरिकले सूचनाको हकसम्बन्धी कानूनी तथा व्यवहारिक ज्ञान हासिल

गरेका छन् । जसमा विभिन्न निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि, सूचनाको हकका अभियन्ता र सञ्चारकर्मीसमेत संलग्न छन् ।

सूचना र समाचार सम्प्रेषण गर्दा सञ्चारमाध्यमको भूमिका स्वतन्त्र र निष्पक्ष हुनु पर्दछ। नागरिक चेतना बृद्धि गर्नका लागि राष्ट्रिय सूचना आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्र संस्थानसँगको सहकार्यमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन् । आयोगसँगको सहकार्यमा नेपाल टेलिभिजनमार्फत प्रशारण हुने "सूचनाको हक मौलिक हक" तथा गोरखापत्रमा विभिन्न समयमा प्रकाशित नागरिक चेतनामूलक सामग्री सूचनाको हकको प्रचलन र प्रबर्द्धनमा प्रभावकारी भएको आयोगले अनुभव गरेको छ । आयोगले आफ्ना क्रियाकलापहरूलाई सर्वसाधारण नागरिक तथा सार्वजनिक निकायमा पुऱ्याउने उद्देश्यबाट "सूचना मेरो अधिकार" नामक बुलेटिन त्रैमासिकरुपमा नेपाली र अंग्रेजी भाषामा प्रकाशन गर्नुका साथै सूचनाको हकका विज्ञहरूको लेख रचना समेटिएको आ. टी. आई. जर्नल पनि प्रत्येक वर्ष नियमित प्रकाशन गर्दै आएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा भएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नियमावलीको आवश्यकता महशुस गरी आयोगले सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा तयार गर्ने कार्य गरेको छ । यसका साथै सूचनाको हकको कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगबाट भएका आदेशको कार्यान्वयनको अवस्था कस्तो छ भन्ने विषयमा पनि यो वर्ष 'नमूना' अनुसन्धान कार्य आयोगबाट सम्पन्न भएको छ । बजेटको सीमितताले एउटा मात्र जिल्लामा केन्द्रित भएर गरिएको सो अनुसन्धानले आयोगको आदेशको कार्यान्वयनको अवस्थाबारे एउटा यथार्थ चित्रण गरेको छ । यसले अध्ययन/अनुसन्धानलाई देशव्यापी रूपमा गर्न सके सुशासन र पारदर्शिता कायम गर्न सूचनाको हकको महत्वलाई अझ व्यापकता दिन सकिने देखिन्छ ।

नियमित कार्यक्रमकै निरन्तरतामा यो वर्ष आयोगले संसदको विकास तथा प्रविधि समितिका सदस्यहरू तथा उच्च अदालत पाटनका न्यायाधीशहरूसँग अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गरेको छ । कोभिड-१९ का कारण विगतका वर्षमा गर्न नसकिएका ती कार्यक्रमबाट सूचनाको हकका क्षेत्रमा नीतिगत, कानूनी र व्यवहारिक कार्यान्वयनका विषयमा आयोगलाई राम्रो पृष्ठपोषण भएको छ ।

अन्त्यमा आयोगले देशको संघीय संरचना अनुरूप आगामी दिनमा आफ्ना कार्यक्रम र कामकारबाहीलाई यथाशक्य प्रदेश तथा स्थानीय तहमा लक्षित गर्नु पर्ने महशुस गरेको छ । सूचनाको हकसम्बन्धी नियम, कानून पनि समय सापेक्ष संशोधन र परिमार्जन गर्नुपर्ने महशुस भएको छ । आयोगको कार्यक्षेत्र विस्तार गर्न वित्तीय स्रोत साधन पर्याप्त विनियोजन गर्नुको साथै बजेट व्यवस्थामा स्वायत्तताको अभाव खट्किएको छ । आयोगको आफ्नै वेबसाइट www.nic.gov.np मार्फत आफ्ना सबै क्रियाकलाप प्रवाह हुने गरेको छ ।

# परिच्छेद- १

# राष्ट्रिय सूचना आयोगको परिचय

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको मुलुक हो । नेपालको संविधानको प्रस्तावनामा समृद्ध राष्ट्र निर्माण गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान जारी भएको उल्लेख गरिएको छ । संविधानबमोजिम नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ ।

संविधानको धारा २७ मा सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ। नागरिकलाई सूचनाको हकको प्रत्याभूत गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि तत्कालीन व्यवस्थापिका- संसद्‌बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित भई २०६४ श्रावण ५ गते प्रमाणीकरण भएको हो । यो ऐन २०६४ भदौ ३ गतेदेखि लागू भएको हो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाइन्छ। नेपालको संविधान, २०७२ को धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था गरिएको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यबस्था गरेको छ । यस अनुसार आयोगले प्रत्येक आर्थिक वर्षमा आफूले सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय-संसद्‌मा प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था ऐनको दफा २५ मा रहेको छ । यसबमोजिम आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका सम्बन्धमा भए गरेका कामहरूको कार्य सम्पादन एवम् गतिविधिका सम्बन्धमा प्रस्तुत चौधौं वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## १.१ संवैधानिक व्यवस्था

नेपालमा सूचनाको हकलाई सर्वप्रथम ऐतिहासिक जनआन्दोलनपश्चात् जारी भएको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रत्याभूत गरिएको थियो । सो संविधानको भाग- ३, मौलिक हकअन्तर्गत धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर यस धारामा लेखिएको कुनै कुराले कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो । तत्पश्चात् जारी भएका दुवै वटा संविधानमा सूचनाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग-३, मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो ।

वर्तमान नेपालको संविधानको भाग- ३ मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ । सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको छ ।

यसैगरी धारा २८ मा गोपनियताको हकसम्बन्धमा व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनी उल्लेख गरिएको छ ।

## १.२ कानूनी व्यवस्था

वर्तमान नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकअन्तर्गत नागरिकको आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई कानूनद्वारा व्यवस्थित गर्नुका साथै राज्यका काम कारवाहीलाई लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज तुल्याउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले तत्कालीन व्यवस्थापिका-संसद्ले सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गरी २०६४ साल श्रावण ५ गते प्रमाणीकरण गरेको हो । सो ऐन प्रमाणीकरण भएको ३० औं दिनमा प्रारम्भ हुने व्यवस्थाबमोजिम २०६४ भाद्र ३ गतेदेखि कार्यान्वयनमा आएको हो । सोही ऐनको दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था सुनिश्चित गरेको छ। यसरी संवैधानिक र कानूनीरूपमा राज्यको काम, कारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नू/गराउनू सार्वजनिक निकायहरूको दायित्व हो भनी व्याख्या गरिएको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो संशोधन, २०७० साल श्रावण २८ गते दोस्रो संशोधन र २०७७ साल मंसिर १९ मा तेस्रो संशोधन गरिएको छ।

## १.३ राष्ट्रिय सूचना आयोगको गठन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि कम्तिमा एकजना महिलासमेत समावेश हुने गरी एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त भएको तीन सदस्यीय स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ। व्यवस्थापिका-संसद्का सभामुखको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष सदस्य रहेको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र आयुक्तहरूको नियुक्ति गर्छ।

सोही व्यवस्था अनुसार २०६५ साल वैशाख २२ गते पहिलो पटक गठित राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा श्री विनय कुमार कसजु र सूचना आयुक्तहरूमा क्रमशः श्री श्रीआचार्य र श्री सविता भण्डारी बराल नियुक्त हुनुभयो। प्रमुख सूचना आयुक्त विनयकुमार कसजुको कार्यकाल उमेर हदको कारण २०६९ श्रावण ३ गते समाप्त भयो । त्यसपछि सूचना आयुक्त श्री श्रीआचार्यले कार्यवाहक प्रमुख सूचना आयुक्तको कार्यभार सम्हाल्नुभयो । २०७० जेठ २४ गते कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बरालको कार्यकाल पदावधिका कारण समाप्त भयो । तत्पश्चात् करिब १७ महिना आयोग पदाधिकारीविहीन हुँदा कार्यालयका तर्फबाट रिक्त पदाधिकारीहरूको भूमिका निर्वाह गरियो ।

दोस्रो कार्यकालको रूपमा २०७१ पुस २४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्तहरूमा श्री किरणकुमार पोखरेल र श्री यशोदादेवी तिम्सिना नियुक्त भएर २०७१ पौष ३० गते पद बहाली गर्नु भयो । आयोगको दोस्रो कार्यकालका पदाधिकारीको पदावधि २०७६ पुष २३ गते समाप्त भई अवकाश हुनु भयो ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ मंसिर २३ गतेको निर्णयानुसार मिति २०७६ पुष २४ गतेबाट प्रमुख सूचना आयुक्तमा श्री महेन्द्र मान गुरूङ्ग र सूचना आयुक्तद्वयमा श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनालीले पद बहाली गर्नु भयो । आयोगका पदाधिकारीको कार्यकाल ५ वर्षको हुने कानूनी व्यवस्था छ । राष्ट्रिय सूचना आयोगको संगठन तालिका **अनुसूची-१** मा राखिएको छ ।

## १.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा १९ मा राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएको छः

१.४.१ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

१.४.२ त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

१.४.३ नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.४ समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.५ यस ऐनबमोजिमको दायित्व पालना गर्न/गराउन सम्वन्धित पक्षलाई आदेश दिने ।

१.४.६ नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्वन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

१.४.७ सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने ।

## १.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार

१.५.१ नेपाली नागरिकले सार्वजनिक निकायसँग सूचना माग गर्दा मागेको सूचना नपाएमा वा पाएको सूचनाउपर चित्त नबुझेमा निजले आयोगसमक्ष पुनरावेदन दिन सक्छन् । आयोगले सो पुनरावेदनमाथि कारवाही गरी सूचना दिनु भन्ने आदेश जारी गर्न सक्छ ।

१.५.२ सरकारी निकायमा रहेका सूचनाको वर्गीकरण गर्न बनेको समितिले वर्गीकरण गरेको सूचनाउपर चित्त नबुझी त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी पुनरावलोकनको लागि निवेदन पर्न सक्छ । यस्ता निवेदनउपर आयोगले छानबिन गरी त्यस्तो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिन सक्छ ।

१.५.३ सूचना नदिने, दिन इन्कार गर्ने, आंशिक रूपमा सूचना दिने वा गलत सूचना दिने वा समयमा सूचना नदिने सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई जरिवाना गर्न र विभागीय कारवाहीका लागि आयोगले सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउन सक्छ ।

१.५.४ सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा दिएको वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानिनोक्सानी पर्न गएमा आयोगले सम्बन्धित निकाय वा पदाधिकारीबाट क्षतिपूर्ति भराई दिन सक्छ ।

१.५.५ सूचना प्रवाह गर्ने क्रममा कुनै निकाय वा पदाधिकारीले बढी दस्तुर लिने अवस्था सिर्जना भएमा नागरिकले आयोगमा उजुरी गर्न सक्ने र आयोगले दस्तुर पुनरावलोकनको आदेश दिन सक्छ ।

१.५.६ आयोगले सूचनादाताको संरक्षण गर्छ र निजलाई कुनै क्षति पुऱ्याइएको भए क्षतिपूर्तिसमेत दिलाउँछ ।

१.५.७ कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचनालाई दुरूपयोग गरेमा आयोगले जरिवाना गर्न सक्छ ।

१.५.८ आयोगले आफूले वर्षभरि गरेको कामकारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् संघीय संसद्मा प्रस्तुत गर्छ । यसका साथै सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमासमेत प्रकाशन गर्छ ।

राष्ट्रिय सूचना आयोगको नागरिक बडापत्र **अनुसूची-२** मा राखिएको छ ।

## १.६ अधिकार प्रत्यायोजन

राष्ट्रिय सूचना आयोगले आफूलाई प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकारबाहेक अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने कुरा ऐनको दफा २० मा उल्लेखित छ । यस अनुसार आयोगले २०७७ मंसिर ११ को बैठकबाट ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निम्नानुसार ३ बुँदे अधिकार प्रत्यायोजन गरेको छः

क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन (Pro-Active Disclosure) नियमित प्रकाशन गर्न तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क)) सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई आदेश दिने ।

ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४ क बमोजिम तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न र तहाँ पदाधिकारीको नाम, सम्पर्क र फोटोसहित विवरण फ्लेक्स वोर्ड (Flex Board) लगायतका उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्न आदेश दिने ।

ग) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ख (४) मा सार्वजनिक निकायमा परेको सूचनाको मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम तहाँ जिल्लाका उल्लेखित सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूमा पर्ने निवेदन र सोबमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरणको छुट्टै अभिलेख राख्न आदेश दिने ।

## १.७ आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था

राष्ट्रिय सूचना आयोगको केन्द्रीय कार्यालय काठमाडौँमा रहेको छ । यस आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ । सूचनाको हकसम्बन्धी क्रियाकलाप अझ प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सातै प्रदेशमा प्रादेशिक सूचना आयोग गठन गर्नुपर्ने सुझाव दिएको छ । साथै, प्रादेशिक सूचना आयोगको स्थापना नहुञ्जेल आयोगको प्रदेशस्तरमा वा जिल्लास्तरमा सम्पर्क कार्यालय स्थापना गर्न पनि नेपाल सरकारसमक्ष सुझाव प्रस्तुत भएको छ । आयोगलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ भन्ने व्यवस्था भएबमोजिम निजामति सेवाका कर्मचारी उपलब्ध गराउने गरेको छ ।

यस्ता कर्मचारीहरूमध्ये प्रशासकीय प्रमुखका रूपमा निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था भएकोमा नेपाल सरकारको मिति २०७७/०७/२० को निर्णयानुसार रा.प प्रथम श्रेणीको सह-सचिव आयोगको सचिवको रूपमा रहने व्यवस्था गरेको र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २० को उपनियम २ मा रहेको व्यवस्थालाई नेपाल सरकारको मिति २०७७/०७/२० को निर्णयानुसार संशोधन गरी आयोगको सचिव रा. प. प्रथम श्रेणीको कर्मचारी सचिवको रूपमा रहने व्यवस्था गरेको छ । आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको विवरण **अनुसूची-३** मा रहेको छ ।

आयोगको सचिवालयमा ३ वटा शाखाहरू क्रमशः प्रशासन शाखा, योजना तथा प्रबर्द्धन शाखा र पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । कूल दरबन्दी ३७ जना रहेकोमा अधिकृत स्तरका १३ जना र सहायक स्तरका ७ जना र श्रेणीविहीन १६ जनाको दरबन्दी रहेको छ । आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने खर्चको व्यवस्था नेपाल सरकारले गर्दछ ।

## १.८ आयोगको वार्षिक प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ बमोजिम आयोगले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसद्समक्ष प्रस्तुत गर्नुपर्छ । यही व्यवस्था अनुसार आयोगले स्थापनाकालदेखि नै प्रतिवेदन प्रस्तुत गर्दै आएको छ । सोही ऐनको दफा २५ को उपदफा (२) बमोजिम यसरी प्रस्तुत गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मार्फत् पनि सार्वजनिक रूपमा प्रकाशित गर्ने गरिएको छ ।

आयोगले विगतका आर्थिक वर्ष २०६५/०६६, २०६६/०६७, २०६७/०६८, २०६८/०६९, २०६९/०७०, २०७०/०७१, २०७१/०७२, २०७२/०७३, २०७३/०७४, २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र २०७७/७८ मा गरी १३ वटा प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसदमा प्रस्तुत गर्नका लागि पेश गरिसकेको छ । यो आयोगको चौधौं प्रतिवेदन हो ।

# परिच्छेद- २

# सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ को मौलिक हकअन्तर्गत धारा ३ को वैयक्तिक स्वतन्त्रता अन्तर्गत उपधारा (६) र नेपालको संविधान, २०१९ को धारा ११ को समानताको हकअन्तर्गत उपधारा (६) मा कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारणसहितको सूचना, यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन भनी मौलिक हकअन्तर्गत स्वतन्त्रताको हकमा केही विषयलाई समावेश गरिएको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा पहिलो पटक सूचनाको हकसम्बन्धी छुट्टै धाराको व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ मा पनि यसका केही प्रावधानहरू थिए । वर्तमान नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ । संवैधानिक व्यवस्थालाई आधार मानी पहिलो पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्थाबाट नेपालमा सूचना आयोग गठन भई सूचनाको हक कार्यान्वयनमा आएको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो, २०७० श्रावण २८ गते दोस्रो संशोधन र २०७७ साल मंसिर १९ मा तेस्रो संशोधन गरिएको छ । संविधान र ऐन-नियममा व्यवस्थित नागरिकको सूचनाको हकलाई प्रचलन गर्न/गराउन राष्ट्रिय सूचना आयोगले आफ्नो आन्तरिक कार्यविधिलाई चुस्त र दुरुस्त पार्ने क्रममा राष्ट्रिय सूचना आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७२, पुनरावेदनको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७८, उजुरीको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७७ तथा निवेदनको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७२ बनाई कार्यान्वयन भइरहेका छन् ।

यसैगरी राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०७२; सरकारी निकायले स्वतः प्रकाशन (Proactive Disclosure) गर्नुपर्नेसम्बन्धी निर्देशिका, २०७१; राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालनसम्बन्धी निर्देशिका, २०७५; इजलास सञ्चालन तथा पेसी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७६, सूचनाको हक कार्यन्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६ र राष्ट्रिय सूचना आयोगका पदाधिकारीको आचारसंहिता, २०७६ जारी भई कार्यान्वयन भइरहेका छन् ।

## २.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्थाः

**सूचना माग गर्न सकिने निकाय र विषयः**

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको विषयमा नेपाली नागरिकले सूचना माग गर्न पाउँछ । सार्वजनिक निकाय भन्नाले सूचनाको हकसम्बन्धी ऐनको दफा २ को खण्ड (क) अनुसार,

(१) संविधानअन्तर्गतका निकाय,

(२) ऐनद्वारा स्थापित निकाय,

(३) नेपाल सरकारद्वारा गठित निकाय,

(४) प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्वारा गठित निकाय,

(५) स्थानीय तह वा त्यसका कार्यालयहरू,

(६) कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था वा प्रतिष्ठान,

(७) प्रचलित कानूनबमोजिम दर्ता भएका राजनितिक दल तथा संगठन,

(८) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,

(९) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(१०) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू,

(११) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था,

(१२) प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(१३) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ र संस्थाहरू,

(१४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था रहेका छन् ।

सार्वजनिक महत्वको विषय भन्नाले सोही ऐनको दफा २ को खण्ड (ग) अनुसार सार्वजनिक सरोकारको विषय समावेश भएको छ ।

## २.२ सूचना माग गर्ने प्रक्रिया र पुनरावेदनः

१. ऐनको दफा ७ बमोजिम सूचना माग गर्ने मागकर्ताले आफूले चाहेको सार्वजनिक सरोकारको सूचना कारणसहित माग गर्न सक्दछ । निवेदनमा कुन सूचना मागिएको हो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको हुनु पर्नेछ । सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

२. तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ । कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य नै खुला, पारदर्शी, जिम्मेवार र जवाफदेशी शासन व्यवस्थाको स्थापना गर्नु रहेकोले सूचना माग गर्दा मौखिक, टेलिफोन, इमेल वा अन्य माध्यमबाट माग्न सकिन्छ । सूचना माग गर्दा कुनै दस्तुर लाग्दैन । वारेशद्वारा पनि सूचना माग्न सकिन्छ ।

३. सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ । कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मनासिव समय उपलब्ध गराउनेछ ।

४. सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा ऐनको दफा ८ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम प्रचलित कानूनमा छुट्टै व्यवस्था गरेकोमा

सोहीबमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहायबमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनु पर्नेछः

(क) सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाइ र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रूपैयाँ,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ दश रूपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रतिडिस्केट, सीडीबापत पचास रूपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम/कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकनबापत दस्तुर लाग्ने छैन ।

५. माथि जुनसुकै कुरा लेखिएको भएता पनि सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाइ र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको त्योभन्दा बढी दश पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनु पर्नेछ। कुनै सूचना तयार गर्दा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ । सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुरबापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ। सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ भनिएता पनि हालसम्म पुनरावलोकन गरिएको छैन ।

६. ऐनको दफा ९ बमोजिम सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिकरूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयका कार्यालय प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

७. उजुरी प्राप्त भएपछि उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ। सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न सक्नेछ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ५ (क) बमोजिम ७ दिनभित्र सूचना उपलब्ध गराउन आदेश दिन सक्दछ। जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

८. कार्यालय प्रमुखसमक्ष उजुरी दिंदा निवेदकको उजुरीउपर सात दिनभित्र कुनै कारवाही नभएमा वा सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ऐनको दफा १० बमोजिम

त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष देहायबमोजिमको विवरण उल्लेख गरी स्वयम् आफै कार्यालयमा उपस्थित भई लिखित निवेदन दिन, वारेशमार्फत्, ईमेल वा अनलाइनमार्फत्, हुलाक वा जिल्ला प्रशासन कार्यालयमार्फत् पुनरावेदन दिन सक्नेछ ।

क. पुनरावेदकको नाम, थर, वतन र सम्पर्क नम्बर सम्भव भए इमेल ठेगाना ।

ख. वारिस भए निजको नाम, थर, वतन र सम्पर्क नम्बर ।

ग. विपक्षीको नाम, थर, वतन सम्भव भए सम्पर्क नम्बर ।

घ. आफूले माग गरेको सूचनाको स्पष्ट विवरण ।

ङ. सूचना रहेको सार्वजनिक निकायमा पुनरावेदक सूचना माग गर्न गएको स्पष्ट विवरण ।

च. सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा र उपशाखामा सूचना छ, सम्भव भए खुलाउने ।

९. पुनरावेदकले पुनरावेदन गर्दा देहायबमोजिको कागजात पेश गर्नुपर्दछः

१. नेपालको नागरिक प्रमाणित गर्ने कुनै प्रमाण ।

२. सूचना अधिकारीसमक्ष सूचना माग गरेको निवेदनको प्रतिलिपि ।

३. कार्यालय प्रमुखसमक्ष उजुरी गरेको प्रमाणको प्रतिलिपि ।

४. हुलाकमार्फत् सूचना माग गरिएको रहेछ भने हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

५. वारिस राखेमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मञ्जुरीनामा कागज ।

## २.३ आयोगबाट गरिने निर्णय प्रक्रियाः

प्रक्रिया पूरा गरी प्राप्त हुन आएका पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षीप्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ । पुनरावेदनको कारबाही र किनारा गर्दा देहायबमोजिमको आदेश गर्न सकिनेछः

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिनाशुल्क सूचना उपलब्ध गराउनू भनी सम्बन्धित सार्वजनिक निकायको प्रमुख र सूचना अधिकारीको नाममा आदेश गर्न ।

(ख) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना गर्न ।

(घ) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

आयोगले दर्ता भएको पुनरावेदनउपर ६० (साठ्ठी) दिनभित्र निर्णय गर्नेछ। आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनका आधारमा गर्नेछ।

यस आर्थिक वर्षमा आयोगको ११ वटा बैठक बसेको थियो र बैठकबाट भएका निर्णयहरू **अनुसूची-४** मा राखिएको छ।

## २.४ सूचनाको संरक्षणः

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्री आदेशसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्नु सार्वजनिक निकायको दायित्व हो। सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हकसम्वन्धी ऐन, २०६४ लागू हुनुभन्दा कम्तिमा बीस वर्षसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु/गराउनु पर्ने व्यवस्था ऐ. ऐनको दफा ५ मा गरेको छ भने प्रत्येक ३/३ महिनामा सूचना अद्यावधिक गरी प्रकाशनसमेत गरी आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ। सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन। यस्ता प्रकृतिका सूचनाहरू बढीमा तीस वर्षको अवधिसम्म मात्र गोप्य राख्न सकिनेछः

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्‍याउने।

# परिच्छेद- ३

# पुनरावेदन र फछ्र्यौटको अवस्था

## ३.१ निवेदन, उजुरी तथा पुनरावेदनको विवरण

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा भएको कानूनी व्यवस्थाबमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्दा प्राप्त सूचना वा निर्णयउपर चित्त नबुझेमा वा सूचना प्राप्त नभएको कारणबाट आयोगमा दिएका निवेदन उजुरी तथा पुनरावेदनको अवस्था निम्न तालिका नं. १ मा प्रस्तुत गरिएको छ। प्रस्तुत तालिका अनुसार प्रत्येक वर्ष उजुरी तथा पुनरावेदनको सङ्ख्या बृद्धि हुँदै गरेको अवस्थाले सूचना माग गर्ने प्रवृत्तिमा परिवर्तन भएको बुझिन्छ। आयोगले प्राप्त निवेदन, उजुरी तथा पुनरावेदनहरूउपर तोकिएको समय भित्रै कार्य सम्पन्न हुने गरी काम गरिरहेको छ। पुनरावेदन उपर आयोगबाट भएका कारबाहीको विवरण **अनुसूची-५** मा राखिएको छ।

आर्थिक वर्ष २०७९/८० मा १०६८ वटा पुनरावेदन प्राप्त भएका थिए। जसउपर आयोगबाट ९४ वटा इजलाश सञ्चालन भई ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने १०८४ वटा आदेश भए भने ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने ७०० वटा आदेश भए। त्यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही नगर्ने भनी चेतावनीसहितको आदेश १७ वटा भए भने सोही दफाबमोजिमको कारबाहीको आदेश ४ वटा भए। त्यसै गरी दफा २७ बमोजिमको आदेश २ वटा भयो भने दफा २९ बमोजिमको आदेश २ वटा भयो। पुनरावेदकले सूचना पाएकोले/जानकारी दिएकोले ३५४ वटा पुनरावेदन खारेज गर्नू भनी आदेश भएको थियो। यस अवधिमा ऐनबमोजिम प्रक्रिया नपुगेको वा ऐनको अवधिभित्र नपरेको पुनरावेदनउपर आयोगका सचिवबाट दरपीठ गर्नू भन्ने ६ वटा आदेश भए। विभिन्न पुनरावेदनका सम्बन्धमा २७३२ वटा पत्राचार भएका थिए। आयोगबाट आर्थिक वर्ष २०७९/८० मा पुनरावेदनउपर भएका आदेशहरूको विवरण **अनुसूची-६** मा राखिएको छ।


तालिका नं. १ को विवरण आयोगमा प्राप्त भएका उजुरी, निवेदन र पुनरावेदनको मात्र अवस्था हो। प्रस्तुत विवरणमा सार्वजनिक निकायहरूमा सूचना माग भएको, सूचना प्राप्त गरेको, सूचना दिन इन्कार गरिएको विवरण सङ्कलन गर्न सकिएको अवस्था छैन। सबै सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न र सूचनाको माग भएको विवरण अभिलेखबद्ध गर्ने गर्न जरुरी छ। साथै, सूचना प्रविधिको प्रयोगमार्फत एकीकृत तथ्याङ्क सङ्कलन र विश्लेषणमा ध्यान दिनु पर्ने आवश्यकता देखिएको छ।

**तालिका नं. १: पुनरावेदन, उजुरी र निवेदनको अवस्था**

| आर्थिक वर्ष | पुनरावेदन, उजुरी तथा निवेदनको सङ्ख्या | फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|
| २०६५/०६६ | १२ | ११ | ९१.६७ |
| २०६६/०६७ | ३९ | २९ | ७४.३६ |
| २०६७/०६८ | ४७ | २२ | ४६.८१ |
| २०६८/०६९ | १३६ | ९० | ६६.१८ |
| २०६९/०७० | २६० | १९९ | ७६.५५ |
| २०७०/०७१ | ४७० | ४०९ | ८७.०२ |
| २०७१/०७२ | ७७७ | ७६५ | ९८.४५ |
| २०७२/०७३ | ६७८ | ६७४ | ९९.४१ |
| २०७३/०७४ | ६७२ | ६७० | ९९.७९ |
| २०७४/०७५ | ११७६ | ११७५ | ९९.९९ |
| २०७५/०७६ | ११४४ | ११४४ | १०० |
| २०७६/०७७ | १०१३ | १०१३ | १०० |
| २०७७/०७८ | ७५३* | ७४२ | ९८.५ |
| २०७८/७९ | १०८३* | १०७७ | ९९.४ |
| २०७९/८० | १०६८* | १०५४ | ९९.०४ |

* पुनरावेदन मात्रको सङ्ख्या

**चार्ट नं. १: पुनरावेदन, उजुरी र निवेदनको अवस्था**




## ३.२ क्षेत्रगत पुनरावेदनको विवरण


आर्थिक वर्ष २०७९/८० मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा आयोगमा पर्न आएका १०६८ पुनरावेदनहरूको क्षेत्रगत स्थिति देहाय अनुसार रहेको छ। यस अनुसार स्थानीय तहको पुनरावेदन सङ्ख्या सबैभन्दा बढी अर्थात् ७२.०५ प्रतिशत रहेको छ। अर्को क्षेत्र बैंक तथा वित्तीय संस्थासम्बन्धी पुनरावेदनको प्रतिशत १२.१७ रहेको छ भने शिक्षा, स्वास्थ्य तथा खेलकूद क्षेत्रमा २.३३ प्रतिशत पुनरावेदन परेको पाइन्छ।

**तालिका नं. २: क्षेत्रगत पुनरावेदनको विवरण**

| क. सं. | क्षेत्र | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | प्रतिशत |
|---|---|---|---|---|
| १ | स्थानीय तह | ८५१ | ७७५ | ७२.०५ |
| २ | बैंक तथा वित्तीय संस्था | ११२ | १३० | १२.१७ |
| ३ | सूचना तथा सञ्चार प्रविधि | ३ | ७ | ०.६५ |
| ४ | कानून, न्याय तथा प्रशासन | ११ | १४ | १.३१ |
| ५ | शिक्षा, स्वास्थ्य तथा खेलकुद | ४२ | २९ | २.३३ |
| ६ | खानेपानी, विद्युत, निर्माण तथा यातायात | ७ | १६ | १.५ |
| ७ | संस्थान तथा प्राधिकरण | १८ | २९ | २.७ |
| ८ | जग्गा, मालपोत, भूमी, वन तथा कृषि | ९ | १९ | १.७७ |
| ९ | प्रशासन | ५ | ११ | १.०२ |
| १० | अन्य (गैर सरकारी संस्था, अन्य संस्था) | २५ | ४८ | ४.५ |
| | जम्मा | १०८३ | १०६८ | १०० |

आयोगमा पर्न आएका १०६८ पुनरावेदनहरूको क्षेत्रगत विवरणलाई निम्न रेखाचित्रबाट पनि प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. १ क्षेत्रगत पुनरावेदनको स्थिति**




स्थानीय तहसँग सम्बन्धित सूचनाहरू प्राप्त नगरेको कारणबाट पुनरावेदन पर्नुबाट सूचनाको मागको सङ्ख्या पनि स्थानीय तहमा बढी हुनु पर्ने अनुमान आयोगले गरेको छ । स्वाभाविकरूपमा नागरिकसँग बढी नजिक रहेर कार्य सम्पादन हुने स्थानीय तहका कृयाकलापमा नागरिकको चासो रहनु पर्दछ ।

पुनरावेदन बढी पर्नुमा स्थानीय तहमा बढी सूचना माग भएको कारणबाट वा सूचना दिन उदासिनता भएको कारणबाट हो भन्ने पनि अनुमान गर्न सकिन्छ । तथ्यगत रूपमा कारण पत्ता लगाउन छुट्टै अध्ययनको आवश्यकता पर्दछ ।

## ३.३ प्रदेशगत पुनरावेदनको अवस्था

**तालिका नं. ३: प्रदेशगत पुनरावेदनको विवरण**

| प्रदेश | महिला | पुरुष | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| कोशी | ६३ | ४४ | २ | १०९ | १०.२ |
| मधेश | ९९ | १४२ | १ | २४२ | २२.६५ |
| बागमती | ७२ | ६० | ८ | १४० | १३.१ |
| गण्डकी | ८३ | ४२ | २ | १२७ | ११.९ |
| लुम्बिनी | ८१ | ४० | २ | १२३ | ११.५१ |
| कर्णाली | ७९ | ८२ | १ | १६२ | १५.१६ |
| सुदूरपश्चिम | ८१ | ८३ | १ | १६५ | १५.४४ |
| जम्मा | ५५८ | ४९३ | १७ | १०६८ | १०० |

सूचनाको हकको प्रयोग गरी सूचना मागको अवस्थालाई प्रदेशगत रूपमा मूल्याकंन गर्दा मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा बढी सङ्ख्यामा सूचना माग भएको देखियो । यसरी सूचना माग गर्नेहरूको सङ्ख्यामा महिलाको तर्फबाट माग भएको सूचनाको सङ्ख्या बढी भएको देखिन्छ । सबै प्रदेशहरूमा सूचनाको हक प्रयोगमा आएको पाइयो । सूचना पाउन नसकि सबैभन्दा बढी पुनरावेदन गर्ने प्रदेशका रूपमा मधेश प्रदेश रहेको छ भने सबैभन्दा कम पुनरावेदन परेको प्रदेशमा सुदूरपश्चिम प्रदेश रहेको । भौगोलिक रूपमा टाढा भएका कारणबाट पुनरावेदन कम परेको वा सूचना माग नै कम भएको वा माग भएका सूचनाहरू पाउने गरेको कारणबाट पनि कम पुनरावेदन परेको हुन सक्छ । यसका लागि छुट्टै अध्ययन गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद- ४

# आयोगबाट भएका आदेश तथा सजाय

## ४.१ आयोगबाट भएका केही महत्वपूर्ण आदेश

नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न तथा सार्वजनिक निकायहरूलाई पारदर्शी हुन तथा नागरिकप्रति जिम्मेवार हुन राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले दिएको अधिकार प्रयोग गरी समय समयमा समसामयिक विषयमा आदेश दिने गरेको छ । आदेशको विस्तृत विवरण **अनुसूची-७** मा राखिएको छ । यस आर्थिक वर्षमा आयोगले दिएको महत्वपूर्ण आदेशहरू यस भागमा प्रस्तुत गरिएको छ ।

### १. राजीब दास विरुद्ध त्रिभुवन विश्वविद्यालय

**विषय :- नागरिकको संबिधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने पदाधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भएको आदेश ।**

रौतहट जिल्ला, मलोहिया-५ निवासी राजीब दासले त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरु सम्पन्न गरिसक्नु पर्ने अवधि लगायतका सूचना माग गरी त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी मिति २०७८।११।०४ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगबाट त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७८।११।०९ मा आदेश भएको ।

आयोगको आदेश पश्चात त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुले कुनै जानकारी उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७८।११।३० मा पुनः उजुरी गरेको । यस आयोगबाट त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) बमोजिम ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०७८।१२।०४ मा आदेश भएको ।

आयोगबाट सूचना उपलब्ध गराउन आदेश भए पश्चात पनि कुनै जानकारी उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७९।०१।१५ मा पुनः उजुरी गरेको । पुनरावेदकको उजुरी पश्चात यस आयोगबाट त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुको कार्यालय प्रमुखको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम जरिवाना गरी विभागीय कारबाही किन नगर्ने ? कुनै कारण र प्रमाण भए ७ (सात) दिनभित्र आयोग समक्ष पेश गर्नू भनी मिति २०७८।०२।१९ मा आदेश भएको ।

आयोगको आदेश पश्चात पनि त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुले कुनै प्रतिक्रिया नदिएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम कारबाही गरी सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले मिति २०७९।०३।२७ मा पुनः उजुरी गरेको ।

आयोगबाट त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख, परीक्षा नियन्त्रक, पुष्पराज जोशीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. २०,०००।- (बीस हजार रुपैयाँ मात्र) जरिवाना हुने गरी मिति २०७९।०४।०५ मा आदेश भएको ।

### २. परशुराम साह विरुद्ध सिरहा नगरपालिकाको कार्यालय, सिरहा

**विषय :- नागरिकको संबिधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने पदाधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भएको आदेश ।**

सिरहा जिल्ला, सिराहा न. पा.-७ निवासी परशुराम साहले सिरहा नगरपालिकाको कार्यालय, सिरहा समक्ष तलब भत्ता रोक्का हुनुको कारण सहितको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई

पाउँ भनी यस आयोग समक्ष मिति २०७९।०२।२३ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगबाट सिरहा नगरपालिकाको कार्यालय, सिरहाका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोग समक्ष लिखित जवाफ पठाउनू भनी मिति २०७९।०२।२३ मा आदेश भएको ।

आयोगको आदेश पश्चात तोकिएको अवधिभित्र कुनै जानकारी उपलब्ध नगराएकोले विपक्षीको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०७९।०३।३० मा आदेश भएको । आयोगबाट भएको आदेश पश्चात पनि विपक्षीले हालसम्म कुनै सूचना उपलब्ध गराएको नदेखिएकोले आयोगको मिति २०७९।०३।३० को आदेशको पालना नभएमा निज सिरहा नगरपालिकाको कार्यालय, सिरहाका कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, बलिराम यादवलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने भनी मिति २०७९।०५।०२ मा आदेश भएको ।

आयोगका आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराउने सिरहा नगरपालिकाको कार्यालय, सिरहाका कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, बलिराम यादवलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. १५,०००।- (पन्ध्र हजार रुपैयाँ मात्र) जरिवाना हुने गरी आदेश भएको ।

**३. इन्द्रमणि पौडेल विरुद्ध मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तु**

**विषय :- <u>नागरिकको संबिधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने पदाधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भएको आदेश</u> ।**

कपिलवस्तु जिल्ला, बाणगंगा न. पा.-२ निवासी इन्द्रमणि पौडेलले मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तु समक्ष आर्थिक वर्ष २०७५/७६ मा भएको रुख कटान लगायतका सूचना माग गरेकोमा सूचना उपलब्ध नगरएकोले कार्यालय प्रमुख समक्ष सूचना माग गरी मिति २०७७।०३।२६ मा पुनरावेदन दिएको । उक्त पुनरावेदनका सम्बन्धमा यस आयोगबाट विपक्षी मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुको नाममा पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाण सहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित जवाफ पठाउनू भनी मिति २०७७।०३।२९ मा आदेश भएको ।

आयोगको आदेश पश्चात मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुले सूचना मागकर्तालाई समूहको कार्ययोजना, विधान, लेखापरीक्षण, प्रतिवेदनको प्रतिलिपि र विभिन्न खर्च शीर्षक अनुसारका फाँटबारी समेत उपलब्ध गराईएको र यस बाहेक थप सूचना चाहिएमा कार्यालयमा आई तोकिएको दस्तुर बुझाई निवेदन गरेमा आवश्यक सूचना उपलब्ध गराईने भनी मिति २०७७।०४।११ को पत्रसाथ लिखित जवाफ पेश गरेकोमा आफूले माग गरेको सूचना प्राप्त नभएको भनी पुनरावेदकले मिति २०७७।०७।१४ मा पुनः उजुरी गरेको ।

उक्त उजुरीका सम्बन्धमा आयोगबाट विपक्षी कार्यालयको नाउँमा पुनरावेदकलाई ७ दिन भित्र सूचना उपलब्ध गराउन भनी मिति २०७७ कार्तिक २४ मा आदेश भएको । आयोगका आदेश पश्चात पनि मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७७।०९।१५ मा पुनः उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा आयोगबाट पुनरावेदकलाई ३ (तीन) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू । सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने भनी मिति २०७७।०९।२३ मा आदेश भएको ।

आयोगका आदेश पश्चात पनि मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुले सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७८।१२।१५ मा पुनः उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा आयोगबाट पुनरावेदकलाई ७ (सात) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुको नाममा मिति २०७९।०१।०८ मा पत्राचार भएको

। आयोगका आदेश तथा पत्राचार पश्चात पनि मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुले सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७९।०२।२० मा पुनः उजुरी गरेको ।

उक्त उजुरीका सम्बन्धमा यस आयोगबाट सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने भनी चेतावनी सहितको मिति २०७९।०३।१६ मा आदेश भएको । आयोगको आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराई विपक्षीले डर, त्रास देखाएको भनी मिति २०७९।०४।१७ मा उजुरी गरेको ।

उक्त उजुरी प्राप्त भए पश्चात आयोगबाट नागरिकको संबिधान प्रद्धत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने मनकामना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, कपिलवस्तुका कार्यालय प्रमुख, अध्यक्ष, अमित पौडेललाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. ५,०००।- (पाँच हजार रुपैयाँ मात्र) जरिवाना हुने आदेश भएको ।

## ४. रवीन्द्र सिंह महत विरुद्ध त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, अमृत क्याम्पस, काठमाडौं

**विषय :- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ अनुसार भएको आदेश ।**

नुवाकोट जिल्ला, पञ्चकन्या गा. पा.-२ निवासी रवीन्द्र सिंह महतले सार्वजनिक सञ्चार माध्यममा क्याम्पससँग सम्बन्धित सूचना सार्वजनिक गरेको अभियोगमा सहायक क्याम्पस प्रमुखको जिम्मेवारीबाट निजलाई निलम्बन गर्ने क्याम्पस प्रमुख डा. लोकराज बरालउपर कानून बमोजिम कारबाही गरी निजलाई निलम्बनमा राख्ने भनी गरेको परिपत्र एवं कारबाहीको सम्पूर्ण निर्णय बदर गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (२९) को उपदफा (४) बमोजिम सूचना दाताको संरक्षण गरी उपदफा (५) बमोजिम निजको जिम्मेवारीमा यथावत कार्य गर्ने गरी साविककै जिम्मेवारी र सेवा सुविधा समेत उपलब्ध गराई क्षतिपूर्ति समेत भराई पाऊँ भनी ऐ. ऐनको दफा (२९) को उपदफा (४) बमोजिम सूचनादाताको संरक्षण गरी पाऊँ भनी मिति २०७९।०६।०६ मा दिएको उजुरी दिएको । उक्त उजुरी निवेदनको सम्बन्धमा यस आयोगबाट त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, अमृत क्याम्पस, काठमाडौंको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (४) बमोजिम सूचनादाताको संरक्षण गरी उपदफा (५) बमोजिम निर्णय बदर गर्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७९।०४।०९ मा आदेश भएको । आयोगको आदेश पश्चात त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, अमृत क्याम्पस, काठमाडौंको तर्फबाट क्याम्पसका प्रमुख डा. लोक बहादुर बरालले मिति २०७९ कात्तिक २० को पत्रसाथ निज विपक्षी पुनरावेदकको माग बमोजिम सूचना दिएको आधारमा मात्र कारबाही नगरिएको र सूचनाको हकसम्बन्धी गरिएको व्यवस्थालाई म लिखित जवाफ प्रस्तुतकर्ता त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, अमृत क्याम्पसको क्याम्पस प्रमुख डा. लोक बहादुर बरालले प्रचलित नेपालको संविधान, ऐन, कानून, नियम, त्रि. वि. नियम अनुसार नै काम कारबाही गरी आएको छु । कुनै सूचनाको हकसम्बन्धी ऐन, कानून विरुद्धको कार्य नगरेको साथै सूचना दिएको भरमा कुनै कारबाही नगरी र निज निवेदकले माथि उल्लेखित विवरण अनुसार पदीय जिम्मेवारी भन्दा बाहिर गई कार्य गरेकोले त्रि. वि. ऐन, नियमावली बमोजिम कारबाही प्रकृयामा रहेको अवस्थामा उक्त कारबाही प्रकृयालाई असर गर्ने गरी निज विपक्षी पुनरावेदकको औचित्यहीन भएको भनी लिखित जवाफ पेश गरेको ।

उजुरीकर्ता अमृत क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री रविन्द्र सिंह महतले क्याम्पसमा भइरहेको बेथिती, अनियमितता बारेमा सूचना दिई क्याम्पसमा सुधार गर्न खोजेको प्राप्त कागजातहरुबाट पुष्टि हुने देखिएकोले उजुरीकर्ता सहायक क्याम्पस प्रमुख श्री रविन्द्र सिंह महतले निलम्बन अवधिको कानून बमोजिम पाउने सुविधा कटौती लगायत अन्य कारबाही नगर्न नगराउन अमृत क्याम्पस, काठमाडौंका कार्यालय प्रमुखको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (५) बमोजिम यो आदेश भएको ।

## ५. सरिता भण्डारी विरुद्ध रजिष्ट्रारको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

**विषय :- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ अनुसार भएको आदेश ।**

मोरङ्ग जिल्ला, दर्वेशा गा. वि. स.-६ हाल धनकुटा न. पा.-६ निवासी सरिता भण्डारीले परीक्षा सम्बन्धी अनियमितता र भ्रष्टाचारसम्बन्धी सूचना दिँदा दोषी उपर कानून बमोजिम कारबाही गर्नुपर्नेमा म सूचनादातालाई नै उल्टै प्रारम्भिक प्रतिवेदनमा दोषी रहेको भन्दै निलम्बन गर्ने त्रिवि कार्यकारी परिषद्को मिति २०७७ चैत ४ गतेको निर्णय बदर गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (४) बमोजिम सूचनादातको संरक्षण गरी उपदफा (५) बमोजिम करार सेवा नवीकरण नगरी सेवाबाट पदमुक्त गर्ने त्रिविको निर्णय बदर गरी मलाई सेवामा पुनः स्थापित गरी निलम्बन अवधि देखिकै पूरा तलबभत्ता समेत पाउने गरी क्षतिपूर्ति समेत भराई पाऊँ भनी मिति २०७८।०९।१८ मा आयोग समक्ष उजुरी दर्ता गरेको ।

उक्त उजुरी निवेदनको सम्बन्धमा यस आयोगबाट रजिष्ट्रारको कार्यालय, त्रि. वि., कीर्तिपुरका कार्यालय नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (४) बमोजिमको आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनु भनी मिति २०७९।१०।२४ मा आदेश भएको ।

आयोगको आदेश पश्चात रजिष्ट्रारको कार्यालय, त्रि. वि., कीर्तिपुरको तर्फबाट प्रमुख, नबिन्द्र प्रसाद भण्डारीले मिति २०७८।११।२६ को पत्रसाथ पुनरावेदक त्रि. वि., सेवामा नरहेकोले निजलाई त्रि. वि., कार्यकारी परिषद्ले विभागीय कारबाही वा निलम्बन फुकुवा गर्ने गरी कुनै निर्णय गर्नु पर्ने स्थिति नरहेको र त्रि. वि. मा हाल तालाबन्दीका कारणले गर्दा कार्यकारी परिषद्को निर्णय उपलब्ध गराउन नसक्ने परिस्थिति सृजना हुन गएको । तालाबन्दी खुले पछि पुनरावेदकले माग गरेको निर्णय उपलब्ध गराउन सक्ने हुँदा सार्वजनिक निकायले गरेका निर्णयहरू सरोकारवाला वा सम्बन्धित व्यक्तिलाई विश्वविद्यालयले उपलब्ध गराउने नै छ भनी लिखित जवाफ पेश गरेको ।

सूचना उपलब्ध गराई पाऊँ भनी पुनरावेदकले आयोग समक्ष दिएको उजुरीको सम्बन्धमा किन सूचना नदिएको हो ? ७ दिनभित्र आयोगलाई जानकारी गराउनु भनी आयोगबाट रजिष्ट्रारको कार्यालय प्रमुखको नाममा मिति २०७९।०२।११ मा पत्राचार भएको ।

सूचनादाता भएकै कारण कारबाही भएको हो भन्ने आधार र प्रमाण आयोग समक्ष उपलब्ध गराउन उजुरीकर्ताको नाममा मिति २०७९।०५।१४ मा पत्राचार भएको ।

उजुरीकर्ताले आयोग समक्ष कागजातहरू पेश गरेको ।

त्रि. वि. परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७९।०७।२४ को पत्रसाथ गृह मन्त्रालयको च. नं. ५३ मिति २०७८।०४।२१ को पत्रसाथको प्रतिवेदन आयोग समक्ष प्राप्त भएको ।

उल्लेखित विषयमा त्रिभुवन विश्वविद्यालयको अनुरोध बमोजिम प्रहरी प्रधान कार्यालयको निर्देशनमा जिल्ला प्रहरी कार्यालयको छानबीन समितिले विस्तृत रुपमा अनुसन्धान गरी दिएको प्रतिवेदन अध्ययन गर्दा परीक्षाका क्रममा अनियमितता भएको र संलग्न पदाधिकारी तथा कर्मचारीले ढाकछोप गर्न खोजेको, कानून बमोजिम गर्नु पर्ने कर्तव्य पालना नगरेको उल्लेख गर्दै कसुरको मात्रा हेरी आकर्षित हुने कानून बमोजिम हदैसम्मको कारबाही गर्नु पर्ने देखिएको निचोड निकालेको पाइन्छ । अनुसन्धानबाट अनियमितता भनिएको उत्तरपुस्तिका साटफेर गर्ने व्यक्तिको स्पष्ट पहिचान हुन नसकेता पनि घटना भएको पुष्टि गरेको छ । उल्लेखित घटना कै आधारमा त्रि. वि. कार्यकारी परिषद्को मिति २०७७।१२।०४ को बैठकको निर्णय नं. ७४३ बमोजिम धनकुटा बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख रुद्र प्रसाद पोखरेल र पुनरावेदक सरिता भण्डारीलाई निलम्बन गरिएको पाइन्छ । यसबाट पनि घटना भएको पुष्टि हुन्छ ।

तसर्थ, पुनरावेदकलाई त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयबाट भएको निलम्बन फुकुवा गर्न, निज कार्यरत पदमा निजको करार अवधि थप वा जे जसो गर्नु पर्ने हो गरी नियमित गर्न तथा यस अवधिमा प्राप्त गर्नु पर्ने पारिश्रमिक, सुविधा लगायत रोकिएको वा भुक्तानी नभएको भए उपलब्ध गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (५) बमोजिम त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रारको नाममा यो आदेश भएको ।

## ६. कैलाश माझी विरुद्ध कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरी

**विषय :- <u>नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, रेणुका शाहलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।</u>**

सप्तरी जिल्ला, सप्तकोशी न. पा. ११ निवासी कैलाश माझीले कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७७।१२।१६ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरीका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७७।१२।२६ मा आदेश भएको । आयोगको आदेश पश्चात तोकिएको अवधिभित्र कुनै जानकारी उपलब्ध नगराएकोले विपक्षीको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०७८।०५।३१ मा आदेश भएको । आयोगबाट भएको आदेश पश्चात पनि विपक्षीले कुनै सूचना उपलब्ध नगराएकोले कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरीका प्रमुख प्रशासकीय अधिकृत, रेणुका शाहका नाममा सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने व्यहोराको आदेश मिति २०७९।०९।०७ मा भएको ।

आयोगको आदेश पश्चात पनि सूचना उपलब्ध नगराएकोले कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरीका कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, रेणुका शाहलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. १५,०००।- (पन्ध्र हजार रुपैयाँ मात्र) जरिवाना गरी विभागीय कारबाही समेत हुने आदेश भएको ।

# परिच्छेद- ५

# वित्तीय तथा भौतिक प्रगति

## ५.१ विनियोजित बजेट र खर्चको विवरण

आर्थिक वर्ष २०७९/८० मा भएको विनियोजित बजेटमध्ये चालूतर्फ ८५.१४ प्रतिशत र पूँजीगततर्फ ३६.१३ प्रतिशत रहेको थियो । समग्रमा वित्तीय प्रगति ८३.६७ प्रतिशत रहेको थियो भने भौतिक प्रगति ९२ प्रतिशत रहेको थियो । विस्तृत विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छः

**तालिका नं. ४: आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट र खर्चको विवरण**

पुजिगततर्फ

चालुतर्फ

आर्थिक बर्षः- २०७९/८०

बजेट उपशीर्षक : राष्ट्रिय सूचना आयोग[३५८२१०११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | १,१००,०००.०० | ४७०,५२५.०० | ६२९,४७५.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३००,०००.०० | ३५,२५६.०० | २६४,७४४.०० |
| | कुल जम्मा | १,४००,०००.०० | ५०५,७८१.०० | ८९४,२१९.०० |

चालूतर्फ

| म. ले. प. फा. न. २१० | | | | |
|---|---|---|---|---|
| आर्थिक बर्षः- २०७९/८० | | | | |
| बजेट उपशीर्षक : राष्ट्रिय सूचना आयोग[३५८२१०११३] | | | | |
| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | बार्षिक बजेट | असार महिना सम्मको खर्च | बाँकी |
| २१११२ | पारिश्रमिक कर्मचारी | ११,३६४,०००.०० | ११,१७६,०६६.३० | १८७,९३३.७० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३,३३६,०००.०० | ३,३३३,७९१.८० | २,२०८.२० |
| २११२१ | पोशाक | २००,०००.०० | १५०,०००.०० | ५०,०००.०० |
| २११२३ | औषधी उपचार खर्च | २००,०००.०० | १९५,०००.०० | ५,०००.०० |
| २११३२ | महंगी भत्ता | ५००,०००.०० | ३६४,६००.०० | १३५,४००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | ७३,५००.०० | १२६,५००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | २६,३००.०० | ७३,७००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,०००.०० | १९६,५००.०० | ३,५००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १००,०००.०० | ० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ७३,२००.०० | २६,८००.०० |
| २२१११ | पानी तथा बिजुली | ४००,०००.०० | ३२७,७७०.०० | ७२,२३०.०० |
| २२११२ | संचार महसुल | ९००,०००.०० | ४४८,७५५.०० | ४५१,२४५.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ६६४,०००.०० | ६६०,९०१.०० | ३,०९९.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७९०,०००.०० | ७७६,०३२.०० | १३,९६८.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,५५०,०००.०० | १,३०४,१७६.०० | २४५,८२४.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५००,०००.०० | ४८१,९१०.०० | १८,०९०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,८५०,०००.०० | १,७२६,५७५.०० | १२३,४२५.०० |

| | | | | |
|---|---|---|---|---|
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ५०,०००.०० | ५,४००.०० | ४४,६००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १८६,०००.०० | ५३,४००.०० | १३२,६००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३००,०००.०० | २१६,७४६.०० | ८३,२५४.०० |
| २२४११ | सेवा र परामर्श खर्च | २६०,०००.०० | १५८,६४०.०० | १०१,३६०.०० |
| २२४१३ | करार सेवा शुल्क | ६,२९४,०००.०० | ६,०४८,९३६.०० | २४५,०६४.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,६००,०००.०० | १,८८७,५१०.०० | ७१२,४९०.०० |
| २२५२२ | कार्यक्रम खर्च | २,८००,०००.०० | २,२२६,३०१.०० | ५७३,६९९.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ५,३००,०००.०० | ६६८,५८३.०० | ४,६३१,४१७.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,४७१,०००.०० | १,२८३,७३५.०० | १८७,२६५.०० |
| २२७११ | विविध खर्च | ७००,०००.०० | ६०१,७७५.०० | ९८,२२५.०० |
| २८१४२ | घर भाडा | ४,६००,०००.०० | ४,४३८,८९६.०० | १६१,१०४.०० |
| कुल जम्मा | | ४७,५१५,०००.०० | ३८,९०४,९९९.१० | ८,६१०,०००.९० |


## ५.२ विगत एघार वर्षको विनियोजित बजेट र खर्चको विवरण

विभिन्न विगत ११ आर्थिक वर्षहरूमा भएको विनियोजित बजेट, खर्च रकम र सोको प्रतिशत निम्न तालिका नं. १२ मा प्रस्तुत गरिएको छ:

**तालिका नं. ५: विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण**

| सि नं. | आर्थिक वर्ष | विनियोजित बजेट (रु हजारमा) | खर्च बजेट (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | ४७१०० | ३९४१० | ८३.६७ |
| २ | २०७८।७९ | ५०२२५ | ४४५५० | ८८.७० |
| ३ | २०७७।७८ | ५२२३३ | ४३३१७ | ८२.९३ |
| ४ | २०७६।७७ | ६२३४१ | ३९०३० | ६२.६१ |
| ५ | २०७५।७६ | ५०३९९ | ४१०७२ | ८१.५ |
| ६ | २०७४।७५ | ५२०४५ | ४७८०० | ९१.९ |
| ७ | २०७३।७४ | ३९२०१ | ३८१२२ | ९७.३ |
| ८ | २०७२।७३ | ३१३३३ | २८४४० | ९०.८ |
| ९ | २०७१।७२ | २३४६४ | १८७५७ | ८० |
| १० | २०७०।७१ | २२८९३ | १८६९९ | ८१.७ |
| ११ | २०६९।७० | १५५८९ | १५४५३ | ९९.२ |

**चार्ट नं. २: विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण**




आयोगको लागि विनियोजित बजेटको अवस्थालाई अध्ययन गर्दा आर्थिक वर्ष २०७६/७७ पश्चात् प्रत्येक वर्ष विनियोजन रकम घट्दै गईरहेको पाइन्छ। यसबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन तथा प्रचलन गर्न गराउन बाधा पुगिरहेको छ। पर्याप्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्न नसकिँदा सूचनाको हकका बारेमा नागरिक तहसम्म पुग्न नसकिएको अवस्था रहेको छ।

## ५.३ प्रशासनिक र कार्यक्रम खर्च


तालिकामा आयोगका लागि नेपाल सरकारबाट प्रशासनिक खर्चका लागि र कार्यक्रमका खर्चका लागि विनियोजन भएको रकमको आर्थिक वर्षगत रूपमा प्रस्तुत गरिएको छ। तालिकाबाट स्पष्ट देखिने विषय भनेको जसरी कूल विनियोजन बजेट घटिरहेको छ, त्योभन्दा तीव्र रूपमा सूचनाको हकको प्रबर्द्धनका लागि सम्पन्न गर्नुपर्ने कार्यक्रमका लागि आवश्यक पर्ने आधारभूत खर्चमा कमी आईरहेको, जसबाट सूचनाको हकसम्बन्धी कानूनले आयोगलाई प्रदान गरेको सूचनाको हकको प्रबर्द्धन, सम्बर्द्धन र प्रचलन गर्ने गराउने सन्दर्भमा सुम्पिएको जिम्मेवारी पूरा गर्न पर्याप्त स्रोत साधनको अभाव भइरहेको छ भन्ने स्पष्ट हुन्छ। आर्थिक वर्ष २०७५/७६ मा कूल बजेटको ३८.४८ प्रतिशत कार्यक्रम खर्च विनियोजन

भएकोमा आर्थिक वर्ष २०७९/८० मा आउँदा २२.७२ प्रतिशत मात्र कार्यक्रम खर्च विनियोजन भएबाट आयोगमा पर्याप्त बजेट विनियोजन हुनु पर्ने आवश्यकता देखिएको छ ।

**तालिका नं. ६: विगत ७ वर्षको विनियोजित प्रशासनिक र कार्यक्रम खर्चको विवरण (रू. हजारमा)**

| | आर्थिक वर्ष | प्रशासनिक | प्रतिशत | कार्यक्रम | प्रतिशत | कूल |
|---|---|---|---|---|---|---|
| १ | ०७३/७४ | ४११६५ | ७३.४६ | १४८७६ | २६.५४ | ५६०४१ |
| २ | ०७४/७५ | ३६३७७ | ६३.६१ | २०८०७ | ३६.३९ | ५७१८४ |
| ३ | ०७५/७६ | ३१००५ | ६१.५२ | १९३९४ | ३८.४८ | ५०३९९ |
| ४ | ०७६/७७ | ४५८४१ | ७३.५२ | १६५०० | २६.४७ | ६२३४१ |
| ५ | ०७७/७८ | ३६५८३ | ७०.०४ | १५६५० | २९.९६ | ५२२३३ |
| ६ | ०७८/७९ | ३७१२५ | ७३.९२ | १३१०० | २६.०८ | ५०२२५ |
| ७ | ०७९/८० | ३६४०० | ७७.२८ | १०७०० | २२.७२ | ४७१०० |

**चार्ट नं. ३: विगत ७ वर्षको विनियोजित प्रशासनिक र कार्यक्रम खर्चको विवरण**




## ५.४ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

आर्थिक वर्ष २०७८/७९ मा आयोगका पदाधिकारीहरूले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (१०), नियम (११), नियम (१२), नियम (१३), नियम (१४), नियम (१५) र बेलाबेलामा नेपाल सरकारले निर्णय गरी तोकेबमोजिम लिएको तलब, भत्ता, घरभाडा, मर्मत खर्च, टेलिफोन, धारा र बिजुली बापतको खर्च, उपचार खर्च र दैनिक भ्रमण भत्ताको विवरण निम्न तालिका नं. १३ मा दिइएको छ ।

**तालिका नं. ७: आर्थिक वर्ष २०७८/०७९ मा आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण**

| नाम | तलब चाडपर्व समेत | बैठक भत्ता | धरमर्मत वा भाडा | टेलिफोन, धारा, बिजुली | उपचार खर्च | दैनिक भ्रमण भत्ता | कूल जम्मा | इन्धन लिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| महेन्द्रमान गुरूङ्ग | १०४९१९१ | २४००० | १८००० | १८००० | ६५००० | १९९००८ | | ९६० | * |
| कमला ओली थापा | ९९२९७९ | २४००० | १४४०० | १८००० | ६५००० | ४४३७५ | | ८४० | |
| रत्नप्रसाद मैनाली | ९९२९७९ | २४००० | १४४०० | १८००० | ६५००० | ४४३७५ | | ८४० | |

* सूचनाको हकसम्बन्धी १३ औं अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिंदा रु. १४७९१६।- भ्रमण खर्च ।

# परिच्छेद-६

# आयोगबाट सम्पन्न भएका प्रवर्द्धनात्मक कार्य

## ६.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिक समाजलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ। संविधानले व्यवस्था गरेको सोही प्रावधानलाई सम्मान गर्दै सरकार तथा मातहतका सार्वजनिक निकायलाई खुला र पारदर्शी बनाई नागरिक समाजप्रति जवाफदेही बनाउन नेपालको संविधान, २०७२ को भाग ३ मा भएको मौलिक हक र कर्तव्यअन्तर्गत धारा २७ मा प्रत्येक नागरिक समाजलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक समाजको हकलाई संवैधानिकरूपमा व्यवस्था गरिएको छ ।

राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरूप खुल्ला र पारदर्शी बनाई नागरिक समाजप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिक समाजको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिक समाजको हितमा प्रतिकूल असर पार्ने सम्बेदनशील सूचनाको संरक्षण गर्न र नागरिक समाजको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनुका साथै संविधानमा व्यवस्था भएको सूचनाको हकसम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्न व्यवस्थापिका संसद्बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरिएको थियो ।

सोही ऐनमा संवैधानिक रूपमा नागरिक समाजलाई प्रत्याभूत गरिएको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने प्रयोजनका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरिएको छ । राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि विविध कार्यहरू सम्पादन भएका छन् ।यस परिच्छेदमा आयोगले आर्थिक वर्ष २०७९/०८० मा सूचनाको हकको प्रचलन गर्न गराउन अन्तरक्रिया तथा प्रशिक्षणको माध्यमबाट गरिएका कार्यहरूलाई  प्रस्तुत गरिएको छ ।

**उद्देश्यः**

- सूचनाको हकसम्बन्धी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र आमनागरिक समाजमा सचेतना फैलाउने ।
- सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूलाई संविधानप्रदत्त नागरिक समाजको सूचनाको हकको सम्मान गर्न उत्प्रेरित गर्ने ।
- सार्वजनिक निकायहरूलाई तीन/तीन महिनामा आ-आफ्नो निकायबाट सम्पादन भएका कार्यको विवरण सार्वजनिक गर्न प्रोत्साहित गर्ने ।
- सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गर्न आदेश दिने र तोकिएका सूचना अधिकारीलाई तालिम र अभिमुखीकरण कार्यक्रमहरूमार्फत् सक्षम वनाई सूचना प्रवाहलाई सरल र सहज बनाउने ।
- सार्वजनिक निकायमा सूचना माग भएको विवरण छुट्टै अभिलेखमा राख्ने पद्धति विकास गरी एकरूपता अपनाउन प्रेरित गर्ने ।
- कानूनले तोकेकै अवधिभित्र माग भएको सूचना दिन जिम्मेवार पदाधिकारीहरूलाई उत्प्रेरित गर्ने र नागरिक समाजले पाउनु पर्ने सूचना नपाएमा उजूरी वा पुनरावेदन गर्ने निकायको बारेमा जानकारी दिने ।

- ऐनमा व्यवस्था भएको सूचनाको वर्गीकरण गरी दिनु पर्ने/नपर्ने सूचनाको जानकारी प्रदान गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन नियमको व्यवस्था र विश्वव्यापी प्रचलनबारे जानकारीमूलक सन्देश प्रवाह गर्ने गराउने ।
- सार्वजनिक निकायलाई सुशासनयुक्त र पारदर्शी बनाउने हेतु नागरिक समाजलाई सूचना माग गर्न प्रेरित गर्ने ।

## ६.२ अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ को उपदफा (१) मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भनिएको छ । यसरी आयोगलाई सूचनाको हकको सम्बर्द्धन गर्ने पनि जिम्मेवारी प्राप्त भएबमोजिम आयोगले विभिन्न अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रमहरूसञ्चालन गर्ने गरेको छ । बजेटको सीमितताले गर्दा पर्याप्त मात्रामा कार्यक्रम सञ्चालन गर्न नसकिएता पनि सञ्चालन भएका कार्यक्रमहरूले सहभागीहरूलाई सूचनाको हक कार्यान्वयनमा प्रोत्साहित गरेको आयोगको ठहर रहेको छ। यस आर्थिक वर्षमा महिला ४२५, पुरुष १२४७ गरी कुल जम्मा १६७२ जना कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी तथा आमनागरिक समाजलाई अभिमुखीकरण गरिएको थियो।

### ६.२.१ जिल्ला स्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

**१. चरीकोट, दोलखा**

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० भाद्र ३० गते दोलखा जिल्लाको चरीकोटमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख श्री बर्जुराम घतानीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले गर्नुभएको थियो । कार्यकममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सूचनाको हक प्रचलनको लागि नागरिकवाट माग गरिएका सूचनाहरु सहज रुपमा उपलव्ध गराउनुपर्ने यसको लागि सार्वजनिक निकायले सूचनामैत्री सहज र सरल वातावरण वनाउनु पर्ने विषयमा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनाली र राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।प्रस्तुत अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सुचना आयोगका उपसचिव विश्वबन्धु पौडेलले स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रम राष्ट्रिय सूचना आयोगका कम्प्युटर इन्जिनियर श्री राजन पाण्डेले सञ्चालन गर्नुभएको थियो । उक्त अन्तरक्रिया कार्यकममा अतिथिको रुपमा प्रमुख जिल्ला अधिकारी श्री भोजराज खतिवडा., विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु,विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरू लगायत महिला १७, पुरुष ८९ गरी कुल जम्मा १०६ जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यकममा केही जिज्ञासा उठेकोमा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सहभागीका तर्फबाट उठाइएका जिज्ञासाहरुको सम्वोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

**२. अछाम, मंगलसेन**

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० पुष १३ गते अछाम जिल्लाको मंगलसेनमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुखको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले गर्नुभएको थियो । कार्यकममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सूचनाको हक प्रचलनको लागि सार्वजनिक निकायका पदाधिकारी, जनप्रतिनिधी, आम सञ्चार जगत, नागरिक समाज लगायत सवै सक्रिय रुपमा लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले

कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उपसचिव श्री राम प्रसाद ढकालले स्वागत मन्तव्य राख्नु भएको थियो । राष्ट्रिय सूचना आयोगका लेखा अधिकृत श्री विदुर भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अतिथिको रुपमा प्रमुख जिल्ला अधिकारी श्री रामदत्त पाण्डे, विभिन्न सुरक्षा निकायका प्रतिनिधिहरु, विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरू लगायत महिला २, पुरुष ७३ गरी कुल जम्मा ७५ जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञासा उठेकोमा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सहभागीकातर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ३. तानसेन, पाल्पा

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० जेठ २९ गते पाल्पा जिल्लाको तानसेनमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख श्री टंकनाथ खनालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री कमला ओलीले गर्नुभएको थियो । कार्यक्रममा सूचना आयुक्त श्री कमला ओलीले सूचनाको हक प्रचलन गराउन सूचना संस्कारको रुपामा विकास हूनु पर्ने विषयमा जोड दिनु भएको थियो । सूचनाको हकको प्रचलनको लागि खासगरी महिला , ग्रैरसरकारी संघ संस्थाकाको रचनात्मक भूमीका वढाउनुपर्ने थियो। उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका उपसचिव श्री राम प्रसाद ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने शाखा अधिकृत हरिहर कार्कीले स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रम राष्ट्रिय सूचना आयोगका लेखा अधिकृत श्री विदुर प्रसाद भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

**कार्यक्रमका प्रमुख अतिथि** जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालज्यू कार्यव्यस्तताका कारण कार्यक्रमको वीचमै बाहिरिनु परेका कारण तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठले मन्तव्य राख्नु हुँदै सूचनाको हक लोकतन्त्रको गहना भएको,सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउने हुँदा मागकर्ताले सार्वजनिक सरोकारका विषयमा सूचना माग्नै नपर्ने गरी सार्वजनिक निकायले सूचना उपलब्ध गराउनुपर्ने यस किसिमको सूचना उपलब्ध नगराउनु भनेको गलत मनसायवाट मात्र हो असल नियतले पारदर्शि ढंगबाट नियम बमोजिम काम गरेका कुनै पनि विषयमा सूचना लुकाउन आवश्यक नहुने भनाइ राख्नु भएको थियो ।

यस अन्तरक्रिया कार्यक्रममा अतिथिको रुपमा तानसेन नगरपालिकाको प्रमुख सन्तोष लाल श्रेष्ठ, अतिथि प्रमुख जिल्ला अधिकारी श्री बन्धुप्रसाद वास्तोला, विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु,विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरूको लगायत लगायत महिला १४, पुरुष ७७ गरी कुल जम्मा ९१ जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञासा उठेकोमा सूचना आयुक्त श्री कमला ओलीले सहभागीकातर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ४. जोमसोम, मुस्ताङ

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हकसम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० जेठ १ गते मुस्ताङमा जिल्लाको जोमसोममा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख श्री माया गुरुङ्गको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले गर्नुभएको थियो कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सूचनाको हक प्रचलनको लागि सार्वजनिक निकायका पदाधिकारी, जनप्रतिनिधी, आम सञ्चार जगत, नागरिक समाज लगायत सवै सक्रिय रुपमा लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उपसचिव श्री राम प्रसाद ढकाले

स्वागत मन्तव्य राख्नु भएको थियो । राष्ट्रिय सूचना आयोगका कानून अधिकृत श्री संजिपकुमार अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अतिथिको रुपमा घरपझोङ गाँउपालिकाको अध्यक्ष श्री मोहन सिहँ लालचन, अतिथि प्रमुख जिल्ला अधिकारी श्री अनुप के.सी., अतिथि सैनिक उच्च शिक्षा निर्देशनालयका महासेनानी श्री सुनिल सिँह राठोर, विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु,विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरू लगायत महिला ९, पुरुष ६७ गरी कुल जम्मा ७६ जनाको उपस्थिती रहेको थियो । प्रमुख अतिथि जिल्ला समन्वय प्रमुख श्री माया गुरुङले सूचनाको हक सम्वन्धी महत्तवपुर्ण कार्यक्रम मुस्ताङ्ग जिल्लामा राखिदिनुभएकोमा हार्दिक आभार व्यक्त गर्नुभयो । घरपझोङ्ग गाउपालिकाका अध्यक्ष मोहनसिहं लालचनले सबै काम कारवाही पारदर्शि भएमा सूचनाको हकको कार्यान्वयन प्रभावकारी हुने धारणा व्यक्त गर्नुभयो । प्रमुख जिल्ला अधिकारी श्री अनुप केसीले सूचनाको हक कार्यान्वयनका लागि नियमित रुपमा सूचना अधिकारीहरुसँग बैठक वस्ने गरिएको र सूचना मागकर्ताहरुलाई समयमै सूचना उपलब्ध गराईने गरिएको धारणा राख्नुभयो । यस अन्तरक्रिया कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सहभागीकातर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

**५. बेशिसहर, लमजुङ**

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० असार २० गते लमजुङ जिल्लाको बेशिसहरमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख श्री पुर्ण वहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले गर्नुभएको थियो । कार्यक्रममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सूचनाको हक प्रचलनको लागि नागरिकवाट माग गरिएका सूचनाहरु सहज रुपमा उपलव्ध गराउनुपर्ने यसको लागि सार्वजनिक निकायले सूचनामैत्री सहज र सरल वातावरण वनाउनु पर्ने विषयमा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनाली र राष्ट्रिय सूचना आयोगका उपसचिव श्री राम प्रसाद ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सुचना आयोगका उपसचिव राम प्रसाद ढकालले स्वागत मन्तव्य समेत राख्नु भएको थियो ।

**कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्ण बहादुर गुरुङले** सूचना माग्ने नागरिकको अधिकारको कुरो हो भने सार्वजनिक निकायमा बसेर सूचना दिन्न भन्नु नागरिक प्रतिको दायित्व र संविधान र कानूनले व्यवस्था गरेको विषय मान्दिन भन्नु हो भन्नु भयो । यति हुँदा हुँदै पनि यदाकदा प्रयोजन विहिन तरिकाले आफूले भनेको कुरा नभएमा दुःख दिने नियतले पनि सूचना माग गर्ने गरेको भनाइ राख्दै यस तर्फ सूचना आयोगले पनि के गर्न सकिन्छ विचार पुऱ्याउन आग्रह गर्नुभयो । आफूलाई चाहिएको र प्रयोजनका हिसावले आवश्यक सूचना मात्र माग्ने चलन यदाकदा नहुँदा त्यस्ता सूचनाहरु दिनको लागि जनशक्तिको पनि कमि भएको भन्दै अन्तमा सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउन मद्धत पुग्ने हुँदा सार्वजनिक सरोकारका विषयका सूचनाहरुमाग्नै नपर्ने गरी सार्वजनिक निकायले सूचना उपलब्ध गराउनुपर्ने भनाइ राख्नु भएको थियो ।

प्रमुख जिल्ला अधिकारी श्री रामकृष्ण अधिकारीले लमजुङ जिल्लामा यो कार्यक्रम राखिदिएकोमा आयोगलाई धन्यवाद दिंदै जिल्लामा सूचनाको हकको अवस्था सन्तोषजनक रहेको ,जिल्लामा यदि कुनै कार्यालयमा सूचना अधिकारी नतोकिएको भए अनिवार्य रुपमा तोक्न, सूचनाको हक सम्बन्धी निवेदन छुट्टै दर्ता गरी अभिलेख दुरुस्त राख्न र स्वतः प्रकाशन समेत नियमित रुपमा गर्न आग्रह गर्नु भयो । सूचनाको हकले गर्दा आम नागरिक र सेवाग्राहीको विश्वास पनि जित्न सकिने साथै सूचनाको हक कार्यान्वयन गराउन र यसलाई मर्यादित बनाउन संचारकर्मीहरुको भूमिका समेत उल्लेख्य रहने समेत रहेको कुरा उक्त कार्यक्रममा व्यक्त गर्नुभयो । कार्यक्रममा सूचना आयुक्त र उप सचिववाट प्रस्तुत कार्यपत्र कार्यालय प्रमुख र सूचना अधिकारीहरुका लागि सूचनाको हकका

सम्बन्धमा थप स्पष्ट हुन सहयोग पुग्ने भनाइ राख्नु भयो । कार्यालयको काममा व्यस्तता हुँदा हुँदै पनि सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित हुनु भएका सवैलाई विशेष धन्यवाद् व्यक्त गर्नु हुँदै कुनै पनि कार्यालयले सूचना मागकर्ताले माग गरेको सूचना प्राप्त गर्न नसकेमा आफूलाई जानकारी गराउनुहुन अनुरोध गर्दै त्यस्ता सार्वजनिक सरोकारका सूचनाहरु मागकर्तालाई उपलब्ध गराउन आफूले विशेष भूमिका निभाउने कुरा समेत बताउनु भएको थियो । उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत हरिहर कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अतिथिको रुपमा बेशिसहर नगरपालिकाका प्रमुख गुमान सिंह अर्याल, अतिथि प्रमुख जिल्ला अधिकारी श्री रामकृष्ण अधिकारी., विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु,विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरू लगायत महिला ६, पुरुष ६८ गरी कुल जम्मा ७४ जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञासा उठेकोमा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सहभागीका तर्फबाट उठाइएका जिज्ञासाहरुको सम्वोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

**६. गोरखा, गोरखा**

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० असार २१ गते गोरखा जिल्लाको गोरखामा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख श्री मोहन वहादुर थापा मगरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले गर्नुभएको थियो । कार्यक्रममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सूचनाको हक प्रचलनको लागि नागरिकवाट माग गरिएका सूचनाहरु सहज रुपमा उपलब्ध गराउनुपर्ने यसको लागि सार्वजनिक निकायले सूचनामैत्री सहज र सरल वातावरण वनाउनु पर्ने विषयमा जोड दिनु भएको थिया। उक्त कार्यक्रममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनाली र राष्ट्रिय सूचना आयोगका उपसचिव राम प्रसाद ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सुचना आयोगका उपसचिव राम प्रसाद ढकालले स्वागत मन्तव्य समेत राख्नु भएको थियो ।

प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले राष्ट्रिय सूचना आयोगले गोरखा जिल्लामा यस किसिमको कार्यक्रम आयोजना गरेर सूचनाको हकको कार्यान्वयनमा यस जिल्लामा रहेका सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारीहरु र सवै सरोकारवालाहरुलाई सूचनाको हकका वारेमा जानकारी गराइदिएकोमा आयोगलाई धन्यवाद दिनुभयो ।आफू पनि विगतमा सूचना आयोगमा रहेर यस किसिमको कार्यक्रमहरु लिएर जिल्ला जिल्लामा गइ सूचनाको हकका विषयमा जानकारी गराउँदै हिंडेको स्मरण गर्नुभयो । मन्तव्यका क्रममा सूचनाको हक सवै मौलिकहकहरुको माउ हकका रुपमा रहेको, सुशासनको लागि सूचनाको हक प्रभावकारी हुनु पर्ने र यो खुला समाजको प्रतिकको रुपमा रहेको,यो अन्य हकको जगको रुपमा रहेको,प्रभावकारी र समुन्नत लोकतन्त्रको लागि सूचनाको हक महत्वपूर्ण रुपमा रहेको छ भन्दै प्रमुख जिल्ला अधिकारीले हाम्रा गतिविधिहरुलाई जति सार्वजनिक गर्न सकियो हामी त्यति नै बलियो हुन्छौं यदि हाम्रा गतिविधिहरु अपारदर्शी र गोपनीय बनायौं भनेहाम्रा काम कारवाही उपर जनताले प्रश्न उठाउनु स्वाभाविक भएको वताउनु भयो । उहाँले गोरखा जिल्लाका सवै सार्वजनिक निकायहरुमा सूचना अधिकारीहरु तोकिएको, सूचना अधिकारीहरुको वैठक नियमित बस्ने गरेको र स्वतः प्रकाशन समेत नियमित रुपमा प्रकाशन गर्ने गरेको कुरा वताउनु भयो ।सूचनाको हकलाई प्रभावकारी बनाउन हाम्रा व्यवहारहरु खुला र पारदर्शी हुनुपर्ने बताउनु हुँदै कार्यालय प्रमुखहरुले पनि कार्यालयका सूचनाहरु आफ्ना निकायमा व्यवस्था गरेको सूचना अधिकारीलाई उपलब्ध गराउन अनुरोध गर्दै आफ्नो भनाइ व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत हरिहर कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अतिथिको रुपमा गोरखा नगरपालिकाका प्रमुख कृष्ण वहादुर रानामगर, अतिथि प्रमुख जिल्ला अधिकारी श्री दिनेशसागर भुसाल, विभिन्न सूरक्षा

निकायका प्रतिनिधिहरु, विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरूको लगायत महिला ५, पुरुष ७७ गरी कुल जम्मा ८२ जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञासा उठेकोमा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सहभागीका तर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

**७. विदुर, नुवाकोट**

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० असार २५ गते नुवाकोट जिल्लाको विदुरमामा आयोजना गरिएको थियो । उक्त कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख श्री राजेन्द्र सिंह ठकुरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री कमला ओलीले गर्नुभएको थियो। कार्यक्रममा सूचना आयुक्त श्री कमला ओलीले सूचनाको हक प्रचलन गराउन सूचना संस्कारको रुपामा विकास हूनु पर्ने विषयमा जोड दिनु भएको थियो । सूचनाको हकको प्रचलनको लागि खासगरी महिला, गैरसरकारी संघ संस्थाकाको रचनात्मक भूमीका वढाउनुपर्ने थियो। उक्त कार्यक्रममा सूचना आयुक्त श्री कमला ओली र राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सुचना आयोगका उपसचिव श्री सुर्दशन ढकालले स्वागत मन्तव्य राख्नु भएको थियो । राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत श्री डिल्ली राम भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अतिथिको रुपमा विदुर नगरपालिकाको उपप्रमुख प्रभा वोगटी, अतिथि प्रमुख जिल्ला अधिकारी श्री किरण थापा, विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु,विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरूको लगायत महिला ११, पुरुष ९० गरी कुल जम्मा १०१ जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञासा उठेकोमा सूचना आयुक्त श्री कमला ओलीले सहभागीका तर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

### ६.२.२ स्थानिय स्तरीय अन्तरक्रिया कार्यक्रम

**१. तादी गाउँपालिका, नुवाकोट**

राष्ट्रिय सूचना आयोगद्धारा सूचनाको हक सम्बन्धी स्थानिय स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० असार २४ गते नुवाकोटको तादी गाउँपालिकामा आयोजना गरिएको थियो । उक्त कार्यक्रम तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री कमला ओली थापाले गर्नुभएको थियो । कार्यक्रममा सूचना आयुक्त श्री कमला ओलीले सूचनाको हक प्रचलन गराउन सूचना संस्कारको रुपामा विकास हूनु पर्ने विषयमा जोड दिनु भएको थियो । सूचनाको हकको प्रचलनको लागि खासगरी महिला , गैरसरकारी संघ संस्थाकाको रचनात्मक भूमीका वढाउनुपर्ने थियो। कार्यक्रमका प्रमुख अतिथि तादी गाउँपालिकाका अध्यक्ष सन्तमान तामाङज्यूले आयोगले तादी गाउँपालिकामा यस किसिमको कार्यक्रम आयोजना गरिदिएर कर्मचारी,जनप्रतिनिधि र स्थानीय सर्वसाधारणलाई सूचनाको हकका विषयमा थोरै मात्र भए पनि जानकारी प्राप्त भएको, सूचना दिने विषयमा सरोकारवालाहरुलाई जानकारी प्राप्त भएको भन्दै सूचनाबाट कोही पनि बञ्चित हुन नहुने ,सूचना सवैका लागि महत्वपूर्ण र अनिवार्य भएकोले मागकर्तावाट माग भएका सार्वजनिक सरोकारका विषयका दिन मिल्ने सूचानाहरु दिलाउन आफू पनि लागि पर्ने भनाइ राख्नु भएको थियो ।

उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका उपसचिव श्री सुदर्शन ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने शाखा अधिकृत डिल्लीराम भट्टले स्वागत मन्तव्य राख्नु भएको थियो । राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत सालिकराम भट्टराईले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अथितिको रुपमातादी गाउँपालिकाको अतिथि प्रमुख श्री सन्तमान

तामाङ्ग, अथिति सञ्जु प्याकुरेल, अतिथि प्रमुख प्रशासकिय अधिकृत खेमराज छिनाल, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज,सूचनको हकका अभियन्ता, सञ्चारकमी लगायत महिला १९, पुरुष ५२ गरी कुल जम्मा ७१ जनाको उपस्थिती रहेको थियो। यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञाशा उठेकोमा सूचना आयुक्त श्री कमला ओली थापाले सहभागीका तर्फबाट उठाईएका जिज्ञासाहरुको संबोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

## २. कुस्मा नगरपालिका, पर्वत

राष्ट्रिय सूचना आयोगद्धारा सूचनाको हक सम्बन्धी स्थानिय स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० जेठ ३ गते पर्वतको कुस्मा नगरपालिकामा आयोजना गरिएको थियो। उक्त कार्यक्रम नगरपालिकाका मेयर श्री रामचन्द्र जोशीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले गर्नुभएको थियो। कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सूचनाको हक प्रचलनको लागी जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मी लगायत सबै सक्रिय रुपमा लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उपसचिव रामप्रसाद ढकालले स्वागत मन्तव्य राख्नु भएको थियो। राष्ट्रिय सूचना आयोगका शाखा जिवन कुवंरले कार्यक्रम सञ्चालन गर्नु भएको थियो। यस अन्तरक्रिया कार्यक्रममा अथितिको रुपमा कुस्मा नगरपालिकाको अतिथि प्रमुख श्री रामचन्द्र जोशी, अतिथि,श्रीस्वस्थानी रिजाल, अतिथि प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद आचार्य, अतिथि प्रमुख प्रशासकिय अधिकृत श्री चण्डिका पौडेल, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी लगायत महिला २१ , पुरुष ७१ गरी कुल जम्मा ९२ जनाको उपस्थिती रहेको थियो। यस अन्तरक्रिया कार्यक्रममा केही जिज्ञासा उठेकोमा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सहभागीका तर्फबाट उठाईएका जिज्ञासाहरुको संबोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

## ३. पुतलीबजार नगरपालिका, स्याङ्जा

राष्ट्रिय सूचना आयोगद्धारा सूचनाको हक सम्बन्धी स्थानिय स्तरीय अन्तरक्रिया कार्यक्रम मिति २०८० जेठ २८ गते, स्याङ्जा को पुतलीबजार नगरपालिकामा आयोजना गरिएको थियो। उक्त कार्यक्रम नगरपालिकाका नगरप्रमुख श्री तुलसीराम रेग्मीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री कमला ओली थापाले गर्नुभएको थियो। कार्यक्रममा सूचना आयुक्त श्री कमला ओलीले सूचनाको हक प्रचलन गराउन सूचना संस्कारको रुपामा विकास हुनु पर्ने विषयमा जोड दिनु भएको थियो। सूचनाको हकको प्रचलनको लागि खासगरी महिला, ग्रैरसरकारी संघ संस्थाकाको रचनात्मक भूमीका वढाउनुपर्ने थियो। उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका उपसचिव श्री राम प्रसाद ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत हरिहर कार्कीले स्वागत मन्तव्य राख्न भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री शशीधर घिमिरेज्यूले राष्ट्रिय सूचना आयोगले स्याङजा जिल्लाको पुतलीबजार नगरपालिकामा यस किसिमको कार्यक्रम आयोजना गरेर सूचनाको हकको कार्यान्वयनमा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई सहज गराइदिएकोमा आयोगलाई धन्यवाद दिनुभयो। मन्तव्यका क्रममा प्रमुख जिल्ला अधिकारीले हाम्रा गतिविधिहरुलाई जति सार्वजनिक गर्न सकियो हामी त्यति नै बलियो हन्छौ भन्नु भयो। हाम्रा गतिविधिहरु जति अपारदर्शी र गोपनीय बनायौं त्यहाँ प्रश्न उठ्छ र हामी आफ्न अप्ठ्यारोमा पर्छौ भन्नु भयो। उहाँले आयोगले आफूहरुलाई प्रत्याभूत गरेको अधिकारको वारेमा स्मरण गर्दै स्याङजा जिल्लाका सवै सार्वजनिक निकायहरुमा सूचना अधिकारीहरु तोकिएको, सूचना अधिकारीहरुको वैठक हरेक ३/३ महिनामा बस्ने गरेको र स्वतः प्रकाशन समेत नियमित रुपमा प्रकाशन गर्ने गरेको कुरा वताउनु

भयो । सूचनाको हकको नेतृत्वदायी भूमिका बोकेको आयोग राज्यको तल्लो तह सम्म पुग्नु पर्ने । सूचनाको हकलाई कार्यान्वयन गराउन आयोग जतिकै जिम्मेवार,हाम्रा व्यवहारहरु खुला र पारदर्शी हुनुपर्ने,आफ्ना निकायमा व्यवस्था गरेको सूचना अधिकारीलाई सर्वप्रथम हामीलेनै सूचना उपलब्ध गराउनु पर्ने भनाइ व्यक्त गर्नुभयो ।

उक्त कार्यकमलाई राष्ट्रिय सूचना आयोगका लेखा अधिकृत श्री विदुर प्रसाद भण्डारीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । यस अन्तरकिया कार्यकममा अथितिको रुपमापुतलीबजार नगरपालिकाको प्रमुख अतिथिश्री तुलसी राम रेग्मी, अतिथि, श्रीदेवी अर्याल, अतिथि प्रमुख जिल्ला अधिकारी श्री शशीधर घिमिरे, अतिथि,पत्रकार महासंघ स्याङ्जाका जिल्ला उपसभापति श्री भवानी अधिकारी, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी लगायत  महिला २३, पुरुष ६० गरी कुल जम्मा ८३ जनाको  उपस्थिती रहेको थियो । यस अन्तरकिया कार्यकममा केही जिज्ञासा उठेकोमा सूचना आयुक्त श्रीकमला ओली थापाले सहभागीका तर्फबाट उठाईएका जिज्ञासाहरुको संबोधन सहित कार्यकमको समापन गर्नु भएको थियो ।

## ४. बडीमालिका नगरपालिका, बाजुरा

राष्ट्रिय सूचना आयोगद्धारा सूचनाको हकसम्बन्धी स्थानिय स्तरिय अन्तरकिया कार्यकम मिति २०७९ पौष १४ गतेबाजुराको बडीमालिका नगरपालिकामा आयोजना गरिएको थियो । उक्त कार्यकम नगरपालिकाका नगरप्रमुख श्री अमर खड्काको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त कार्यकमको अध्यक्षताप्रमुख सूचना आयुक्त श्रीमहेन्द्रमान गुरुङले गर्नुभएको थियो । कार्यकममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सूचनाको हक प्रचलनको लागीजनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मी लगायत सबै सकिय रुपमा लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो ।

कार्यक्रमका प्रमुअ अतिथि गाउँपालिकाका अध्यक्ष कालीबहादुर शाहीले सूचनाको हकबाट पालिका भित्रका नागरिकहरुलाई कुनै बञ्चित नगर्ने र हाल सम्म त्यस्तो नगरिएको गाउँपालिकाले सबै नागरिकलाई सहि र सत्य सूचना प्रदान गर्ने बचनबद्धता जनाउनु भयो । गाउँपालिकाबाट जनताले हरेक सूचनाहरु सहज रुपमा पाउनभन्ने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको र सूचनाको हक सम्बन्धी आवश्यक प्रावधान, सूचना दिनु पर्ने कार्यालयको कर्तव्य र कानूनी बाधा र प्रक्रियाका वारेमा गाउँपालिकाका कर्मचारी,शिक्षक र जनप्रतिनिधिहरुलाई जानकारी गराइएको थियो ।

उक्त कार्यकममा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत अन्तरकिया कार्यकममा स्वागत मन्तब्य राख्दै राष्ट्रिय सूचना आयोगका उपसचिव रामप्रसाद ढकालले स्वागत गर्नु  भएको थियो । उक्त कार्यकमलाई बडिमालिका नगरपालिकाका प्रमुख प्रशासकिय अधिकारी श्री रंगमल बि.कले सञ्चालन गर्नु भएको थियो । यस अन्तरकिया कार्यकममा अथितिको रुपमाबडीमालिका नगरपालिकाको प्रमुख अतिथि श्री अमर खड्का, अतिथि निमित्त प्रमुख जिल्ला अधिकारी श्री लोकेन्द्र बहादुर बिष्ट, अतिथि,प्रमुख प्रशासकिय अधिकारी श्री रंगमल बि.क, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज,सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी लगायत  महिला १४, पुरुष ८० गरी कुल जम्मा ९४ जनाको उपस्थिती रहेको थियो । यस अन्तरकिया कार्यकममा प्रमुख सूचना आयुक्त श्रीमहेन्द्रमान गुरुङले सहभागीका तर्फबाट उठाईएका जिज्ञासाहरुको संबोधन सहित कार्यकमको समापन गर्नु भएको थियो ।

## ५. कमलामाई   नगरपालिका, सिन्धुली

राष्ट्रिय सूचना आयोगद्धारा सूचनाको हक सम्बन्धी स्थानिय स्तरिय अन्तरक्रिया कार्यक्रम मिति २०८० भदौ ३१ गते सिन्धुलीकोकमलामाई नगरपालिकामा आयोजना गरिएको थियो । उक्त कार्यक्रम नगरपालिकाका नगरप्रमुख श्री उपेन्द्र कुमार पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा सूचना आयुक्त श्री रत्न प्रसाद मैनालीले सूचनाको हक प्रचलनको लागि नागरिकवाट माग गरिएका सूचनाहरु सहज रुपमा उपलव्ध गराउनुपर्ने यसको लागि सार्वजनिक निकायले सूचनामैत्री सहज र सरल वातावरण वनाउनु पर्ने विषयमा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तब्य राख्दै राष्ट्रिय सूचना आयोगका कम्प्युटर ईन्जिनियर राजन पाण्डेले स्वागत गर्नु भएको थियो । उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत श्री जिवन कुवरले सञ्चालन गर्नु भएको थियो । यस अन्तरक्रिया कार्यक्रममा अथितिको रुपमापुतलीबजार नगरपालिकाको प्रमुख अतिथि श्री उपेन्द्र कुमार पोखरेल, अतिथि प्रमुख जिल्ला अधिकारी श्री रमेश न्यौपाने, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज समाज,सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी लगायत महिला १९, पुरुष ४८ गरी कुल जम्मा ६७ जनाको उपस्थिती रहेको थियो । यस अन्तरक्रिया कार्यक्रममा सूचना आयुक्त श्रीरत्न प्रसाद मैनालीले सहभागीका तर्फबाट उठाईएका जिज्ञासाहरुको संबोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

### ६.२.३ अन्य अन्तरक्रिया कार्यक्रम

**१. राष्ट्रिय सूचना आयोगको १६ औं स्थापना दिवस,**

राष्ट्रिय सूचना आयोग १५ बर्ष पूरा गरी १६ औं बर्षमा प्रवेश गरेको अवसरमा आयोगद्वारा आफ्नो १६औं स्थापना दिवस मिति २०८० बैशाख २२ गते अल्फाविटा कम्प्लेक्स वानेश्वर,काठमाडौंमा सम्माननीय सभामुख देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले गर्नु भएको थियो भने विशेष अतिथिको रुपमा माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखाशर्माज्यूले सहभागितामा भाग लिनुभएको उक्त कार्यक्रममा सूचना आयुक्त कमला ओलीथापा र सूचना आयुक्त रत्नप्रसाद मैनाली, आयोगका सचिव दिवस आचार्य, कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि सचिव, आयोगका पूर्व प्रमुख सूचना आयुक्तज्यूहरु र पूर्व सूचना आयुक्तहरु,विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु, विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरू, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद वागचन्द लगायत सूचनाको हकका अभियन्ताहरू लगायत आयोगका कर्मचारीहरुको लगायत महिला १०, पुरुष ५५ गरी कुल जम्मा ६५ जनाको सहभागिता थियो । उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत श्री जीवन कुँवरले सञ्चालन गर्नुभएको थियो ।

२. 2nd Co creation Workshop कार्यक्रम

US Aid को सहयोगमा ASIA FONDATION द्वारा 2nd Co creation Workshop मिति २०८० असार २० र २१ गते चितवनमा प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङलूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । उक्त कार्यक्रममा मन्तव्य राख्दै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले उपस्थित सबैमा आयोगको तर्फवाट हार्दिक शुभकामना व्यक्त गर्नुभएको थियो । साथै उक्त कार्यक्रममा प्रमुख सूचना आयुक्तज्यूले सूचनाको हकले सार्वजनिक निकायलाई सुशासन कायम गर्न मद्दत गर्ने, सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण निकाय स्वयं जिम्मेवार हुनु पर्ने, सूचनामागकर्तालाई थप सक्रिय वनाउनुपर्ने कुरामा जोड दिनु भएको थियो ।उक्त कार्यक्रममा US Aid का प्रतिनिधिहरु, ASIA FONDATION का प्रतिनिधिहरु, राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत श्री डिल्ली राम भट्ट र कानुन अधिकृत सन्जिप अधिकारी, विभिन्न निकायका प्रतिनिधिहरु,

सूचनाको हकका अभियन्ताहरू लगायतको सहभागितामा रहेको थियो । उक्त कार्यक्रम ASIA FONDATION द्वारा सञ्चालन भएको थियो ।

**३. सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७९ माघ १० गते मोरङ्ग जिल्लाको विराटनगरमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम माननिय उपसभामुख श्री सृजना दनुवारको आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता सूचना आयुक्त श्री कमला ओलीले गर्नुभएको थियो कार्यकममा सूचना आयुक्त श्री कमला ओलिले सूचनाको हक प्रचलनको लागि सार्वजनिक निकायका पदाधिकारी, जनप्रतिनिधी, आम सञ्चार जगत, नागरिक समाज लगायत सवै सक्रिय रुपमा लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री दिवस आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सुचना आयोगका उपसचिव सीता निरौलाले स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत हरिहर कार्की सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यकममा अतिथिको रुपमा विराटनगर उपमहानगरपालिकाका उपप्रमुख शिल्पा निरौला, प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद कोइराला, विभिन्न सूरक्षा निकायका प्रतिनिधिहरु, विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरूको लगायत महिला १०८, पुरुष १८ गरी कुल जम्मा १२६ जनाको जनाको उपस्थिति रहेको थियो । यस अन्तरक्रिया कार्यकममा सूचना आयुक्त श्री कमला ओलिले सहभागीका तर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

**४. श्रीलंकाको सूचनाको हकसम्बन्धी आयोगको प्रतिनिधि मण्डलको नेपाल भ्रमण**

श्रीलंकाको सूचनाको हकसम्बन्धी आयोग (Right to Information of Sri Lanka) sf cWolf Justice UpalyAbeyrathne (Rtd.) को नेतृत्वमा अन्य सूचना आयुक्तहरु संलग्न रहेको टोली नेपालको सूचनाको हकसम्बन्धी कार्यान्वयनको अवस्था अध्ययन तथा अवलोकन गर्न नेपालआई पुगेको छ । टोलीले नेपालको राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरुसँग छलफल गर्ने कार्यकम रहेको छ । साथै, टोली राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी, नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल, फ्रिडम फोरम, युएनडिपी, नेपालबार, सूचनाको हक महासंघ, गैरसरकारी संस्थाहरुसँग भेट गरी सूचनाको हकबारेमा छलफल गरेको छ । टोलीले धुलिखेल नगरपालिकामापनि सूचनाको हकको कार्यान्वयन बारेमा अवलोकन गर्नेछ। राष्ट्रिय सूचना आयोग नेपालले श्रीलंकाको सूचनाको हकसम्बन्धी आयोगसँग आपसी समझदारी पत्र प्रस्ताव गरेको छ। यस बारेमा पनि छलफल हुनेछ। टोलीलाई आयोगका शाखा अधिकृत श्री जीवन कुँवरले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागतगर्नु भयो ।

**५. सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८)**

राष्ट्रिय सूचना आयोगद्वारा **सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस** कार्यक्रम मिति २०८० असोज १२ गते बसेरा बन्क्वेट, काठमाडौमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम संघीय संसद प्रतिनिधी सभाका सम्माननीय सभामुख अग्निप्रसाद सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले गर्नुभएको थियो । कार्यकममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सूचनाको हक प्रचलनको लागि अन्तराष्ट्रिय रुपमा प्रयोगमा आएका नविन प्रविधिहरुको क्रमसः शासकिय प्रणालिसँग आवद्ध गर्दै लैजानु पर्ने विषयमा जोड दिनु भएको थियो । नेपालमा पनि Artificial Intellegience को माध्यमवाट सूचनाको हक कार्यान्वयन गर्ने तर्फ कानूनी, प्राविधिक, सामाजिकरुपमा पूर्वाधारको तयार पार्नु पर्ने कुरामा जोड दिनुभएको थियो । उक्त कार्यक्रममा सञ्चार तथा सूचना प्रविधी मन्त्रालयका सहसचिव अनिल कुमार दत्तले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सचिव श्री दिवस आचार्यले स्वागत मन्तव्य गर्नु भएको थियो। राष्ट्रिय सूचना

आयोगका उपसचिव श्री सीता निरौला फुँयालले  कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यस अन्तरक्रिया कार्यक्रममा सूचना आयुक्तद्वय कमला ओली थापा र रत्न प्रसाद मैनाली , सञ्चार तथा सूचना मन्त्रालयका सहसचिवहरु, विभिन्न सार्वजनिक निकायका सूचना अधिकारीज्यूहरू, कार्यालय प्रमुखज्यू, सञ्चार कर्मि, सूचनाको हकका अभियन्ताहरु  लगायत  महिला २० , पुरुष ११४ गरी कुल जम्मा १३४ जनाको  उपस्थिति रहेको थियो । प्रमुख अतिथी सम्माननीय सभामुख श्री अग्नि प्रसाद सापकोटाले राज्यका तिनै निकायमा रहनेहरुको इच्छाशक्ति र नियत सफा भए सवै चुनौतीलाई परास्त गर्न सकिने वताउनु भएको थियो । यस अन्तरक्रिया कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङले सहभागीकातर्फबाट उठाइएका जिज्ञासाहरुको सँवोधन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ६. सम्माननीय प्रधानमन्त्री समक्ष वार्षिक प्रतिवेदन हस्तान्तरण

राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट सम्पादन भएका कामकारवाहीको वार्षिक प्रतिवेदन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ को उपदफा १ बमोजिम व्यवस्थापिका संसदमा पेश गर्नका लागि २०७९ साल माघ १८ गते  सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष  आयोगको वार्षिक प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन आयोगले सोही दफाको उपदफा २ बमोजिम सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन समेत गरिसकेको छ ।


# परिच्छेद- ७

## सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगका सुझावहरू

राष्ट्रिय सूचना आयोगले २०६५ साल बैशाख २२ गते स्थापना भएदेखि नै प्रत्येक वर्ष बुझाएको प्रतिवेदनमा आफ्ना सुझावहरू दिदैँ आएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ अनुसार नागरिकको सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले विगतमा आफ्ना तेह्रवटा बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसदमा पेश गरिसकको छ । ती सबै प्रतिवेदनमा नागरिकको सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि आयोगले आवश्यक ठहर गरेका सुझावहरू सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ र अन्य दफाहरूमा सूचनाको हकको संरक्षण, सम्वर्द्धनका लागि सुझाव दिने/सिफारिस गर्ने अधिकारबमोजिम आयोगले सुझावहरू दिदै आएको हो । आयोगले विगतमा नेपाल सरकार समक्ष दिएको सुझावहरू **अनुसूची-१३** मा रहेको छ । आयोग स्थापनाको यो तेस्रो कार्यकालको तेस्रो प्रतिवेदन पनि भएकाले यस अघि १३ वटा प्रतिवेदनसमेतमा उल्लेख भएका सुझावहरूमा सहमति राख्दै हाल अनुभूत भएका तर कार्यान्वयन हुन बाँकी सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनलाई अझ प्रभावकारी बनाउन आयोगले अनिवार्य ठानेका र तत्काल कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण थप सुझावहरू निम्नानुसार रहेका छन् ।

## अनुसूची-१

# राष्ट्रिय सूचना आयोगको सँगठन संरचना



अनुसूची-२

राष्ट्रिय सूचना आयोग

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी/ गुनासो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | - सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | भुँई तल्ला | उप सचिव (न्याय, कानून) ९८५१२४४६६५ | - सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने ।<br>- यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>- पुनरावेदन निरर्थक देखिएमा वा सूचना उपलब्ध गराएमा पुनरावेदन खारेज गर्ने ।<br>- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | ६० दिनभित्र | प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने | निःशुल्क |
| | - सूचना दुरुपयोग सम्बन्धी उजुरी | | | | - सार्वजनिक निकायले सूचना दुरुपयोग गरेको प्रमाण सहित आयोग समक्ष उजुरी दिन सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा दुरुपयोगकर्तालाई पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने । | | | |
| | - सूचना दाताको संरक्षण सम्बन्धी उजुरी | | | | - ऐनको दफा २९ को उपदफा (१) बमोजिम सूचना दिएको कारणले सूचनादातालाई उपदफा (३) बमोजिमको सजायँ भएमा सूचनादाताले निर्णय बदर गराउन र क्षतिपूर्ति माग सहित आयोगमा उजुरी गर्न सक्ने ।<br>- आयोगबाट उजुरी जाँचबुझ गर्दा उजुरी मनासिब देखिएमा त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई क्षतिपुर्ति भराउन आदेश दिन सक्ने । | | | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - योजना तथा प्रवर्द्धन शाखा प्रमुखले बार्षिक रूपमा सञ्चालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>- स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्यसमेत विचार गरी कार्यक्रम सञ्चालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>- सूचना परियोजना कार्यान्वयन गर्ने । | निरन्तर | सचिव (रा. प. प्रथम) | निःशुल्क |
| ३. | आयोगको दैनिक प्रशासन सञ्चालन | प्रशासन शाखा | पहिलो तल्ला | उप सचिव (प्रशासन, सा. प्र.) | - कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>- स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>- आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | निरन्तर | सचिव (रा. प. प्रथम) | निःशुल्क |

०१-४५६४४१२, ०१-४५९६५४४

info@nic.gov.np www.nic.gov.np @suchanaayog facebook.com/rtinepal

# अनुसूची-३

## आयोगमा आर्थिक वर्ष २०७९/८० मा कार्यरत पदाधिकारी र कर्मचारीहरूको विवरण

### (क) पदाधिकारीहरू

| क्र. सं. | नामावली | पद | कार्यरत अवधि |
|---|---|---|---|
| १ | श्री महेन्द्र मान गुरूङ्ग | प्र.सूचना आयुक्त | पूरै आर्थिक वर्ष |
| २ | श्री कमला ओली थापा | सूचना आयुक्त | पूरै आर्थिक वर्ष |
| ३ | श्री रत्नप्रसाद मैनाली | सूचना आयुक्त | पूरै आर्थिक वर्ष |

### (ख) कर्मचारीहरू

| सि.नं. | नामावली | पद | श्रेणी | सेवा/समुह/उप समुह | कार्यरत अवधि |
|---|---|---|---|---|---|
| १ | श्री दिवस आचार्य | सचिव | रा. प. प्रथम | प्रशासन | २०७९।०४।१६ बाट |
| २ | श्री भागिरथ पाण्डे | सचिव | रा. प. प्रथम | प्रशासन | २०७९।०४।०९ सम्म |
| ३ | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७९।१०।०६ सम्म |
| ४ | श्री सीता निरौला फूयाँल | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७९।१२।२० सम्म |
| ५ | श्री राम प्रसाद ढकाल | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७९।०८।१९ बाट |
| ६. | श्री लक्ष्मण विक्रम थापा | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७९।१२।२० बाट |
| ७ | श्री सुदर्शन ढकाल | उप सचिव | रा.प. द्वितीय | न्याय, कानून | २०८०।०१।०७ बाट |
| ८ | श्री विश्वबन्धु पौडेल | उप सचिव | रा.प. द्वितीय | न्याय, कानून | २०७९।१२।२७ सम्म |
| ९ | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| १० | श्री डिल्लीराम भट्ट | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| ११ | श्री हरिहर कार्की | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| १२ | श्री कुलचन्द्र पराजुली | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०८०।०२।१६ सम्म |
| १३ | श्री सालिकराम भट्टराई | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०७९।०४।१६ बाट |
| १४ | श्री जीवन कुवँर | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पुरै आर्थिक वर्ष |
| १५ | श्री राजन पाण्डे | क. इ. | रा.प. तृतीय | विविध | २०७९।०६।०२ सम्म |
| १६ | श्री सन्जिप कुमार अधिकारी | कानून अधिकृत | रा.प तृतीय | न्याय, कानून | पुरै आर्थिक वर्ष |
| १७ | श्री विदुर प्रसाद भण्डारी | लेखा अधिकृत | रा.प तृतीय | प्रशासन, लेखा | २०८०।०३।०१ सम्म |
| १८ | श्री हेमन्त रिज्याल | नायव सुब्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | |
| १९ | श्री सान्ता न्यौपाने | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| २० | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| २१ | श्री सृजना ज्ञवाली | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| २२ | श्री युग कुमारी ढकाल | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | |
| २३ | श्री गौरब गुरूङ्ग | क. अ. | रा.प.अनं. प्रथम | विविध | पूरै आर्थिक वर्ष |
| २४ | श्री रबिन गौतम | क. अ. | रा.प.अनं. प्रथम | विविध | |
| २५ | श्री महेश खड्का | ह.स.चा. | श्रेणीविहिन | विविध | |
| २६ | श्री हरि बुढाथोकी | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| २७ | श्री सिताराम बस्नेत | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| २८ | श्री विजय श्रेष्ठ | ह.स.चा. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| २९ | श्री ब्रिज किशोर राउत थारु | ह.स.चा. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ३० | श्री अर्जुन तिमल्सिना | ह.स.चा. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ३१ | श्री माइली तामाङ | का. स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३२ | श्री नविन सुवेदी | का.स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३३ | श्री सुनिता पोडे | कुचीकार | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३४ | श्री सृजना देवकोटा | का. स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३६ | श्री रूपसना भट्टराई | का. स. | श्रेणीविहिन | विविध | पुरै आर्थिक वर्ष |
| ३७ | श्री जीवनाथ तिमिल्सिना | पाले/चौकिदार | श्रेणीविहिन | विविध | |
| ३८ | श्री नवराज कार्की | पाले/चौकिदार | श्रैणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ३९ | श्री टिका प्रसाद घिमिरे | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ४० | श्री शुसिला अधिकारी थापा | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ४१ | श्री दिपक न्यौपाने | का.स. | श्रेणीविहिन | विविध | पूरै आर्थिक वर्ष |
| ४२ | श्री धनमाया तिमिल्सिना | का.स. | श्रेणीविहिन | विविध | |

# अनुसूची-४

## आर्थिक वर्ष २०७९/८० आयोगको बैठकबाट भएका निर्णयहरू

### बैठक नं. २७५(३)३५

### मिति २०७९।०४।०५

१. आयोगको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा आयोगका शाखा प्रमुखहरूको आ-आफ्नो शाखाको विवरण तयार गरी यही साउन २० गतेभित्र प्रारम्भिक मस्यौदा तयार गरी सम्बन्धित आयुक्त समक्ष पेश गर्ने निर्णय भयो ।

२. आयोगमा वार्षिक कार्यक्रम अनुसार प्राप्त हुन आएका अध्ययन प्रतिवेदनहरूको प्रतिलिपि प्रमुख आयुक्त र आयुक्तहरूको अध्ययनको लागि योजना शाखाले उपलब्ध गराउने ।

३. आयोगले विगत वर्षका वार्षिक प्रतिवेदनहरूमा दिइएका सुझावहरूको प्रगति सम्बन्धित सार्वजनिक निकायबाट माग गर्ने र सोहीबमोजिम वार्षिक प्रतिवेदनमा समावेश गर्ने । योजना शाखमार्फत पत्राचार गर्ने ।

४. सूचनाको हक कार्यान्वयन अनुगमन इकाईहरूबाट प्रगति विवरण हालसम्म प्राप्त भएको नदेखिँदा पुनः पत्राचार गर्ने निर्णय भयो ।

५. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) मा गरिएको सार्वजनिक निकायको परिभाषाको बुँदा ५ मा प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन सार्वजनिक निकाय भएको उल्लेख गरेको छ। सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भनेको छ भने उपदफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ। दफा ४ मा सार्वजनिक निकायको दायित्व बारेमा उल्लेख गरिएको छ भने दफा ५ को उपदफा (४) मा सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ भनिएको छ। त्यस्तै दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ भनी व्यवस्था भएको छ ।

प्रचलित कानून बमोजिम दर्ता भएका राजनीतिक दलहरूको वेवसाइट अध्ययन गर्दा धेरै राजनीतिक दलहरूले सूचनाको हक पालनामा उदासिनता देखाएको पाइन्छ। २०६२ सालको जनआन्दोलन पश्चात बनेको लोकतान्त्रिक र गणतान्त्रिक संसदले नागरिकको हक बलियो बनाउन र सार्वजनिक निकायहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन आवश्यक ठानी २०६४ सालमा सूचनाको हकसम्बन्धी कानून निर्माण गरेको हो । यो कानून जारी गर्नमा राजनीतिक दलहरूको सबैभन्दा बढी भूमिका रहेको छ । यस अर्थमा पनि राजनीतिक दलहरूले यस कानूनको प्रभावकारी कार्यान्वयन गर्दा अन्य सार्वजनिक निकायलाई पनि सुशासन र पारदर्शिताका लागि सूचनाको हकको कार्यान्वयन प्रति जिम्मेवार बनाउन सघाउ पुग्ने विषयमा द्विविधा हुन सक्दैन। समुन्नत र सुशासनयुक्त नेपाल निर्माणका लागि पनि सूचनाको हकसम्बन्धी कानूनको पालनाले महत्वपूर्ण भूमिका खेल्छ भन्ने विश्वास आयोगले गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विगतमा यस आयोगले राजनीतिक दलहरूसँग अन्तरक्रिया, प्रशिक्षण, छलफलका माध्यमबाट तथा लिखित आदेश मार्फत पनि सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन गर्न उत्प्रेरित गरेको हो । देशलाई नेतृत्व दिन, समृद्ध बनाउन, नागरिकलाई बलियो बनाउन प्रतिबद्ध राजनैतिक दलहरूको सूचनाको हक कार्यान्वयनमा राजनीतिक दलहरूको प्रतिबद्धताको अहम् र अग्रणी भूमिका रहन्छ भन्ने पनि आयोगको ठहर रहेको छ ।

तसर्थ, प्रचलित कानून बमोजिम दर्ता भएका सबै राजनीतिक दलहरूलाई विगतमा भएका आदेशहरूको स्मरण गराउँदै देहाय बमोजिम गर्न गराउन लेखी पठाउने निर्णय गरेको छः

१) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नं. सार्वजनिक गर्ने ।

२) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने ।

३) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने ।

४) सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरल रूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउने ।

६. असार २६ गते bizpati.com मा "सरकारी वेवसाइटबाटै सूचना अधिकारीको नम्बर गायव; कानूनको उल्लंघन, सुशासनको खिल्ली" शीर्षक रहेको समाचार प्रति यस आयोगको ध्यानाकर्षण भएको छ । उक्त समाचारका अनुसार धेरै निकायहरूको वेवसाइटमा सूचना अधिकारीको नाम हुने तर सम्पर्कका लागि मोबाइल नम्बर नराख्ने गरेको पाइएको र यसबाट सर्वसाधारण नागरिक र सार्वजनिक निकायबीचको सम्बन्ध टुटाउँदै लैजाने नियतका साथ यस्तो भैरहेको भन्ने उल्लेख गरिएको छ। विभिन्न निकायका पदाधिकारीसँग प्रतिक्रिया पनि लिएर राखिएका छन् ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख भएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख भएको छ। सोही ऐनको दफा ४ को उपदफा (१) मा सूचना अधिकारी तोक्न पर्ने व्यवस्था रहेको छ। यस व्यवस्थालाई प्रभावकारी बनाउन र सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन यस आयोगले सबै सार्वजनिक निकायलाई पटक पटक त्यस्ता सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल नं.), इमेल, कोठा नं., वेवसाइट, फ्लेक्स प्रिन्ट तथा अरु माध्यमबाट समेत सार्वजनिक गर्नु भनी आदेश गरेको अवस्था छ । आयोगबाट सार्वजनिक निकायलाई सूचना अधिकारीलाई सरकारी खर्चबाट मोबाइल, सिम र लाग्ने खर्च उपलब्ध गराउन पनि भनिएको छ। सूचना अधिकारीको विस्तृत विवरण राख्दा र सर्वसाधारण नागरिकलाई सहज हुँदा सम्बन्धित सार्वजनिक निकाय प्रति विश्वास बढ्ने हुन्छ। स्वभाविक रूपमा यो विषय सार्वजनिक निकायको दायित्वभित्र पर्ने विषय पनि हो । तसर्थ, देहायका निकायहरूका प्रमुखका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहाय बमोजिम गर्न गराउन आदेश जारी गर्ने । साथै, सबै सार्वजनिक निकायलाई पनि यो व्यवस्था पालना गर्न गराउन संघीय सार्वजनिक निकायहरूका हकमा नेपाल सरकारका मुख्य सचिवमार्फत, प्रदेश अन्तर्गतका सार्वजनिक निकायका हकमा मुख्यमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालयका प्रमुख सचिवमार्फत र स्थानीय तहका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत कार्यान्वयन गर्न गराउन लेखी पठाउनेः

**क. <u>निकायहरू</u>**

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,

२. यातायात व्यवस्था विभाग,

३. शिक्षा मन्त्रालय,

४. वैदेशिक रोजगार विभाग,

५. नेपाल विद्युत प्राधिकरण

६. कृषि तथा पशुपंक्षी मन्त्रालय,

७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल,

८. राहदानी विभाग,

९. रक्षा मन्त्रालय,

१०. कम्पनी रजिष्ट्रारको कार्यालय,

११. सडक विभाग ।

ख. सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठ नम्बर उल्लेख गरेको फ्लेक्स कार्यालयको प्रवेश द्वार नजिकै सबैले देख्न सहज हुने गरी राख्ने र वेवसाइट तथा अन्य प्रकाशन (वार्षिक प्रतिवेदन, बुलेटिन इत्यादी) मा पनि नियमित रूपमा राख्ने ।

७. यस वर्षको आयोगको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सुझाव तालीका तयार गरी योजना र प्रशासन शाखाले अर्को बैठकमा पेश गर्ने ।

८. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७६(३)३६
## मिति २०७९।०४।२४

१. यस आयोगका पूर्व सचिव श्री भागिरथ पाण्डेय निजामती सेवाबाट अवकाश हुनु भएको र निजले निजामती सेवामा रही पुऱ्याउनु भएको योगदान तथा यस आयोगमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै धन्यवाद सहित शुभकामना दिने र हाल सरुवा भई आउनु भएका सचिव श्री दिवस आचार्यलाई स्वागत गर्ने ।

२. यस वर्षको वार्षिक प्रतिवेदन तयारी गर्ने सम्बन्धमा सचिवालयबाट प्राप्त भएको प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिन सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको संयोजकत्वमा आयोगका उपसचिव र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधि (अधिकृतस्तर) समेत सदस्य रहने गरी समिति गठन गरी १५ दिनभित्र मस्यौदा तयार गरी पेश गर्ने निर्णय भयो ।

३. यस वर्षको सूचना दिवस आगामी भाद्र ३, २०७९ मा मनाउने सन्दर्भमा छलफल भयो । सचिवालयले दिवसका लागि आवश्यक तयारी गर्ने निर्णय भयो ।

४. सूचनाको हक कार्यान्वयन अनुगमन इकाईबाट प्राप्त प्रगति प्रतिवेदन वार्षिक प्रतिवेदनमा समावेश गर्ने र आउन बाँकी इकाईहरूलाई पुनः ताकेता गर्ने ।

५. संघीय, प्रदेश तथा स्थानीय निकाय अन्तर्गतका सबै तालीम प्रदायक संस्थाहरूले तालीम सम्बन्धी पाठ्यक्रम बनाउँदा सूचनाको हकसम्बन्धी व्यवस्था पनि समावेश गर्ने सहमति भएकोमा सबै तालीम प्रदायक संस्थाहरूबाट निश्चित ढाँचामा प्रगति तथा आगामी योजना माग गर्ने ।

६. बागमती प्रदेशमा सूचनाको हक कार्यान्वयन सम्बन्धी अघिल्लो बैठकबाट छुट्टै आदेश भैसकेको हुँदा केही समयपछि ताकेता गर्ने ।

७. आयोगको वार्षिक कार्यक्रम अनुसार प्राप्त अध्ययन प्रतिवेदन सम्बन्धमा छलफल भयो ।

८. आयोगका पूर्व पदाधिकारीले सूचनाको हक कार्यान्वयन लगायत यस क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान र कदर गर्न पूर्व पदाधिकारीहरू मध्येबाट प्रत्येक वर्ष राष्ट्रिय सूचना दिवसका अवसरमा एक जना पूर्व पदाधिकारीलाई सम्मान गर्ने निर्णय भयो ।

९. यस वर्षको राष्ट्रिय सूचना दिवसको अवसरमा पूर्व सूचना आयुक्त श्री श्रीआचार्यलाई सम्मान गर्ने निर्णय भयो ।

१०. अन्य विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७७(३)३७

## मिति २०७९।०४।३१

१. आयोगको वार्षिक प्रतिवेदन तयारीको प्रारम्भिक मस्यौदा तयार भएको तर पूर्ण मस्यौदा तयार गर्न आयोगका पदाधिकारी तथा सचिवबाट प्राप्त सुझाव समेत परिमार्जन गरी पूर्ण मस्यौदा तयार गर्ने कार्य भाद्र मसान्तभित्र सम्पन्न गर्ने । सो कार्यको लागि सम्पूर्ण व्यवस्थापन सचिवालयले मिलाउने ।

२. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७८(३)३८
## मिति २०७९।०५।१६

१. सूचनाको सर्वव्यापी पहुँच सम्बन्धि अन्तर्राष्ट्रिय दिवस (२८, सेप्टेम्बर) मनाउने सन्दर्भमा आगामी हप्ता सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, यूनेस्कोका प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल महासंघ, कम्प्युटर एशोसिएशन अफ नेपाल समेतको तयारी बैठक राखी छलफल गर्ने ।

२. सूचनादाताको संरक्षण सम्बन्धी नियमावलीको मस्यौदालाई आयोगको २०७९।०३।१९ को बैठकको निर्णय अनुसार सुझाव प्राप्त गर्न ३० दिनको समय तोकि वेवसाइटमा राखिएकोमा कुनै सुझाव प्राप्त भएको नपाइएको हुँदा आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्राप्त सुझावलाई मस्यौदामा समावेश गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा स्वीकृतिका लागि पठाउने ।

३. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजनाको मस्यौदामा सुझाव प्राप्त गर्नको लागि आयोगको वेवसाइटमा ३० दिनसम्म राख्ने र त्यसपछि नियमानुसार प्रकृया अघि बढाउने । साथै उक्त रणनीतिमा राय/सुझाव भए उपलब्ध गराइदिन सञ्चार मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयमा लेखी पठाउने ।

४. वार्षिक प्रतिवेदन तयारी गर्ने सन्दर्भमा प्रारम्भिक मस्यौदा प्राप्त भयो । आयोगका पदाधिकारी तथा सचिवबाट प्राप्त सुझावलाई समावेश गरी तिब्ररुपमा तयारी गर्ने कार्यमा एकजना कर्मचारीलाई दैनिक रुपमा खटाई भाद्र मसान्तभित्र वार्षिक प्रतिवेदनको कार्य सम्पन्न गर्ने ।

५. आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनलाई निश्पक्ष, स्वच्छ, पारदर्शी र जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम् जानकारी पाउने वातावरण बनाउन आवश्यक भएको सन्दर्भमा निम्न बमोजिम गर्न गराउन निर्वाचन आयोगमा सुझाव पठाउने,

 (क) निर्वाचनका लागि उम्मेदवारले पेश गर्ने मनोनयन पत्र तथा संलग्न कागजातहरु सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

 (ख) निर्वाचन सम्पन्न भए पश्चात कानून बमोजिम उम्मेदवारले पेश गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

६. (क) राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोग बिचमा भएको समझदारी पत्र एवं कार्यान्वयन गर्ने कार्य योजनाको समीक्षा गरियो । उक्त समझदारी पत्रमा उल्लेख भए बमोजिम एक जना सम्पर्क व्यक्तिको रुपमा आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायलाई तोक्ने ।

 (ख) श्रीलंका र भारतको सूचना आयोगसँग आपसी समझदारी गर्ने सम्बन्धमा आवश्यक तयारी गर्ने ।

 (ग) भारतमा सूचनाको हकको अभ्यासको जानकारी उपयोगी हुने हुँदा आयोगका पदाधिकारी एवं कर्मचारीहरुलाई अवलोकनको व्यवस्था मिलाइ दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

(घ) सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सञ्जाल (ICIC) को चार्टर संशोधनको संलग्न प्रस्तावलाई ICIC मा पठाउन अनुमोदन गर्ने ।

## बैठक नं. २७९(३)३९
## मिति २०७९।०८।१५

१. आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

२. सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसमा आयोजित Artificial Intelligence, e-Governence र सूचनाको हक प्रबर्द्धन विषयक राष्ट्रिय गोष्ठी Sep, 28 अर्थात् मिति २०७९।०५।०३ मा आयोजना गरिएको थियो । उक्त गोष्ठीमा ३ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । कार्यपत्रहरू उपर तथा विषयवस्तुमा गम्भीर छलफल भएको थियो । गोष्ठीको विस्तृत प्रतिवेदन संलग्न छ । गोष्ठीमा भएको छलफल, कार्यपत्र तथा अतिथिहरूबाट व्यक्त भएका विचारहरूको आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो:

क) नेपाल सरकार वा अन्य सार्वजनिक निकायले पनि सूचना प्रविधि प्रणाली तयार गरी लागू गर्दा नेपाली नागरिकको संवैधानिक तथा कानूनी हकको रूपमा रहेको सूचनाको हक प्रबर्द्धन हुने गरी वा सूचना पाउन सहज हुने गरी सूचना प्रविधि प्रणाली बनाउन नेपाल सरकारमा सिफारिस गर्ने ।

ख) सूचनाको हकलाई नागरिक तहसम्म सहज रूपमा पहुँच पुऱ्याउने उद्देश्यबाट आयोगले सूचना प्रविधिमा आधारित प्रणालीको विकास गरिरहेको छ । यो प्रणालीको दिगो व्यवस्थापन गर्न स्रोत साधनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विश्व बैंकको सहयोगमा सञ्चालन भइरहेको आयोजनामा आयोगको सूचना प्रविधि प्रणाली सुदृढीकरण तथा अद्यावधिक गर्ने गरी समावेश गरिदिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

ग) नेपाल सरकारले सूचना प्रविधि सम्बन्धी नीति बनाउँदा Artificial Intelligence का कारण नागरिकको वैयक्तिक गोपनीयतामा असर पर्ने सम्भावनालाई ध्यानमा राखी नीति निर्माण गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गर्ने ।

३. गोपनीयता नियमनसँग सम्बन्धित निकायहरूको अन्तर्राष्ट्रिय साझा मञ्च Global Privacy Assembly रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले राष्ट्रिय सूचना आयोगलाई सूचना उपलब्ध गराउन मात्र नभई व्यक्तिगत प्रकृतिका सूचनाहरू संरक्षण गर्ने जिम्मेवारी पनि प्रदान गरेको हुँदा यो आयोग उल्लेखित Assembly मा Observer का रूपमा रहँदा Privacy का क्षेत्र भएका नयाँ प्रबन्धहरूकाबारे जानकारी भई नेपाल सरकारलाई आवश्यक नीति बनाउन सहयोग पुग्ने भएकोले Observer का लागि आवेदन गर्ने स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारसँग अनुरोध गर्ने ।

४. आर. टी. आई. जर्नल प्रकाशन गर्नका लागि सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको संयोजकत्वमा कार्यदल गठन गर्ने । आर. टी. आई. जर्नललाई ISBN को सदस्यता लिनको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

५. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनैतिक योजनाको मस्यौदा उपर सरोकारवालाहरूको राय सुझावको लागि आयोगको वेबसाइटमा राखिएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोग लगायतनिकायसँग छुट्टै राय सुझाव माग गरिएको थियो । यसरी माग भएको मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगले आफ्नो राय सुझाव पठाएको जानकारी प्राप्त भयो । उक्त रणनैतिक योजना स्वीकृत गरी कार्यान्वयनमा लैजान विभिन्न कारणवश ढिला भइरहेको सन्दर्भलाई

ध्यानमा राखी प्राप्त राय सुझावहरू मध्ये उपयुक्त देखिएका राय सुझावहरू राखी अन्तिम रूप प्रदान गरी स्वीकृतिका लागि आगामी बैठकमा पेश गर्ने ।

६. विभिन्न तालिम प्रदायक निकायहरूले सूचनाको हकसम्बन्धी विषय तालिम पाठ्यक्रममा समावेश गरेको/नगरेको विषयका बारेमा विवरण माग गरिएकोमा प्राप्त विवरण आगामी बैठकमा पेश गर्ने । साथै, नेपाल राष्ट्र बैंक, नेपाल बैंकिङ्ग इन्स्टिच्यूट, कृषि विकास बैंक, बीमा समिति, नेपाल धितोपत्र बोर्ड लगायतका निकायहरूबाट पनि सो विवरण माग गर्ने ।

## बैठक नं. २८०(३)४०
## मिति २०७९।०९।२५

१. राजनीतिमा हुने लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हक विषयमा राष्ट्रिय गोष्ठी २०७९।०६।१२ मा सम्पन्न भएको गोष्ठीको बारेमा समीक्षा भयो । गोष्ठीमा दुईवटा महत्वपूर्ण कार्यपत्रहरु राजनीतिमा सक्रिय महिला विरुद्ध हुने हिंसा र नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने अनलाइन लैङ्गिक हिंसाको अवस्था पेश भएको थियो । कार्यपत्रहरु उपर आयोगका आयुक्त कमला ओलीले टिप्पणी गर्नु भएको थियो । गोष्ठीमा भएको अन्तरक्रियाबाट लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हकको महत्वपूर्ण भूमिका रहने निचोड निक्लेको छ । यस सम्बन्धमा देहायबमोजिम सिफारिस गर्ने:

क. महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई लैङ्गिक हिंसा सम्बन्धी कुनै पनि नीति, कानून, कार्यविधि तथा प्रशिक्षणमा सूचनाको हक विषय समावेश गर्न गराउन अनुरोध गर्ने ।

ख. राजनैतिक दलहरुले लैङ्गिक हिंसा विरुद्धको स्पष्ट नीति बनाउनु पर्ने र त्यस्तो नीति बनाउँदा सूचनाको हकलाई अपरिहार्य अंगको रुपमा अंगिकार गर्ने गराउने व्यवस्था हुन निर्वाचन आयोगमा लेखी पठाउने ।

२. मिति २०६५।०१।२२ को नेपाल सरकारको निर्णयानुसार गठीत यस आयोगका पदाधिकारीको पारिश्रमिक संवैधानिक आयोगका प्रमुख तथा सदस्यहरु सरह हुने व्यवस्था छ । यस भन्दा अगाडी गठीत आयोगका पदाधिकारीलाई नेपाल सरकारको मिति २०७२।१०।०८ को निर्णयानुसार (निर्णयको प्रतिलिपि संलग्न छ) आयोगका प्रमुख सूचना आयुक्तलाई सर्वोच्च अदालतका न्यायाधीश सरह र सूचना आयुक्तलाई उच्च अदालतका मुख्य न्यायाधीशले पाउने पारिश्रमिक सरह उपलब्ध गराएको हुँदा समानता कायम गर्न तथा खाईपाई आएको पारिश्रमिक घटाउन उपयुक्त नदेखिएको हुँदा नेपाल सरकारबाट गठीत उच्चस्तरीय तलब सुविधा आयोगमा विगतमा झैं प्रमुख सूचना आयुक्तको सर्वोच्च अदालतका न्यायाधीश सरह र सूचना आयुक्तको उच्च अदालतको न्यायाधीश सरहको पारिश्रमिक पाउने व्यवस्था हुन सुझाव प्रस्तुत गर्ने ।

३. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक कार्ययोजनामा प्राप्त भएका थप सुझाव समेत परिमार्जन गरी अन्तिम मस्यौदा तयार गरी स्वीकृतिको लागि अर्को बैठकमा पेश गर्ने ।

४. फिलिपिन्सको Freedom of Expression Project Management Office, Presidential Communication Operation Office ले प्रस्ताव गरेको Asia Alliance on Access to Information मा नेपालको तर्फबाट सहभागी हुन राष्ट्रिय सूचना आयोगले स्वीकृति माग गरिएको विषयको अवस्थाको जानकारी लिन सम्बन्धित निकायमा पत्राचार गर्ने ।

५. छिमेकी देशहरु भारत र श्रीलंकाका सूचना आयोगसँग आपसी अनुभव साटासाट तथा आपसी सम्बन्ध विकास गर्ने उद्देश्यबाट MOU प्रस्ताव गर्ने भए अनुरुप अगाडि बढाउन अनुरोध भइगएकोमा निर्णय कार्यान्वयनको अवस्थाबारेमा भएको जानकारी लिन पत्राचार गर्ने ।

विविध

क. जनताको आयोग महाअभियान नेपालकी तारा बरालको मिति २०७९।०८।२६ को निवेदन यस आयोगको क्षेत्राधिकारभित्र पर्ने विषय भएको नदेखिँदा केही गरी रहनु परेन ।

ख. सूचनाको हक अन्तर्गत सूचना माग गर्दा सूचना नपाई राष्ट्रिय सूचना आयोगमा परेका उजुरी/पुनरावेदनमध्ये करिब ८० प्रतिशतको हाराहारीमा स्थानीय तहसँग सम्बन्धित सार्वजनिक निकायहरु रहेको देखिएको छ । स्थानीय तहमा सूचनाको हकसम्बन्धी सचेतनामा कमी रहेको हुन सक्ने अवस्थालाई विचार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत हुने प्रशिक्षण तथा गोष्ठीहरुमा सूचनाको हक समावेश गरी सचेतनाको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

ग. सूचनाको हक कार्यान्वयन गरी जवाफदेही, पारदर्शी, जिम्मेवार बनाउन प्रदेश र स्थानीय तहको क्षमता अभिबृद्धिका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सञ्चालनमा रहेको प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Program) आयोजनामा सूचनाको हकसम्बन्धी क्षमता अभिबृद्धिसम्बन्धी कार्यक्रम समावेश गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

## बैठक नं. २८१(३)४१
## मिति २०७९।१०।१६

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७(१) बमोजिम सार्वजनिक निकायमा रहेका सूचनाको संरक्षण गर्न गठित समितिबाट मिति २०७९।०९।२४ मा प्राप्त सूचनाको वर्गीकरण आयोगलाई प्राप्त भयो । यस सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भयो:

(क) सूचनाको वर्गीकरण आयोगलाई जानकारी भयो ।

(ख) सूचना वर्गीकरण समितिले गरेको सूचना वर्गीकरण सम्बन्धी निर्णय सम्बन्धित सार्वजनिक निकायले सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गरेको हुनु पर्दछ । वर्गीकरण गरिएको विवरण आयोग मार्फत पनि सर्वसाधारणलाई जानकारी गराउन उपयुक्त भएकोले आयोगको वेबसाइट मार्फत सार्वजनिक गर्ने ।

(ग) सूचनाको वर्गीकरणमा भएका विषयमा थप अध्ययन गर्नु पर्ने भएकोले सबैले अध्ययन गरी आगामी बैठकमा थप छलफल गर्ने ।

२. नयाँ सूचना प्रविधि प्रणाली बारेमा छलफल भयो ।

विविध

(क) प्रचलित नेपाल ऐनमा संशोधन गर्नु पर्ने भएमा सो विषय समावेश गरी केही नेपाल ऐनलाई संशोधन प्रस्तावका लागि श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च. नं. ४/५० मिति २०७९।१०।१५ को पत्र जानकारी प्राप्त भयो । सूचनाको हकसम्बन्धी ऐनमा पनि समयानुकूल संशोधन गर्नु पर्ने विषयहरु रहेको तर यसका लागि सरोकारवालाहरुसँग गरेको छलफलबिना प्रस्ताव गर्न उपयुक्त र संभव नभएकोले केही नेपाल ऐन संशोधन भन्दा पनि छुट्टै संशोधनको प्रक्रियाबाट जान उपयुक्त हुने हुँदा हाललाई केही प्रस्ताव गर्न सम्भव नभएको जानकारी गराउने ।

## बैठक नं. २८२(३)४२
## मिति २०७९।११।०४

१. यस आर्थिक वर्षमा यस आयोगका लागि रू. १ करोड ७ लाख कार्यक्रम बजेट स्वीकृत भएकोमा हालसम्म खर्च भएको रू. ११ लाख ८ हजार ९५५ कटाउँदा खर्च हुन बाँकी कार्यक्रम बजेट रू. ९५ लाख ९१ हजार ४५ रहेको छ । अर्थ मन्त्रालयबाट ती कार्यक्रमहरू मध्ये अधिकांश बजेट LMBIS मार्फत रोक्का वा घटाइएको अवस्था जानकारी भयो । आयोगका लागि थोरै कार्यक्रम संख्या र बजेट विनियोजन भएका कार्यक्रमहरू सञ्चालन गर्न नसकिँदा नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी ऐनले दिएको जिम्मेवारी पूरा गर्न थोरै मात्र भए पनि गरिने प्रयासमा असर पर्ने ठहर आयोगको रहेको छ । यस अवस्थामा शुरू भई सकेका कार्यक्रम र बाँकी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था हुन तथा न्यूनरूपमा विनियोजित प्रशासनिक खर्चमा गरिएको कटौती नगर्ने व्यवस्थाका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालित प्रादेशिक तथा स्थानीय सहयोग कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक श्री बलराम रिजाल र राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री हेमराज अर्यालसँग आयोगमा भएको बैठकबाट सूचनाको हकसम्बन्धी विषयलाई कार्यक्रममा समावेश गर्न तथा सूचनाको हकसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आपसी सहयोग तथा समन्वय गर्ने सहमति भएको जानकारी भयो । उक्त कार्यक्रम भित्र सूचनाको हकसम्बन्धी कार्यक्रम आगामी वर्षका लागि प्रस्ताव गर्ने बारेमा योजना शाखाले प्रस्तुत गरेको प्रस्तावित बजेट तथा कार्यक्रम बारेमा छलफल गर्दा थप छलफल गरी अन्तिमरूप प्रदान गर्ने निर्णय भयो । साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनाको हकसम्बन्धी अनुगमन इकाईलाई उक्त कार्यक्रमको इकाईसँग समन्वय गरी प्रदेश स्तरीय कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया, सूचना अधिकारीहरूलाई प्रशिक्षण, स्वतः प्रकाशन तथा सूचनाको हकसम्बन्धी संगालो प्रकाशक, प्रदेशस्तरमा सरोकारवालाहरूसँग छलफल जस्ता कार्यक्रमहरू प्रस्ताव गर्न लेखी पठाउने ।

३ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. प्र./७२१/३२४८ मिति २०७९।०९।२४ को पत्रसाथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७(१) बमोजिम सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षणका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न गठित समितिबाट वर्गीकरण गरिएका सूचनाको विववरण सम्बन्धमा सरोकारवालासँग थप छलफल गर्न आवश्यक भएकोले हाललाई उक्त विवरण फिर्ता पठाइ दिने व्यवस्थाका लागि अनुरोध भइ आएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को च. नं. मा. अ./७२१/३७०६ मिति २०७९।१०।२२ को पत्र आयोगमा जानकारी भयो ।

४. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा छलफल भयो । हाल बजेटको सिलिङ्ग प्राप्त भई नसकेकोले पूर्व तयारीको कार्य शुरू गर्ने ।

५. विगतमा भएका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा भयो ।

<u>विविध</u>

(क) UN Women नेपालको कार्यालयबाट राष्ट्रिय सूचना आयोगसँग सहकार्य गर्ने गरी समझदारी पत्र सम्बन्धी प्रस्तावमा छलफल भयो । प्राप्त समझदारी पत्रको मस्यौदा उपयुक्त देखिएकोले सहमतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

(ख) यस आयोगमा कार्यरत कार्यालय सहयोगी जीवनाथ तिमिल्सिना आयोगमा कार्यरत रहेकै अवधिमा असामयिक निधन हुन गएकोमा आयोग परिवारको तर्फबाट समवेदना प्रकट गर्ने र निजको तेह्रौं पुण्य तिथिको अवसरमा गोरखापत्रमा समवेदना सन्देश पठाउने ।

## बैठक नं. २८३(३)४३
## मिति २०७९।१२।१२

१. नेपाल सरकार, अर्थ मन्त्रालयबाट आगामी आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रिय सूचना आयोगलाई बजेट सिलिङ्ग सम्बन्धी जानकारी प्राप्त भयो । यस आयोगले विगत आर्थिक वर्ष २०७९/८० मा गरेको

कार्यक्रमहरुमाथि छलफल तथा समीक्षा समेत गरी आयोगलाई उपयुक्त हुने कार्यक्रमहरु बजेटको सिलिङ्ग भित्र रही आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा प्रारम्भिक छलफल गरी तोकिएको समयभित्रै पेश गर्ने निर्णय गरियो ।

२. सूचना आयोगहरुको अन्तर्राष्ट्रिय संगठन International Conference of Information Commissioners (ICIC) को यही जुन १९ देखि २१ सम्म फिलिपिन्सको राजधानी मनिलामा हुने चौधौं सम्मेलनमा भाग लिन यस आयोगलाई प्राप्त निमन्त्रणाका बारेमा जानकारी प्राप्त भयो । उक्त सम्मेलनमा भाग लिने सम्बन्धमा अप्रिल १४, २०२३ अर्थात् २०८० बैशाख १ गतेभित्र जानकारी गराउनु पर्ने भएको छ । सूचना आयोगहरुका लागि अत्यन्त महत्वपूर्ण सम्मेलन भएकोले यस सम्मेलनमा भाग लिनका लागि यस आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ग, सूचना आयुक्त श्री रत्नप्रसाद मैनाली, सचिव श्री दिवस आचार्य, आयोगका एकजना कर्मचारीको नाम मनोनयन स्वीकृतिका लागि नेपाल सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

३. सूचना आयोगहरुको अन्तर्राष्ट्रिय संगठन International Conference of International Commissioners (ICIC) अन्तर्गतको Gender and Vulnarable's Work Group को बैठक यही मे ३१ देखि जुन १ सम्म ब्राजिलको Sao Paulo मा हुने भएको र उक्त बैठकमा भाग लिनका लागि राष्ट्रिय सूचना आयोगलाई प्राप्त निमन्त्रणा बारे जानकारी प्राप्त भयो । उक्त बैठकमा भाग लिनका लागि एक जना सहभागीको जाने, आउने तथा बस्ने खर्च आयोजकले बेहोर्ने जानकारी पनि प्राप्त भएको छ । सो बैठकमा भाग लिन यस आयोगका आयुक्त श्री कमला ओली थापा र नेपाल सरकारको खर्चमा आयोगका एक जना कर्मचारीको मनोनयन स्वीकृतिका लागि नेपाल सरकारमा पठाउने निर्णय गरियो ।

४. नेपाली राजदूतावास श्रीलंकाको प. सं. EONC/079/80/185 मिति २०७९।११।२३ को पत्रमा नेपाली दूतावासका महामहिम राजदूतले श्रीलंकाको सूचना आयोगका आयुक्त (Commissioner) हरुसँग भेटी एक अर्काको असल अभ्यासको जानकारी लिन, अनुभव साटासाट गर्न, सूचनाको हकको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन दुई देशका आयोगहरुबीच आपसी समझदारी गर्नका लागि सकरात्मक रहेको जानकारी प्राप्त भयो । यस भन्दा अगाडि नेपालको राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोगबीच आपसी समझदारी पत्रमा हस्ताक्षर भैसकेको छ । यस प्रकारको समझदारी द्विपक्षीय समझदारी विस्तारका लागि फलदायी हुने हुँदा समझदारीपत्र (MOU) को मस्यौदा बनाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने निर्णय गरियो ।

५. राष्ट्रिय सूचना आयोगले सूचनाको हकको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनको लागि Asia Foundation सँग सूचनाको हक कार्यान्वयनलाई थप प्रभावकारी बनाउनका लागि कार्यगत सहकार्य गर्ने विषयमा प्रस्ताव पठाउने निर्णय गरियो ।

## बैठक नं. २८४(३)४४
## मिति २०८०।०२।१८

१. International Conference of Information Commissioner (ICIC) को सदस्यका रुपमा नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रिय सूचना आयोगले नियमित रुपमा सक्रियतापूर्वक समितिको बैठकमा भाग लिदै आएको छ । ICIC को कार्यकारिणी समितिमा ४ सदस्यहरुको पद रिक्त भएकोले निर्वाचन घोषणा भई ९ वटा सूचना आयोगहरुले उम्मेद्वारी दिएका छन् । यस निर्वाचनमा नेपालको तर्फबाट राष्ट्रिय सूचना आयोगले सदस्यको हैसियतमा मतदान गर्नु पर्ने भएको छ । निर्वाचनमा जुन १८ सम्म मतदान गरी सक्नु पर्दछ । उम्मेदवार भएका ९ वटा देशका सूचना आयोगहरु मध्ये कुन कुन उम्मेदवारलाई मतदान गर्ने सम्बन्धमा राय सुझाव

उपलब्ध गराई दिन नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत आवश्यक कागजात संलग्न राखी लेखी पठाउने निर्णय गरियो ।

२. चालु आ.ब. २०७९/८० मा रहेका स्वीकृत वार्षिक कार्यक्रमहरुको बारेमा समिक्षा गरी र स्वीकृत कार्यक्रमहरु मध्ये सम्पन्न गर्न बाँकी कार्यक्रमहरु समयभित्र सम्पन्न गर्ने निर्णय गरियो ।

३. आयोगको आगामी आ.ब. २०८०/८१ को वार्षिक कार्यक्रम LMBIS मा प्रविष्ट भई सकेको र उक्त वार्षिक कार्यक्रमहरुको अन्तिम LMBIS स्वीकृति अर्थ मन्त्रालयबाट हुन बाँकी रहेको विषय आयोग समक्ष जानकारी गराइयो ।

४. नेपाल भ्रमणमा आउनुभएका मित्रराष्ट्र श्रीलङ्काको सूचना आयोगका प्रमुख सूचना आयुक्तसहितको प्रतिनिधिमण्डलले मिति २४ मे २०२३ देखि २९ मे २०२३ सम्म नेपालको भ्रमण गरेको छ । सो अवधिमा राष्ट्रिय सूचना आयोग र श्रीलंकाको आयोगका बीच सूचनाको हक सम्बन्धी व्यवस्था र त्यसको कार्यान्वयन तथा भोग्नु परेका समस्या तथा चुनौतीहरुका सम्बन्धमा अनुभव आदानप्रदान भयो । प्रतिनिधिमण्डलले नागरिक समाज, पत्रकार, विभिन्न संघ, संस्थाहरुको प्रतिनिधिहरुसँग सूचनाको हक कार्यान्वयनका सम्बन्धमा अन्तरक्रिया/छलफल गरेको थियो । आगामी दिनमा दुई देशका सूचना आयोगको बीचमा आपसी सहयोग सम्बन्धी समझदारी (MOU) गर्ने विषयमा छलफल भयो । समग्रमा श्रीलङ्काका सूचना आयुक्तहरुको प्रतिनिधिमण्डहरुको नेपाल भ्रमण र यस आयोगको सहकार्य समेतबाट भ्रमण फलदायी भएको समिक्षा गरियो ।

५. राष्ट्रिय सूचना आयोगले UNDP Nepal सँग आपसी सहयोग सम्बन्धी समझदारी (MOU) गर्ने सम्बन्धमा तयार भएको प्रस्तावित Concept Note मा आवश्यक छलफल भयो । छलफलमा उठेका विषयहरु समावेश गरी उक्त नोट UNDP Nepal मा पठाउने निर्णय गरियो ।

६. राष्ट्रिय सूचना आयोगले UN Women सँग प्रस्तावित MOU लामो समयदेखि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहेको र यसमा यथासीघ्र सहमति उपलब्ध गराउन मन्त्रालयसँग छलफल तथा पहल गर्ने निर्णय गरियो ।

७. राष्ट्रिय सूचना आयोगले Asia Foundation सँग प्रस्ताव गरिएका विभिन्न कार्यक्रमहरुका बारेमा विस्तृत रुपमा छलफल गरी टुङ्गयाउन Asia Foundation सँग छलफल गर्ने निर्णय भयो ।

८. राष्ट्रिय सूचना आयोगले PLGSP सँग प्रस्ताव गरिएका कार्यक्रमहरु आधिकारिक रुपमा जानकारी प्राप्त भए पश्चात आवश्यक समन्वय गरी समयभित्रै सञ्चालन गर्ने निर्णय गरियो ।

९. साथै, ICIC को फिलिपिन्समा हुने वार्षिक बैठकमा भाग लिन यस आयोगबाट ४ जनाको नाम मनोनयन गरी पठाइएकोमा अर्थ मन्त्रालयबाट २ जना (प्रमुख सूचना आयुक्त र आयोगका सचिव) को मात्र सहमति प्राप्त भएको जानकारी भयो । तसर्थ, मनोनयन भएका बाँकी २ जना (सूचना आयुक्त रत्नप्रसाद मैनाली र एक जना उपसचिव) को लागि आवश्यक खर्च व्यवस्थापन गर्न Asia Foundation लाई अनुरोध गर्ने निर्णय भयो ।

१०. विविधः-

क. आर्थिक वर्ष २०७८/७९ को राष्ट्रिय सूचना आयोगको खर्चको लेखा परीक्षण गर्दा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनबमोजिम शुन्य बेरुजु कायम भएको जानकारी प्राप्त भएकोले सचिवालयमा कार्यरत कर्मचारीहरुले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै आयोगको तर्फबाट सचिवालय परिवारलाई धन्यवाद दिने निर्णय गरियो ।

ख. नेपाल भ्रमणमा आउनु भएका श्रीलङ्काका प्रमुख सूचना आयुक्तसहितको टोलीलाई आवश्यक व्यवस्थापनमा सहयोग तथा समन्वय भएकोमा आयोगको तर्फबाट UNDP Nepal लाई धन्यवाद प्रदान गर्ने निर्णय भयो ।

## बैठक नं. २८५(३)४५
## मिति २०८०।०३।०१

१. International Conference of Information Commissioner (ICIC) को कार्यकारिणी समितिमा ४ सदस्यहरुको पद रिक्त भएकोले निर्वाचन घोषणा भई ९ वटा राष्ट्रका सूचना आयोगहरु (अर्जेन्टिना, बंगलादेश, बर्मुडा, इथियोपिया, जर्मनी, केन्या, कोसोभो, मलावी र दक्षिण अफ्रिका) ले उम्मेद्वारी दिएका मध्ये नेपालको तर्फबाट राष्ट्रिय सूचना आयोगले सदस्यको हैसियतमा मतदान गर्नु पर्ने उम्मेद्वारको नाम सिफारिस गर्न राय सुझावको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा च. नं. ८३२ मिति २०८०।०२।२३ मा पत्राचार भएकोमा मतदान गर्ने अन्तिम दिन जुन १८ रहेको र आयोगका पदाधिकारी सम्मेलनमा भाग लिन जाने अघिल्लो दिनसम्म पनि कुनै जानकारी प्राप्त नभएकोले ICIC को कार्यकारिणी समितिमा ४ सदस्यहरुको लागि हुने निर्वाचनमा देहायबमोजिमको आधारमा देहायका देशका सूचना आयोगहरुका लागि मतदान गर्ने निर्णय गरियो ।

**मतदान गर्नका लागि छनौट गर्ने आधारहरु**

क. नेपालसँग दौत्य सम्बन्ध कायम भएको,

ख. नेपालको दुतावास भएको,

ग. नेपाल र मित्रराष्ट्र बिचको सम्बन्धमा सकारात्मक प्रभाव पर्न सक्ने अवस्था,

घ. भौगोलिक क्षेत्रको प्रतिनिधित्व,

ङ. ICIC मा पुऱ्याएको योगदान ।

**मतदान गरिने ४ वटा देशका सूचना आयोगहरु**

१. दक्षिण अफ्रिका,

२. जर्मनी,

३. बंगलादेश,

४. केन्या ।

२. आयोगको समसामयिक विषयमा छलफल भयो ।

## बैठक नं. २८६(३)४६
## मिति २०८०।०३।२९

१. आ. व. २०७९/८० को बजेट तथा कार्यकमको प्रगति बारेमा छलफल भयो । स्वीकृत बजेट तथा काग्रकम मध्ये LMBIS मा बजेट बाँकी कायम भएका सबै कार्यक्रमहरु सम्पन्न भएको जानकारी भयो । कतिपय कार्यक्रमहरुमा बजेट कटौती भएको तर कार्यक्रममा कायम नै भएको अवस्था देखिएको हुँदा त्यस्ता कार्यक्रमहरु हटाउनु पर्ने देखियो । नहटाउँदा शत प्रतिशत कार्यक्रम सम्पन्न भएको भएता पनि प्रगति प्रतिशतले गलत तथ्याङ्क प्रस्तुत हुने अवस्था भएकोले सचिवालयले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयसँग लेखापढी तथा समन्वय गरी आवश्यक व्यवस्था सिघ्र गर्ने । बजेट विनियोजन भएका कार्यक्रमहरु निर्वाचनका कारण कार्यक्रम गर्न नपाएको अवस्था तथा आर्थिक संकटका कारण लामो समय सम्म बजेट रोकिएको

अवस्था हुँदा हुँदै पनि उपलब्ध छोटो समयमा कार्यक्रमहरु सम्पन्न गर्न सफल भएकोमा सचिवालयमा कार्यरत सबैमा आयोग कार्यालयबाट धन्यवाद दिने निर्णय पनि गर्दछ ।

२. आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको सम्बन्धमा स्वीकृत बजेट तथा कार्यक्रमको बारेमा जानकारी भयो । प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने निर्णय भयो ।

(क) नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग भित्र रही प्रस्ताव गरिएका कार्यक्रमहरुका बारेमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयमा भएका छुट्टा छुट्टै छलफलमा सहमति भएका कार्यक्रमहरुमा अर्थ मन्त्रालयबाट LMBIS मा आउँदा अत्यन्त न्यून अर्थात् कार्यक्रम सञ्चालन गर्न नै असम्भव हुने गरी बजेट घटाई कायम गरिएको बजेट तथा कतिपयमा कार्यक्रममा त अस्वभाविक रकम राखिएको पाइयो । जस्तो राजनीतिक दलहरुसँग गरिने अन्तरक्रिया कार्यक्रममा रु ३ लाख प्रस्ताव गरिएकोमा रु ५० हजार मात्र विनियोजन भएर आएको देखिन्छ । साथै जिल्लास्तरीय र स्थानीय तहस्तरीय अन्तरक्रिया कार्यक्रममा पनि अत्यन्त न्यून बजेट विनियोजन भएको अवस्थामा यस्ता कार्यक्रमहरु गर्न सकिने अवस्था देखिँदैन । यसरी अस्वभाविक र बिना छलफल एकतर्फी रुपमा बजेट विनियोजन भएकोमा अर्थ मन्त्रालयका कार्यालय प्रमुखको ध्यानाकर्षण गराउनुका साथै यस्ता कार्यक्रमहरुमा आवश्यक संशोधनका लागि सचिवालयले पत्राचार गर्ने ।

(ख) स्वीकृत कार्यक्रमहरु समयमै र प्रभावकारी रुपमा सम्पन्न गर्न गराउन गत वर्ष झैं यसै साथ संलग्न विवरण बमोजिम आयोगका आयुक्तलाई समन्वयको जिम्मेवारी तोक्ने ।

३. अमेरिकी सरकार USAID Nepal बाट नेपाललाई प्राप्त अनुदान सहयोगबाट Asia Foundation मार्फत सञ्चालन भैरहेको Civil Society and Media Program अन्तर्गत गत वर्षको सहयोग र नयाँ वर्षका लागि कार्यक्रमहरुको खाका तयार गर्न चितवनमा आयोजित Co-creation Workshop कार्यक्रममा आयोगका तर्फबाट शाखा अधिकृतहरु डिल्लीराम भट्ट र संजिप अधिकारी सहभागी भएको । कार्यक्रममा प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग लगायतले शुरुमा मन्तव्य राख्नु भयो । कार्यशालामा विभिन्न विषयमा छलफल भएको र सूचनाको हकलाई पनि सबै कार्यक्रममा समावेश गर्दै लैजान छलफल भएको जानकारी भयो ।

४. CSM Program का लागि नेपाल सरकाले राष्ट्रिय सूचना आयोगलाई Anchor Organization का रुपमा राखेको र वर्ष १ मा पछि मात्र समावेश भएको कारणबाट बाँकी अवधिमा गर्न सकिने (सेप्टेम्बर भित्र) कार्यक्रमहरुका बारेमा Asia Foundation बाट प्राप्त Letter of Exchange स्वीकृत गर्ने र उक्त Letter of Exchange मा आयोगका तर्फबाट आयोगका सचिव दिवस आचार्यले हस्ताक्षर गर्ने निर्णय भयो ।

५. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ को उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन तयार गर्न आयुक्त श्री रत्नप्रसाद मैनालीको संयोजकत्वमा एक समिति गठन गर्ने र समितिले ३ महिनाभित्र प्रतिवेदनलाई अन्तिम रुप दिने ।

६. कतिपय जिल्लामा सूचना माग गर्ने सूचना मागकर्ताउपर दुर्व्यवहार तथा हमलासम्म हुने गरेको घटनाहरु भैरहेको विषयमा आयोगको ध्यानाकर्षण भएको छ । यसबाट सूचनाको हक प्रयोग गर्न आम नागरिकमा त्रासको वातावरण सृजना हुने र नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐनले दिएको सूचना माग्ने र पाउने हक प्रति नै नकरात्मक धारणा बन्न सक्ने अवस्था हुने देखिन्छ । तसर्थ यस्ता कृयाकलापहरुको नियन्त्रण गरी सहज र सरल तथा निर्भयपूर्वक सूचना माग्न सक्ने वातावरण बनाउन आवश्यक निर्देशन हुन नेपाल सरकार गृह मन्त्रालयका सचिवलाई लेखी पठाउने ।

७. UN Women नेपालले प्रस्ताव गरेको MOU मा लामो समयसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सहमति प्राप्त नभएको कारणबाट काम अगाडि बढाउन बाधा पुगेको अवस्थालाई ध्यानमा राखी पुनः अनुरोध गर्ने ।

८. आयोग लामो समयदेखि भाडाको घरमा बसिरहेको र यसबाट पटक पटक एक ठाउँबाट अर्को ठाउँमा सर्नु पर्दा हुने असुविधालाई ध्यानमा राखी आयोगले जग्गा वा भवन उपलब्ध गराई दिन नेपाल सरकार समक्ष पटक पटक अनुरोध तथा सिफारिस गरेको थियो । हालै कम्पनी रजिष्ट्रारको कार्यालय रहेको त्रिपुरेश्वरको भवन नयाँ भवनमा सरेको कारणबाट खाली भएको र उक्त भवन उपलब्ध गराई दिने व्यवस्थाका लागि सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय शहरी विकास मन्त्रीज्यू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू, सचिवहरु लगायतलाई अनुरोध गरिएकोमा उक्त भवन यस आयोगलाई उपलब्ध भएको छ । सो भवन संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, काठमाडौंले मर्मत सम्भार तथा रंगरोगन गरिरहेको छ । छोटो समयमा पूर्णरुपमा मर्मत सम्भार हुन सक्ने अवस्था नभएता पनि भाडामा व्ययभार पारिरहनु भन्दा सर्दा राम्रो हुन्छ भन्ने लागेकोले आयोग साउन महिनाभित्र सर्ने गरी कार्य गर्न र त्यसको औपचारिक जानकारी वेबसाइट, सूचना मार्फत सर्वसाधारणलाई जानकारी गराउने ।

९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) लाई सूचनाको हकसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट व्यवस्था हुन अनुरोध गरिएकोमा लगभग रु ३५ लाखको बजेट व्यवस्था भएको जानकारी प्राप्त भयो । सो बजेटबाट गर्न सकिने कार्यक्रमहरु प्रस्ताव गरी पठाउने ।

१०. विविध:

।

## अनुसूची-५

## आर्थिक वर्ष २०७९/८० को पुनरावेदन शाखाको प्रगति विवरण

| आदशको किसिम | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा १०(२) बमोजिम लिखित जवाफ पेश गर्नू | १८ | २९ | ३१ | १०१ | १६४ | ११८ | १२९ | ९९ | १४९ | ७५ | ६७ | ८९ | **१०६९** |
| दफा १०(३)(क) बमोजिम सूचना उपलब्ध गराउनू | २२ | २६ | ३० | ५ | ५४ | १०६ | ८० | ९२ | ९९ | ६० | ५६ | ७० | **७००** |
| दफा ३२ बमोजिम कारबाही किन नगर्ने ? | १ | १ | २ | १ | | ४ | ३ | १ | १ | २ | १ | | **१७** |
| दफा ३२ बमोजिम कारबाही गर्नू भन्ने आदेश | १ | १ | | | | | १ | १ | | | | | **४** |
| दफा १०(३)(ख) बमोजिम पुनरावेदन खारेज गर्नू | | १ | १ | ६ | ५ | ९ | ३५ | ३० | १८ | २८ | २१ | २०० | **३५४** |
| दफा २७ बमोजिमको आदेश | | | | | | | | | | १ | | | **१** |
| दफा २९ बमोजिमको आदेश | | | | | | | १ | | | | | | **१** |
| **जम्मा आदेश संख्या** | **४२** | **५८** | **६४** | **११३** | **२२३** | **२३७** | **२४९** | **२२३** | **२६७** | **१६६** | **१४५** | **३५९** | **२१४६** |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इजलास संख्या | ९ | ९ | ५ | ६ | ७ | ८ | ७ | ७ | ९ | ७ | ९ | ११ | **९४** |
| पत्राचार भएको | ८२ | १०५ | ५८ | १८८ | १५८ | २५२ | ३६१ | ३७७ | ५३२ | १९० | २०१ | ३२८ | **२८३२** |
| मुद्दा दर्ता संख्या | ५९ | ६० | ६१ | ११७ | १७४ | ७७ | २०९ | ९७ | ९५ | ४५ | ६७ | ७ | **१०६८** |

# अनुसूची-६

## राष्ट्रिय सूचना आयोगबाट भएका महत्वपूर्ण आदेश

# अनुसूची-७

## राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको विवरण

| क्र. सं. | पक्ष | विपक्ष | कार्यरत निकाय | आदेश मिति | जरिवाना रकम रु. |
|---|---|---|---|---|---|
| १. | सोम ढकाल | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| २. | शंकर पौड्याल | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ३. | सन्तोष न्यौपान | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ४. | केशवराज रेग्मी | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ५. | भिमप्रसाद पुन | नारायणराज सापकोटा | ईलाका हुलाक कार्यालय, म्याग्दी | | १,००१।- |
| ६. | मुकेश सिंह | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ७. | पवन के.सी. | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१।- |
| ८. | माधवराज पाण्डे | सुजता मानन्धर | आदर्श विद्यामन्दिर, ललितपुर | | १,००१।- |
| ९. | ललितप्रसाद सिंह | शिवचरण सिह | मावि बनैनीया | | १,००१।- |
| १०. | हृदय रत्न शाक्य | मिनुशोभा तुलाधर | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | | १,००१।- |
| ११. | गिर्वाणकुमार शर्मा | प्रविणकुमार मिश्र | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | १,००१।- |
| १२. | केदारप्रसाद गौतम | बाबुराम श्रेष्ठ | साप नेपाल | | २,०००।- |
| १३. | विजयसिह सिजापती | अध्यक्ष, | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १४. | चुन्दा बज्राचार्य | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १५. | सुरेशदास श्रेष्ठ | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १६. | डा. सुवोध ढकाल | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१।- |
| १७. | रामपुकार रौनियार | कार्यकारी अधिकृत र सूचना अधिकारी | वीरगञ्ज उपमहानगरपालिका | २०७३।०९।२२ | १०,०००।- |
| १८. | इन्द्रदेवप्रसाद यादव | प्रध्यानाध्यापक | श्री पन्नादेवी कन्या उच्च मावि, बारा | २०७४।०७।०७ | ५,०००।- |
| १९. | एकराज सिलवाल | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक | जुद्धोदय माध्यमिक विद्यालय, काठमाडौं | २०७६।०१।२६ | १५,०००।- |
| २०. | रामपुकार रौनियार | प्रधानाध्यापक जि.एस चौधरी | दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा | २०७६।०४।१७ | ३,०००।- |
| २१. | जयप्रकाश साह समेत | कार्यालय प्रमुख नि. प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र सूचना अधिकारी दिपेश रौनियार | ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट | २०७६।०५।३१ | ७,०००।- |
| २२. | दामोदर प्रसाद दाहाल | कार्यकारी निर्देशक सि.ए. संजय कुमार सिन्हा | नेपाल चार्टड एकाउन्टेट संस्था ललितपुर | २०७६।११।११ | १०,०००।- |
| २३. | आशिष पौडेल | शिक्षाध्यक्ष | त्रि. वि. वि. | २०७७।०८।२५ | ५,०००।- |
| २४. | अंगराज भारती | कार्यालय प्रमुख | लक्ष्मी बैंक, केन्द्रीय कार्यालय | २०७७।०८।२५ | १०,०००।- |
| २५. | अंगराज भारती | कार्यालय प्रमुख | बैंक अफ काठमाण्डु, केन्द्रीय कार्यालय | २०७७।०९।०२ | १०,०००।- |
| २६. | अंगराज भारती | कार्यालय प्रमुख | प्राइम बैंक, केन्द्रीय कार्यालय | २०७७।०९।०२ | १०,०००।- |
| २७. | रामप्रसाद दाहाल | पदपूर्ति समितिका अध्यक्ष | नेपाल खुला विश्वविद्यालय | २०७७।१०।१२ | ५,०००।- |
| २८. | जीवन खनाल | प्रधानाध्यापक | बुद्धनगर आधारभूत विद्यालय | २०७८।०३।१७ | ५,०००।- |
| २९ | आदित्य दाहाल | कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डित | पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारका | २०७८।०६।२० | १५,०००।- |
| २९. | बल बहादुर प्रधान | कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा | पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला | २०७८।०७।१५ | १५,०००।- |
| ३०. | हेमचन्द्र घिमिरे | लक्ष्मी प्रसाद पौडेल | धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरी | २०७८।१२।१७ | १०,०००।- |
| ३१. | एक्रामुल हक | बैंजु ठाकुर | राजपुर नगरपालिकाको कार्यालय, रौतहट | २०७९।०३।१३ | १०,०००।- |
| ३२. | राजीब दास | परीक्षा नियन्त्रक, पुष्पराज जोशी | त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०७९।०४।०५ | २०,०००।- |
| ३३. | कैलाश माझी | प्रमुख प्रशासकीय अधिकृत, रेणुका शाह | कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरी | २०७९।११।२५ | १५,०००।- |

# अनुसूची-८

## आर्थिक वर्ष २०७८।७९ मा जिल्लास्थित कार्यालय प्रमुखहरूसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको तालिका

| सि.नं. | | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम | प्यूठान | २०७८।०८।०२ | २ | ८७ | ८९ |
| २ | | सप्तरी | २०७८।०८।१५ | २० | ११६ | १३६ |
| ३ | | महोत्तरी | २०७८।०८।१३ | ० | ९३ | ९३ |
| ४ | | मनाङ | २०७९।०२।२५ | २ | ६१ | ६३ |
| ५ | | कैलाली | २०७८।०८।२७ | ११ | ८५ | ९६ |
| ६ | | रुकुम पश्चिम | २०७८।११।१० | १० | ८२ | ९२ |
| ७ | | रुकुम पूर्व | २०७८।११।०९ | १६ | ५४ | ७० |
| ८ | | पाँचथर | २०७८।११।२३ | १२ | ६३ | ७५ |
| ९ | | खोटाङ | २०७८।१२।१३ | ८ | ७९ | ८७ |
| १० | | मनाङ | २०७९।०२।२५ | २ | ६१ | ६३ |
| | | | जम्मा | ८३ | ७८१ | ७९४ |

| सि.नं. | | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहका जनप्रतिनिधिहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | थाहा नगरपालिका, मकवानपुर | २०७८।०६।१८ | ७ | ५९ | ६६ |
| २ | | धनगढीमाई नगरपालिका, सिरहा | २०७८।०८।१६ | २६ | ७५ | १०१ |
| ३ | | भीमदत्त नगरपालिका, कञ्चनपुर | २०७८।०८।२८ | २३ | ६५ | ८८ |
| ४ | | माइ नगरपालिका, इलाम | २०७८।११।२२ | २३ | ४७ | ७० |
| ५ | | व्यास नगरपालिका, तनहुँ | २०७८।१२।२५ | २२ | ८० | १०२ |
| | | | जम्मा | १०१ | ३२६ | ४२७ |

## अन्य कार्यक्रम

| सि.नं. | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय सूचना दिवस | २०७८।०६।१२ | १८ | ५५ | ७३ |
| २ | आयोगको स्थापना दिवस | २०७९।०१।२२ | १५ | ५ | २० |
| ३ | सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयक राष्ट्रिय गोष्ठी | २०७९।०९।१२ | २० | ८३ | १०३ |
| ४ | सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका | २०७९।०२।१६ | ७ | ४६ | ५३ |
| ५ | खुल्ला शासन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम, पोखरा | २०७९।०३।२२ | ८ | ८० | ८८ |
| ६ | खुल्ला शासन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम, बुटवल | २०७९।०३।२४ | १४ | ६१ | ७५ |
| ७ | नेपाल पत्रकार महासंघमार्फत् सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७९।०३।२१ र २२ | ३० | ११० | १४० |
| ८ | सूचनाको हकसम्बन्धी राष्ट्रिय सञ्जालबाट सूचनाको हकसम्बन्धी कार्यक्रम | २०७९।०३।५ र २० | ३८ | ११० | १४८ |
| ९ | उच्च अदालतका न्यायाधीशहरूसँग अन्तरक्रिया कार्यक्रम | २०७९।०३।०३ | ८ | ६८ | ७६ |
| १० | निर्वाचन प्रक्रियामा सही सूचना विषयक अन्तरक्रिया कार्यक्रम | २०७८।१२।२८ | १५ | ८६ | १०१ |
| ११ | सूचनाको हक प्रभावकारी कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | २०७९।०२।१७ | १४ | ३९ | ५३ |

# अनुसूची-९

## १६ औँ राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट व्यक्त शुभकामना सन्देश

# अनुसूची-१०

## १६ औं राष्ट्रिय सूचना दिवस र आयोगको

## प्रतिबद्धता

# अनुसूची-११

## सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाको

## राष्ट्रिय सूचना आयोगको १६ औ स्थापना दिवसको अवसरमा

## शुभकामना सन्देश

# अनुसूची-१२

## राष्ट्रिय सूचना आयोगको १६ औं स्थापना दिवसका अवसरमा प्रतिवद्धता

# अनुसूची-१३

## विगतका वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**२०६५/६६ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **सूचनाको हक, आयोग र संविधान**<br>लोकतन्त्र जनताको अभिमतबाट चल्ने व्यवस्था भएको हुनाले यो शासकीय पद्धतिलाई बलियो र सुचारु बनाउनका लागि सबै लोकतान्त्रिक देशमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक अधिकारको रूपमा राखिएको हुन्छ । नेपालको नयाँ संविधानमा पनि यी अधिकारहरूलाई नागरिकका मौलिक अधिकारका रूपमा राखिने छ भन्ने कुरामा शंका छैन । तर अधिकारलाई संविधानमा मात्रै सीमित नगरेर प्रभावकारी रूपमा लागू गर्नका लागि चाहिने कानुन र कानुन लागू र अनुगमन गर्ने गराउने स्वतन्त्र निकाय बनाउने सम्बन्धमा पनि स्पष्ट व्यवस्था हुनु आवश्यक छ । यस्तो निकायमा राज्यका सबै अंगमा सूचना प्रवाह गराउने दायित्व हुने हुनाले राष्ट्रिय सूचना आयोगलाई शक्तिशाली, स्वतन्त्र र सक्षम बनाउने व्यवस्था पनि संविधानमै उल्लेख हुनु अनिवार्य छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २ | **सूचनाको हक र सूचनाका माध्यम तथा प्रविधिहरू**<br>सूचना तथा संचारका शीध्र, सरल र सस्ता नवीनतम माध्यम तथा प्रविधिहरूको निरन्तर विकास भइरहेको सन्दर्भमा सूचना अभिलेखन, व्यवस्थापन, संप्रेषण र संरक्षणका उपयुक्त माध्यम र प्रविधि अपनाइएन भने कालान्तरमा संरक्षित सूचना उपयोग गर्न नसकिने, नष्ट हुने, प्रविधि उत्पादक, नियन्त्रक कम्पनीको प्रभाव र दवाब सहनु पर्ने आदि नकारात्मक परिणाम हुन सक्छ । उदाहरणका लागि अहिले नेपालका झण्डै सबैजसो सरकारी तथा गैरसरकारी निकायले डिजिटल स्वरूपमा सूचना तयार गर्दा माइक्रोसफ्ट कम्पनीका सफ्टवेयरहरूको प्रयोग गरिन्छ । तर ती सफ्टवेयरहरू सित्तैमा प्रयोग गर्न पाइने सफ्टवेयर होइनन् । कपीराइटसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नभएको र कम्पनीले आँखा चिम्लेको अवस्थामा यस्तो भइरहको बुझिन्छ । यो स्थिति कायम रहनु उपयुक्त होइन । यसैले नेपाल सरकारले सकेसम्म चाँडो प्रविधि निर्धारक कार्यदल गठन गरी सरकारी कार्यालयले प्रयोग गर्ने सफ्टवेयरहरूका सम्बन्धमा नीति तथा ऐनकानुन बनाउनु अतिआवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ३ | **सूचनाको हक र राजनीतिक संकल्प**<br>सूचनाको हकसम्बन्धी ऐन बनाउने र संसद्मा परित गराउने चरणमा नागरिक समाज र राजनीतिक नेतृत्वमा जुन उत्साह देखिन्छ त्यो पछिसम्म कायम राख्नु सबै मुलुकका लागि समस्या बनेको देखिन्छ । ऐन बनेपछि राजनीतिक इच्छाशक्तिमा ह्रास आयो भने त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा राजनीतिक तथा प्रशासनिक नेतृत्वमा उत्साह र प्रतिवद्धता हुँदैन, लागू गर्ने निकायहरूमा नकारात्मक सन्देश पुग्छ । फलस्वरूप ऐनप्रति वेवास्ता र उपेक्षा बढ्छ । त्यसैले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा राजनीतिक नेतृत्वले आफू दृढ रहेको स्पष्ट सन्देश दिनुपर्छ । किनकि यसको अभावमा राज्यका अन्य अंग र संयन्त्रहरूले जनतालाई सूचनामा पहुँच दिने काम उत्साहपूर्वक गर्न सक्तैनन् । त्यसैले राजनीतिक नेतृत्वलगायत राज्यका हरेक अंगका नेतृत्व र नीति निमार्णको तहका पदाधिकारीहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गर्नु आवश्यक हुन्छ । खुलापनको नयाँ संस्कृति र वातावरणप्रति आफ्नो निरन्तर र स्पष्ट समर्थन छ भन्ने प्रतिवद्धता सबैले सँधै जनाउनु पर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ४ | **सूचनाको हक र प्रेस/मिडिया**<br>सूचनाको हकको कुरा गर्दा सबैभन्दा पहिले सरकारी तथा सार्वजनिक निकायमा रहेका सूचनामा पहुँचको अधिकारको कुरा आउँछ । निश्चय पनि सूचनाको हकको यो सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर सूचना प्रवाहित गर्ने माध्यम, खास गरी प्रेसको पनि यसमा महत्वपूर्ण भूमिका र दायित्व हुन्छ । हाम्रो जस्तो समाजमा जहाँ आमजनता आफै कुनै सार्वजनिक निकायमा गएर सूचना माग्ने अवस्थामा छैनन्, त्यहाँ प्रेसले नै नागरिकको सूचनामा पहुँचलाई सहज बनाउने भूमिका खेल्नसक्छ । यसको लागि प्रेस स्वयम् पनि सक्षम र जिम्मेदार बन्नु आवश्यक छ । अचेल दिनदिनैजसो मिडियामा गलत समाचार आइरहेका हुन्छन् तर तिनलाई सच्याउने काम गरिन्न । सच्याए पनि प्रभावकारी रूपमा गरिँदैन । मानिसहरूले तिनै गलत समाचारको आधारमा कुनै विषय वा घटनाको बारेमा विश्लेषण गर्छन्, आफ्नो विचार बनाउँछन्, निर्णय लिन्छन् । त्यस्ता विश्लेषण, निर्णय र विचारले निश्चय नै नकारात्मक र हानीकारक प्रभाव पार्न सक्छन् । सही समाचार प्रवाहित गर्ने दायित्वलाई पालन गरिएन भने आमनागरिक सूचनाको हकबाट बंचित हुनसक्छन् । नेपाल अहिले जुन राजनीतिक संक्रमणकालबाट गुज्रिरहेको छ त्यसलाई ध्यानमा राख्दा प्रेसको सही सूचना प्रवाहित गर्ने दायित्व अझै महत्वपूर्ण छ । "...... प्रेस स्वतन्त्रताको नारा ठोस रूपमा 'सूचनाको हक' (वा सूचनामा पहुँच) तर्फ केन्द्रित हुनु पर्छ । प्रत्येक विषयसँग गाँसिएका सम्पूर्ण सूचना सर्वसाधारणको अधिकार हो । किनभने आममानिसको जीवन सरल बनाउन एवं जनगणको हक सुनिश्चित गर्ने नाममा सरकार क्रियाशील हुने गर्छ । सरकारका यिनै कार्यलाई निगरानी गर्न मिडियाले सूचना प्रवाह गर्ने दाबी गरिरहे पनि वास्तवमा प्रेस स्वतन्त्रताको आवरणमा मिडियाले वर्चश्ववादीहरूको आर्थिक-राजनीतिक एवं सामाजिक फाइदाको लागि बढी योगदान गरेको पाइन्छ । मिडियाको यो सामाजिक स्वार्थ-सम्बन्धलाई उपभोक्ताको हितमा रूपान्तरण गर्न सूचनामा सर्वसाधारणको पहुँच हुने वैकल्पिक आन्दोलनहरू अबका माग हुन् । केवल प्रतिक्रिया, वक्तव्यबाजी एवं भर्त्सनाको माध्यमबाट प्रेस स्वतन्त्रता हासिल गर्ने अपेक्षा गरियो, आक्रमण एवं घटनाहरूको ठोस छानबिन गर्दै मिडियामा गहकिलो सामग्री उत्पादन गरिएन, भाषणवाजी एवं प्रदर्शनमा बढी जोड दिइयो भने तात्विक परिवर्तन हुने छैन । सार्थक परिवर्तनको अपेक्षा गर्ने हो भने मिडियामा वैकल्पिक प्रारूपहरू निर्माण हुनु आवश्यक छ । यसले मात्र लोकतान्त्रिक समाज व्यवस्था निर्माण गर्न सघाउने छ ।" ("प्रेस स्वतन्त्रताको व्यावसायिक र राजनीतिक सन्दर्भ", भाष्कर गौतम, मिडिया अध्ययन ३, पृष्ठ ५५, मार्टिन चौतारी, २०६५) जनताले मिडियाबाट विभिन्न प्रकारका कुराहरू थाहा पाउने अपेक्षा गर्छन् । समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे मिडियाले जानकारी गराइराखोस् भन्ने पनि उनीहरू चाहन्छन् । संसद्मा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहको छ, सरकारले कुनै ठूलो आर्थिक नीति बनाउँदैछ वा कसैलाई भ्रष्टाचारको आरोप लागेको छ भने मिडियाले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । त्यसैले मिडियाले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्नु अति जरुरी छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ५ | **सूचनाको हक र गैरसरकारी संस्था**<br>लोकतान्त्रिक राज्यमा मानवअधिकार तथा नागरिकका लोकतान्त्रिक अधिकारहरूको संरक्षण र सम्बर्द्धन गराउन, अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुवन्धहरू पालन गराउन र यससम्बन्धी कानुनहरू कार्यान्वयन गराउन सचेतना अभियान सञ्चालन गर्नेदेखि लिएर सडकमा शान्तिपूर्ण संघर्ष गर्ने काम नागरिक समाजले गर्छन् । नेपालमा मानवअधिकार र सुशासनको लागि धेरै वर्षदेखि धेरै संस्थाहरूले नागरिक समाजको प्रतिनिधित्व गर्दै यो काम गरिरहेका छन् ।<br>संयुक्त राष्ट्र संघको सन् १९४८ मा पारित मानवअधिकारको घोषणा पत्रको धारा १९ मा सूचनाको अधिकार मानवअधिकारको रूपमा उल्लिखित छ । त्यसमा भनिएको छः "हरेक व्यक्तिलाई विचार र राष्ट्रिय सूचना अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधाबिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।" तैपनि सूचना अधिकारको विषय नेपालको लागि तुलनात्मक रूपमा नयाँ हो । तर यो अधिकार अरु सबै मानवअधिकारको पनि आधार हो भन्ने कुरा बिर्सनु हुँदैन । सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो: सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो । त्यसैले समयको मागअनुसार नेपालका मानवअधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले मानवअधिकारका अन्य विषयमाभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ६ | **सूचनाको हक र प्रशासनिक संयन्त्र**<br>खुलापनलाई प्रवर्द्धन गर्नु राज्यका सबै पदाधिकारीहरूको जिम्मेवारी हो । तर, व्यवहारमा राजनीतिक नेतृत्वले परिवर्तनलाई समर्थन गर्दा पनि, कर्मचारीतन्त्रको फलामे ढाँचाले खुलापनलाई बाधा पुऱ्याउन सक्छ । वर्षौंदेखि चलिआएको राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रमा जरा गाडेको | |

| | | |
|---|---|---|
| | गोपनियताको संस्कार र संस्कृतिले पारदर्शिता र खुलापनलाई हुर्कन दिँदैन । सूचना, जानकारीहरू आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यो प्रवृत्तिले राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रलाई जिम्मेवारीविहीन बनाउँछ । फलस्वरूप जनता लोकतान्त्रिक अधिकार र अवसरहरूबाट बंचित हुन्छन् । लोकतन्त्र व्यवहारमा लागू हुन सक्तैन । यसैले सूचनाको हकसम्बन्धी ऐन कानुन चाहिएको हो । विश्वमा लामो लोकतान्त्रिक शासन परम्परा भएका मुलुकहरूमा पनि सरकारी सूचनामा पहुँच र पारदर्शितामा सरकारी प्रशासनिक संयन्त्र अनिच्छुक र असहयोगी देखिएका घटनाहरू बेलाबेलामा देखिन्छन् । भारतमा सूचनाको हक कानुन सन् २००५ मा लागू भएको केही समयमै त्यहाँको व्युरोक्रेसीले सूचनाअधिकार कानुनलाई खुम्च्याउने विधेयक ल्याउन सम्बन्धित मन्त्री र राजनीतिक दलका नेताहरूलाई दवाव दिएको थियो । भारतमा सूचना अधिकारका लागि लडेका नागरिक समाजका अनुभवी अगुवाहरूको विचारमा: "स्पष्टै छ कि कर्मचारीहरूको एउटा हिस्साले सूचनाको हकलाई अप्रासंगिक बनाउने हरसम्भव प्रयास गर्छ । सूचनाको हक माग्ने निवेदकहरूलाई दुःख दिन, अपमानित गर्न सक्छन् । सूचनाको दुरूपयोग कसरी रोक्ने भन्ने बहस, विवाद पनि खडा गर्न सक्छन् । यो ऐन लागू हुन नदिन वा यसलाई अधुरो बनाउन कोसिस गर्न सक्छन् । तर नागरिक समाज विचलित नभई यसलाई सामना गर्न तयार हुनुपर्छ । कर्मचारीका अपमानजनक व्यवहारबाट नआत्तिइकन निरन्तर सूचना माग्दै गर्नुपर्छ । नदिए माथिल्लो अधिकारीसँग गुनासो गर्नुपर्छ । सूचना पाउने अधिकार कार्यान्वयन गर्न हरेक तहमा प्रयास जारी राख्नुपर्छ ।" (सूचनाधिकार नयाँ लोकतन्त्र नयी पत्रकारिता (पुस्तक), अरविन्द केजरीवाल, विष्णु राजगढिया, प्रभात खबर इन्स्टिच्युट अफ मिडिया स्टडिज, राँची, झारखण्ड, भारत, जुन, २००६ ।)<br>● नेपालजस्तो नवलोकतान्त्रिक देशमा जहाँ सरकार मात्रै होइन समाज पनि सैयौं वर्षको सामन्ती व्यवस्था र संस्कारमा हुर्केको छ, जहाँ गोपनियता सामान्य र खुलापन अपवादको रूपमा रहेको छ, त्यहाँ अन्तरराष्ट्रिय मान्यताअनुसारको सूचनाको हकसम्बन्धी कानुन बन्नु र लागू हुनु एउटा अप्रत्याशित र ठूलो फड्को हो । तर ऐन बन्दैमा सैकडौं वर्षदेखिको संस्कार, विचार र व्यवहारमा परिवर्तन आउँदैन भन्ने कुरा अन्य मुलुकको अनुभवले पनि देखाएकै छ । कुन बहानामा, कुन बेला कस्तो ऐन, नियम, नियमावली, संशोधन वा परिपत्रद्वारा यो ऐनलाई खुम्च्याइन्छ भन्ने कुराप्रति सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि नागरिक समाजका प्रतिनिधिहरू र लोकतान्त्रिक मूल्यमान्यता बोकेका राजनीतिक दलका नेताहरू तथा जनउत्तरदायी प्रशासनका हिमायती कर्मचारीहरू सदा सचेत र प्रयत्नशील हुनु आवश्यक छ ।<br>● यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरू खोज्नु जरुरी छ । यस्ता उपायहरू कार्यान्वयन गर्नुपर्छ जसले गर्दा कर्मचारीहरू ऐनको भावना र मर्मअनुसार काम गर्न प्रेरित होउन् ।<br>● राज्यका सबै अंगका निकायहरूमा सेवा प्रवेश गर्दा सेवा प्रवेशीलाई सूचनाको हकबारे जान्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ । यसका लागि सेवा प्रवेश गर्दा लोकसेवा आयोगलगायत अन्य अयोग वा त्यस्ता निकायले लिने परीक्षाका पाठ्यक्रमहरूमा सूचनाको हकसम्बन्धी ऐन नियमका विषयहरू अनिवार्य रूपले समावेश गरिनुपर्छ ।<br>● सरकारी कार्यालयहरूमा सूचना/अभिलेखहरूको सिर्जना, भण्डारण, संरक्षण, पहुँच र वितरण/संप्रेषण व्यवस्थित गर्नका लागि अभिलेख व्यवस्थापनसम्बन्धी बेग्लै नीति, ऐन, नियम हुनुपर्छ । अभिलेख व्यवस्थापनलाई समन्वय गर्ने, यससम्बन्धी मानक (स्ट्याण्डर्ड कायम गर्ने, अभिलेख व्यवस्थापनका सम्बन्धमा नियमित रूपमा शिक्षण प्रशिक्षण सञ्चालन गर्ने बेग्लै/निश्चित निकाय हुनुपर्छ । यसका लागि राष्ट्रिय अभिलेखालयको वर्तमान भूमिकालाई परिवर्तन गरी सरकारी कार्यालयका सूचना व्यवस्थापन र प्रशिक्षणको व्यवस्था गर्ने जिम्मेवारी दिन सकिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ७ | **तालिम र अभिप्रेरणा (इन्सेन्टिभ)**<br>● सूचना माग्ने कामले एउटा प्रचलित प्रक्रिया भङ्ग हुने, कुनै अनियमिता वा भ्रष्टाचार खुल्ने वा कुनै संभावित नीतिगत निर्देशनमा बाधा पार्ने हुँदा यसबारे लोकसेवक कर्मचारीहरूका प्रतिक्रिया फरकफरक हुन्छन् । कसैले आफै सक्रिय भएर सूचना दिन सक्छन् भने कसैले सूचना नदिन अनेक बहाना बनाउन सक्छन् । तर सूचना दिने जिम्मा पाएका कर्मचारीहरू सूचनाको हकका बारेमा आफै सचेत भएनन् र सूचना सार्वजनिक गर्ने, मागेको सूचना उपलब्ध गराउने काम ठिकसँग गरेनन् भने ऐनको कार्यान्वयनमा बाधा पुग्छ । त्यसैले कर्मचारीहरूलाई सयबारे सचेत र दक्ष बनाउनु आवश्यक छ ।<br>● गोप्यताको पुरानो र प्रचलित मान्यतामा आमूल परिवर्तन ल्याउनु सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य भएकोले सार्वजनिक निकायका सबै तहका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । तैपनि, पहिलो चरणमा सूचनाको माग पूरा गर्ने जिम्मा पाएका सबै सूचना अधिकारीहरू र तिनका विरुद्ध पहिलो उजुरी सुन्ने पदाधिकारीहरूलाई सूचना मागको निवेदन र उजुरीमाथि कसरी कारवाही गर्ने र कानुनका दफाहरूको कसरी व्याख्या गर्ने भन्ने विषयमा तालिम दिनुपर्छ ।<br>● सूचनाको माग पूरा गर्ने र कानुनमा व्यवस्था गरिएका सूचनासम्बन्धी अन्य काम गर्ने कर्मचारीलाई उचित अभिप्रेरणा (इन्सेन्टिभ) र पुरस्कारको पनि व्यवस्था हुनु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ८ | **ऐनसँग बाझिने कानुनहरूको संशोधन र खारेजी र कानुन निर्माणमा एकरूपता**<br>सूचनाको हकसम्बन्धी ऐनलाई अवरोध पुर्‍याउने कतिपय कानुन नेपालमा प्रचलित छन् । सरकारी कर्मचारीहरूको सेवा र वृत्तिविकाससँग गहिरो रूपमा सम्बन्ध भएको निजामती सेवा ऐन र नियमावली यसको एउटा उदाहरण हो । सूचना संचार गर्नबाट कर्मचारीहरूलाई रोक्ने कतिपय नियमहरू निजामती सेवाका ऐन/नियमभित्र लुकेका भेटिन्छन् । फलस्वरूप कतिपय कर्मचारीहरूले सूचना खुला गर्नुभन्दा लुकाउँदा आफूलाई सुरक्षित ठान्छन् । सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने थुप्रै ऐन नियमहरू प्रचलनमा छन् । त्यस्ता अवरोधकारी कानुनहरूले निरन्तरता पाइरहेका हुनाले अनिश्चितता सिर्जना गरेका छन् । यसले गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूलाई नयाँ कानुन अन्तर्गत कति सूचना खुला गर्ने र कति गोप्य राख्ने भन्ने निधो गर्न र काम गर्न गाह्रो भइरहेको छ । एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गर्‍यो भने सजायको भागिदार हुन्छ भन्छ । यस्तोमा कर्मचारीहरू सजायको कुराप्रति बढी सचेत भएर सूचना नदिनेतिर लाग्ने सम्भावना बढी हुन्छ । सजायको कुराले त्रास खडा गरेको अवस्था पनि छ । फलस्वरूप सूचनामा पहुँच नदिनु सामान्य र स्वाभाविक बनेको देखिन्छ । सूचनाको हक ऐन लागू भइसकेको अवस्थामा यस्ता कानुन सक्रिय हुनुहुँदैन । सूचनामा पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान यस्ता कानुन बदल्नु वा संशोधन गरिनु पर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ९ | **सहयोगी ऐन कानुनको आवश्यकता**<br>सूचनामा पहुँचको कानुन मात्रै भएर पुग्दैन । त्यसलाई सक्रिय बनाउन अरू कानुनको सहयोग चाहिन्छ । राज्यका सबै कानुनले यसलाई सघाउनु पर्छ । सूचनाको हक ऐनले अरू सबै ऐनलाई ओभरराइड गर्छ भन्ने निश्चित भएपछि मात्रै यो कानुन प्रभावकारी हुन सक्छ । 'अब पहिलेजस्तो अवस्था छैन, सूचनाको हक ऐनअनुसार काम गर्नुपर्छ' भन्ने स्पष्ट संकेत सरकारी संयन्त्रलाई पठाएर मात्रै सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागू गर्न सकिन्छ । यसका लागि सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने वा नमिल्ने ऐनका प्रावधानहरूलाई कम्तीमा पनि खुला सरकारको भावनासँग मेल खाने गरी फेर्नु, सुधार्नु, संशोधन गर्नुपर्छ । सूचनाको हकसम्बन्धी ऐनले अरू ऐनलाई निरस्त (Override) गर्नुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १० | **सूचनाको हक र वर्गीकरणको तगारो**<br>सूचनाको हकसम्बन्धी ऐनमा सूचना दिन नमिल्ने केही विषय तोकिएका छन् । ऐनअनुसार मुख्यसचिवको अध्यक्षतामा गठित समितिले ती विषयका आधारमा केही सूचनालाई केही अवधिका लागि गोप्य राख्न सक्ने व्यवस्था ऐनमा गरिएको छ । तर उक्त समितिले गरेको वर्गीकरण भनी वितरित सूचीमा ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका बुँदाभित्र नपर्ने कतिपय सूचनाहरू पनि दिनु नपर्ने सूचनाको वर्गमा पारिएको देखिएको हुँदा सो वर्गीकरणलाई आधार मानी सरकारी निकायहरूले सूचना दिन इन्कार गरेको अवस्थामा सूचनाको हकसम्बन्धी कानुनको मर्म र भावनामा नै कुठाराघात हुने देखिन्छ । यो वर्गीकरणमाथि तत्काल पुनर्विचार गर्नुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ११ | **गोपनियताको होइन पारदर्शीताको शपथ**<br>नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनियताको शपथ भन्ने गरिन्छ । पदसँग गोपनियता गाँसिएको वा शपथ भनेकै गोपनियताका लागि हो भन्ने सोच छ । अब कुनै पनि पदाधिकारीले कामको प्रकृति हेरी ऐनअनुसार गोप्य राख्नुपर्ने कामकुरा मात्रै गोप्य राख्नुपर्छ । पदभार ग्रहण गर्दा नै एकमुष्ठ रूपमा सूचना सार्वजनिक गर्ने काममा एकमुष्ठ प्रतिवन्ध लगाउन हुँदैन । यसो गर्दा सार्वजनिक निकायका | कार्यान्वयन भएको जानकारी |

| | | |
|---|---|---|
| | पदाधिकारीहरूमा आफ्नो कर्तव्यको बारेमा भ्रम पैदा हुनसक्छ । आफ्नो जिम्मेवारी प्रमुखप्रति हो कि जनताप्रति हो भन्ने दुविधा उत्पन्न हुनसक्छ । आधुनिक लोकतन्त्रमा गोपनियताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्छ । नत्र यसले कर्मचारीहरूलाई सूचना सार्वजनिक गर्ने कामको उल्टो सन्देश दिन्छ । | प्राप्त हुन नसकेको |
| १२ | **नियमावली प्रभावकारी बन्नुपर्छ**<br>केही देशमा संसद्ले बनाएको सूचनाको हकसम्बन्धी ऐनलाई निस्तेज पार्ने गरी सरकारले नियमावली बनाएको देखिन्छ । संसद्ले बलियो सूचनाको हक ऐन बनाए पनि कर्मचारीहरूले त्यसको प्रभाव घटाउन त्यस्तै प्रभावकारी नियम बनाउन सक्छन् वा सूचना रोक्ने आन्तरिक नियमहरू लागू गर्न सक्छन् । त्यसैले कानुन कार्यान्वयन गर्ने निकायहरू र निगरानी गर्ने निकायहरू सहायक कानुन वा नियमावली बनाएर सूचनाको हक खोस्ने यस्ता प्रयासबारे सतर्क हुनु आवश्यक छ । सहायक वा थप कानुन वा नियमहरू मूल कानुन लागू गर्न सहयोगीको रूपमा आउनु पर्छ न कि अवरोधकको रूपमा ।<br>नेपालमा सूचनाको हकसम्बन्धी नियमावली आउँदा ऐनमा 'व्यवस्था गरेबमोजिम वा तोकिएबमोजिम हुनेछ' भनी उल्लेख भएका कतिपय कुराहरूलाई अझै उदारतापूर्वक राख्न सकिने थियो । उदाहरणका लागि ऐनको दफा २२ (२) मा आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने छ भनिएकोमा व्यवस्था गर्ने कामलाई आर्थिक जिम्मेवारीमा सीमित गरेर कर्मचारी नियुक्त गर्ने काम आयोगलाई नै दिन सकिन्थ्यो । त्यस्तै प्रमुख सूचना आयुक्त र आयुक्तहरूलाई दिइने पारिश्रमिक क्रमशः सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदन अदालतका मुख्य न्यायाधीशले पाउने सरह दिने भनी नेपाल सरकारले निर्णय गरेकोमा नियमावली बन्दा त्योभन्दा एकएक तह तलका पदाधिकारीले पाउने पारिश्रमिक पाउने व्यवस्था गरियो । 'तर नियमावली जारी हुँदाका बखत खाईपाई आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइनेछ' भन्ने प्रावधान तल राखेर अहिले नियुक्त र पछि नियुक्त हुने आयुक्तको तलबमा दोहोरो मापदण्ड बनाइएको छ । सरकारले के कामका लागि कस्तो निकाय आवश्यक ठानेको हो र त्यो निकायलाई कुन हैसियतमा राख्ने भन्ने स्पष्ट निर्णय गर्नुपर्छ र त्यसअनुसार गर्नू/गराउनू पर्छ । कर्मचारीहरूको अस्पष्ट र अदूरदर्शी सोच र साँगुरो तर्कको आधारमा तथा निकायका बहालवाला पदाधिकारीहरूलाई हेरेर साथै ऐनको भावना र कुनै पनि निकायको गरिमा बिर्सेर सरकारले नियमावली बनाउनु हुँदैन । आयोगको नियमावली त्यसरी बनेको देखिन्छ । अतः यसमा सरकारले स्पष्ट धारणा सार्वजनिक गरेर नियमावली संशोधन गर्नुपर्छ । यस्ता दोहोरो मापदण्डका बुँदा नियमावलीमा राख्नु हुँदैन । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १३ | **मन्त्रिपरिषद्का निर्णयहरू सार्वजनिक**<br>सार्वजनिक निकायका बैठकहरू अपवादलाई छाडेर सबैजसो बैठक खुला हुनुपर्छ । बन्दकोठाभित्र बैठक गरिए पनि बैठक सकिएपछि, बैठकले गरेका निर्णयहरू (माइन्युट) प्रकाशित हुनुपर्छ । निर्णयमा नागरिकको पहुँच हुनुपर्छ । कुन सदस्यले कता मतदान गर्‍यो भन्ने विस्तृत रूपमा मतदानको रेकर्ड बैठकको माइन्युटमा हुनुपर्छ र त्यो जान्ने अधिकार नागरिकसँग हुने व्यवस्था गरिनुपर्छ । विगतमा मन्त्रिपरिषद् बैठकबाट झण्डै चार महिनाभित्र गरिएका सबै निर्णयहरू वेबसाइटमार्फत् सार्वजनिक गरिएका थिए । त्यसले राज्यका अंगहरूलाई खुला र पारदर्शी बनाउने काममा सरकारको प्रतिवद्धता र उत्साह देखाएको थियो । तर त्यसले निरन्तरता पाउन सकेन । राज्यलाई जनताप्रति उत्तरदायी बनाउने सिलसिलामा यो एउटा राम्रो र उदाहरणीय अभ्यास भएको हुनाले यो कामलाई निरन्तरता दिनु जरुरी छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १४ | **सूचनाको हक र उपभोक्ताको अधिकार**<br>आधुनिक युगमा सबै नागरिकले राज्य तथा विभिन्न सर्वजनिक तथा निजी निकायहरूबाट कुनै न कुनै सेवा लिइरहेको हुन्छ । त्यस्तै प्रायः सबैजसो मानिसले कुनै न कुनै सेवा प्रदान गरिरहेको हुन्छ । युग जतिजति अगाडि बढ्दैछ त्यतित्यति सबै मानिस उपभोक्ता र सबै मानिस उत्पादक वा सेवाप्रदायक बन्ने अवस्था बढ्दैछ । कुनै पनि वस्तु/सामान वा उत्पादन र सेवा उपभोग गर्नका लागि उपभोक्ताले त्यो उत्पादन वा सेवाको मूल्य र गुणस्तर जान्नु आवश्यक हुन्छ । उपभोक्ताको यो अधिकार हो । त्यसैले उत्पादित सामान वा प्रदान गरिने सेवाका बारेमा पर्याप्त सूचना सामान वा सेवासँगै उपलब्ध गराउनु उत्पादक तथा सेवाप्रदायकहरूको पहिलो कर्तव्य हो । बिरामीले चिकित्सक वा अस्पतालबाट आफ्नो रोग तथा उपचारका बारेमा बुझिने भाषा र अक्षरमा सूचना प्राप्त गर्नु उसको अधिकार हो । बजारमा बेचिने कुनै पनि सामानको उत्पादन र उपयोगिता समाप्त हुने मिति, सामान तयार पार्दा उपयोग गरिएका आधारभूत वस्तु वा पदार्थ साथै त्यसको मूल्य उपभोक्ताले जान्न पाउनुपर्छ । त्यस्तै उपभोक्ताले खानेपानी, विजुली, टेलिफोन आदि हरेक समयमा चाहिने सेवाका बारेमा पनि नियमित र व्यापक रूपमा जानकारी पाउनुपर्छ । प्राकृतिक रूपले उत्पादित फलफूल, तरकारी, दूध, फुल, मासुजस्ता सामग्रीमा पनि यदि तिनलाई संरक्षण गर्न वा चाँडै खानयोग्य बनाउन वा पशुपंछी तथा बनस्पतिको उत्पादन क्षमता बढाउन कृत्रिम उपाय अपनाइएको छ भने त्यसका बारेमा पनि जानकारी दिइनुपर्छ । नेपालमा उपभोक्ता हित संरक्षण गर्ने कानुनहरूमा उपभोक्ताका लागि पर्याप्त सूचना उपलब्ध गराउने प्रभावकारी प्रावधान हुनुपर्छ । साथै उपभोक्ताहरू पनि यसबारे सचेत भएर अधिकार माग्नुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १५ | **सूचनाको हक र शिक्षा क्षेत्र**<br>असल र जिम्मेवार नागरिक बन्ने बनाउने पहिलो स्थान विद्यालय नै हो । यसैले नागरिकका अधिकार र कर्तव्यहरूको ज्ञान विद्यार्थी अवस्थाबाटै सुरु हुनुपर्छ । यसका लागि विद्यालयका हरेक तहका पाठ्यक्रममा सूचनाको हकका बारेमा कुनै न कुनै रूपमा जानकारी दिने कक्षा वा प्रवचनको व्यवस्था हुनुपर्छ । साथै विद्यालयका सबै हिसाब किताब, शिक्षक नियुक्ति, विद्यालय सञ्चालक वा स्वामीहरूले कसरी विद्यालय सञ्चालन गर्छन् भन्नेजस्ता कुराहरू विद्यार्थी र अभिभावकहरूले थाहा पाउनुपर्छ । उनीहरूबाट उठाइएको शुल्क के काममा र कसरी खर्च गरिन्छ भन्ने जान्ने अधिकार विद्यार्थी र अभिभावकलाई हुन्छ । परीक्षा विद्यार्थीहरूको जीवन, प्रगति र भविष्यसँग जोडिएको अत्यन्तै महत्वपूर्ण काम हो । तर परीक्षा भन्ने बित्तिकै सबै कुरा गोप्य राख्ने सोच र चलनले गर्दा यसमा धेरै विकृति आएको र कतिपय विद्यार्थीको शैक्षिक विकासमा प्रतिकूल प्रभाव परेको देखिन्छ । परीक्षामा सबै कुरा गोप्य राख्ने प्रचलनले विद्यालयहरूबीच अस्वस्थ प्रतिस्पर्धा पनि जन्माएको छ । त्यसैले परीक्षा प्रणालीमा प्रश्नपत्र, प्रश्नपत्र तयार पार्ने व्यक्ति र विधि, उत्तर पुस्तिका जाँच्ने व्यक्तिको बारेमा जानकारी गोप्य राखिएता पनि विद्यार्थीहरूले आफ्नो उत्तरपुस्तिका हेर्न तथा हरेक उत्तरमा उसले पाएको अंक जान्न पाउनुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १६ | **आयोगको स्थायित्वका लागि भौतिक पूर्वाधार निर्माण**<br>राज्यका सम्पूर्ण अंगलाई पारदर्शी र जिम्मेवार बनाउने उद्देश्य लिएको सूचनाको हकसम्बन्धी ऐनलाई संरक्षण, प्रवर्द्धन र प्रचलन गराउने जिम्मेवारी बोकेको राष्ट्रिय सूचना आयोगको गहन दायित्व, यसको कामको प्रकृति र महत्व तथा आमनागरिकसँग यसको निकट सम्बन्धलाई ध्यानमा राखी आयोगको स्थायित्वका लागि आफ्नै कार्यालय भवनको आवश्यकता छ । यसको लागि सरकारले जग्गा उपलब्ध गराउने र भवन निर्माणको लागि योजना थाल्नु जरुरी छ । साथै नेपालका अन्य क्षेत्रमा पनि यसको कार्यालय खोल्नका लागि भौतिक पूर्वाधार तयार गर्नु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

**२०६६/६७ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सूचनाको हकसम्बन्धी ऐनले सरकारी निकायलगायत सबै सार्वजनिक निकायले केही काम गर्नै पर्ने व्यवस्था गरेको छ । जसअनुसार हरेक कार्यालयमा सूचना अधिकारी तोक्ने, ऐन र नियमावलीअनुसार कार्यालयले तीनतीन महिनामा कार्यालयसम्बन्धी सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यसका लागि हरेक कार्यालयमा सूचना अधिकारीको व्यवस्था वा सूचना शाखा हुनुपर्छ । त्यसका लागि भौतिक स्रोत साधन र जनशक्तिको तालिमको व्यवस्था हुनुपर्छ । कार्यालयको सूचना शाखालाई चाहिने भौतिक तथा मानवीय स्रोत साधनलाई सुसम्पन्न र दक्ष बनाउने काम सम्बन्धित कार्यालयको केन्द्रिय निकायको हो । ऐन कार्यान्वयनका सन्दर्भमा सरकारी निकायहरूमा के कसरी काम भइरहेको छ, सूचना अधिकारीको व्यवस्था भएको छ छैन, सूचना अधिकारीलाई कार्यालय प्रमुखबाट सूचना प्राप्त भएका छन् छैनन्, सूचना व्यवस्थापन र वितरणका लागि साधन स्रोत छ छैन आदि कुराहरू सूचना आयोगले नियमित रूपमा गर्ने अनुगमनबाट प्राप्त गरेका तथ्यहरूको आधारमा सम्बन्धित निकायलाई ऐन वमोजिमको दायित्व पालना गर्न आदेश दिने र सरकारलाई सुझाब दिने काम गर्दछ । तर आयोग आफैंले सूचना अधिकारी तोक्न वा सूचनाहरू उपलब्ध गराउन वा साधन स्रोतकालागि बजेटको व्यवस्था गर्न सक्दैन । अतः हरेक सरकारी कार्यालयमा सूचना अधिकारी तोक्नेलगायतका ऐन अनुसार कार्यालयले गर्नुपर्ने सबै काम गर्ने गराउने र केन्द्रिय निकाय वा मन्त्रालयको जिम्मेवारी हुने हुँदा सो जिम्मेवारी पूरा गर्ने दायित्वयुक्त व्यक्ति वा संरचना हुनु आवश्यक छ । यसको अभावले गर्दा सूचनाको हकसम्बन्धी ऐन लागू भएको तीन वर्ष बितिसक्दा पनि प्रायः सरकारी कार्यालयका प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनमा तोकिएवमोजिमको | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

| | | |
|---|---|---|
| | दायित्व पालना गरेको पाउन सकिएन । यस्तो हुनु भनेको कार्य उदासिनता नै हो । अतः यस्तो प्रवृत्ति हटाउन केन्द्रीय स्तरका निकायहरूले आफ्नो मातहतका कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको पालना भएको छ छैन भनी निगरानी गर्ने, निर्देशन दिने तथा राष्ट्रिय सूचना आयोगका आदेश, निर्देशन र निर्णयहरू पलाना गराउनका लागि हरेक मन्त्रालय र केन्द्रीय कार्यालयहरूमा सूचनाको हकसम्बन्धी एउटा छुट्टै शाखाको व्यवस्था गर्नु जरुरी छ । ती निकायहरूको समन्वय र निगरानीका लागि मन्त्री परिषद्को कार्यालयमा सचिवको संयोजकत्वमा केन्द्रीय स्तरको इकाइ राखिनु पर्दछ । सरकारी कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि यस्तो केन्द्रिय इकाइ वा संयन्त्रको व्यवस्था गर्नु पर्ने आयोगको सुझाव छ । | |
| २ | सूचनाको हकबारे आमनागरिकमा चेतना फैलाउन र सार्वजनिक निकायहरूको प्रतिवद्धता बढाउनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको दिन भदौ ३ गतेको दिनलाई सरकारले राष्ट्रिय सूचना दिवस घोषणा गर्ने र हरेक वर्ष सबै जिल्लामा सरकारी तवरमा तीन दिन (भदौ २, ३ र ४ गते विविध कार्यक्रमका साथ सूचना दिवस मनाउनु पर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ३ | विद्यालयदेखि कलेजसम्मका सबै कक्षाको पाठ्यक्रममा सूचनाको हकवारेको जानकारीमूलक पाठ्यसामग्री अनिवार्यरूपमा समावेश गर्नु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ४ | सूचनाको हकसम्बन्धी ऐन नेपाली नागरिकहरूले कति र कसरी प्रयोग गरिरहेका छन् भनी जान्नका लागि हरेक कार्यालयमा सूचनाको माग र सूचना दिएको वा मागका बारेमा गरेको कारवाहीको अभिलेख दुरुस्त राख्ने र उक्त अभिलेख नियमित रूपमा आयोगमा पठाउने व्यवस्था अनिवार्य रूपमा गर्नु पर्दछ । | |
| ५ | सूचनाको हकसम्बन्धी ऐनका दफा ३ (३) मा सार्वजनिक निकायमा रहेका पाँच प्रकारका सूचना प्रवाह नगरिने व्यवस्था गरिएको छ । दफा ३ (३) मा उल्लेख भएका सूचनाको संरक्षण गर्नका लागि दफा २७ मा नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्ने व्यवस्था गरिएको छ । यसको लागि समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले सूचना प्रवाह गर्नु नपर्ने भनी वर्गीकरण गरी २०६५ पौष २० गते आयोगमा पठाएको वर्गीकरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना, मर्म र उद्देश्यलाई ध्यानमा राखी विचार गर्दा वर्गीकरणका कतिपय विषय र बूँदाहरू ऐनको उद्देश्यसँग बाझिने देखिएको हुँदा आयोगको २०६६ मंसिर १९ गते बसेको बैठकले उक्त वर्गीकरण यथाशीघ्र पुनरावलोकन गर्न सिफारिस गरेको थियो । यससम्बन्धमा वर्गीकरण समितिले ऐनको भावना, मर्म र उद्देश्यअनुसार वर्गीकरण गर्नु आवश्यक छ । वर्गीकरण गर्ने कार्य नियमित कार्यको रूपमा गर्नु पनि जरुरी छ । साथै वर्गीकरण गरेपछि त्यसको जानकारी सबै सरकारी निकायमा पठाउनु अवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

**२०६७/६८ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **पुरानो सोच र मानिसकतामा परिवर्तन आवश्यक**<br>कुनै पनि लोकतान्त्रिक व्यवस्थामा सूचनाको हक नागरिकको अपरिहार्य मौलिक हक हुन्छ । नेपाल पनि लोकतान्त्रिक व्यवस्था पालन गर्ने राष्ट्र भएको हुँदा सूचनाको हक नेपाली नागरिकको मौलिक हक हो । राज्यका सबै निकायमा भएका सार्वजनिक महत्वका सूचना र आफ्नो व्यक्तिगत सूचनामा नागरिकको सरल र सहज पहुँच हुन्छ । आमनागरिकको सूचना माग्ने र पाउने हक खोस्न वा घटाउन सकिन्न भन्ने कुरा सार्वजनिक निकायका सबै जिम्मेवार पदाधिकारीले आत्मसात् गर्नु आवश्यक छ । सूचनाको हकसम्बन्धी ऐन लागू गर्नु भनेको देश र समाजलाई बन्द वा गोपनियताको संस्कृतिबाट खुला, पारदर्शी समाजमा बदल्नु हो । यसको पहिलो लक्ष्य खुला सरकार (ओपन गभर्नमेन्ट) हो, जुन कुरा नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा नै स्पष्ट पारिएको छ । तर कानुन बनाएर मात्रै समाज परिवर्तन हुँदैन । यसको लागि सबैभन्दा पहिलो र प्रमुख कुरा राज्यको नेतृत्व तहमा नै कानुन लागू गर्ने गराउने दृढ संकल्प हुनुपर्छ । यसका लागि सर्वप्रथम पुरानो सोच र मानसिकता त्याग्नु पर्छ । नेतृत्व तहमा जमेर बसेको पुरानो सोच र मानसिकता सूचनाको हकसम्बन्धी ऐन चाहे जति व्यापक एवं प्रभावकारी रुपमा लागू हुन नसक्नुमा प्रमुख बाधक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २ | **सूचनाको मूल स्रोत र प्रवाहको दायित्व**<br>नेपालमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको तीन वर्ष पूरा भई चौथो वर्ष लागेको छ । हुन त यो ऐनले संवैधानिक निकायदेखि गाविससम्म र नेपालको कानुनद्वारा स्थापित सबै निकायलाई समेट्छ । तै पनि नागरिकका लागि चाहिने सूचनाको मूल स्रोत र विशाल भण्डार राज्य नै हो । राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउनका लागि यो ऐन लागू भएको हो । यसैले सर्वप्रथम राज्य सञ्चालनको जिम्मा लिएको राजनीति तथा प्रशासनिक नेतृत्व तहबाट ऐनको कार्यान्वयनमा प्रतिवद्धताका साथै ठोस योजना र कार्यक्रम हुनु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ३ | **ऐन कार्यान्वयनमा मुख्य भूमिका सचिवहरूको**<br>राज्यका निकायहरू सञ्चालन गर्ने प्रशासनिक जिम्मेवारी बोकेका मन्त्रालयका सचिव लगायतका पदाधिकारीहरू राज्यलाई पारदर्शी र जिम्मेवार बनाउने काममा पहिलो पंक्तिका जिम्मेवार व्यक्ति हुन् । यसैले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनको पहिलो र मुख्य जिम्मेवारी पनि सचिवहरूको हो भन्ने कुरामा दुई मत हुन सक्तैन । यति महत्वपूर्ण जिम्मेवारी पाएका सचिवहरू सूचनाको हकसम्बन्धी ऐनका बारेमा अनभिज्ञ छन् भन्ने कुरा कल्पना पनि गर्न सकिन्न । तर अनुभव र वास्तविकता उत्साहजनक छैन । गोप्यताको संस्कृतिमा काम गर्ने परिपाटी र मानसिकता नयाँ परिवेशमा पनि हटिसकेको छैन । प्रायः हरेक काममा पुरानो संस्कार, मानसिकता र प्रवृत्तिले गाँजेको देखिन्छ । आयोगले पुनरावेदन सुन्ने क्रममा कार्यालय प्रमुखको तहभन्दा माथिका नेतृत्व तहमा बसेका कतिपय पदाधिकारीहरूले आफूसँग सम्बन्धित निकायको सूचना माग गर्दा कार्यालय प्रमुखको दायित्व बहन गर्ने पदाधिकारीलाई सूचना प्रवाह गर्न रोक लगाउने गरेको पनि देखियो । सूचनाको हकसम्बन्धी ऐनले सूचना उपलब्ध गराउने जिम्मेवारी कार्यालय प्रमुख र सूचना अधिकारीलाई दिएको छ । तर नेतृत्वदायी निकाय वा व्यक्तिले सूचना दिन बाधा पारेको खण्डमा निजहरूले सूचना दिने दायित्व र सूचनाको हकसम्बन्धी ऐनबाट उन्मुक्ति पाउन सक्तैनन् । यसैले राज्यका सबै निकायका कार्यालय प्रमुखभन्दा माथिका पदाधिकारीहरूमा सूचनाको हकसम्बन्धी ऐनको पर्याप्त ज्ञानको आवश्यकता छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ४ | **सूचना उपलब्ध गराउन निकायका प्रमुखहरू जिम्मेवार**<br>ऐनले कुनै पनि सार्वजनिक निकायमा भएका सूचना मागकर्तालाई उपलब्ध गराउने पहिलो जिम्मेवारी सूचना अधिकारीलाई तोकेको छ । यसका लागि सूचना अधिकारी स्वयम् आफ्नो निकायका सूचनाहरूको पहुँच हुनु जरुरी हुन्छ । तर हामीकहाँ अधिकांश सूचना अधिकारीहरू सूचना विहीनताको अवस्थामा छन् । व्यवहारमा कार्यालय प्रमुखको इच्छा र स्वीकृतिबिना सूचना उपलब्ध गराउन नसकिने बाध्यात्मक अवस्था छ । तर ऐनले आफ्नो कार्यालयको सूचना, नियमित रुपमा सूचना अधिकारीलाई उपलब्ध गराउने दायित्व कार्यालय प्रमुखलाई दिएको हुँदा सूचना अधिकारीहरू सूचनाबाट बंचित भएँ भन्नु पर्ने अवस्था छैन । अर्कोतिर सूचना अधिकारीले सूचना नदिएको अवस्थामा मागकर्ताले कार्यालय प्रमुखसमक्ष उजुरी दिने व्यवस्था ऐनले गरेको छ । यस स्थितिमा सूचना दिने दिलाउने कामको मुख्य जिम्मेवारी कार्यालय प्रमुखमा नै देखिन्छ । अतः कार्यालय प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनलाई राम्ररी बुझ्नु र ऐन कार्यान्वयनका लागि सक्षम बन्नु अति आवश्यक हुन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ५ | **सूचना स्वस्फुर्त रुपमा सार्वजनिक गर्नु पर्ने सार्वजनिक निकायहरूको दायित्व**<br>ऐनको उद्देश्य खुला र पारदर्शी सरकार भएको हुँदा सरकारी निकायहरूले स्वतस्फूर्त रुपमा सूचना सार्वजनिक गर्नुपर्छ । ऐनमा पनि तीनतीन महिनामा निकायसँगसम्बन्धी विभिन्न प्रकारका सूचना सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यसरी निकाय स्वयम्ले सूचना सार्वजनिक गरेमा नागरिकले सूचना माग्न आउनु पर्ने स्थिति नै रहन्न । तर दुखको कुरा कुनै पनि सरकारी निकायले ऐनको प्रावधान अनुसार स्वतः सूचना सार्वजनिक गर्नु पर्ने काम गरेको देखिएको छैन । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ६ | **राज्यका सम्पूर्ण अंगमा ऐन कार्यान्वयन गराउन उच्चस्तरीय संयन्त्रको आवश्यकता**<br>सूचनाको हकसम्बन्धी ऐन लागू भएका देशहरूमा राज्यका सम्पूर्ण निकायमा सूचना अधिकारीको व्यवस्था गर्न, सूचना अधिकारीलाई तालिम र अभिप्रेरण (इन्सेन्टिभ) दिन, सूचना अधिकारीको कार्यालयका लागि स्रोत साधन उपलब्ध गराउन, सूचना व्यवस्थापन गर्न गराउन एउटा वेग्लै मन्त्रालय वा निकायको व्यवस्था गरिएको हुन्छ । तर नेपालमा सरकारी कार्यालयमा सूचनाको हकसम्बन्धी ऐन लागू गर्न गराउनका लागि यस्तो बेग्लै निकायको व्यवस्था गरिएको छैन । मन्त्रालय र मातहतका निकायले सूचना अधिकारीहरूलाई तालिम दिने भन्ने कानुनी व्यवस्था भए पनि यसमा कुनै निकाय | कार्यान्वयन भएको जानकारी |

| | | |
|---|---|---|
| | अघि सरेको देखिएको छैन । अतः नेपाल सरकारका सबै निकायहरूमा सूचना अधिकारी र सूचना व्यवस्थापनका लागि आवश्य स्रोत साधनको व्यवस्था गर्न उच्चस्तरीय संयन्त्रको आवश्यकतालाई महसुस गरी प्रधानमन्त्रीको कार्यालय अन्तर्गत त्यस्तो निकाय गठन र सञ्चालनका लागि राष्ट्रिय सूचना आयोगले सुझाव दिइसकेको छ । | प्राप्त हुन नसकेको |
| ७ | **आधुनिक सूचना व्यवस्थापनको खाँचो**<br>अधिकांश सरकारी कार्यालयहरूमा अभिलेख राख्ने परिपाटी पुरानै छ । कुनै पनि सूचना चाहेको बेलामा तुरुन्तै पाउन सकिने गरी राख्ने आधुनिक व्यवस्था गर्ने निकायहरूको सङ्ख्या नगन्य छ । जिल्लास्थित अधिकांश सरकारी कार्यालयका कागजपत्र कपडाका पोका, पुराना बाकस र दराजहरूमा थन्किएका छन् । कुन अभिलेख कहाँ छ भनी तुरुन्तै र सजिलोसँग थाहा पाउने वैज्ञानिक तरिकाको अभाव छ । यसले सूचना प्रवाहमा बाधा पारेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ८ | **सूचना प्रविधिको प्रयोगको आवश्यकता**<br>आधुनिक सूचना प्रविधिको मद्दतले लेख्य, शब्द, चित्र, ध्वनि, चलचित्र आदि कुनै पनि स्वरुपमा रहेको तथ्यांक र सूचनालाई शीघ्र, सस्तो र सजिलोसँग प्रवाह गर्न सक्ने हुनाले सूचनाको हकको कार्यान्वयनमा सूचना प्रविधिले धेरै सजिलो, सस्तो र शीघ्र बनाएको छ । यसका लागि परम्परागत रुपमा तयार भएका कागज, चित्र, ध्वनि, चलचित्रलाई डिजिटल रुपमा बदल्नु आवश्यक हुन्छ । अतः सार्वजनिक निकायहरूमा भएका वा हुने तथ्य, तथ्यांक, सूचना जानकारीहरू डिजिटल स्वरुपमा निर्माण/उत्पादन तथा संरक्षण गरी राख्ने व्यवस्था अनिवार्य रुपमा गर्नु/गराउनु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ९ | **पत्रकार र नागरिक समाजको सक्रियता आवश्यक**<br>अरु देशको तुलनामा नेपालमा सूचनाको हकका बारेमा जनचेतना फैलाउनेदेखि सूचना माग्न आमनागरिकलाई डोऱ्याउनेसम्मका काममा नागरिक समाजका संस्थाहरू पर्याप्त मात्रामा सक्रिय छैनन् । नागरिक समाज सक्रिय नभई सूचना माग्ने काममा व्यापकता आउन सक्तैन । आमनागरिकलाई सूचनाको हकसम्बन्धी ऐनबारे बुझाउन, ऐनबाट लाभान्वित गराउन पत्रकार तथा नागरिक समाजका संस्थाहरूको सक्रियता आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १० | **व्यापक प्रचार प्रसार तथा अनुगमनको आवश्यकता**<br>नागरिकले सूचना माग गर्ने वा सूचना पाउने निकायको रुपमा हालसम्म सरकारी वा सरकार अन्तर्गतका कार्यालयहरू मात्र जिम्मेवार निकाय हुन भन्ने अवधारणा रही आएको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको रुपमा सरकारी तथा अन्तर्गतका कार्यालय, सरकारको पूर्ण वा आँशिक स्वामित्व भएका कार्यालयका साथै कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था, राजनैतिक दल तथा संगठन, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विदेशी राष्ट्र वा अन्तरराष्ट्रिय संघ संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैर सरकारी संघ संस्थाहरू लगायतमा रहेका सूचनामा पहुँच हुने र सूचना माग गर्ने र पाउने अधिकार रहेको व्यवस्था गरेको छ । धेरै जस्ता यस्ता संस्थाहरू/निकायहरूमा नागरिकको ध्यान पुग्न सकेको छैन । सूचना माग गर्ने प्रवृत्ति पनि देखिएको छैन भने यी संस्थाहरूले पनि सूचना दिनु पर्ने भन्ने अनुभूति पनि गरेको पाइएको छैन । यस्ता संस्थाहरूले नियमित रुपमा अनिवार्य प्रकाशन गर्न पर्ने कर्तव्यको पालना गर्ने गरेको पनि पाईएको छैन । अतः जुन निकाय अन्तर्गत सञ्चालन भएको सार्वजनिक निकाय छन । तिनको नियमितता गर्ने निकायले (Regulatory Body) ले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्न गराउन टड्कारो आवश्यकता रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ११ | **विगत वर्षका सुझावहरू कार्यान्वयन गर्ने सम्बन्धमा**<br>आयोगले आ.व.०६५।०६६ र ०६७०६८ मा दिएका कतिपय सुझावहरू आफैसम्म कार्यान्वय भएको नदेखिएको हुँदा ती सुझावहरूसमेत कार्यान्वयन गर्न वान्छनिय भएकोले प्रस्तुत प्रतिवेदनसमेत पुनःउल्लेख गरिएको छ । अतः उक्त सुझावहरू र चालु वर्ष दिइएका सुझावहरू आगामी वर्षमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

**२०६८/६९ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | बिगतमा दिईएका सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **राजनीतिक इच्छाशक्ति**<br>सूचनाको हकसम्बन्धी ऐन लागू गर्ने सम्बन्धमा शुरुको चरणमा आइपर्ने एउटा मुख्य समस्या राजनीतिक इच्छाशक्तिको हो । व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी कानुन पास गरे पनि त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा राजनीतिक तथा प्रशासनिक नेतृत्वमा प्रतिवद्धता नदेखिँदा सरकारी निकायहरूमा ऐन कार्यान्वयनमा आवश्यक मानवीय र भौतिक पूर्वाधार निर्माण हुन सकेको छैन । राजनीतिक नेतृत्वले ऐन कार्यान्वयनका लागि सही र उत्साहजनक सन्देश र संकेत प्रवाह नगर्दा प्रशासन यन्त्र ऐनप्रति उदासीन रहेको स्पष्ट छ । नेतृत्वले स्पष्ट सन्देश नदिँदासम्म तथा खुलापनलाई पुरस्कृत गर्ने पद्धति नबस्दासम्म जनतालाई सूचनामा पहुँच दिने कामलाई कर्मचारीहरूले आफ्ना कार्यालयका दैनिक कृयाकलापमा प्राथमिकता दिँदैनन् । यसैले राजनैतिक दलहरू, मन्त्रीहरू र सांसदहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गरी स्थानिय तहसम्म पुऱ्याउन आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २ | **प्रशासन यन्त्र (व्युरोक्रेसी) को तत्परता**<br>सूचना, जानकारीहरू आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यसैले सूचनाको हकसम्बन्धी ऐन कानुन चाहिएको हो । तर यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र नागरिकप्रतिको जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरू खोज्नु जरूरी छ । कर्मचारीहरूले नागरिकको सूचना पाउने अधिकारलाई सर्वमान्य सिद्धान्तको रूपमा स्वीकार गर्नु आवश्यक छ । सरकारले यस्ता नयाँनयाँ उपायहरू पत्ता लगाउनु वा विकसित गर्नुपर्छ, जसले गर्दा कर्मचारीहरूले ऐनको भावना र मर्मअनुसार काम गरुन् । सरकारी कर्मचारीहरूलाई ऐन लागू गर्न तत्पर र प्रतिवद्ध बनाउनका लागि समयवद्ध योजना बनाई लागू गर्नुपर्छ । त्यस्तो योजनाले मानव साधनको विकासका साथै वैज्ञानिक सूचना व्यवस्थापन प्रणाली अपनाउन कार्यक्रम बनाउनु पर्छ । यो कामका लागि सरकारले उपयुक्त मन्त्रालयलाई जिम्मेवारी दिनुपर्छ । यसको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रभावकारी हुने देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ३ | **बाझिने कानुनहरूको संशोधन र सहायक कानुनहरूको निर्माण**<br>सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन आत्मसात् र आफ्नो दैनिक काममा लागू गर्न नसक्नु र नचाहनुमा सूचनाको हकसँग बाझिने विद्यमान कानुनहरू कारकको रूपमा प्रस्तुत गरिएको छ । अतः बाझिने कानुनहरू पहिचान गरी संशोधन गर्नु र ऐन कार्यान्वयन गर्न सहयोग गर्ने सहायक कानुनहरूको निर्माण गर्नु अति आवश्यक छ । उदाहरणको लागि गोप्यता अधिकारसम्बन्धी ऐन, आयकर ऐन, मूल्य अभिबृद्धि कर ऐन, राष्ट्रिय सुरक्षा ऐन, तथ्यांक ऐन, निजामती सेवा ऐन, सार्वजनिक सुरक्षासम्बन्धी ऐन, सार्वजनिक अभिलेख व्यवस्थापन ऐन, सूचनादाता संरक्षण ऐन तथा लोक सेवा आयोग ऐन जस्ता अन्य ऐनहरू संशोधन तथा नयाँ तर्जुमा गर्नु पर्ने देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ४ | **स्वयम्सक्रिय भई सूचना प्रवाह गर्ने काममा जोड**<br>मागेर सूचना दिनु भन्दा नमाग्दै सूचना उपलब्ध गराउनु सार्वजनिक निकायहरूको दायित्व र कर्तव्य हुनका साथै सूचना प्रवाह सजिलो र सस्तो हुन्छ । सूचनाको हक तथा सूचना संस्कृतिको यो मूल मर्म हो । यसले नागरिकलाई सूचना उपलब्ध गराउने सार्वजनिक निकायहरूको दायित्व पालन भएको कुरा स्पष्ट पार्छ । ऐनमा आवधिक रूपमा सार्वजनिक निकायका विविध सूचना सार्वजनिक गर्ने व्यवस्था छ तर त्यसको पालना अझैसम्म भएको देखिएको छैन । ऐन कार्यान्वयनमा इच्छशक्तिको अभाव रहेको कुरा यसले स्पष्ट देखाइ रहेको छ । सरकारले तत्कालै सार्वजनिक महत्वका सूचनाहरू सार्वजनिक गर्न लगाउनु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ५ | **नागरिक समाजका संस्थाहरूसँग सहकार्य**<br>सूचनाको हक कार्यान्वयनमा लागि परेका अधिकारवादी संस्थाहरूसँग मिलेर विभिन्न मन्त्रालयले गैरसरकारी संस्थाहरूमा प्रभावकारी रूपमा सूचना व्यवस्थापन गर्ने र सूचनाको मागलाई सम्बोधन गर्ने जस्ता विषयमा विभिन्न तहमा क्षमता वृद्धिका काममा सहकार्य गर्नु आवश्यक छ । त्यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति जस्ता उत्पादन र सेवासँग सम्बन्धित निकायहरूले उपभोक्ता मंच जस्ता अधिकारवादी संस्थाहरूसँग मिलेर उपभोक्तासँग सरोकार राख्ने सूचना प्रवाह तथा माग सम्बोधनका विषयमा मार्ग निर्देशिका तयार गर्न सक्छन् । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

| | | |
|---|---|---|
| ६ | **सूचना शुल्क समान रूपमा कायम गर्ने:**<br>मागकर्तालाई सूचना उपलब्ध गराउँदा सूचनाको हकसम्वन्धी ऐनमा व्यवस्था भएको र त्यसअन्तर्गत रही नियमावलीमा तोकिए अनुसारको दस्तुर लिनु पर्नेमा सो अनुसार नगरी कतिपय सार्वजनिक निकायहरूले सूचना शुल्क निकै बढी निर्धारण गरेका छन् । परीक्षा नियन्त्रण कार्यालयले एस एल सी परीक्षको उत्तरपुस्तिका सूचनाको हकभित्र परेको मानेर उपलब्ध गराउने कार्य गरी राम्रो सुरुवात गरेको छ । तर सूचना शुल्क निर्धारण गर्दा एउटा विषयको उत्तरपुस्तिकाको प्रतिलिपि लिन यसले पहिले रु १०००।- दस्तुर तोक्यो र पछि रु ७००।- गरायो । त्यस्तै पूर्वाञ्चल विश्वविद्यालयले रु ५०००।- तोकेको छ । यो शुल्क लागत भन्दा निकै बढी हो । यसरी यी निकायले सूचना शुल्क वास्तविक लागतका आधारमा निर्धारण नगरी हचुवाको भरमा सूचनाको हकसम्वन्धी ऐनको मान्यता विपरित अनि सूचना मागकर्तालाई निरुत्साहित पार्ने र सूचना लुकाउने मनसायले गरेको देखिन्छ । यो अवस्थालाई यथास्थितिमा रहन दिने हो भने अन्यत्र पनि यस्तै किसिमको प्रक्रिया वन्न सक्छ, जुन सूचनाको हकमा घातक हुन्छ । अतः यसमा सरकारले सूचनाको हकसम्वन्धी ऐनको भावना,मर्म र यसको अभीष्टमा शुल्कका कारण अवरोध सिर्जना हुन नदिन वेलैमा पहल गर्नु अति अवश्यक देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ७ | **अभिलेख व्यवस्थापनमा सुधार**<br>अभिलेखहरू सिर्जना गर्ने, व्यवस्थित गर्ने, भण्डारण गर्ने, चाहिएको बेलामा सजिलै र तुरुन्तै प्राप्त गर्न सकिने गरी राख्ने प्रभावकारी प्रणाली भएन भने सूचना प्रवाह कठिन हुन्छ । मागिएको सूचना कहाँ छ भन्ने बेलैमा थाहा भएन भने ऐनले तोकेको समयभित्र सूचना उपलब्ध गराउन सकिन्न । सूचना पढ्न वा नक्कल उतार्न नसकिने अवस्थामा पुगेको छ वा नष्ट भएको छ भने ऐन कार्यान्वयन गर्न सकिन्न । सूचनाको हकको केन्द्रमा अभिलेखहरू (Records) हुन्छन् – कागजातहरू, लिखतहरू, फाइलहरू, टिप्पणीहरू, सामग्रीहरू, भिडियो, अडियो टेपहरू, नमुनाहरू, कम्प्युटरले छापेका प्रिन्टआउटहरू, हार्डड्राइभ, पेनड्राइभ सीडी, भिडिडी आदि विभिन्न माध्यममा सूचना, अभिलेख संकलित र सुरक्षित हुन्छन् । सरकारसँग विश्वसनीय अभिलेखहरू सिर्जना र व्यवस्थित गर्ने उचित प्रणाली हुनैपर्छ । अन्यथा असल नियतले काम गर्ने कर्मचारीले पनि काम गर्न सक्तैन । सूचना व्यवस्थित गर्ने उचित प्रणाली भएन भने अभिलेखहरू विग्रन बिगारिन, मेटिन वा नष्ट हुन वा हराउन सक्छन् । नियमित रूपमा अनुगमन भयो भने मात्रै अभिलेख व्यवस्थापनको अवस्था कमी र तालिम तथा अन्य उपायको आवश्यकता थाहा हुन्छ । अतः सकेसम्म एकै ढाँचाको अभिलेख व्यवस्थापन लागू गर्ने र विद्यमान व्यवस्थापनमा सुधार ल्याउनु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ८ | **सूचना प्रविधिको प्रयोग**<br>सूचना व्यवस्थापनका लागि अहिले सबै देशमा सूचना प्रविधि (आइटी) को उपयोग हुन थालेको छ । कम्प्युटरबाटै अभिलेख, सूचना सिर्जना गर्ने चलन नेपालमा पनि सुरु भइसकेको छ । कार्यालयका सबै कम्प्युटरलाई एउटै सञ्जाल (नेटवर्क मा आवद्ध गरेर तथा सम्पूर्ण डेटा, सूचना, अभिलेखलाई डिजिटाइज गरेर अभिलेख व्यवस्थापनलाई वैज्ञानिक, पारदर्शी र सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावनाअनुसार चल्न सजिलो बनाउन सकिन्छ । समयको मागअनुसार यो काम सकेसम्म चाँडै गर्नुपर्छ । अहिले नेपालका झन्डै सत्तरी प्रतिशत जनताको हातमा मोबाइलफोन पुगेको छ । यसको अर्थ आधाभन्दा धेरै नेपालीलाई कुनै पनि बेला कुनै पनि ठाउँमा सूचना, सन्देश पठाउन सकिन्छ । यो उपाय सस्तो, सजिलो र शीघ्र पनि छ । सूचना प्रविधिको विकासले ल्याएको यो अवसरलाई सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनमा लगाउनु समयको माग हो । त्यस्तै देशभर फैलिएका चारसयभन्दा धेरै एफएम रेडियो स्टेसनहरूको उपयोग गर्नु आवश्यक छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ९ | **खुला बैठकको अभ्यास**<br>खुला सरकार प्रवर्द्धन गर्न सार्वजनिक निकायका सबै बैठकहरू खुला हुनुपर्छ । निश्चय नै बैठकका सबै अंश खुला हुँदैनन् । कुनै विषयका छलफलहरू निक्कै संवेदनशील सूचना र निर्णयसँग सम्वन्धित हुन सक्छन् । त्यसैले कुन कुन विषयको बैठक गोप्य हुन्छ भन्ने पहिले नै नीति बनाइनु पर्छ । कुनै पनि बैठक गोप्य हुनका लागि कडा आधारहरू तोकिनु पर्छ । गोप्य बैठकले गरेका निर्णयहरू आमनागरिकको पहुँचमा हुनुपर्छ । सार्वजनिक निकायका बैठकहरू खुला गर्ने अभ्यासको पहिलो चरणमा गाउँविकास समिति र नगरपालिकाका बैठकहरूलाई खुला गर्न सकिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १० | **सूचना अधिकारीको व्यवस्था तथा सूचना माथि पहुँच पुर्‍याउने**<br>सबै सार्वजनिक निकायमा सूचना अधिकारी व्यवस्था गर्नु पर्ने र सूचना प्रवाहमा सहजता ल्याउन सूचना शाखाको व्यवस्था गर्ने, सूचना अधिकारीलाई सूचनामा पहुँच पुर्‍याउने तथा आवश्यक पूर्वाधार उपलब्ध गराउनु पर्ने व्यवस्था ऐन लागू भएको ५ वर्ष भइसक्दा पनि कार्यान्वयन हुन सकेको छैन । सूचनाको हक कार्यान्वयन गर्ने प्रारम्भ विन्दु नै सूचना अधिकारीको व्यवस्थाबाट हुने हुँदा नेपाल सरकारले सबै निकायमा निश्चित अवधि तोकि यस्तो व्यवस्था गर्न अत्यावश्यक भइसकेको छ । राष्ट्रिय सूचना आयोगले पटक पटक यस्तो प्रयास गरेको भएता पनि सबै निकायमा व्यवस्था हुन सकेको छैन । एक जनामात्र कर्मचारी कार्यरत गा.वि.स. मा गा.वि.स. सचिवलाई नै सूचना अधिकारी तोक्ने नीतिगत व्यवस्था गर्ने तथा स्थानिय निकायमा प्रमुख जिल्ला अधिकारीले तत्परता देखाई सूचना अधिकारी तोक्न लगाउने व्यवस्था गर्न तथा बैंक वित्तिय संस्था, सहकारी संस्था र गैरसरकारी संस्थाहरूका Regulatory Authority लाई आयोगबाट लेखि पठाईएकोमा हालसम्म लागू हुन नसकेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगुवाइमा सूचना अधिकारीको व्यवस्था गरिनु उपयुक्त हुने ठम्याई आयोगको रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ११ | **सूचना अधिकारीको काम, कर्तव्य र अधिकार**<br>सूचनाको हकसम्बन्धी ऐनमा सूचना अधिकारीको व्यवस्था गर्नु पर्ने प्रावधान रहेको तथा दफा ७ मा सूचना प्राप्त कार्यविधि अन्तर्गत सूचना अधिकारीको काम, कर्तव्यसमेत उल्लेख भएको छ । सूचना अधिकारीहरूसँग तथा विभिन्न जिल्लास्थित कार्यालयहरूसँग गरेको अन्तरक्रियाबाट प्राप्त सुझावहरूको आधारमा सूचना अधिकारीको काम कर्तव्य र अधिकार तथा जिम्मेबारीको स्पष्ट किटान हुनु पर्ने आवश्यकता देखिएको छ । कार्यालय प्रमुखले सूचना माग गर्ने निवेदनमा दर्ता गर्न तोक लगाउनु पर्ने, सूचना माथि पहुँच नहुने हुंदा विभिन्न शाखा, महाशाखामा व्यक्तिगत रूपमा सूचना सङ्कलन गर्नु पर्ने, संकलित सूचना दिने नदिने निर्णय कार्यालय प्रमुखबाट गराउनु पर्ने तथा नदिएमा सूचना अधिकारी जिम्मेवार हुनु पर्ने जस्ता पुरानो कार्यशैलीले आफ्नो पहुँचमा नभएको कार्यप्रति पनि जिम्मेवारी बहन गर्नु पर्ने तर अधिकार भने नहुने हुंदा सूचना प्रवाहमा जटिलता उत्पन्न भएको छ । अतः यस्ता समस्या समाधान गर्न कार्यालय प्रमुखले सूचना अधिकारीलाई सहज रूपमा सूचना उपलब्ध गराउने तथा ऐनले दिएको कर्तव्य पालन गर्न लगाउन आवश्यक देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १२ | **कार्यालय प्रमुखलाई दिने अख्तियारी खुला गर्ने**<br>नेपाल सरकारवाट वजेट स्वीकृत भएपछि अर्थ मन्त्रालयका सचिवले सम्वन्धित मन्त्रालयका सचिवलाई र सचिवले महानिर्देशक एवं महानिर्देशकले कार्यालय प्रमुखलाई वजेट विनियोजन र खर्च गर्ने अख्तियारी तथा खर्च गर्दा पालना गर्नुपर्ने निर्देशनसमेत गोप्य भनी पठाउने गरिएको छ। यस्तो अख्तियारी एवं निर्देशन कार्यालय प्रमुख र लेखाप्रमुखले मात्र हेर्न पाउने हुँदा सो सम्वन्धी सूचना माग गरी परेका निवेदनमा सूचना अधिकारीको पहुँच नहुने गरेको पाईएको हुँदा यस्तो अख्तियारी एवं निर्देशन गोप्य भनी राखिराख्नु आवश्यक र उपयुक्त नभएकोले खुला रूपमा नै पठाउने गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १३ | **पाठ्यक्रम बनाई लागू गर्ने**<br>सूचनाको हकको विषयमा जनचेतना अभिबृद्धि गर्न गराउन तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन कक्षा ९–१२ सम्मको पाठ्यक्रममा यो विषयले प्रवेश पाउनु अति जरुरी देखिएको छ । यसै गरी निजामती सेवा लगायतका विभिन्न सेवा समूहमा कर्मचारी सुरु प्रवेशदेखि विभिन्न तहमा हुने तालिम कार्यक्रमहरूमा पनि सूचनाको हकसम्बन्धी विषयलाई अनिवार्य गरिनु पर्दछ । यस कार्यबाट विद्यार्थी वर्गले सानै उमेर देखि सूचनाको हक बारेमा जानकारी राख्ने हुँदा खुला र पारदर्शी समाज तथा संस्कारको विकास हुन जाने, जिम्मेवार र प्रतिवद्ध नागरिक श्रृजना हुने तथा कर्मचारीहरूमा पनि विषय ज्ञान तथा जागरुकता बृद्धि भएर मनोवल बढ्ने तथा जिम्मेवारीप्रति सजग हुने परिपाटीको विकास हुन जाने अपेक्षा गर्न सकिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १४ | **निरन्तर प्रशिक्षण**<br>सरकारी कर्मचारीहरूको प्रतिरोधको समाधान गर्ने सबैभन्दा व्यावहारिक उपाय तालिम कार्यक्रम सञ्चालन गर्नु हो । सबै कर्मचारीलाई नयाँ कानुन र उनीहरूको कर्तव्य बुझाउने र उनीहरूलाई खुलापन र पारदर्शीताप्रति प्रतिवद्ध गराउने उपाय तालिम नै हो । कानुनले के भन्छ भन्ने यान्त्रिक वा प्राविधिक ज्ञान, अभिलेख व्यवस्थापनको सीप तथा सूचना दिने तरिकाभन्दा पर गएर समग्र (Holistic) तालिमले जनसेवाको मुख्य मूल्य मान्यतामा खुलापनलाई लागू गर्न कर्मचारीहरूको भूमिकालाई जोड दिन्छ । तालिमको मुख्य उद्देश्य नै सरकारलाई आमजनताबाट टाढा राख्ने सोच/अवधारणालाई | कार्यान्वयन भएको जानकारी |

| | | |
|---|---|---|
| | बदल्न लगाउनु हो। साथै संस्थाको काम गर्ने परम्परा/संस्कृतिमा परिवर्तन आउँदा त्यसले कर्मचारीहरूमा ल्याउने चिन्ता, बाधालाई घटाउनु तालिमको अर्को उद्देश्य हुनुपर्छ। | प्राप्त हुन नसकेको |
| १५ | **सूचना प्रकाशन गर्नु पर्ने अवधि परिवर्तन गर्ने**<br>सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) को ऐ. ५(४) तथा नियमावलीको नियम ३ बमोजिम सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा कार्यालयमा भए गरेका कामकारवाही स्वयम् सकृय रूपमा (Pro-active disclosure) गर्नु पर्ने प्रावधान रहेको छ। तर बजेट खर्च, प्रगति विवरण राष्ट्रिय विकास समस्या समाधान समिति तथा सरकारका विभिन्न निकायहरूमा प्रत्येक चौमासिक रूपमा विवरण तयार गरी प्रगति समीक्षा गर्ने व्यवस्था छ। सूचनाको हकसम्बन्धी ऐन अनुसारको विवरण र चौमासिक प्रगति विवरणहरूमा धेरै समानता रहेकोले अवधि फरक पारी विवरण प्रस्तुत गर्नु पर्दा सार्वजनिक निकायमा समय र लागत बढी हुन गई विवरण तयार गर्दा कठिनाई तथा झन्झट व्यहोर्नु परेको अनुभूति हुन गएको छ। तसर्थ, सूचनाको हकसम्बन्धी ऐनको दफा ५ को उपदफा ४ मा संशोधन गरी प्रत्येक चौमासिक रूपमा विवरण प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ। साथै यस्तो विवरण प्रकाशन गर्नका लागि सार्वजनिक निकायलाई वार्षिक रूपमा नियमित रकम बजेटमा नै व्यवस्था गरिनु पर्ने देखिन्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १६ | **सूचनादाताको संरक्षण**<br>ऐनमा सूचनादाताको संरक्षणको व्यवस्था छ र आयोगमा यससम्बन्धमा हालसम्म एउटा मात्र पुनरावेदन परेको छ। तर त्यसमाथि आयोगले गरेको निर्णयको कार्यान्वयन वल्लवल्ल आंशिक मात्रै हुन सकेको छ। यसमा सरकारी निकायको सक्रियता आवश्यक छ। यसले सार्वजनिक निकायलाई भ्रष्टाचारमुक्त र जिम्मेवार बनाउन र जनतामा विश्वास जगाउन मद्दत गर्छ साथै आयोगले गरेको निर्णय कार्यान्यवन गर्ने तर्फ सार्वजानिक निकाय पनि सचेत हुनुपर्ने देखिन्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १७ | **केन्द्रीय नोडल इकाई (Central Nodel Agency) गठन गर्ने**<br>सरकार सबै निकायमा सूचनाको हक प्रभावकारी रूपमा कार्यान्वयन गराउन दृढ र प्रतिवद्ध रहेको छ र सबै निकायले अनिवार्य रूपमा ऐन नियम पालना गर्नुपर्दछ भन्ने सिद्धान्तलाई अंगिकार गरी सुशासनसम्बन्धी तत्कालिन कार्ययोजना २०६९ मा महत्वपूर्ण व्यवस्था गरिएको छ। यसै सर्न्दभमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्य सचिवको संयोजकत्वमा उच्चस्तरीय समन्वय इकाईको व्यवस्था गरी मातहत निकायलाई जिम्मेवार र जवाफदेही बनाउन संयन्त्र स्थापना गर्ने गरी राष्ट्रिय सूचना आयोगले केन्द्रीय कार्यान्वयन (इकाई गठन) कार्यविधि "२०६९" मस्यौदा तयार गरी सरकार समक्ष प्रस्तुत गरिसकेको अवस्था रहेको छ। साथै सबै मन्त्रालय र मातहतका विभाग र कार्यालयहरूमा ऐन लागू गर्न गराउन मन्त्रालयमा इकाइ गठन गर्नु आवश्यक छ। इकाइले केन्द्रीय कार्यान्वयन इकाईसँग समन्वय गरेर ऐन कार्यान्वयनका लागि सूचना अधिकारीहरूको क्षमता वृद्धि, सूचना व्यवस्थापनको विकास र बजेटको समुचित व्यवस्था गर्न सघाउने छ। साथै मन्त्रालयहरूको कामको प्रकृति फरक हुने हुनाले सूचना प्रवाह गर्ने र संरक्षण गर्नुपर्ने सूचना वर्गीकरण गरी राख्नका लागि बेग्लाबेग्लै निर्देशिका बनाई लागू गर्नुपर्छ। जति चाँडो यस्तो संयन्त्र स्थापित भयो त्यति प्रभावकारी हुन सक्नेछ, अन्यथा राष्ट्रिय सूचना आयोगको मात्र कार्य हो भन्ने भावनाबाट अगाडि बढ्ने हो भने कार्यान्वयन फितलो हुने, नियमित नहुने र न्यायिक अधिकारको मात्र प्रयोग गरिरहनु पर्ने भएमा नागरिकले धेरै बोझ र झन्झट व्यहोर्नु पर्ने अवस्था आउन सक्दछ। यस तर्फ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय गंभीर हुनु पर्ने देखिन्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १८ | **संवर्द्धन तथा प्रबर्द्धनात्मक कार्यमा बजेट बृद्धि हुन पर्ने**<br>सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचनाको संरक्षण, सम्बर्द्धन र प्रचलनको लागि आयोग गठन भए पनि विगत पाँच वर्षमा ज्यादै सीमित बजेट विनियोजन भएका कारण यो आयोगले उल्लेखनीय रूपमा आफ्नो दायित्व निर्वाह गर्न सकेको छैन। सूचनाको हकको सम्बन्धमा जनचेतना जागृत गराउन, नागरिक समाज तथा गैरसरकारी संस्थाहरू सँग सहकार्य गरी एकिकृत रूपमा संम्बर्द्धन र प्रबर्द्धनका कार्य पनि गरिनु पर्ने, संचार माध्यम, प्रिन्ट मेडिया, रेडियो, टेलिभिजन, स्कुल Out Reach कार्यक्रम, गाउँ गाउँमा घुम्ती सेवा, प्रचार प्रसार गोष्ठी, अन्तरक्रिया, प्रशिक्षण, अनुगमन गर्ने कार्यका लागि उल्लेख्य बजेट विनियोजन हुनु पर्दछ। परम्परागत रूपमा सीमित बजेट लगानीबाट अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने भएकोले संबर्द्धन तथा प्रबर्द्धनका लागि बजेट विनियोजनमा उल्लेख्य बृद्धि हुनुपर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १९ | **अनुगमन प्रभावकारी बनाउनु पर्ने**<br>सार्वजनिक निकायमा रहेका सूचना मागकर्ताले समयमै प्राप्त गर्न सकेको अथवा नसकेको, अभिलेख प्रणाली चुस्त दुरुस्त भए नभएको, सूचना अधिकारीको व्यवस्था भए नभएको तथा सूचना माथी पहुँच भए नभएको विषयमा सरकारको तालुक निकायबाट समय समयमा अनुगमन गरिनु पर्दछ। यसरी अनुगमन गरेको प्रतिवेदन राष्ट्रिय सूचना आयोगमा पनि पठाउने व्यवस्था लागू हुनु पर्दछ। सूचना मैत्री कार्यालय, पदाधिकारी र सूचना प्रवाह गर्न देखाएको तत्परताको कदर गरी पुरस्कृत गर्ने व्यवस्था पनि लागू हुनु पर्ने देखिन्छ। राष्ट्रिय सूचना आयोगबाट भएको अनुगमनबाट प्राप्त सुझावहरू कार्यान्वयन हुनु पर्ने व्यवस्था गरिनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २० | **छुट्टै अभिलेख राख्ने**<br>सूचना माग कर्ताले प्राप्त गरेको र प्राप्त गर्न नसकेको अर्थात् सूचना दिन इन्कार गरिएको विषयमा छुट्टाछुट्टै अभिलेख तयार गरी राख्नु पर्ने र त्यसको जानकारी तालुक निकाय र राष्ट्रिय सूचना आयोगमा दिने व्यवस्था हुनु जरुरी छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २१ | **सूचना दिनु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्ने**<br>सूचना नदिएको र लुकाएको अवस्थामा सम्बन्धित सूचना अधिकारी वा कार्यालय प्रमुखलाई सजाय गरिएपश्चात् सूचना दिनु नपर्ने हो कि भन्ने संशय हटाउनका लागि सूचना दिनबाट उन्मुक्ति नपाउने व्यवस्था ऐनमा नै गर्नु पर्ने देखिन्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २२ | **लेखा परीक्षणको विषय बनाइनु पर्ने**<br>सूचनाको हकसम्बन्धी ऐन, नियममा व्यवस्था भए बमोजिम सूचना अधिकारीको व्यवस्था भए नभएको अभिलेख व्यवस्था तथा वर्गिकरण र अद्यावधिक विवरण भए नभएको, ३/३ महिनामा प्रकाशन गर्नु पर्ने विवरणहरू यथा समयमै प्रकाशन भए नभएको लगायत पालना गर्नु पर्ने काम भए नभएको विषयमा आन्तरिक तथा अन्तिम लेखा परिक्षणको विषय बनाई लेखा परिक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २३ | **आयोगको लागि जग्गा तथा सवारी साधनको व्यवस्था**<br>राष्ट्रिय सूचना आयोग स्थायी प्रकृतिको कार्यालय भएकोले र हालसम्म घरभाडामा कार्यालय सञ्चालन भएकोले कार्य सम्पादनमा सहजता प्राप्त गर्न नसकेको अनुभव भएको छ। अतः आयोगको लागि उपयुक्त ठाँउमा कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्नु पर्ने वा नेपाल सरकारको मातहत रहेका कुनै ठाँउमा जग्गा वा कार्यालय भवन नै उपलब्ध गराउनु पर्ने देखिन्छ। पर्याप्त सवारी साधन नहुँदा कार्यालयको कार्य सम्पादनमा असर परिरहेकोले उपयुक्त सवारी साधन पनि उपलब्ध गराउनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २४ | **आयोगका कर्मचारीहरूको वृत्ति विकास, तालिम, विदेश भ्रमण तथा प्रोत्साहन भत्ता**<br>राष्ट्रिय सूचना आयोगमा खटिने कर्मचारीहरू काठमाडौं उपत्यकामा बस्नु पर्ने, काज मिलाउनु पर्ने, अवकाश हुन केही समय बाँकी भएकालाई खटाउने, सकभर दरवन्दी पूर्ति नै नहुने, अन्यत्रबाट हटाउनु पर्ने प्रकृतिका कर्मचारीलाई सरुवा गरी पठाउने गरिएको अनुभूति भएको छ। आयोगमा कार्यरत कर्मचारीहरूलाई स्वदेश तथा विदेश तालिम, छात्रबृत्तिमा पनि सरकारका अरु निकायका कर्मचारी सरह अवसर उपलब्ध नभएको देखिन्छ। अतः यसकारण आयोगमा कार्यरत कर्मचारीमा कार्य उत्साह नहुनु स्वाभाविक हो। सरकारका अन्य निकायका राष्ट्र सेवकहरूले पाए सरहको वृत्ति विकासको सुविधा एवं प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्ने देखिन्छ। आयोगका आयुक्त तथा कर्मचारीहरूलाई अरु देशका सूचना आयोगमा भएका असल अभ्यास तथा कार्य सम्पादन तरिकाको अवलोकन तथा प्रशिक्षणका लागि समय समयमा पठाउने व्यवस्था हुनु पर्दछ। यसको लागि वार्षिक रूपमा बजेटमा नै विनियोजन गरिनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २५ | **आयोगको कार्यालय विस्तार गर्ने**<br>सूचना पाउनका लागि उपत्यका बाहिरबाट आयोगमा सर्म्पक गर्नु पर्ने वर्तमान व्यवस्था खर्चिलो, कठिन र झन्झटपूर्ण भएको गुनासाहरू प्राप्त भइरहेको सम्बन्धमा उपत्यका बाहिरका क्षेत्रीय विकास केन्द्रहरूमा आयोगको सर्म्पक कार्यालय विस्तार हुनुपर्ने तथा घुम्ती बेन्चको व्यवस्था गरी | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

| | | |
|---|---|---|
| | स्थानीय गुनासाहरूलाई सम्बन्धित ठाँउबाट समाधान दिन सक्ने गरी आयोगलाई सक्षम निकायको रूपमा विकास गर्न आवश्यक बजेट, ऐन तथा नियमावलीमा पनि आवश्यक संशोधन हुनु पर्ने देखिन्छ। | |

**२०६९/७० को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **सूचना अधिकारीको नियुक्तिको व्यवस्था तथा सूचनामा पहुँच बृद्धि गर्नुपर्ने**<br>सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्त गर्ने व्यवस्था गर्ने र निश्चित अवधि किटान गरी नियुक्त अधिकारीको विवरण आयोगमा पठाउने। सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागु गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम कर्तव्य अधिकारको स्पष्ट व्यवस्था गर्नु पर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| २ | **सार्वजनिक निकायले सूचना प्रवाह गर्नुपर्ने**<br>"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन" गराउने व्यवस्था भएकोले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरू ऐनको दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम नियमित रूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागु भएको ७ वर्ष भइसक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीरण हुन सकेको छैन। आमनागरिकसँग सरोकार राख्ने सूचनाहरू नियमित रूपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ। सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता बढ्न गै यस्तो गुन्जायस रहदैन। सार्वजनिक निकायउपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खवरदारी रहन्छ र सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुन जानुका साथै निर्णय प्रक्रियामा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ।<br>सार्वजनिक निकायले सञ्चालन गरेका विकास कार्यक्रम, कार्य सञ्चालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरूको लागु हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागु गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ। यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःफूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणालीभित्र समेटनु अपरिहार्य आवश्यकता रहेको छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ३ | **आयोगका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने**<br>आयोगले अध्ययन गरी तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएका देहायका प्रतिवेदनहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूमा निर्देशन भएको छ तापनि तिनको कार्यान्वयन अनुगमन गरी कार्यान्वयन गर्न गराउन आवश्यकता रहेको छ।<br>क) कक्षा ८–१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने।<br>ख) नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने।<br>ग) सूचनाको हकसम्बन्धी ऐनको दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरूमा आफ्नो निकायसम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरूमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले यथाशिघ्र संशोधन गर्ने गराउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ४ | **सूचनाको संरक्षण गर्ने**<br>नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ मा कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था रहेको छ। यसै गरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यवस्था गरेको छ। अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू व्यक्तिको हित प्रतिकूल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुदैन। जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरू रहेका हुन्छन्, अनाधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकूल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यवस्था हुनुपर्दछ। यसै गरी ऐनको दफा ३(३) को क देखि ङ बमोजिमका सूचनाहरू पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ। ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ। मुलुकी प्रशासन सञ्चालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्मबमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई सुरक्षित गर्नु पर्ने आवश्यकता रहेको छ भने सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरू अधिकतम रूपमा सरल र सहज ढंगबाट प्रवाहित हुनु पर्दछ र नागरिकको पहुँचमा सूचना पुऱ्याउन पनि झन बढी आवश्यकता रहेको छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ५ | **अभिलेख व्यवस्थापन गर्न Format तर्जुमा गरी लागु गर्ने**<br>सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिमका विवरणहरू नियमित रूपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन ऐन र नियमावलीबमोजिम २० प्रकारका सूचनाहरूको एकै प्रकारको विवरण (Format) तयार गरि अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यवस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न सहज गराउन डिजिटाइजेशन (Digitalization) गर्ने र यान्त्रिक प्रणाली (Electronic Version) मा सूचना अभिलेख राख्ने व्यवस्था मिलाउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ६ | **निर्देशिका बनाई लागु गर्ने**<br>सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्वःस्फूर्त प्रकाशन गर्ने विवरण (Pro-active Disclosure) तथा अपवादका विषय वर्गीकरण गर्ने तरिका र सूचना अधिकारीको काम, कर्तव्य र अधिकार र व्यवहार सम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागु गर्नु पर्ने देखिन्छ। यस्ता निर्देशिकाको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरुची हुदाँ हुँदै पनि उपयुक्त वातावरण र निर्देशिकाको अभावमा सूचना प्रवाह हुन नसकेको पाइएको छ। नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागु गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ७ | **सूचना शुल्क घटाउनु पर्ने**<br>सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठीन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धैरै समयपछि आएर शुल्क निर्धारण गरेको पाईन्छ। उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सी. को उत्तरपुस्तिकाको लागि रु. ७००।– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रु. ५,०००।– तोकेको छ। यसै गरी त्रिभुवन विश्वविद्यालयको रु. ५,५००।– तोकेको छ। अतः यसरी लागत भन्दा अति बढी शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नु पर्ने लगायतका व्यवधान पनि गरेका छन्। सम्मानित सर्वोच्च अदालतबाटसमेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भइसकेको परिप्रेक्ष्यमा धैरै बढी शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ। अतः यस्ता निकायहरूमा न्यूनतम लागत तोकिनका लागि सम्बन्धित सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढी शुल्क तोकेकोमा शुल्क घटाई एक रुपता ल्याउन पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ८ | **एकीकृत Portal बाट सूचना प्रवाह गर्ने** | |

| | | |
|---|---|---|
| | नेपाल सरकारबाट सञ्चालन भएको www.nepal.gov.np मा एकिकृत Portal मा सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरू सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यवस्था मिलाउन आवश्यकता रहेको छ । नेपाल सरकारका सार्वजनिक निकायका website हरू समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन सकेमा कार्यालयहरूमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारीक सूचना प्राप्त गर्न सकिने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जान्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ९ | **सूचनाको हकसम्बन्धी पुरस्कारको स्थापना गर्ने**<br>सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक, नेतृत्वकर्ता र गतिशिलता प्रर्दशन गर्ने तथा सूचना प्रवाह गर्ने गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र खेलेको भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमासमेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ । यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १० | **सूचनाको हक सम्बन्धमा इर्न्टनसिप व्यबस्था गर्ने**<br>सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इर्न्टनसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ । यसको लागि निश्चित रकम बजेटमा व्यबस्था गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| ११ | **आयोगको प्रतिरक्षा गर्ने**<br>राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्माननीय सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्ने गरेको र आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यवस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १२ | **सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्ने**<br>सूचना नमागे पनि नियमित रूपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ । सूचना लुकाउने संस्कारबाट अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारसमेत बढ्न जाने हुँदा सूचनाको अनिवार्य रूपमा प्रकाशन गर्ने तदारुकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले निरन्तरता पाउँछ । विश्वका धेरै देशहरूमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन सञ्चालन भएको र भ्रष्टाचार, अनियमितता उजागर भएर कानुनी कारवाहीसमेत भएको पाइन्छ । नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीय स्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरू सार्वजनिक भएर कानुन पालना गर्ने गराउने निकायबाट कारबाही भएका पनि छन् । अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १३ | **भौतिक पूर्वाधारको व्यबस्था गर्नु पर्ने**<br>आयोगको आफ्नो जग्गा र भवन नभएको र यो स्थायी प्रकृतिको कार्यालय भएको हुँदा आयोगको लागि उपयुक्त सरकारी भवनको व्यबस्था गरिनु पर्दछ । यसै गरी आयोगमा पर्याप्त सवारी साधन पनि नभएकोले विभिन्न जिल्लाहरूमा अन्तरक्रिया, छलफल, प्रशिक्षणमा आते जाते गर्न समस्या परिरहेकोले उपयुक्त सवारी साधनको व्यबस्था पनि गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १४ | **आयोगको क्षेत्रीय कार्यालय सञ्चालनसम्बन्धी व्यबस्था गर्ने**<br>आयोगको क्षेत्रीय कार्यालयहरू छैनन् र केन्द्रमा मात्र कार्यालय रहेको छ । जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने संस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरुन्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधैं अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचनाको पनि व्यबस्था गरिनु आवश्यक देखिएको छ । यस्तो अवस्थामा सीमित कामको लागि छुट्टै कार्यालय स्थापना गर्नु भन्दा पनि लागत र सुविधाका आधारमा सूचना तथा संचार मन्त्रालय अन्तर्गत रहेको जिल्लास्तरीय र क्षेत्रीयस्तरका हुलाक कार्यालयहरू जो त्यति धेरै कार्यबोझ पनि छैन ति कार्यालयहरूलाई केही प्रशासकीय नीतिगत निर्णयबाट परिक्षणको रूपमा जिल्ला र क्षेत्रस्तरमा सबै सार्वजनिक निकायको सूचना अधिकारीको नियुक्ति, सूचनामा पहुँच, सूचना प्रवाह गर्न गराउन र नियमित सूचना प्रकाशन तथा सार्वजनिकीकरण गर्ने गराउने कार्य गर्न लगाउने तथा अनुगमन गर्ने गराउने जिम्मेवारी दिने तर्फ सोचाई बनाउन आवश्यक देखिन्छ। यस्तो व्यबस्था गर्न आयोगले ति कार्यालयमा रहेको भौतिक सुविधाको प्रयोग र प्रशिक्षण दिई सूचनाको हकको कार्यान्वयनमा सघाउ पुर्‍याउन सक्ने छ । यसको लागि थप वित्तीय तथा प्रशासनिक सहयोग प्राप्त हुनु पर्ने देखिन्छ । यस्तो व्यबस्था केही कार्यालयमा नमूनाको रूपमा प्रयोग गरी सफल भएमा सबै कार्यालयमा विस्तार गर्ने नीति लिन उपयुक्त हुने देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |
| १५ | **आयोगको सुझाव कार्यान्वयन गर्ने**<br>आयोगले विगत वर्षहरू आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरू दिदैं आएको छ । यी सुझावहरू कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरू कार्यान्वयन भएका छैनन् । आयोगका प्रतिवेदनहरू संविधानसभा व्यबस्थापिका संसदमा प्रस्तुत भई छलफल पनि भएको छैन । अतः विगतका यस्ता सुझावहरूसहित प्रतिवेदन व्यबस्थापिका संसदमा प्रस्तुत गरी छलफल भई कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेको |

**२०७०/७१ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **सूचना अधिकारीको नियुक्तिको व्यबस्था तथा सूचनामा पहुँच बृद्धि गर्नुपर्ने**<br>सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्त गर्ने व्यबस्था गर्ने र निश्चित अवधि किटान गरी नियुक्त अधिकारीको विवरण आयोगमा पठाउने । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागू गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम कर्तव्य अधिकारको स्पष्ट व्यबस्था गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | **सार्वजनिक निकायले सूचना प्रवाह गर्नुपर्ने**<br>“राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन ” गराउने व्यबस्था भएकोले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरू ऐनको दफा ५(३) बमोजिम र नियमावलीको नियम ३ बमोजिम नियमितरूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागू भएको ७ वर्ष भइसक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण हुन सकेको छैन । आमनागरिकसँग सरोकार राख्ने सूचनाहरू नियमित रुपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ । सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता वृद्धि हुन गई यस्तो अवस्थाको गुन्जायस रहदैन । सार्वजनिक निकायउपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खवरदारी रहन्छ । यसबाट सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुन जानुका साथै निर्णय प्रक्रियामा जनताको | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| | स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ। सार्वजनिक निकायले सञ्चालन गरेका विकास कार्यक्रम, कार्य सञ्चालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरू लागू हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागु गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ। यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःस्फूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणालीभित्र समेटनु अपरिहार्य आवश्यकता रहेको छ। | |
| ३ | **आयोगका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने**<br>आयोगले अध्ययन गरी तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएका देहायका प्रतिवेदनहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूमा निर्देशन भएको छ तापनि तिनको कार्यान्वयन अनुगमन गरी कार्यान्वयन गर्न गराउन आवश्यकता रहेको छ।<br>क) कक्षा ८-१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने।<br>ख) नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालिन प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठि लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने।<br>ग) सूचनाको हकसम्बन्धी ऐनको दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरूमा आफ्नो निकायसम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरूमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले यथाशिघ्र संशोधन गर्ने गराउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | **सूचनाको संरक्षण गर्ने**<br>नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ मा कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यबस्था रहेको छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यबस्था गरेको छ। अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू व्यक्तिको हित प्रतिकूल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुँदैन। जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरू रहेका हुन्छन्, अनधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकूल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यबस्था हुनु पर्दछ। यसैगरी ऐनको दफा ३(३) को (क) देखि (ङ) बमोजिमका सूचनाहरू पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ। ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यबस्था गरेको छ। मुलुकी प्रशासन सञ्चालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्मबमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई सुरक्षित गर्नुपर्ने आवश्यकता रहेको छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | **अभिलेख व्यबस्थापन गर्न Format तर्जुमा गरी लागु गर्ने**<br>सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिमका विवरणहरू नियमित रुपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन ऐन र नियमावलीबमोजिम २० प्रकारका सूचनाहरूको एकै प्रकारको विवरण (Format) तयार गरी अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यबस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न सहज गराउन डिजिटाइजेशन (Digitization) गर्ने र यान्त्रिक प्रणाली (Electronic Version) मा सूचना अभिलेख राख्ने व्यबस्था मिलाउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | **निर्देशिका बनाई लागु गर्ने**<br>सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्वःस्फूर्त प्रकाशन गर्ने विवरण (Pro-active Disclosure) अपवादका विषय वर्गीकरण गर्ने तरिका र सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र व्यवहार सम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागु गर्नुपर्ने देखिन्छ। यस्त निर्देशिकाको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरुची हुँदा हुँदै पनि उपयुक्त वातावरण र निर्देशिकाको अभावमा सूचना प्रवाह हुन नसकेको पाइएको छ। नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागु गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिन पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | **सूचना शुल्क घटाउनु पर्ने**<br>सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठिन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धेरै समयपछि आएर शुल्क निर्धारण गरेको पाईन्छ। उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सि. को उत्तरपुस्तिकाको लागि रु ७००।– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रु ५,५००।– तोकेको छ। यसरी लागत भन्दा अति बढि शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नुपर्ने लगायतका व्यवधान पनि गरेका छन्। सम्मानित सर्वोच्च अदालतबाटसमेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भइसकेको परिप्रेक्ष्यमा धेरै बढि शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ। यसर्थ, यस्ता निकायहरूबाट न्युनतम लागत तोकिनका लागि सम्बन्धित सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढि शुल्क तोकेकोमा शुल्क घटाई एकरुपता कायम गरिनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | **एकीकृत Portal बाट सूचना प्रवाह गर्ने**<br>नेपाल सरकारबाट सञ्चालन भएको www.nepal.gov.np मा एकीकृत Portal मा सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरू सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यबस्था मिलाउन आवश्यकता रहेको छ। नेपाल सरकारका सार्वजनिक निकायका धभदकस्तभ हरू समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यबस्था मिलाउन सकेमा कार्यालयहरूमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारीक सूचना प्राप्त गर्न सकिने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जान्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ९ | **सूचनाको हकसम्बन्धी पुरस्कारको स्थापना गर्ने**<br>सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक नेतृत्वकर्ता र गतिशिलता प्रदर्शन गर्ने तथा सूचना प्रवाह गर्न गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र निर्वाह गरेका भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमासमेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ। यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | **सूचनाको हक सम्बन्धमा इर्न्टनसिपको व्यबस्था गर्ने**<br>सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इर्न्टनसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ। यसको लागि निश्चित रकम बजेटमा व्यबस्था गरिनु पर्दछ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ११ | **आयोगको प्रतिरक्षा गर्ने**<br>राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायाधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्न गरेको र आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यबस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| १२ | **सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्ने**<br>सूचना नमागे पनि नियमितरूपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ । सूचना लुकाउने संस्कारबाट अनियमितता ढिलासुस्ती र भ्रष्टाचारसमेत बढ्न जाने हुँदा सूचनाको अनिवार्यरुपमा प्रकाशन गर्ने तदारुकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले निरन्तरता पाउँछ । विश्वका धेरै देशहरूमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन सञ्चालन भएको र भ्रष्टाचार अनियमितता उजागर भएर कानुनी कारवाहीसमेत भएको पाइन्छ । नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीयस्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरू सार्वजनिक भएर कानुन पालना गर्ने गराउने निकायबाट कारवाही भएका पनि छन् । अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १३ | **भौतिक पूर्वाधार तथा मानव संशाधनको व्यवस्था गर्नु पर्ने**<br>आयोगको आफ्नो जग्गा र भवन छैन । यसर्थ यो स्थायी प्रकृतिको आयोग भएकोले यस्का लागि उपयुक्त सरकारी भवनको व्यवस्था गरिनु पर्दछ । यसैगरी आयोगमा पर्याप्त सवारी साधन पनि नभएकोले विभिन्न जिल्लाहरूमा अर्न्तक्रिया, छलफल, प्रशिक्षणमा आते जाते गर्न समस्या परिरहेकोले उपयुक्त सवारी साधनको व्यवस्था पनि गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १४ | **आयोगको क्षेत्रीय कार्यालय सञ्चालनसम्बन्धी व्यवस्था गर्ने**<br>आयोगको क्षेत्रीय कार्यालयहरू छैनन् र केन्द्रमा मात्र कार्यालय रहेको छ । जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने सँस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरुन्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधैं अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचनाको पनि व्यवस्था गरिन आवश्यक देखिएको छ । यस्तो अवस्थामा सीमित कामको लागि छुट्टै कार्यालय स्थापना गर्नु भन्दा पनि लागत र सुविधाका आधारमा सूचना तथा संचार मन्त्रालय अन्तर्गत रहेको जिल्लास्तरीय र क्षेत्रीयस्तरका हुलाक कार्यालयहरूलाई अनुगमन कार्य दिनु उपयुक्त हुन सक्तछ । हाल नीतिगत निर्णयबाट परीक्षणको रुपमा केही जिल्ला र क्षेत्रस्तरमा सबै सार्वजनिक निकायकहरूमा सूचना अधिकारीको नियुक्ति, सूचनामा पहुँच, सूचना प्रवाह गर्न गराउन र नियमित सूचना प्रकाशन तथा सार्वजनिकीकरण गर्ने गराउने कार्य गर्न लगाउने तथा अनुगमन गर्ने/गराउने जिम्मेवारी ती निकायलाई दिइएको छ । यस्तो व्यवस्थालाई सुदृढ गर्न आयोगले ती कार्यालयमा रहेको भौतिक सुविधाको प्रयोग र प्रशिक्षण दिई सूचनाको हकको कार्यान्वयनमा सघाउ पुऱ्याउन सक्ने छ । यसको लागि थप वित्तीय तथा प्रशासनिक सहयोग प्राप्त हुनु पर्ने देखिन्छ । तथापी क्षेत्रीयस्तरमा भने आयोगकै कार्यालय खोल्नुपर्ने देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १५ | **आयोगको सुझाव कार्यान्वयन गर्ने**<br>आयोगले विगत वर्षहरू आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरू दिदैं आएको छ । यी सुझावहरू कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरू कार्यान्वयन भएका छैनन् । आयोगका प्रतिवेदनहरू संविधानसभा व्यवस्थापिका संसदमा प्रस्तुत भई छलफल पनि भएको छैन । अतः विगतमा यस्ता सुझावहरूसहित प्रतिवेदन व्यवस्थापिका संसदमा प्रस्तुत गरी छलफल भई कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७१/७२ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **आयोगको कार्यक्षेत्र अनुसार यसको दायरालाई बृहत् बनाउने तथा क्षमता विकास गर्नेः-**<br>जनताको सूचनाको हक संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कार्य लोकतन्त्रको केन्द्रीय विषयवस्तु हो भन्ने विषयमा अव विवाद रहेन । यसका लागि आयोगको क्षमता विकास अनिवार्य शर्त हो । केन्द्रमा मात्र सीमित आयोगलाई कम्तिमा क्षेत्र वा प्रदेशसम्म विस्तार गर्नु नितान्त आवश्यकता मात्र होइन सूचनाको हकको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने छुट्टै प्रभावकारी नियामक निकाय (आयोग) को सवै क्षेत्रका जनताको वीचमा उपस्थित रहनु सान्दर्भिकसमेत भएको छ । जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने सँस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरुन्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधैं अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचना र सो अनुसारको कर्मचारीको पनि व्यवस्था गरिन आवश्यक देखिएको छ । यस सन्दर्भमा राष्ट्रिय सूचना आयोगको भौतिकरुपमा विस्तार र जनशक्तिमा आवश्यकतानुसारको बढोत्तरीसहित क्षमता विकास गरिनु पर्दछ । प्रचलित नियमानुसार O&M सर्भे गरी सो सर्वेक्षणको प्रतिवेदन अनुसार कार्यान्वयन गर्नुपर्दछ । साथै हाल आयोगको भवन भाडाको घरमा त्यो पनि सर्वसाधारणले सजिलै देख्न भेट्टाउन नसकिने अपायक स्थानमा रहेको छ । यस किसिमका कार्यालयहरू जनताको नजरमा सहजै हुने सार्वजनिक स्थलमा रहनु आवश्यक हुन्छ । अतः सिंहदरवार वरपरका सार्वजनिक स्थानमा यसको केन्द्रिय कार्यालय रहनु नितान्त जरुरी देखिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | **सूचनाको हकका सम्वन्धमा एकआपसमा बाझिएका कानुनहरू संशोधन गर्नेः-**<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरूमा आफ्नो निकायसम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरूमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले संशोधनको Action Plan बनाई यथाशिघ्र संशोधन गर्ने गराउने व्यवस्था गर्नुपर्ने हुन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ३ | **Privacy Act / Whistleblower Protection Act बनाई तत्काल लागू गर्नेः-**<br>नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन र सूचनाको हक सम्वन्धी प्रावधानलाई व्यवहारिक र प्रभावकारी रुपमा लागू गर्न परिपूरक कानूनको रुपमा Privacy Act र Whistleblower Protection Act तत्काल जारी गर्ने प्रवन्ध गरिनुपर्छ । Internal Whistleblower र ExternalWhistleblower हरूको संरक्षण र उत्प्रेरणा गर्नका लागि Reward का Package लागू गरिनुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | **व्यक्तिगत सूचनाको संरक्षण गर्ने विषयलाई प्राथमिकता दिनेः-**<br>नेपालको संविधान, २०७२ को धारा २८ मा कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था रहेको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यवस्था गरेको छ । अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू व्यक्तिको हित प्रतिकूल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुँदैन । जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरू रहेका हुन्छन् । अनधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकूल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यवस्था हुनु पर्दछ । यसैगरी ऐनको दफा ३(३) को (क) देखि (ङ) बमोजिमका सूचनाहरू पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ । ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । मुलुकी प्रशासन सञ्चालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्म बमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई सुरक्षित गर्नुपर्ने आवश्यकता रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | **Principle of Maximum Disclosure लाई सार्थक तुल्याउने/व्यवहारिक प्रयोग गर्नेः-**<br>यो सिद्धान्तका वहुआयामिक क्षेत्र भएतापनि मुख्यतया दुइवटा विषयसँग टड्कारो सम्वन्ध राख्दछ । पहिलो विषय हेर्ने हो भने नेपालको संविधान २०७२ को धारा १७ को उपधारा २(क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता उल्लेख गरिएको छ । सार्वजनिक निकायका सूचना प्राप्तिले मात्र नागरिकलाई विचार निर्माण गर्नमा सघाउछ जसले लोकतन्त्रको सार्थक अभ्यासमा टेवा पुग्दछ । दोश्रो विषय, आमनागरिकसँग सरोकार राख्ने सूचनाहरू नियमित रुपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ । तर त्यस प्रकारका सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता वृद्धि हुन गई यस्तो अवस्थाको गुन्जायस रहदैन । सार्वजनिक निकायउपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले | |

| | | |
|---|---|---|
| | गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खबरदारी रहन्छ । यसबाट सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुनुका साथै निर्णय प्रक्रियामा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ । सार्वजनिक निकायले सञ्चालन गरेका विकास कार्यक्रम, कार्य सञ्चालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरू लागू हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागू गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित रुपमा अधिकतम सूचना प्रवाहको कार्यसंस्कृति बसाल्ने व्यवस्था गर्नु अपरिहार्य भइसकेको छ । अत सार्वजनिक निकायका प्रमुखहरूको कार्यसम्पादन मूल्यांकन तथा नेतृत्व मूल्यांकनसँग यस विषयको प्रगति विवरण Tieup गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | **Principle of Simple Procedure of RTI लाई सबै सार्वजनिक निकायमा एकरुपता साथ लागू गर्न आवश्यक निर्देशिका बनाई लागू गर्नेः-**<br>राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने व्यवस्थाबमोजिम सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरू ऐनको दफा ५(३) बमोजिम र नियमावलीको नियम ३ बमोजिम नियमितरूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागू भएको झण्डै ८ वर्ष भइसक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण हुन सकेको छैन । एकातिर सार्वजनिक महत्वका सूचनाहरू नियमितरूपमा स्वतस्फूर्त प्रवाह नहुनु र अर्कोतिर प्रवाह गरिने वा माग गरेका सूचना प्रवाहसमेतको प्रक्रिया लामो, झंझटिलो बनाउने प्रवृतिलाई निरुत्साहित गरिनुपर्दछ । सूचना प्रवाह प्रक्रिया सरल र एकरुपताका लागि निर्देशिका बनाइ लागू गरिनुपर्छ । साथै सूचनाको हकसम्बन्धी ऐनमा उल्लेखित सूचना प्राप्त गर्ने कार्यविधि नागरिकले सहजै बुझ्ने गरी सूचना पाटीमा टाँस गरी जानकारी दिने व्यवस्था गरिनुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | **स्वःस्फूर्त सूचना प्रवाह (Pro-active Disclosure) को कार्यसंस्कृतिका लागि निर्देशिका बनाई लागू गर्नेः-**<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रकाशन गर्नुपर्ने विवरण तोकिएको छ । ती सूचनाहरू प्रत्येक ३।३ महिनामा स्वःस्फूर्त प्रकाशन (Proactive Disclosure) गनुपर्ने व्यवस्था गरेको छ । जसलाई सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र व्यवहारसहितको स्वःस्फूर्त प्रकाशनसम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागू गर्नुपर्ने देखिन्छ । हुनतः राष्ट्रिय सूचना आयोगले सरकारी निकायका लागि स्वतः प्रकाशन गर्ने निर्देशिका जारी गरेको छ । तथापी यसको व्यापक र प्रभावकारी प्रयोग हुन सकेको छैन । सबै सार्वजनिक निकायलाई समेटिने गरी निर्माण गर्नुपर्ने यस्ता निर्देशिका र उपयुक्त वातावरणको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरुची हुँदा हुँदै पनि सूचना प्रवाह हुन नसकेको पाइएको छ । नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागू गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिनु पर्दछ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःस्फूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणालीभित्र समेटने कार्यसंस्कृतिको विकास गर्नु अनिवार्य भइसकेको छ । संक्षेपमा भन्दा यस विषयलाई सबै निकाय र ती निकायका प्रमुखको कार्यसम्पादन मुल्यांकनसँग Tieup गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | **सार्वजनिक निकायका सूचनाहरू एउटा निश्चित Format मा एकीकृत ढाँचाबाट (Integreted Portal) प्रवाह गर्ने व्यवस्था गर्नेः-**<br>राज्यका हरेक क्रियाकलापहरू जनताको थैलीबाट तिरेको करबाट सञ्चालन भएको हुन्छ । यसर्थ जनताले आफ्नो थैलीको रकमको के कसरी प्रयोग भइरहेको छ ? स्वीकृत परिधिभित्र खर्च भइरहेको छ वा मनपरी भइरहेको छ ? राज्यका सवाल, जनताको जनजीवनको सवाल तथा लोकतन्त्रको सवाल लगायतका सार्वजनिक विषयमा के कस्ता नीति निर्णय भएका छन ? यावत विषयहरूको सूचना प्रत्येक नागरिकले स्वतस्फूर्तरुपमा नियममित रुपले प्राप्ति गर्ने अधिकार राख्दछन् । त्यस प्रकारका हरेक सूचनाहरू फरक फरक किसिमले प्रवाह गर्नु भन्दा पनि एउटा निश्चित Format मा प्रवाह गर्ने व्यवस्था गरिनुपर्छ । खासगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) र नियमावलीको नियम ३ बमोजिमका विवरणहरू नियमित रुपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन २० प्रकारका सूचनाहरूको एकै तरिकाले तोकिएको Format मा अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यबस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न र सहज गराउन विद्युतिय माध्यमका विभिन्न विधि र तरिकामा सूचना अभिलेख राख्ने व्यबस्था मिलाउनु पर्दछ । यसरी तय भएको निश्चित Format मा सूचना प्रवाह गर्ने व्यवस्थालाई नेपाल सरकारबाट सञ्चालन भएको www.nepal.gov.np मा एकीकृत Portal मा Linkup गरी सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरू सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यबस्था मिलाउन आवश्यकता रहेको छ । नेपाल सरकारका सार्वजनिक निकायका website हरू समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन सकेमा कार्यालयहरूमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारिक सूचना प्राप्त गर्न सकिने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जान्छ । अतः यस व्यवस्थालाई आवश्यक भौतिक, वित्तिय र व्यवस्थापकीय चाजोपाजो मिलाई चुस्त बनाउन आवश्यक लगानी गर्नु नितान्त आवश्यकता परेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ९ | **सूचना अधिकारीको नियुक्तिको व्यवस्थाको स्वचालित प्रणाली तथा सूचनामा पहुँच हुने कार्यविधि तय गर्नुपर्नेः-**<br>सूचनाको हकको प्रचलन, प्रवर्द्धन गर्ने प्रयोजनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ अनुसार तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क. अनुसार सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने व्यवस्था छ । तर कतिपय निकायहरूले यसलाई औपचारिकता मात्र दिने प्रयोजन गरेको पाइएको छ । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागू गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम, कर्तव्य एवं अधिकारको स्पष्ट व्यवस्था गर्नु पर्ने हुन्छ । यसका अतिरिक्त कुनैपनि सार्वजनिक निकायमा तोकिएको सूचना अधिकारी कुनैपनि कारणले रिक्त भएमा स्वतः अर्को व्यक्ति तोकिने स्वचालित प्रणाली कायम गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | **आयोगको प्रतिरक्षा गर्ने प्रणाली व्यवस्थित गर्नेः-**<br>राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायाधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्ने गरेका कारण आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यवसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यबस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ११ | **सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक तथा प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालनः -**<br>सूचनाको हकसम्बन्धी विषयलाई आमनागरिकका वीचमा फैलाई खुला र पारदर्शी शासन व्यवस्थाको प्रवर्द्धन गर्दै लोकतन्त्रका लाभहरूको वितरणमा कुनै व्यक्ति, वर्ग वा क्षेत्रको मात्र बर्चश्व कायमहुन नदिई आमनागरिकको स्वामित्व स्थापित गर्न, यस किसिमका कार्यमा संलग्न अभियन्ताहरूलाई प्रोत्साहित गर्न देहायका कार्यक्रमहरू संञ्चालन गर्नुपर्दछ ।<br>क) पुरस्कार कोषको स्थापना गर्नेः सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक नेतृत्वकर्ता र गतिशीलता प्रदर्शन गर्ने तथा सूचना प्रवाह गर्न गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र निर्वाह गरेका भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमासमेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ । यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| | ख) सूचनाको हक सम्बन्धमा इर्न्टनसिपको व्यवस्था गर्नेः सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इर्न्टनसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ । यसमा कर्मचारी कसैले आफ्नो अध्ययनका सिलसिलामा यस विषयमा अध्ययन अनुसन्धान वा यस्तै प्रकारका प्रतिवेदन लेखन, Thesis लेखन कार्य गर्न प्रोत्साहन गरी निजहरूलाई सो कार्यमा लाग्ने खर्च सरकारले व्यहोर्ने व्यवस्था गर्नुपर्ने ।<br>ग) विद्यालय शिक्षाको पाठ्यक्रम र विभिन्न तालिम कार्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्नेः विश्वमा सूचनाको हकसम्बन्धी विषय नयाँ नभएपनि हाम्रो देशको सन्दर्भमा यो नौलो विषय हो । सूचनाको हकसम्बन्धी विषयलाई कसैले पत्रकार वा Media को हकको रुपमा त कसैले जासुसी संस्थाको प्रयोजनकारुपमा बुझ्ने गरेको पाइन्छ । यथार्थमा यो त लोकतन्त्रको आधारस्तम्भ बलियो बनाउने नागरिकको हक हो । प्रत्येक नागरिकलाई सार्वजनिक निकायको सूचना पाउने हक हुने विषय विद्यालय तहदेखिका विद्यार्थीहरूलाईसमेत अभ्यस्त बनाउन कम्तिमा कक्षा ६–१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने व्यवस्था गरिनुपर्छ । त्यसैगरी नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण, अर्न्तक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने व्यवस्था गर्नुपर्ने हुन्छ । | |
| १२ | **सूचना शुल्क घटाउनु पर्नेः-**<br>सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठिन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धेरै समयपछि आएर शुल्क निर्धारण गरेको पाईन्छ । उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सि. को उत्तरपुस्तिकाको लागि रु ७००।– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रु ५,५००।– तोकेको छ । यसरी लागत भन्दा अति बढि शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नुपर्ने लगायतका व्यवधान पनि रहेका छन् । सम्मानित सर्वोच्च अदालतबाटसमेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भइसकेको परिप्रेक्ष्यमा धेरै बढि शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ । यसर्थ, यस्ता निकायहरूबाट न्युनतम लागत तोकिनका लागि सम्बन्धित केन्द्रीय सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढि शुल्क तोकेकोमा शुल्क घटाई एकरुपता कायम गरिनु पर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १३ | **सूचनाको हक प्रचलनमा प्रमुख बाधक रहेको गोप्य संस्कृति विरुद्ध अभियान सञ्चालन गर्नेः-**<br>सार्वजनिक निकायका सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्न एउटा सिंगो अभियान नै राज्यका निकायहरू, निजी क्षेत्र, नागरिक समाज, मिडिया तथा यसका अभियन्ताहरूको सामुहिक प्रयास आवश्यक देखिएको छ । सूचना नमागे पनि नियमितरूपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ । सूचना लुकाउने संस्कारबाट अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारसमेत बढ्न जाने र अपारदर्शी कार्यसंस्कृतिको विकास हुने हुँदा सूचनाको अनिवार्यरुपमा प्रकाशन गर्ने तदारुकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले निरन्तरता पाउँछ । विश्वका धेरै देशहरूमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन सञ्चालन भएको र भ्रष्टाचार अनियमितता उजागर भएर कानुनी कारवाहीसमेत भएको पाइन्छ । नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीयस्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरू सार्वजनिक भएर कानून पालना गर्ने गराउने निकायबाट कारवाही भएका पनि छन् । अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ । यसका लागि सूचनाको हकसम्बन्धी अधिकारलाई अभियान कै रुपमा लैजानु पर्ने देखिन्छ । अन्ततः यसको नेतृत्व राजनीति र प्रशासन दुवैले एकैसाथ लिने प्रण हुनुपर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १४ | **सूचनाको हकसम्बन्धी क्रियाकलापको अनुगमन मूल्यांकनलाई प्रत्येक सार्वजनिक निकायका नेतृत्वको कार्यविवरण तथा चेकलिष्टमा स्पष्ट तोक्नेः-**<br>सुशासन ऐन र नियमावलीबमोजिम कुनैपनि सार्वजनिक निकायका प्रमुखहरू मातहतका निकायको अनुगमन, मूल्यांकन, निरीक्षण तथा सुपरिवेक्षणमा जादा र प्रतिवेदन गर्दा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीले तोकेको कार्यसम्पादन गरे नगरेको सम्बन्धमासमेत अनुगमन मूल्यांकन गर्नुपर्ने र प्रतिवेदन गर्नुपर्ने व्यवस्था अनिवार्य गर्न आवश्यक देखिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १५ | **आयोगको सुझाव कार्यान्वयन गर्नेः-**<br>आयोगले विगत वर्षहरू आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरू दिदैं आएको छ । यी सुझावहरू कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरू कार्यान्वयन भएका छैनन् । आयोगका प्रतिवेदनहरू संविधानसभा व्यवस्थापिका संसदमा प्रस्तुत भई छलफल पनि भएको छैन । अतः विगतमा यस्ता सुझावहरूसहित प्रतिवेदन व्यवस्थापिका संसदमा प्रस्तुत गरी छलफल भई कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १६ | माथि उल्लेखित सुझावहरूको अतिरिक्त विगतका प्रतिवेदनमा समावेश भएका निम्न सुझावहरूको शीघ्र कार्यान्वयनको लागि ध्यानाकर्षण गरिन्छः<br>क) कानूनले श्रृजना गरेको दायित्व पूरा गर्न सार्वजनिक निकायहरूलाई उत्प्रेरित र दवाव दिने दुवै नीति अख्तियार गर्ने ।<br>ख) सार्वजनिक निकायका सूचना अद्यावधिक गर्ने विशेष कार्ययोजना तर्जुमा गरी लागू गर्ने ।<br>ग) सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ता र गैरसरकारी संस्थाको क्रियाशीलतालाई अभिबृद्धि गर्ने ।<br>घ) सूचना हासिल गर्ने प्रशासनिक प्रक्रियालाई सरल तुल्याउने ।<br>ङ) सूचनाको हकसम्बन्धी ऐनमा समसामयिक संशोधन गर्नुपर्ने ।<br>च) कर्मचारीको शपथबाट गोपनियता शब्द हटाउनु पर्ने ।<br>छ) सूचनाको हकको प्रचलनका लागि व्यापकरुपमा प्रचार प्रसार गर्नुपर्ने ।<br>ज) सार्वजनिक निकायका छलफल, बैठक खुला गर्नुपर्ने ।<br>झ) RTIAudit / RTIBudget को अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्ने ।<br>ञ) आयोगमा कार्यरत कर्मचारीलाई प्रोत्साहनमा आधारित भत्ता लागू गर्नुपर्ने ।<br>**संविधान संशोधन गरी सूचनाको हकलाई स्तरोन्नति गर्ने सुझावः-**<br>नेपालको संविधान, २०७२ निर्माणका वखत आयोगबाट केही सुझावहरू प्रस्तुत भएका थिए । ती सुझावहरू सबै लागू हुन सकेनन् । संविधान एउटा गतिशील दस्तावेज भएकाले भविष्यमा हुने संशोधनका बखत सूचनाको हकका क्षेत्रमा न्यूनतम पनि निम्न सुझाव समेटिनु पर्ने आयोगको सुझाव छः<br>क) “नागरिकको सूचना माग्ने र पाउने हक” को स्थानमा “सूचना माग्ने, पाउने र प्रवाह गर्ने हक” हुनेछ भन्ने शव्द र “तर कानूनद्धारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन” को सट्टा “तर सूचनाको हकसम्बन्धी ऐनद्धारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन” भन्ने शब्द राख्नु पर्दछ ।<br>ख) राष्ट्रिय सूचना आयोगलाई सम्बैधानिक हैसियत दिनुपर्दछ ।<br>ग) सबै प्रान्तमा प्रान्तीय सूचना आयोग खडा गर्नुपर्दछ ।<br>घ) एउटै सूचनाको हकसम्बन्धी छाता ऐनमा संघीय राष्ट्रिय सूचना आयोग र प्रान्तीय सूचना आयोगको व्यवस्था गर्नुपर्दछ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७२/७३ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **संविधानको धारा २७ मा परिमार्जनः** | |

| | | |
|---|---|---|
| | नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भन्ने व्यवस्था छ। यसमा निम्नानुसारको संशोधन गरी परिमार्जन गर्नु पर्ने देखिन्छ।<br>१.१ नागरिकको सट्टा व्यक्तिलाई अधिकार दिनु पर्ने:<br>हाल हामी बिश्वव्यापी सञ्जालमा आबद्ध छौं। नेपालले बिश्वका प्रायः सबै अन्तर्राष्ट्रिय संयन्त्र/सञ्जालको सदस्यता लिनुका साथै तिनीहरूको संरचनाप्रति प्रतिबद्धता जनाएको छ। हामीले प्रत्यक्ष बैदेशिक लगानी (FDI) को आव्हान गरेका छौं। गैह्र आवासिय नेपालले पनि नेपालमा लगानी बृद्धि गर्दैछन्। नेपालको प्राथमिकतामा पर्यटन व्यवसाय पर्दछ। यी सबै पक्षलाई मनन् गर्दा अब 'नेपाली नागरिक' लाई प्रदान गरिएको आफूसँग सम्बन्धित सूचना माग्ने हक 'व्यक्ति' लाई प्रदान गर्नु समय सापेक्ष हुनेछ।<br>१.२ प्रवाहको हक थप गर्ने:<br>सन् १९४८ मा जारी गरिएको मानव अधिकारसम्बन्धी घोषणापत्रको दफा १९ मा र विश्वव्यापी प्रचलनलाई नियाल्दा प्रत्येक व्यक्तिमा सूचना माग्ने, पाउने र प्रबाह गर्ने हकको सुनिश्चिता देखिन्छ। यसर्थ संविधानको धारा २७ मा पनि 'प्रबाहको हक' थप गर्नु पर्छ।<br>१.३ प्रादेशिक सूचना आयोगको स्थापना गर्ने:<br>नेपालको संविधानले नेपाललाई ७ वटा प्रदेशमा बिभाजन गरेको छ। संघीय शासन पद्धति अवलम्बन गरेका प्रायः सबै मुलुकमा संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोग स्थापना गर्ने प्रचलन छ। यसर्थ नेपालमा पनि प्रादेशिक सूचना आयोग स्थापनाको संबैधानिक प्रत्याभूति हुनु पर्दछ।<br>१.४ छाता कानून निर्माण गर्ने:<br>नेपालमा सूचनाको हकको अभियानले औपचारिकता पाएको करिब २५ वर्ष पुग्यो। यसर्थ हालका लागि संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोगको गठन र कार्य क्षेत्रको बाँडफाँड एउटै छाता कानूनद्वारा गर्नु उपयुक्त हुनेछ।<br>१.५ प्रतिबन्धात्मक वाक्यको भ्रम हटाउने:<br>संविधानको धारा २७ मा रहेको प्रतिबन्धात्मक वाक्यमा रहेको तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचना दिन बाध्य गरिने छैन भन्ने कुरा सूचनाको हकसम्बन्धी ऐनले प्रबाह नगरिने सूचना दिन बाध्य गरिने छैन भन्ने भावनामा लेखिएको हो। तर, केही व्यक्तिहरूले क्षेत्रगत कानूनमा रहेको गोप्य प्राबधानसमेतलाई जोडेर यस विषयलाई बुझ्दा भ्रम श्रृजना भएको छ। यसर्थ संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यमा 'तर सूचनाको हकसम्बन्धी कानूनमा प्रवाह नगरिने भनिएका सूचना दिन कसैलाई पनि बाध्य गरिने छैन' भनी परिमार्जन गरिनु पर्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | **सूचनाको हकसम्बन्धी ऐनमा संशोधन:**<br>ऐन जारी भएको दश वर्ष भयो। यस अवधिमा नयाँ संविधान नै जारी भएको र राजनैतिक क्षेत्रमा व्यापक परिवर्तन भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा केही विषय बस्तुमा आधारभूत रुपमै परिमार्जन गर्नु परेको छ। जो निम्नानुसार छन्:<br>२.१ प्रादेशिक सूचना आयोगको व्यवस्था:<br>संविधान संशोधनको विषय प्रक्रियागत रुपमा बढी समय लाग्ने र जटिल हुनु स्वभाविकै हो। यसर्थ संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोगको व्यवस्था गर्ने र अधिकार र कार्यक्षेत्र बाँडफाँड गर्ने गरी ऐनमा संशोधन गर्नु पर्छ।<br>२.२ परिभाषाको दफालाई प्रष्ट पार्ने:<br>ऐनको परिभाषा खण्डमा सार्वजनिक निकाय भन्नाले सरकारी कार्यालय, राजनैतिक दल र सार्वजनिक संस्थानलाई बुझाएको कुरा प्रष्ट छ। तर, गैह्र सरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा प्रष्ट हुने गरी परिभाषा खण्डमा लेखिनु पर्दछ।<br>२.३ सार्वजनिक निकायको दायित्व प्रष्ट पार्ने:<br>ऐनको दफा ४ मा सार्वजनिक निकायको दायित्व संक्षिप्तमा लेखिएको छ। तर, यी दायित्व अन्य दफाका अतिरिक्तका दायित्व हुन्। जुन कुरा यसै दफामा प्रष्ट गर्न नसक्दा कतै सार्वजनिक निकायले पूरा गर्नु पर्ने दायित्वहरू दफा ४ मा सीमित केही बुँदा मात्रै हुन कि भन्ने जस्तो देखिन्छ। जसलाई सुधार गर्न जरुरी छ।<br>२.४ स्वतः प्रकाशन र दण्डको व्यवस्था:<br>सूचनाको हकसम्बन्धी ऐनको मूल उद्देश्य भनेकै नागरिकले सूचना माग नगरे पनि सार्वजनिक निकायको तर्फबाट निरन्तर सूचना प्रबाह भइरहनु पर्ने हो। यसका लागि ऐनको दफा ५ मा प्रत्येक ३।३ महिनामा सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नु पर्ने व्यवस्था छ। तर यस्तो बिवरण सार्बजनिक नगरेमा दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य बिभागीय सजाय हुने गरी प्रष्ट व्यबस्था गर्न अति नै जरुरी छ।<br>२.५ सूचना अधिकारीको योग्यता र सुविधा:<br>सूचनाको हकसम्बन्धी कानूनबमोजिम नागरिकलाई सूचना प्रबाह गर्न सर्वाधिक महत्वपूर्ण भूमिका निर्बाह गर्ने पदाधिकारी नै सूचना अधिकारी हो। यसर्थ निज कार्यालय प्रमुख पछिको दोस्रो व्यक्ति तोकिनु पर्ने वा प्रचार विभागको प्रमुख वा निश्चित महाशाखाको प्रमुख तोकिनु पर्दछ। निजले सूचना प्रबाहको तालिम लिएको हुनु पर्छ। निज नागरिकको अधिकारको प्रचलनमा सकारात्मक सोच भएको हुन पर्छ। निजलाई सूचना अधिकारी भई काम गरे बापत केही सुबिधा दिने गरी प्याकेज घोषणा गर्नु पर्छ। बार्षिक रुपमा उत्कृष्टसूचना अधिकारीलाई पुरस्कृत गर्नु पर्छ। यी कुरा ऐन र नियमावलीमा प्रष्ट गर्न जरुरी छ।<br>२.६ कार्यबिधि छोट्याउने:<br>बर्तमान सूचनाको हकसम्बन्धी ऐनले सूचना माग गरेको १५ दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा वा निजले सूचना दिन इन्कार गरेमा कार्यालय प्रमुखसमक्ष उजुरी गर्नुपर्ने, त्यसपछि प्रमुखले ७ दिनभित्र सूचना दिनु उपलब्ध गराउनु पर्ने, निजबाट पनि सूचना उपलब्ध नभए पुनरावेदनमार्फत् राष्ट्रिय सूचना आयोगले सूचना दिनू भन्ने आदेश जारी गर्नुपर्ने व्यवस्था छ। यो प्रक्रिया लामो र झण्झटपूर्ण भएको अनुभवले देखाएको छ। यसर्थ सामान्य, माध्यमस्तरीय र जटिल सूचना गरी क्रमशः ३ देखि ५ दिन, ५ देखि १० दिन र १० देखि १५ दिनभित्र सूचना उपलब्ध गराउने गरी कार्यदिन घटाउनु पर्छ। यसैगरी सूचना अधिकारी र कार्यालय प्रमुखको दुई तहको प्रणाली पनि साह्रै बैज्ञानिक देखिएको छैन। व्यवहारमा यी दुबैको निर्णय सर्वत्र एकै देखिएको छ। यसर्थ यसमा पनि सुधारको खाँचो देखिएको छ। साथै, मौखिक सूचना माग र प्रबाहको पनि अभिलेख राख्ने प्रणालीको विकास गरी बार्षिक रुपमा कति वटा सूचना प्रबाह भयो ? सोको दुरुस्त विवरण सार्वजनिक गर्नु पर्दछ। यस विषयलाई ऐनद्वारा नै बाध्य नगरी लागू हुने देखिदैन।<br>२.७ दस्तुरमा छुट दिने:<br>नेपालको सूचनासम्बन्धी कानूनले विपन्न, प्राकृतिक विपत्तीमा परेका वा प्रत्यक्ष सरोकारवाला वा जनतामा सूचना पुऱ्याउने प्रयोजनका लागि सूचना माग गर्ने संचारकर्मी लगायत कसैलाई पनि निःशुल्क सूचना दिने व्यवस्था छैन। यो व्यवस्था गर्नु अन्तर्राष्ट्रिय प्रचलन अनुरुप हुने छ। सबै सूचना मागको निवेदनमा कुनै दस्तुर नलाग्ने, रु दशको हुलाक टिकट पनि टाँस गर्नु नपर्ने र पहिलो २५ पृष्ठसम्मको सूचना निःशुल्क हुने लगायतका प्रावधान ऐनमा समावेश गर्नु पर्दछ।<br>२.८ आयोगका पदाधिकारीसम्बन्धी व्यवस्था:<br>राष्ट्रिय सूचना आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थामा पनि सिफारिस समिति, सुबिधा र पदावधिमा सुधारको आवश्यकता बोध भएको छ। विश्वव्यापी प्रचलनलाई हेर्दा प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेतासमेत रहेको सिफारिस समितिको सिफारिसका आधारमा आयोगका पदाधिकारीहरू राष्ट्रपतिबाट नियुक्ति गर्नु पर्छ। साथै, सूचना आयुक्तहरू प्रमुख सूचना आयुक्तमा नियुक्ति हुन एक पदावधिले बाधा नपर्ने कुरा पनि प्रष्ट्याउनु जरुरी छ। साथै, आयोगको निरन्तरताका लागि दुई जना आयुक्तको हकमा चक्रीय प्रणालीद्वारा प्रत्येक साढे दुई वर्षमा एक जना नियुक्ति गर्ने प्रबन्ध गर्न सके राम्रो हुने अनुभवले देखाएको छ।<br>२.९ सूचना वर्गीकरणको समयावधि तोकिनु पर्ने: | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना वर्गीकरण गर्ने व्यवस्था छ। हाल सूचना वर्गीकरण नभएको स्थिति छ। यसमा अधिकतम् ३ महिनाभित्र सूचना वर्गीकरण गर्नु पर्ने गरी समय सिमा किटान गर्नु जरुरी देखिन्छ।<br>२.१० सूचना दुरुपयोगको प्रावधान हटाउनेः<br>विश्वव्यापी अनुभवलाई नियाल्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३१ बमोजिम सूचना दुरुपयोग गर्न नहुने र दफा ३२ बमोजिम सूचना दुरुपयोग गरेकोमा दण्ड हुने व्यवस्था हटाउनु पर्ने देखिन्छ। | |
| ३ | **सूचनाको हकसम्बन्धी नियमावलीमा संशोधनः**<br>समय र परिस्थितिको गतिशीलतासँगै मौजुदा ऐन र नियमावलीमा संशोधनको आवश्यकता पर्दछ। हाल सूचनाको हकले नागरिकमा सचेतना बृद्धि गर्दै लगेको परिवेशमा सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा पनि समय सापेक्ष निम्नानुसारको परिमार्जन आवश्यक देखिएको छ।<br>३.१ स्वतः प्रकाशनको प्रावधानमा संशोधनः<br>नियमावलीको नियम नं. ३ मा ३।३ महिने स्वतः प्रकाशनमा ऐनको प्रावधानमा अतिरिक्त ७ वटा बुँदा थप गरिएको छ। यी बुँदा प्रायः सरकारी कार्यालयको लागि मात्रै अनुकूल हुँदा बिशेषगरी राजनैतिक दल र निजी क्षेत्रका लागि आवश्यक नपर्ने गरी यस प्रावधानलाई परिमार्जजन गर्नु पर्दछ।<br>३.२ मौखिक र विद्युतीय सूचनाको व्यवस्थाः<br>नेपालमा मौखिक सूचना माग गर्ने र दिने, तर अभिलेख नराख्ने प्रचलन छ। यसमा सुधार गर्न जरुरी छ। साथै, विद्युतीय सञ्जालबाट सूचना प्रवाह गर्ने प्रावधान नियमावलीमा समावेश गरी सोही अनुरुपको कार्य पद्धति अनुशरण गर्नु पर्दछ।<br>३.३ पुनरावलोकन दर्ता प्रक्रिया सरल गर्नेः<br>नेपालमा अझै आमनागरिकले सूचनाको हकको व्यापक रुपमा प्रयोग गर्न नसकेको स्थितिलाई मध्यनजर गरी नियमावलीमा उल्लेखित पुनरावलोकनको प्रक्रियालाई सरल तुल्याउन जरुरी छ। साथै, पुनरावेदन प्रस्तुत गर्ने अनुसूचीको ढाँचालाई पनि सरल तुल्याउन आवश्यक छ।<br>३.४ आयोगको कर्मचारीसम्बन्धी व्यवस्थाः<br>सम्भव भए आयोगको छुट्टै सेवा समूहको कर्मचारी र सो नहुँदासम्म सरकारले आयोगसँग समन्वय गरी कर्मचारी खटाउने र तिनको अधिकार र काम आयोगले तोक्ने प्रबन्ध गर्दा काममा चुस्तता आउने हुन्छ।<br>३.५ आयोगको कामको कार्यबिधि निर्धारणः<br>आयोगबाट सम्पादन हुने प्रशासनिक काम, विनियोजन बजेटको खर्च, दाताको सहयोगको परिचालन लगायतका प्रशासनिक कार्यमा आयोगले निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्थाले आयोगको काममा सरलता र सहजता पैदा हुनेछ। यसकालागि छुट्टै प्रशासनिक र आर्थिक कार्यबिधि स्वयम् आयोगले तर्जुमा गरी लागू गर्न सक्ने दिशा तर्फ जानुपर्छ।<br>३.६ विज्ञ र बिशेषज्ञको नियुक्तिः<br>आयोगले आफ्नो काममा सरलता र सहजताका लागि विज्ञ र बिशेषज्ञ नियुक्ति गर्न पाउने व्यवस्था गरिनु पर्दछ।<br>३.७ आयोगलाई बिशेष अधिकारः<br>नियमावलीबाट सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनमा आवश्यक पर्ने सबै कार्य आयोगले स्वतन्त्र रुपमा गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नुपर्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | **आयोगको पचहत्तरै जिल्लामा सम्पर्क विन्दू खडा गर्नेः**<br>सूचनाको हकलाई लोकतन्त्रको प्राणवायूका रुपमा लिईन्छ। नागरिकका सबै मौलिक हक मध्ये यसलाई श्रेष्ठ अधिकार ठानिन्छ। नागरिकमा सूचनाको हकको प्रचलनको उत्प्रेरणाले अन्य अधिकारको प्रयोगमा सहजता आउनु स्वभाविकै हो। यस्तो महत्वपूर्ण सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन स्थापित राष्ट्रिय सूचना आयोगको काठमाडौं बाहेक नेपालभरी कार्यालय छैन। यस्को पचहत्तरै जिल्लामा निम्नानुसारको सम्पर्क बिन्दू (Focal Point) खडा गर्न सुझाव गरिन्छ।<br>४.१ पचहत्तरै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा एउटा छुट्टै कोठा दिई साईनबोर्डसहित राष्ट्रिय सूचना आयोगको सम्पर्क बिन्दू खडा गर्ने।<br>४.२ राष्ट्रिय सूचना आयोगको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी प्रमुख जिल्ला अधिकारीको सुपरीवेक्षणमा सञ्चालन हुने गरी यस्तो सम्पर्क बिन्दू खडा गर्ने।<br>४.३ प्रजिअ रा.प. प्रथम श्रेणी हुने जिल्लामा शाखा अधिकृत सरहको र प्रजिअ रा.प. द्वितीय श्रेणी हुने जिल्लामा नायब सुब्बा सरहको एक जना कर्मचारीलाई यस सम्पर्क बिन्दूमा खटाउने।<br>४.४ यस सम्पर्क बिन्दूमा सामान्य प्रशासन मन्त्रालयले तत् जिल्ला कै कुनै कर्मचारी वा घर पायक पर्ने गरी कर्मचारीलाई काजमा खटाउने प्रबन्ध गर्ने। यसरी काज खटिने कर्मचारीलाई तालिमसमेत दिई काममा खटाइने हुँदा सामान्यतः एक वर्षसम्म काज फिर्ता नगर्ने।<br>४.५ यसरी खटिइने कर्मचारीको लागि कम्प्यूटर, टेलिफोन लगायतको लजिष्टिक आयोगले उपलब्ध गराउने र आयोगले निजको तलब बराबरको रकम भत्ता स्वरुप उपलब्ध गराउने।<br>४.६ यस सम्पर्क बिन्दूमार्फत् सूचनाको हकका क्षेत्रमा आयोगले विविध रचनात्मक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने गराउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | **RTI Audit / RTI Budget को थालनी गर्नेः**<br>नेपालमा पहिलो पटक राष्ट्रिय सूचना आयोगले ३१ वटा मन्त्रालयको सूचनाको हकको प्रचलनको स्थितिको समीक्षा गर्न Right to Informaion Audit गरेको छ। यसलाई क्षेत्रगत र जिल्लागत रुपमा व्यापकता दिनसके सूचनाको हकको कार्यान्वयनमा देखिएका कमी कमजोरी निदान भई नागरिकको सूचनाको हकको प्रयोगमा बृद्धि हुने थियो। यसबाट मुलुकमा सुशासन कायम हुन मद्दत पुग्नेछ। यसैगरी सबै सार्वजनिक निकायले आफूले कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको जनतामा पुग्ने लाभको बारेमा प्रचार प्रसार गर्ने, सेवाग्राही जनतासँग अन्तरक्रिया गर्ने, कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेहरूको पनि सक्रियता र सहयोग विस्तार गर्न निर्देशक समिति गठन गर्ने र भए गरेका कामको सूचना प्रवाह गरी सरकार प्रतिको भरोसा र विश्वास बढाउने प्रयास गर्न Right to Informaion Budget को आरम्भ गर्नुपर्छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | **विश्व विद्यालय र स्कूलको पाठ्यक्रममा समावेश गर्नेः**<br>त्रिभुवन विश्व विद्यालय वा अन्य कुनै विश्व विद्यालयमा सूचनाको हकको छुट्टै विभाग स्थापना गर्नुपर्छ। यस विभागमा अन्य मिल्दो विषयहरू पनि समावेश गर्न सकिन्छ। यस विधाको अध्ययनले नेपालमा लोकतन्त्रको प्रबर्द्धन र स्थायित्वलाई बल पु्र्‍याउने छ। यस विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारीमा नियुक्ति गर्न पनि सकिन्छ। हुनतः हालका लागि पत्रकारिता वा कानून विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई सूचना अधिकारीमा नियुक्ति गर्ने गरी निजामती सेवा ऐनमा आवश्यक संशोधन गर्नु उपयुक्त हुनेछ। यसैगरी स्कूलको कक्षा ६ देखि १२ कक्षासम्मको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्दा विद्यार्थीहरूले पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र सुशासनको बोध गर्नेछन्। यसबाट भावि पुस्ताले सञ्चालन गर्ने राजनीति, प्रशासन, गैह्रसरकारी संस्था र निजी प्रतिष्ठान तुलनात्मक रुपमा पारदर्शी हुने कुरामा विश्वस्त हुन सकिन्छ। यस अतिरिक्त सबै सरकारी तालिम केन्द्र र उपभोक्ता समूह लगायत सबै संस्था र निकायका कार्यक्रममा सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्ने प्रबन्ध गर्नुपर्छ। यसबाट अझ नागरिकमा सशक्तीकरणको माध्यमद्वारा राज्य प्रणालीको काम कारबाहीमा प्रत्यक्ष संलग्न हुने पद्धतिको विकास हुनेछ। जुन सहभागितामूलक लोकतन्त्रको ध्येय हो। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | **आयोगका बिगतमा सुझावहरूलाई आत्मसात् गर्नेः**<br>राष्ट्रिय सूचना आयोगले आ. ब. २०६५/६६ देखि २०७१/७२ सम्म सातवटा बार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेको छ। आयोगको यो आठौं प्रतिवेदन हो। आयोगले यस पूर्व प्रस्तुत गरेका निम्न लिखित सात वर्षका सुझावहरू आज पनि उत्तिकै सान्दर्भिक छन्। तिनको संक्षिप्तमा पुनराबृत्ति गर्ने प्रयास गरिएको छ। जो निम्नानुसार छन्।<br>७.१ सूचनाको हकको दायरालाई फराकिलो पार्ने।<br>७.२ सूचनाको हकको कानूनसँग बाझिएका कानूनहरूलाई यस ऐन अनुकूल तुल्याउन केही नेपाल ऐन संशोधनद्वारा मिलाउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| | ७.३ Whistle Blower Protecion Act र Privacy Act तर्जुमा गरी जारी गर्ने । | |
| | ७.४ स्वत: प्रकाशन हुने सामग्रीलाई एकीकृत गरी राख्ने छुट्टै पोर्टलको प्रबन्ध गर्ने । | |
| | ७.५ Online सूचना माग्ने पद्दति मुलुकभरी लागू गर्ने । | |
| | ७.६ पचहत्तरै जिल्ला र सबै गा. बि. स.मा नागरिकको सूचनाको हकको प्रचार-प्रसार गर्ने कार्यक्रमलाईप्राथमिकताका साथ लागू गर्ने । | |
| | ७.७ पुरस्कार कोषको स्थापना गरी सूचनाको हकका क्षेत्रमा योगदान पुऱ्याउने कर्मचारी, सूचनाको हकको अभियन्ता वा संचारकर्मीलाई नियमित रुपमा पुरस्कृत गर्ने । | |
| | ७.८ गोप्य, अति गोप्य जस्ता प्रचलनमा रहेका छाप हटाउने । कर्मचारीको शपथ ग्रहणबाट गोपनीय शब्द हटाउने । | |
| | ७.९ सार्वजनिक निकायहरूले सूचनाको हकसम्बन्धी कानूनले सुम्पिएका दायित्व पूरा गर्ने गरी बार्षिक कार्य योजना बनाएर लागू गर्ने । | |
| | ७.१० सूचनाको हकको क्षेत्रमा क्रियाशील गैह्र सरकारी संस्था, सूचनाको हकको अभियन्ता वा पत्रकार वा नागरिक समाजको अगुवालाई उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने । | |
| | ७.११ सार्वजनिक निकायका बैठक, छलफल, कार्य सञ्चालन प्रक्रियालाई पूर्णत: पारदर्शी तुल्याउने । | |
| | ७.१२ गोपनियता कायम गरे बापत होईन, खुल्लापना अपनाए बापत कर्मचारीहरू पुरस्कृत हुने गरी कार्य संस्कृतिमा परिवर्तन गर्ने । | |
| | ७.१३ राष्ट्रिय सूचना आयोगको छुट्टै जमिन र भवनको व्यवस्था गर्ने । | |
| | ७.१४ आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्नुका साथै प्रोत्साहनमा आधारित भत्ता प्रणाली लागू गर्ने । | |
| | ७.१५ सार्वजनिक निकायका सबै काम कारबाहीमा नागरिकको सूचनाको हकको सम्मान गर्ने कार्य संस्कृतिको विकासको लागि सरकार, राजनैतिक दल, गैह्र सरकारी संस्था, निजी क्षेत्र र समाजका अन्य सबै बर्ग र पक्षले यस विषयलाई सम्वेदनशील रुपमा ग्रहण गरी उच्च प्राथमिकतामा राख्ने । | |

**२०७३/७४ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **आयोगको प्रादेशिक कार्यालय स्थापना गर्ने**<br>राष्ट्रिय सूचना आयोगले प्रादेशिक सूचना आयोग स्थापनाको पहल गरी रहेको छ । तर, यो विषय आयोग मात्रैको काबूभित्र छैन । यसर्थ मुलुकमा स्थापना भएका सात ओटा प्रदेशमा आयोगको कार्यालय स्थापना गर्न नितान्त जरुरी भएको कुरा सरकारले महसुस गर्नुपर्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ मा 'आयोगले आवश्यकतानुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ' भन्ने व्यवस्था छ । यस सम्बन्धमा नेपाल सरकारले आयोगमा ७ ओटा प्रदेश हेर्ने गरी ७ जना उपसचिवको दरबन्दी थप गरिदिएको पनि छ । अब यिनै ७ जना उपसचिवलाई एक एक जनाका दरले प्रदेशमा कार्यालय खोल्ने गरी उपयुक्त हुनेछ । साथै प्रत्येक प्रदेशमा हालका लागि सानो आकारको कार्यालय खोल्न निम्नानुसारको दरबन्दी प्रस्तावित गरिन्छ:<br>क) उपसचिव, कार्यालय प्रमुख - १ जना<br>ख) शाखा अधिकृत - २ जना<br>ग) नायब सुब्बा - २ जना<br>घ) लेखापाल/सहलेखापाल - १ जना<br>ङ) कम्प्यूटर अपरेटर - १ जना<br>च) ड्राईभर - १ जना<br>छ) कार्यालय सहयोगी - २ जना<br>जम्मा १० जना<br>यस प्रादेशिक कार्यालयलाई निम्न अधिकार प्रत्यायोजन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० अनुसार आयोग सक्षम रहेको छ:<br>क) आफ्नो प्रदेशभित्रका कार्यालयमा ३।३ महिनामा स्वत: प्रकाशन गर्न आदेश जारी गर्ने ।<br>ख) सबै निकायमा सूचना अधिकारी नियुक्ति गर्न आदेश जारी गर्ने ।<br>ग) कति सूचना माग र प्रवाह भयो ? सोको छुट्टै अभिलेख राख्न आदेश जारी गर्ने ।<br>घ) तालिम, अन्तर्क्रिया, अभिमुखीकरण कार्यक्रम सञ्चालन र चेतनामूलक कार्यहरू गर्ने ।<br>ङ) सूचनाको हकको प्रचलनको निरीक्षण र अनुगमन गर्ने ।<br>च) कानूनबमोजिम निवेदन, उजुरी र पुनरावेदन स्वीकार गरी आयोगमा पठाउने ।<br>छ) आयोगको आदेशको कार्यान्वयन गर्ने गराउने ।<br>ज) अन्य उपयुक्त र रचनात्मक कार्यहरू गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | **स्थानीय तहमा आरिटआई अम्बुड्स्मान गठन गर्ने**<br>हाल निर्वाचन भई कार्यरत रहेका ७५३ ओटा स्थानीय तहमा सूचनाको हकको प्रभावकारी प्रचलनका लागि निम्नानुसारको आरिटआई अम्बुड्स्मान गठन गर्ने:<br>क) स्थानीय निकाय उपप्रमुख/उपाध्यक्ष - संयोजक<br>ख) स्थानीय सूचनाको हकको अभियन्ता (एक जना) - सदस्य<br>ग) स्थानीय सञ्चारकर्मी (एक जना) - सदस्य<br>घ) स्थानीय नागरिक समाजका अगुवा (एक जना) - सदस्य<br>ङ) वडाध्यक्ष (एक जना) - सदस्य<br>च) वडा सदस्य (एक जना) - सदस्य<br>छ) प्रमुख कार्यकारी अधिकृत - सदस्य सचिव<br>यस समितिको बैठक महिनामा कम्तिमा एक पटक बस्नु पर्नेछ । यसले नागरिकको सूचनाको हकको कार्यान्वयनका लागि कार्ययोजना बनाई लागू गराउने काम गर्ने छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ३ | **विद्युतीय सञ्जालबाट सूचना पाउने व्यवस्था गर्ने**<br>राष्ट्रिय सूचना आयोगले ३।३ महिने स्वत: प्रकाशनको सहज निर्माण र सार्वजनिकीकरणका लागि Proactive Disclosure Management System (PDMS) विद्युतीय प्रणाली लागू गरेको छ । नेपाल सरकारका सबै निकायले यसको व्यापक प्रयोग गर्नुका साथै तीन महिने स्वत: प्रकाशन एउटै पोर्टलमा राख्नु पर्छ । यसबाट सरकार र जनता दुवैलाई लाभ प्राप्त हुनेछ । यसैगरी राष्ट्रिय सूचना आयोगले ईमेलबाट सूचना माग्ने र पाउने Management Information System (MIS) विद्युतीय प्रणाली तयार गरेको छ । यस्को पनि सरकारी निकायले व्यापक प्रयोग गरेमा आमजनताले घरमै बसी सूचना माग्न गर्न सक्नेछन् । सरकारी पदाधिकारीले पनि आफ्नो अनुकूल समय बिहान वा बेलुकी पनि सूचना प्रवाह गरी नागरिकमा आफ्नो कार्यालयको छबी बढाउन सक्ने छन् । यसर्थ PDMS/ MIS विद्युतीय प्रणालीलाई पूर्वरुपमा अनिवार्य प्रयोग गर्न नेपाल सरकार (मं. प.) ले निर्णय गरी सरकारी निकायमा तत्कालै निर्देश हुन सिफारिश गरिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | **राणाकालीन र पञ्चायतकालीन अबशेष हटाउने**<br>नेपालमा अत्यन्त तिब्र गतिमा राजनैतिक परिवर्तन भएको छ । हाल हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्दतिमा छौं । तर, राणाकालीन र पञ्चायतकालीन क्रमश: जहानीय र एकतन्त्रीय शासन जोगाउन सरकारी कागजातमा गोप्य र अतिगोप्य छाप लगाउने पद्दतिलाई हामीले हटाउन सकिरहेका छैनौं । सरकारी कागजातलाई सूचनाको हकसम्बन्धी ऐनको दफा २७ अनुसार वर्गीकरण गरी ३० वर्षसम्म गोप्य राख्न सकिन्छ । पत्र वा | |

| | | |
|---|---|---|
| | खाममा गोप्य/अतिगोप्य छाप लगाएर गोपनियता संरक्षण गर्ने होईन । स्वयम् राज्य प्रणाली नै बिधिको शासनमा विचरण गर्न उत्सुक नभएसम्म मुलुकका अन्य निकायलाई सदाचार, नैतिकता र सुशासनको पाठ पढाउन सकिँदैन भन्नेतर्फ विचार पुऱ्याउन आवश्यक छ । यसैगरी विगतकै सामन्ती शासन प्रणालीको झझल्को दिने गरी आज उप्रान्त नेपालको मुलुकी प्रशासनमा कर्मचारीको शपथ ग्रहणमा गोपनियताको कायम भइरहेको छ । एकातिर सूचनाको हकसम्बन्धी ऐन, सुशासन ऐनको माध्यमद्वारा सरकारी काम कारबाही पूर्णत: पारदर्शी र खुल्ला गर्न कानुनी व्यवस्था गर्ने अर्कोतिर कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्म, सिपाहीदेखि प्रधानसेनापतिसम्म र प्रहरी जवानदेखि प्रहरी महानिरीक्षकसम्मका पदाधिकारीलाई गोपनियताको शपथ ग्रहण गर्न लगाई कुनै पनि सूचना सार्वजनिक गरे पदीय अनुशासन पालन नगरेको ठहराई विभागीय कारबाही हुन्छ भन्ने व्यवहारले कानुनको उल्लघन त हुन्छ नै, हामी लोकतन्त्रको सही गन्तव्यमासमेत पुग्न सक्दैनौं । कम्तिमा वर्तमान राजनैतिक स्थितिमा राज्यबाट यस्तो दोहोरो र गैरलोकतान्त्रिक चरित्र अपनाउन उचित हुँदैन । यसर्थ तत्कालै कर्मचारीको शपथबाट गोपनीय शब्द हटाउने र सरकारी कागजातमा गोप्य/अतिगोप्य छाप लगाउने प्रणाली खारेज गर्नुपर्छ भन्ने आयोगको ठहर छ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | **खुल्ला सरकारी तथ्याङ्कको राष्ट्रिय कार्ययोजना कार्यान्वियन गर्ने**<br>राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ अनुसार वर्तमान विश्वपरिवेश सुहाउँदो खुल्ला सरकारी तथ्याङ्क (Open Govermnenbt Data-OGD)सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रस्तावित स्वरुप सुझावका रुपमा प्रस्तुत गरेको छ । यसलाई नेपाल सरकार (मं. प.) बाट निर्णय गरी तत्काल कार्यान्वयनमा ल्याउन आयोग पुन: नेपाल सरकार समक्ष सिफारिश गर्दछ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | **RTI Audit को अवधारणा लागू गर्ने**<br>नेपाल सरकार (मं. प.) को निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन इकाई र सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यान्वियन अनुगमन इकाईहरू गठन भएका छन् । यी संयन्त्रहरू सर्वप्रथम साधन, स्रोत र जनशक्तिद्वारा क्रियाशील हुनुपर्छ । साथै यसै संयन्त्रले नेपाल सरकारभित्रका विभिन्न निकायमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको स्थिति के छ भनी जान्न Right to Information Audit गर्न जरुरी छ । राष्ट्रिय सूचना आयोगबाट नेपाल सरकारका मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूको आ. ब. २०७२/७३ र २०७३/७४ को RTI Audit भएको छ । आयोगले प्रयोगमा ल्याएको सूचकाङ्क मै आधारित भई यस्तो Audit गर्न सकिनेछ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | **RTI Budget को अवधारणा लागू गर्ने**<br>नेपाल सरकारले अझै पनि यथेष्ट मात्रामा सेवाको बजारीकरण (Admistrative Marketing) गर्न सकेको छैन । सरकार जहिले पनि जनताले देखिरहने, जनताले अनुभूति गरिहने र जनतामा आशा र अपेक्षा जगाउने हुनुपर्छ । यसबाट सरकार र जनताबीच नजिकको सम्बन्ध निर्माण हुन पुग्छ । यस्का लागि सरकारले कुनै कार्यक्रम सञ्चालन गर्दा, कुनै विकास-निर्माणको काम गर्दा वा कुनै नीति निर्माण गर्दा सो काम गर्नुका साथै सो विषयलाई जनतामा पुऱ्याउन सूचना प्रवाह गर्ने ध्येय लिनु पर्दछ । यस्को लागि त्यस्तो कार्यक्रमको कूल बजेटको ०.२५% वा ०.५०% वा १% बजेट छुट्याउन नेपाल सरकार समक्ष आयोग सिफारिश गर्दछ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | **पाँच वर्षे रणनीति कार्यान्वियन गर्ने**<br>राष्ट्रिय सूचना आयोगले सूचनाको हकको प्रभावकारी प्रचलनका लागि माग पक्षको सबलीकरण, आपूर्ति पक्षको उत्प्रेरणा र आयोगको क्षमता अभिबृद्धिका लागि सन् २०१६-२० का लागि पाँच वर्षे रणनीतिपत्र निर्माण गरी लागू गरेको छ । यस्तो पाँच वर्षे रणनीतिपत्र निर्माण र कार्यान्वयन गर्दा तथा सो अनुरुप स्रोत जुटाउन नेपाल सरकारले पनि सहकार्य र प्रतिबद्धता व्यक्त गरेको छ । यस स्थितिमा नेपाल सरकारले यसै कार्ययोजनालाई आधार मानी यस क्षेत्रमा व्यापकरुपमा सुधारात्मक कार्य सञ्चालन गर्न गराउन आयोग सिफारिश गर्दछ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| ९ | **नमूना सूचना पुस्तिका प्रकाशित गर्ने**<br>नागरिकको सूचनाको हकको पहिलो र आधारभूत शर्त भनेको सरकारी निकायसँग भएका सम्पूर्ण सूचनालाई नागरिक मैत्री ढाँचामा सार्वजनिक गर्नु हो । सूचना शक्ति भएकाले सरकारी सूचनाको प्रयोगमार्फत् नागरिकले लाभ लिन सकुन भन्ने ध्येय राख्नु पर्छ । यस सन्दर्भमा आयोगले राज्यद्वारा महिलालाई प्रदान गरेको सेवा, सुविधा, सहुलियत र छुटहरू सङ्कलन गरी सोको छुट्टै पुस्तिका प्रकाशित गरेको छ । यो सूचनाको हकको नमूना पुस्तिका हो । यसैगरी नेपाल सरकारले स्वास्थ्य, शिक्षा, कृषि लगायतका क्षेत्रमा आमजनतालाई प्रदान गरेका छुट, सुविधा र राहतको प्रावधान सङ्कलन गरी एकीकृत पुस्तिका प्रकाशित गरी जनताले लाभ प्राप्त गर्ने अवस्था सिर्जना गर्न आयोग सिफारिश गर्दछ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | **स्वत: प्रकाशन नगर्ने र सूचना अधिकारी नतोक्ने कार्यालयको बजेट रोक्का गर्ने**<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले जनताको सूचनाको अधिकार प्रत्याभूत गर्न प्रत्येक सार्वजनिक निकायले अनिर्वाय रुपमा सूचना आधिकारी तोक्नुपर्ने र ३।३ महिनामा सूचना स्वत: खुलासा गर्नु (Proactive-Discloser) पर्ने व्यवस्था गरेको छ । कानुन कार्यान्वियनमा आएको दश वर्ष बितिसक्दा पनि अझै कतिपय कार्यालयहरूले कानूनको यो अनिवार्य व्यवस्थाको पालना गरेका छैनन् । कानूनको पालना गराउनु सरकारको दायित्व हो । त्यसैले कानूनको निर्दिष्ट गरेका यी दुई व्यवस्था कार्यान्वियन नगर्ने सार्वजनिक निकाय (सरकारी कार्यालय) लाई त्यो कार्यान्वियन नहुँदासम्म बजेट निकासामा रोक लगाउने जस्ता कारवाही प्रक्रियाको घोषणा गर्न आयोग सिफारिस गरिन्छ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७४/७५ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **सूचनाको हकलाई कार्यसम्पादन मूल्याकंनको आधार बनाउने:**<br>नागरिक सूचना माग्न आएपनि वा नआएपनि सार्वजनिक निकाय आफै खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म हो । संविधान र कानूनको यो मूल मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई जनतामा सूचना प्रवाह गर्न उत्प्रेरित, जागरुक र सचेत गराउन अनिवार्य हुन्छ । यही कारण अहिलेलाई कम्तिमा सार्वजनिक निकायमध्ये जनताप्रति बढि जवाफदेही हुनुपर्ने सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचना प्रवाह गरेर पारदर्शी र जवाफदेही बनाउन उनीहरूको कार्यसम्पादन र मूल्याकंनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सम्बन्धित कानूनमा व्यवस्था गर्ने । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | **सरकारी संयन्त्रको सक्रियताको अनिवार्य व्यवस्था:**<br>सार्वजनिक निकायको पारदर्शिता, जवाफदेहीता र सुशासन, एवं नागरिक सशक्तीकरण तथा लोकतन्त्रको भविष्य सँग जोडिएको सूचनाको हकसम्बन्धी कानूनको जानकारी, यसको प्रयोगको प्रभावका बारेमा नागरिकमा चेतनाको अभिवृद्धि गर्दै यसको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्ने प्रमुख दायित्व सरकारको भए पनि यी सबै जिम्मेवारी नियामक निकाय राष्ट्रिय सूचना आयोगको मात्र हो भन्ने मनोवृत्ति बढ्दै गएको पाइन्छ । तसर्थ, सूचनाको हकसम्बन्धी कानून कार्यान्वयनको समन्वय र अनुगमन गर्न मन्त्रिपरिषद्द्वारा गठित प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वको समिति तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको नेतृत्वमा गठित कार्यान्वयन समितिको कार्य प्रगतिको बारे अनुगमन गर्न मुख्य सचिवको नेतृत्वमा अर्को सरकारी संयन्त्र गठन गर्ने जसबाट ती दुवै समितिको सक्रियता बढ्न गई सरकारी स्तरबाटै सूचनाको हकको कार्यान्वयनमा तिव्र दबाब सिर्जना हुन्छ । | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |
| ३ | **कार्यालय प्रमुख र सूचना अधिकारी बाहेकका पदाधिकारीलाई पनि दायित्व तोक्ने:**<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकमा सूचना प्रवाह गर्नुपर्ने गरी कार्यालय प्रमुख र सूचना अधिकारीको मात्र दायित्व स्पष्ट रुपमा किटान भएको अहिलेको अवस्थामा कतिपय कार्यालयहरूमा दायित्व स्पष्ट किटान नभएका अन्य शाखा सम्वद्ध कर्मचारीहरूबाटै सूचना अधिकारीको सूचनाको पहुँचमा अबरोध पुगिरहेको भन्ने व्यापक गुनासो आईरहेको सन्दर्भमा सूचना प्रवाहमा विलम्व हुनु वा अवरोध पुऱ्याउन र कार्यालय प्रमुख | कार्यान्वियन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| | वा सूचना अधिकारीले अन्य कर्मचारी संलग्न भएको भन्ने उजुरी/निवेदन गरेमा त्यस्ता कर्मचारीलाई पनि सूचनाको हकसम्बन्धी कानूनबमोजिम आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउन सक्ने गरी कानूनी व्यवस्था गर्ने । | |
| ४ | **मन्त्रिपरिषद्लाई पनि जवाफदेही बनाउनुपर्ने:**<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उत्पादन गर्ने निकाय नै सूचना प्रवाहका लागि जिम्मेवार हुने व्यवस्था छ । तर मन्त्रिपरिषद्बाट हुने निर्णयहरू मन्त्रालयबाट प्रस्तावका रुपमा जाने र कतिपय अवस्थामा प्रधानमन्त्रीबाट सोझै ठाडो प्रस्ताव पनि आउने प्रचलन रहेकोमा सूचना माग्ने जनतालाई सूचना उत्पादन गर्ने निकायको किटानी गर्न झण्झट पर्ने र सूचना नदिने प्रवृत्ति देखिएको तथा मन्त्रिपरिषद्ले गरेका निर्णयहरू मध्ये अनुकूल हुने निर्णय तत्काल सार्वजनिक गर्ने र प्रतिकूल हुने जस्ता निर्णयहरू लुकाएर राख्ने प्रवृत्ति हावी हुँदै जाँदा मन्त्रिपरिषद्को निर्णयमा पारदर्शिताको अभाव भई कुशासन बढ्ने खतरा देखिएको भनी आलोचना भएको सन्दर्भमा सिङ्गो मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानी मन्त्रिपरिषद्को निर्णयको सूचना अनिवार्य प्रवाह गर्ने सुप्रबन्धका लागि सूचना अधिकारी तोक्ने गरी कानूनी व्यवस्था मिलाउने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | **सूचनादाताको संरक्षणसम्बन्धी नियमावली बनाउने:**<br>सार्वजनिक निकायमा भएको वा हुने बेथिति, अनियमितता वा भ्रष्टाचार नियन्त्रण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा राखिएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थामा रहेका पाँच वटा उपदफा यो उद्देश्य प्राप्तिका लागि पर्याप्त नभएको महशुस गरी सूचनादाताको संरक्षणसम्बन्धी अलग्गै कानूनको आवश्यकता बोधसहित यस अघि सुझाव दिइसकेको सन्दर्भमा यो कानून निर्माणको गहनता, अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन, यसमाथिको व्यापक छलफल र निष्कर्षसमेतलाई बिचार गर्दा यसको निर्माण गर्न केही लामो समय लाग्ने भएको हुँदा सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारुकता आवश्यक भएकाले हाललाई सूचनाको हकसम्बन्धी ऐनको दफा-२९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | **मागपक्ष र आपूर्ति पक्षलाई प्रोत्साहन गर्ने:**<br>सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा माग पक्ष र आपूर्ति पक्ष दुवैलाई थप उत्प्रेरित गर्न सूचना प्रवाहमा उत्कृष्ट काम गर्ने सूचना अधिकारी एक जना तथा सूचना मागेर सार्वजनिक जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउन महत्वपूर्ण योगदान गर्ने उत्कृष्ट नागरिक एक जनालाई हरेक वर्ष एक/एक लाखको पुरस्कारसहित सम्मान गर्ने र त्यसको जिम्मेवार निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा रहेका दुई समितिको अनुगमन गर्ने मुख्य सचिवको संयोजकत्वको समिति बनाउने गरी आवश्यक व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७५/७६ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र.सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | **संविधानको धारा २७ परिमार्जन गर्ने**<br>नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भन्ने व्यवस्था छ । यसमा निम्नानुसारको संशोधन गरी परिमार्जन गर्नु पर्ने देखिन्छ:<br>१.१ प्रतिबन्धात्मक वाक्यको भ्रम हटाउने:<br>संविधानको धारा २७ मा रहेको प्रतिबन्धात्मक वाक्यमा रहेको "तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचना दिन बाध्य गरिने छैन" भन्ने कुरा सूचनाको हकसम्बन्धी ऐनले प्रवाह नगरिने सूचना दिन बाध्य गरिने छैन भन्ने भावनामा लेखिएको हो । तर, केही व्यक्तिहरूले क्षेत्रगत कानूनमा रहेको गोप्य प्रावधानसमेतलाई जोडेर यस विषयलाई बुझ्दा भ्रम श्रृजना भएको छ । यसर्थ संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यमा "तर सूचनाको हकसम्बन्धी कानूनमा प्रवाह नगरिने भनिएका सूचना दिन कसैलाई पनि बाध्य गरिने छैन" भनी परिमार्जन गर्ने ।<br>१.२ प्रवाहको हक थप गर्ने:<br>सन् १९४८ मा जारी गरिएको मानव अधिकारसम्बन्धी घोषणापत्रको दफा १९ मा र विश्वव्यापी प्रचलनलाई नियाल्दा प्रत्येक व्यक्तिमा सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको सुनिश्चिता देखिन्छ । यसर्थ संविधानको धारा २७ मा पनि 'प्रवाहको हक' थप गर्ने ।<br>१.३ नागरिकको सट्टा व्यक्तिलाई अधिकार:<br>हाल हामी विश्वव्यापी सञ्जालमा आबद्ध छौं । नेपालले विश्वका प्राय: सबै अन्तर्राष्ट्रिय संयन्त्र/सञ्जालको सदस्यता लिनुका साथै तिनीहरूको संरचनाप्रति प्रतिबद्धता जनाएको छ । हामीले प्रत्यक्ष बैदेशिक लगानी (FDI) को आव्हान गरेका छौं । गैह्र आवासीय नेपालीले पनि नेपालमा लगानी बृद्धि गर्दैछन् । नेपालको प्राथमिकतामा पर्यटन व्यवसाय पर्दछ । यी सबै पक्षलाई मनन् गर्दा अब 'नेपाली नागरिक' लाई प्रदान गरिएको आफूसँग सम्बन्धित सूचना माग्ने हक 'व्यक्ति' लाई प्रदान गर्ने गरी संविधान संशोधन गर्ने ।<br>१.४ प्रादेशिक सूचना आयोगको स्थापना गर्ने:<br>नेपालको संविधानले नेपाललाई ७ वटा प्रदेशमा बिभाजन गरेको छ । संघीय शासन पद्धति अवलम्बन गरेका प्राय: सबै मुलुकमा संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोग स्थापना गर्ने प्रचलन छ । यसर्थ नेपालमा पनि प्रादेशिक सूचना आयोग स्थापनाको संवैधानिक प्रत्याभुति गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | **सूचनाको हकसम्बन्धी ऐनमा संशोधन गर्ने:**<br>ऐन जारी भएको एघार वर्ष बितिसकेको छ । यस अवधिमा नयाँ संविधान नै जारी भएको र राजनैतिक क्षेत्रमा व्यापक परिवर्तन भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा केही विषय बस्तुमा आधारभूत रुपमै परिमार्जन गर्नुपर्ने महसुस गरिएको छ । जो निम्नानुसार छन्:<br>२.१ परिभाषाको दफालाई प्रष्ट पार्ने:<br>ऐनको परिभाषा खण्डमा सार्वजनिक निकाय भन्नाले सरकारी कार्यालय, राजनैतिक दल र सार्वजनिक संस्थानलाई बुझाएको कुरा प्रष्ट छ । तर, गैह्र सरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा प्रष्ट हुने गरी परिभाषा खण्डमा लेखिनु आवश्यक छ ।<br>२.२ स्वत: प्रकाशन र दण्डको व्यवस्था:<br>सूचनाको हकसम्बन्धी ऐनको मूल उद्देश्य भनेकै नागरिकले सूचना माग नगरे पनि लोकतन्त्रमा सार्वजनिक निकाय आफै खुल्ला, पारदर्शी, र जवाफदेही हुन ती निकायबाट निरन्तर सूचना प्रवाह भइरहनु पर्ने हो । यसका लागि ऐनको दफा ५ मा प्रत्येक ३।३ महिनामा सार्वजनिक निकायले स्वत: प्रकाशन गर्नु पर्ने व्यवस्था भएपनि अधिकांश निकायले यो व्यवस्थाको पालना गरेको पाईंदैन । कानूनी रुपमा दण्डित हुने प्रष्ट व्यवस्था नभएकाले यस्तो हेलचेक्र्याईं भएको महसुस गरिएको छ । त्यसैले यस्तो बिवरण सार्बजनिक नगरेमा दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य बिभागीय सजाय हुने गरी प्रष्ट व्यवस्था गर्न अति नै जरुरी छ ।<br>२.३ सूचना अधिकारीको योग्यता र सुबिधा:<br>सूचनाको हकसम्बन्धी कानूनबमोजिम नागरिकलाई सूचना प्रवाह गर्न सर्वाधिक महत्वपूर्ण भूमिका निर्बाह गर्ने पदाधिकारी नै सूचना अधिकारी हो । यसर्थ निज कार्यालय प्रमुख पछिको दोस्रो व्यक्ति तोकिनु पर्ने वा प्रचार विभागको प्रमुख वा निश्चित महाशाखाको प्रमुख तोकिनु पर्दछ । निजले सूचना प्रबाहको तालिम लिएको हुनु पर्छ । निज नागरिकको अधिकारको प्रचलनमा सकारात्मक सोच भएको हुन पर्छ । निजलाई सूचना अधिकारी भई काम गरे बापत केही सुबिधा दिने गरी प्याकेज घोषणा गर्नु पर्छ । बार्षिक रुपमा उत्कृष्ट सूचना अधिकारीलाई पुरस्कृत गर्नु पर्छ । यी विषयलाई सम्बोधन हुने गरी ऐन र नियमावलीमा प्रष्ट व्यवस्था गर्ने ।<br>२.४ कार्यबिधि छोट्याउने:<br>बर्तमान सूचनाको हकसम्बन्धी ऐनले सूचना माग गरेको १५ दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा वा निजले सूचना दिन इन्कार गरेमा कार्यालय प्रमुखसमक्ष उजुरी गर्नुपर्ने, त्यसपछि प्रमुखले ७ दिनभित्र सूचना दिनु उपलब्ध गराउनु पर्ने, निजबाट पनि सूचना उपलब्ध नभए पुनरावेदनमार्फत राष्ट्रिय सूचना आयोगले सूचना दिनू भन्ने आदेश जारी गर्नुपर्ने व्यवस्था छ । यो प्रक्रिया लामो र झण्झटपूर्ण | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| | भएको आमनागरिकको गुनासो छ। यसर्थ सामान्य, माध्यमस्तरीय र जटिल सूचना गरी क्रमशः ३ देखि ५ दिन, ५ देखि १० दिन र १० देखि १५ दिनभित्र सूचना उपलब्ध गराउने गरी कार्यदिन वर्गीकरण गर्नु उपयुक्त हुन्छ। यसैगरी सूचना अधिकारी र कार्यालय प्रमुखको दुई तहको प्रणाली पनि साह्रै बैज्ञानिक देखिएको छैन। व्यवहारमा यी दुबैको निर्णय सर्वत्र एकै देखिएको छ। यसर्थ यसमा पनि सुधारको खाँचो देखिएको छ। साथै, मौखिक सूचना माग र प्रवाहको पनि अभिलेख राख्ने प्रणालीको विकास गरी बार्षिक रुपमा कति वटा सूचना प्रबाह भयो ? सोको दुरुस्त बिवरण सार्वजनिक गर्नु पर्दछ। यस विषयलाई बाध्य हुने गरी ऐन संशोधन गर्ने।<br>२.५ आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थाः<br>राष्ट्रिय सूचना आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थामा पनि सिफारिस समिति र पदावधिमा सुधारको आवश्यकता बोध भएको छ। विश्वव्यापी प्रचलनलाई हेर्दा प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेतासमेत रहेको सिफारिस समितिको सिफारिसका आधारमा आयोगका पदाधिकारीहरू राष्ट्रपतिबाट नियुक्ति गर्नु पर्छ। साथै, सूचना आयुक्तहरू प्रमुख सूचना आयुक्तमा नियुक्ति हुन एक पदावधिले बाधा नपर्ने कुरा पनि प्रष्ट्याउनु जरुरी छ। साथै, आयोगको निरन्तरताका लागि दुई जना आयुक्तको हकमा चक्रीय प्रणालीद्वारा प्रत्येक साढे दुई वर्षमा एक जना नियुक्ति गर्ने प्रबन्ध गर्न सके राम्रो हुने अनुभवले देखाएकोले सोबमोजिम कानून संशोधन गर्ने।<br>२.६ सूचना वर्गीकरणको समयावधि तोक्नेः<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना वर्गीकरण गर्ने व्यवस्था छ। हाल सूचना वर्गीकरण नभएको स्थिति छ। यसमा अधिकतम् ३ महिनाभित्र सूचना वर्गीकरण गर्नु पर्ने गरी समय सिमा किटान गर्ने।<br>२.७ कार्यालय प्रमुख र सूचना अधिकारी बाहेकका पदाधिकारीलाई पनि दायित्व तोक्नेः<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकमा सूचना प्रवाह गर्नुपर्ने गरी कार्यालय प्रमुख र सूचना अधिकारीको मात्र दायित्व स्पष्ट रुपमा किटान भएको अहिलेको अवस्थामा कतिपय कार्यालयहरूमा दायित्व स्पष्ट किटान नभएका अन्य शाखा सम्वद्ध कर्मचारीहरूबाटै सूचना अधिकारीको सूचनाको पहुँचमा अबरोध पुगिरहेको भन्ने व्यापक गुनासो आईरहेको सन्दर्भमा सूचना प्रवाहमा विलम्व हुनु वा अवरोध पुऱ्याउन र कार्यालय प्रमुख वा सूचना अधिकारीले अन्य कर्मचारी संलग्न भएको भन्ने उजुरी/निवेदन गरेमा त्यस्ता कर्मचारीलाई पनि सूचनाको हकसम्बन्धी कानूनबमोजिम आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउन सक्ने गरी कानूनी व्यवस्था गर्ने।<br>२.८ मन्त्रिपरिषद्लाई पनि जवाफदेही बनाउनेः<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उत्पादन गर्ने निकाय नै सूचना प्रवाहका लागि जिम्मेवार हुने व्यवस्था छ। तर मन्त्रिपरिषद्बाट हुने निर्णयहरू मन्त्रालयबाट प्रस्तावका रुपमा जाने र कतिपय अवस्थामा प्रधानमन्त्रीबाट सोभै ठाडो प्रस्ताव पनि आउने प्रचलन रहेकोमा सूचना माग्ने जनतालाई सूचना उत्पादन गर्ने निकायको किटानी गर्न भ्रूण्फट पर्न सक्ने हुँदा सिङ्गो मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानी मन्त्रिपरिषद्को निर्णयको सूचना अनिवार्य प्रवाह गर्ने सुप्रबन्धका लागि सूचना अधिकारी तोक्ने गरी कानूनी व्यवस्था मिलाउने। | |
| ३ | **सूचनाको हकसम्बन्धी नियमावलीमा संशोधनः**<br>समय र परिस्थितिको गतिशीलतासँगै मौजुदा ऐन र नियमावलीमा संशोधनको आवश्यकता पर्दछ। हाल सूचनाको हकले नागरिकमा सचेतना बृद्धि गर्दै लगेको परिवेशमा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा पनि समय सापेक्ष निम्नानुसारको परिमार्जन आवश्यक देखिएको छः<br>३.१ स्वतः प्रकाशनको प्रावधानमा संशोधनः<br>नियमावलीको नियम नं. ३ मा ३।३ महिने स्वतः प्रकाशनमा ऐनको प्रावधानमा अतिरिक्त ७ वटा बुँदा थप गरिएको छ। यी बुँदा प्रायः सरकारी कार्यालयको लागि मात्रै अनुकूल हुँदा बिशेषगरी राजनैतिक दल र निजी क्षेत्रका लागि आवश्यक नपर्ने गरी यस प्रावधानलाई परिमार्जन गर्ने।<br>३.२ मौखिक र विद्युतीय सूचनाको व्यवस्थाः<br>नेपालमा मौखिक सूचना माग गर्ने र दिने, तर अभिलेख नराख्ने प्रचलन छ। यसमा सुधार गर्न जरुरी छ। साथै, विद्युतीय सञ्जालबाट सूचना प्रवाह गर्ने प्रावधान गर्नु तथा विद्युतीय सञ्जालबाटै सूचना माग्ने, पाउने र नपाए पुनरावेदन गर्ने कुरालाई वैधानिकता दिने गरी नियमावलीमा थप गर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | **विश्व विद्यालय र स्कूलको पाठ्यक्रममा समावेश गर्नेः**<br>त्रिभुवन विश्व विद्यालय वा अन्य कुनै विश्व विद्यालयमा सूचनाको हकको छुट्टै विभाग स्थापना गर्नुपर्छ। यस विभागमा अन्य मिल्दो विषयहरू पनि समावेश गर्न सकिन्छ। यस विधाको अध्ययनले नेपालमा लोकतन्त्रको प्रबर्द्धन र स्थायित्वलाई बल पुऱ्याउने छ। यस विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारीमा नियुक्ति गर्न पनि सकिन्छ। हुनतः हालका लागि पत्रकारिता वा कानून विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई सूचना अधिकारीमा नियुक्ति गर्ने गरी निजामती सेवा ऐनमा आवश्यक संशोधन गर्नु उपयुक्त हुनेछ।<br>यसैगरी स्कूलको कक्षा ६ देखि १२ कक्षासम्मको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्दा विद्यार्थीहरूले पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र सुशासनको बोध गर्नेछन्। यसबाट भावि पुस्ताले सञ्चालन गर्ने राजनीति, प्रशासन, गैह्रसरकारी संस्था र निजी प्रतिष्ठान तुलनात्मक रुपमा पारदर्शि हुने कुरामा विश्वस्त हुन सकिन्छ। हाल कक्षा ६, ७, ९ र ११ मा समावेश भइसकेपनि कक्षा ८ र १२ को पाठ्यक्रममासमेत समावेश गर्ने। यस अतिरिक्त सबै सरकारी तालिम केन्द्र र उपभोक्ता समूह लगायत सबै संस्था र निकायका कार्यक्रममा सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्ने प्रबन्ध गर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | **सूचनाको हकलाई कार्यसम्पादन मूल्याकंनको आधार बनाउनेः**<br>नागरिक सूचना माग्न आएपनि वा नआएपनि सार्वजनिक निकाय आफै खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म हो। संविधान र कानूनको यो मूल मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई जनतामा सूचना प्रवाह गर्न उत्प्रेरित, जागरुक र सचेत गराउन अनिवार्य हुन्छ। यही कारण अहिलेलाई कम्तिमा सार्वजनिक निकायमध्ये जनताप्रति बढि जवाफदेही हुनुपर्ने सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचना प्रवाह गरेर पारदर्शी र जवाफदेही बनाउन उनीहरूको कार्यसम्पादन र मूल्याकंनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सम्वन्धित कानूनमा व्यवस्था गर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | **सूचनादाताको संरक्षणसम्बन्धी नियमावली बनाउनेः**<br>सार्वजनिक निकायमा भएको वा हुने बेथिति, अनियमितता वा भ्रष्टाचार नियन्त्रण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा राखिएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थामा रहेका पाँच वटा उपदफा यो उद्देश्य प्राप्तिका लागि पर्याप्त नभएको महसुस गरी सूचनादाताको संरक्षणसम्बन्धी अलग्गै कानूनको आवश्यकता बोधसहित यस अघि सुझाव दिइसकेको सन्दर्भमा यो कानून निर्माणको गहनता, अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन, यसमाथिको ब्यापक छलफल र निष्कर्षसमेतलाई बिचार गर्दा यसको निर्माण गर्न केही लामो समय लाग्ने भएको हुँदा सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारुकता आवश्यक भएकाले हाललाई सूचनाको हकसम्बन्धी ऐनको दफा-२९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | **सरकारी कर्मचारीहरूलाई गोपनियताको सट्टा पारदर्शीताको शपथ दिने व्यवस्था गर्नेः**<br>हाल सरकारी कर्मचारीलाई पद तथा गोपनियताको शपथ गराउने गरिएको छ। एकातिर यस प्रकारको शपथ गराउने र अर्कोतिर सूचना प्रबाह गर, पारदर्शी हुनुपर्छ भन्दा नमिलेको जस्तो महसुस भएको छ। यसर्थ सम्भव भए गोपनियताको शपथ नै हटाउनु पर्छ, हाल सो सम्भव नदेखिए सूचनाको कानून अनुसार सूचना प्रबाह गर्न भने यो गोपनियताको शपथले बाधा नपर्ने कुरा प्रष्ट पार्न जरुरी छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | **७५३ वटा स्थानीय तहहरूमा आरिटआई अम्बुड्सम्यान गठन गर्नेः**<br>नेपालका ७ ओटा प्रदेशमा सातओटा सूचना आयोग गठन गर्नु पर्छ। यसैगरी ७५३ ओटा स्थानीय तहमा सूचना प्रबाहको प्रबन्ध गर्नका लागि उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा कम्तिमा स्थानीय संचारकर्मी, सूचनाको हकका अभियन्ता र नागरिक समाजका प्रतिनिधिसमेत रहने गरी एउटा सूचना प्रवाहको जिम्मेबार सञ्जाल गठन गर्नुपर्छ। | कार्यान्वयन भएको जानकारी |

| | | |
|---|---|---|
| | | प्राप्त हुन नसकेका |
| ९ | **आयोगको प्रतिरक्षा गर्ने प्रणाली व्यवस्थित गर्नेः**<br>राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा आयोगको तर्फबाट महान्यायाधिवक्ताको कार्यालले अनिवार्यरुपमा बहस पैरबी गर्नुपर्ने कानूनी व्यबस्था गर्नुपर्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | **बाझिएका कानून संशोधन गर्नेः**<br>सूचनाको हकसम्बन्धी ऐन, २०६४ सँग बाझिएका कानूनहरूका प्रावधानहरूलाई केही नेपाल ऐन संशोधन गरी परिमार्जन/संशोधन/खारेज गर्ने । | |
| ११ | **खुल्ला सरकारी तथ्यांकसम्बन्धी प्रस्तावित कार्ययोजना लागू गर्नेः**<br>संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनामा जनताको पहुँच स्थापित गर्न सूचनाको अधिकार प्रदान गरेको सन्दर्भमा तथ्य/तथ्याङ्क विनाको सूचना कोरा भुत्ते हुने भएकाले संविधान र कानूनको भावना र मर्मअनुसार नागरिकलाई सुसूचित गरेर साँचो अर्थमा सशक्तीकरण गर्न सवै सार्वजनिक निकायमा रहेका तथ्य/तथ्याङ्कलाई नागरिकले निर्वाध उपयोग गर्ने गरी पुर्नयोग/वितरण गर्न सक्ने गरी मेशीन रिडेवल फरमेटमा सार्वजनिक गर्न जरुरी छ । यस्का लागि सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेही बनाउन राष्ट्रिय सूचना आयोगले सरकारलाई बुझाएको खुला सरकारी तथ्याङ्कसम्बन्धी प्रस्तावित कार्ययोजना लागू गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७६/७७ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था तथा कानूनको कार्यान्वयन गर्ने गराउने प्राथमिक दायित्व सार्वजनिक निकायको हो भन्नेमा कुनै दुविधा हुनसक्दैन । तर पुनरावेदन तथा उजुरी सुनुवाई गर्ने निकायका रूपमा स्थापित आयोगले सूचनाको हक प्रचलनमा ल्याउन निरन्तर रूपमा अभियान चलाईरहेको अवस्था छ । यसबाट सूचनाको हक कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायहरूको बढ्दो उदासिनता चिन्ताजनक देखिन्छ । सूचनाको हकको कार्यान्वयनको प्रथम स्तम्भका रूपमा रहेको सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्ने सम्वन्धमा हालै आयोगबाट गरिएको अध्ययनबाट सूचनाको हकको कार्यान्वयन कमजोर रहेको स्पष्ट हुन्छ । तसर्थ यसको प्रभावकारी कार्यान्वयनको उच्चतहबाट नै जिम्मेवारी लिने, समन्वय गर्ने व्यवस्था गर्न केन्द्रमा सम्माननीय प्रधानमन्त्री वा सम्माननीय प्रधानमन्त्रीले तोकेको वरिष्ठ उपप्रधानमन्त्रीको संयोजकत्वमा समन्वय समिति र प्रदेश र स्थानिय तहका सार्वजनिक निकायहरूका हकमा प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय समिति गठन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन उपयुक्त हुने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सूचना अधिकारीलाई सक्षम सवल अधिकारसम्पन्न तथा प्रोत्साहित बनाई राख्न आवश्यक छ । यसका लागि सूचना अधिकारीलाई नियमित रूपमा प्रशिक्षण दिने व्यवस्था तथा श्रोत साधनले युक्त बनाउन जरुरी हुन्छ । साथै सूचना मागकर्ताले सजिलै सम्पर्क गर्ने सहजताका लागि सूचना अधिकारीलाई स्थायी प्रकारको मोवाइल सेट, सीम कार्ड, तथा इन्टरनेट सुविधा उपलब्ध गराईनुको साथै देहायबमोजिम गर्न आवश्यक देखिन्छ ।<br>● ५० जना भन्दा बढी कर्मचारी रहने वा रु २० करोड भन्दा बढी बार्षिक बजेट हुने सार्वजनिक निकायहरूले छुट्टै सूचना शाखा नै स्थापना गर्नु पर्ने ।<br>● सूचना अधिकारीबाट सूचना उपलब्ध गराउन, अभिलेख राख्न, स्वतः प्रकाशन गर्न, सूचना नियमित रूपमा प्रवाह गरिरहन र भौतिक सुविधा व्यवस्थापन गर्न प्रत्येक सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कार्यक्रमका लागि प्रत्येक वर्ष छुट्टै बजेट शीर्षकबाट बजेट विनियोजन गर्ने व्यवस्था गर्न पर्ने ।<br>● सूचनाको हकको महत्वलाई ध्यानमा राखी प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी तोक्दा प्रमुख भन्दा एक तह मुनिको पदाधिकारीलाई तोक्ने व्यवस्था गर्न पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ३ | सिंहदरवारको परिसरभित्र अवस्थित मन्त्रालय तथा कार्यालयहरूको हकमा सुरक्षाका कारण सर्वसाधारणलाई परिसरभित्र प्रवेश गर्न सहज गर्न सहज वातावरण नभएको अवस्थामा सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहजताका लागि सिंहदरवार प्रवेश द्वारमा सूचनाको हकसम्बन्धी डेस्क राखी प्राप्त सूचनाको हकसम्बन्धी आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्वन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ४ | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले सूचनाको वर्गीकरण गर्ने व्यवस्था गरेको छ तर हालसम्म यस व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । वर्गीकरणका लागि आयोगले पटक पटक निर्देशन तथा अनुरोध गरेको छ । वर्गीकरण गर्दा सार्वजनिक निकायहरूलाई सूचना उपलब्ध गर्न गराउन सहज हुने अवस्था भएको हुँदा अविलम्व यो कार्य सम्पन्न गर्न पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २९ ले सूचनादाताको संरक्षणसम्बन्धी महत्वपूर्ण व्यवस्था गरेको छ । सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानूनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ भनी गरिएको व्यवस्था र यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्ने र संरक्षण गर्न भएको व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । यसको कार्यान्वयन हुँदा सार्वजनिक निकायहरूमा हुन सक्ने अनियमितता नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्ने हुँदा यसको कार्यान्वयनका लागि सूचनादाताको संरक्षणसम्बन्धी नियमावली ल्याउनु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | नेपालको संविधानले नेपाली भाषाका साथ साथै राष्ट्रभाषालाई मान्यता दिन सकिने व्यवस्था गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) मा "सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको अवस्थामा सार्वजनिक निकायले प्रकाशन वा प्रकाशन गर्ने गराउने सूचना स्वाभाविक रूपमा सबै नागरिकको पहुँचमा पुगोस भन्ने उद्देश्य रहेको हुन्छ । तसर्थ सार्वजनिक निकायहरूले सूचना प्रवाह वा प्रकाशन तथा प्रसारण गर्दा नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामासमेत प्रवाह गर्दा सर्वसाधारण नागरिकलाई बुझ्न बुझाउन सहज हुने हुँदा सार्वजनिक निकायहरूले नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामा पनि सूचना प्रवाह, प्रकाशन वा प्रसारण गर्ने व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूले मिलाउने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | सार्वजनिक निकायको नेतृत्व वा उच्च पदमा पुग्ने व्यक्तिमा सदाचार, सुशासन, जवाफदेहिता, पारदर्शिता प्रतिको प्रतिवद्धताले महत्वपूर्ण भुमिका खेल्छ भन्ने कुरामा कुनै दुई मत हुन सक्दैन । यसलाई मापन गर्ने थुप्रै मापदण्डहरू मध्ये सूचनाको हकको पालना एउटा महत्वपूर्ण मापदण्ड हो । जसले सूचना प्रवाह गर्न, उपलब्ध गराउन र स्वतः प्रकाशनका माध्यमबाट उल्लेखित कार्यहरू गर्न तत्पर रहन्छ त्यस्तो व्यक्तिलाई उच्च तहको पदमा पुऱ्याउँदा सार्वजनिक निकाय, सरकार र देशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । तसर्थ सूचनाको हकको कार्यान्वयनलाई सार्वजनिक निकायको उच्च पदमा पुग्ने मूल्याङ्कनको आधार बनाउन आवश्यक र उपयुक्त रहेको हुँदा राजनैतिक नियुक्ति वा बढुवा गर्दा यस आयोगबाट सजाय भए नभएको बुझि सजाय नभएको व्यक्तिलाई मात्र नियुक्तिको व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ मा भएको व्यवस्थाबमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष पेश गर्ने गरेको छ तर यस प्रतिवेदनउपर व्यवस्थापिका संसद वा संसदीय समितिमा छलफल हुने गरेको छैन । यस वर्षको वार्षिक प्रतिवेदन प्रदेश सरकारमार्फत् प्रदेश सभा र स्थानीय तहमा पनि आयोगले उपलब्ध गराउने छ । वार्षिक प्रतिवेदनउपर व्यवस्थापिका संसद वा सम्वन्धित संसदीय समिति, प्रदेश सभा वा विषयगत समिति र स्थानीय तह वा विषयगत समितिमा छलफल हुँदा जनप्रतिनिधिहरूमार्फत् नागरिकको मौलिक हकको | कार्यान्वयन भएको जानकारी |

| | | |
|---|---|---|
| | रूपमा रहेको सूचनाको हकका क्षेत्रमा भएका काम कारवाहीका वारेमा बहस हुँदा यस क्षेत्रमा गरिन पर्ने सुधारका क्षेत्रहरूको पहिचान हुनुका साथै आयोगलाई र सार्वजनिक निकायहरूलाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा थप जिम्मेवारीका साथ कर्तव्य निर्वाह गराउन सकिने विश्वास आयोगको रहेको छ । | प्राप्त हुन नसकेका |
| ९ | लोकतान्त्रिक पद्धतीमा जनताका लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूबाट सृजित सार्वजनिक निकायहरूले गर्ने क्रियाकलापहरू निर्णयहरू नीतिहरू गोप्य रहनु हुँदैन भन्ने मान्यता अनुरूप संवैधानिक रूपमा सूचना माग्न पाउने र सूचना प्राप्त गर्ने हक नागरिकमा रहेकोले सीमित विषयहरूमा मात्र सूचना प्रवाह गरिने छैन भनिएको छ । यसैको आधारमा आयोगको मिति २०७६ चैत २० गतेको बैठकबाट निर्णय गरी कानून निर्माण वा संशोधन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले व्यवस्था गरेका बाहेकका विषयमा कुनै पनि कुरा गोप्य रहने वा हुने गरी कानून निर्माण वा संशोधन नगर्न नगराउन व्यवस्थापिका संसदका विषयगत समितिहरू, प्रदेश सभा र विषयगत समितिहरू र स्थानीय तहहरूलाई अनुरोध गरिएको छ । यसै क्रममा सामान्यतया कानूनको मस्यौदा गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थीनिय तहबाट नै हुने हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बाहेकका विषयमा गोप्य रहने गरी कानूनको निर्माण नगर्ने र गोप्य रहने गरी रहेका प्रचलित कानूनहरू संशोधन गरी त्यस्तो व्यवस्था हटाउने तर्फ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट पहल हुन पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | सूचनाको माग गरेको र प्राप्त गरेको विवरण सार्वजनिक निकायमा रहन्छ । सूचनाको हक प्रचलन गर्न गराउन यस्तो विवरण सहयोगी हुन्छ । साथै सूचनाको माग गर्ने प्रवृत्ति, नागरिकको समूह तथा मागको प्रकार जस्ता तथ्याङ्कले सूचनाको हक सम्बन्धमा आयोग र सार्वजनिक निकायहरूले आगामी दिनमा लिनु पर्ने रणनैतिक क्रियाकलापमा सहयोग गर्दछ । तसर्थ यस प्रकारको अभिलेख अनिवार्य रूपमा राख्न र आयोगमा उपलब्ध गराउनका साथै स्वतः प्रकाशन गर्न गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूलाई निर्देशन हुनुपर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ११ | एउटा निश्चित प्रकारको कानूनी प्रक्रिया पुरा गरी संवैधानिक दायित्व निर्वाह गर्न गठन गरिएको आयोगलाई विश्वास गर्न र जिम्मेवार बनाउन आवश्यक छ । सूचनाको हकको कार्यान्वयन गर्न गठित आयोगलाई स्वतन्त्र आयोग कानूनले नै मानेको छ । आयोग कति स्वतन्त्र छ वा छैन भन्ने विषयमा छलफल वा चर्चा हुँदै गर्दा प्राय सोधिने प्रश्न भनेको नै वित्तीय स्वतन्त्रता छ कि छैन, यदि उत्तर छ भनियो भने मात्र आयोग स्वतन्त्र छ भन्ने हुन्छ भन्ने भनाई छ । यस क्रममा नेपाल सरकारले आयोगको दायित्व निर्वाह गर्न आवश्यक (सीमित) वजेट उपलब्ध गराउने गरेकै छ, यसका लागि नेपाल सरकार र विशेष गरी अर्थ मन्त्रालयप्रति आयोग आभार व्यक्त गर्दछ । तर आयोगले लामो छलफल र यथेष्ट मात्रामा आवश्यकताको तथ्यगत मूल्याङ्कन गरी कार्यक्रम र यसका लागि आवश्यक वजेटको प्रस्ताव तयार गरेको हुन्छ । यसरी प्रस्ताव गरिएको कार्यक्रम तथा वजेटलाई मन्त्रालयमार्फत् प्राप्त हुने वजेट सीलिङ्ग र बजेट छलफलका क्रममा फरक प्रकारबाट स्वीकृत गरिने प्रणालीका कारण कतिपय कार्यक्रम नै काटिने वा स्वीकृत भए पनि अपर्याप्त वजेट उपलब्ध हुने कारणबाट कार्यक्रम सञ्चालन गर्न नै वाधा पुग्ने गरेको अवस्था छ । यसका कारण आयोग आफ्नो उद्येश्य अनुरूप कार्य सम्पादन गर्न समस्यामा पर्ने गरेको छ । आयोगको स्वतन्त्रताको परिक्षणमा उत्तिर्ण हुन अहिले भइरहेको व्यवस्थामा केहि परिवर्तन गर्न सकियो भने स्वाभाविक रूपमा सूचनाको हकप्रति रहेको नेपाल सरकारको प्रतिवद्धता र अग्रसरतामा थप समृद्ध हुने विश्वास आयोगको रहेको छ । यसका लागि नेपाल सरकारले आयोगसँग छलफल गरी आयोगलाई एकमुष्ट वजेट उपलब्ध गराउने र आयोगले प्रचलित कानूनको परिधिभित्र रही स्वीकृत गरेको कार्यक्रमहरूमा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने । यो प्रचलन नेपालका केहि निकायहरू र विभिन्न देशहरूमा अपनाइने प्रणाली नै भएकोले यस्तो प्रणाली अपनाउन उपयुक्त हुने देखिन्छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १२ | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ मा "आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ । नेपालको संविधानले तीन तहको शासकीय संरचना बनाएको र प्रदेश तथा स्थानीय स्तरका सार्वजनिक निकायहरूबाट नागरिक तहमा अधिकतम सेवा प्रवाह हुने गरेको छ । यसका कारण सूचनाको हकको प्रयोग अर्थात सूचनाको माग स्थानीय तहमा बढी हुने गरेको छ । आयोगको कार्यालय काठमाडौंमा मात्र रहँदा नेपालभर छरिएर रहेका सूचना मागकर्ताहरूलाई सूचना नपाएको उजुरी वा पुनरावेदन गर्न काठमाडौंमा नै आउनु पर्ने बाध्यताका कारण बाधा पुगिरहेको गुनासो प्रशस्त मात्रामा आउने गरेको छ । तसर्थ शुरुआती चरणमा आयोगले प्रत्येक प्रदेशमा थोरै कर्मचारी रहने गरी एक एक वटा सम्पर्क कार्यालय खोल्न आवश्यक देखिएको छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १३ | आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था हुँदा प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको हुन्छ । भाडा कै कारण आयोग एक ठाउँबाट अर्को ठाउँमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ । सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेको कारणबाट बाधा पर्ने गरेको छ । यसबाट वर्षेनी ठुलो रकम भाडाका रूपमा खर्च गरीरहनु पर्दा देशको लागि अनावश्यक व्ययभार बढ्दै गईरहेको छ । आयोगले आयोगका लागि स्थायी रूपमा आयोग कै नाममा रहने गरी भवन उपलब्ध गराउन वा निर्माण गरिदिन सम्पर्क मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारलाई पटक पटक अनुरोध गरिसकेकोमा संवोधन हुन सकेको छैन । कतिपय प्रयोगमा आउन नसकेको तथा निकट भविष्यमा प्रयोगमा पनि आउने सम्भावना नरहेका सरकारी जग्गा र भवन एकातर्फ खेर जानु र अर्को तर्फ सरकारी कार्यालय व्यक्तिको घरमा महङ्गो भाडा तिरेर वस्नुले नेपाल सरकार माथि परेको अनावश्यक आर्थिक व्ययभार पर्ने देखिदा नेपाल सरकारले आयोगका लागि उपयुक्त भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७७/७८ का सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सन् २०३० सम्म संयुक्त राष्ट्र संघले निर्धारण गरेको दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपाल योजनाबद्ध रुपमा अगाडि बढिरहेको छ । दिगो विकास लक्ष्य कार्यन्वयनका लागि व्यक्त प्रतिबद्धतालाई कार्यन्वयनमा उतार्नु स्वाभाविक रुपमा त्यति सहज छैन । दिगो विकास लक्ष्यको १६.१०.२ मा रहेको सूचनामा पहुँचसम्बन्धी सूचकांक प्राप्तिका लागि भएको तयारी त्यति सन्तोषजनक नरहेकोप्रति यस आयोगको ध्यानाकर्षण भएको छ । जब कि सूचनाको हकका क्षेत्रमा नेपालमा भएका प्रयासहरू र यस आयोगबाट सम्पादन भएका कार्यहरूका कारण अन्य देशहरूको तुलनामा नेपालको अवस्था त्यति खराब छैन तर यसलाई नेपाल र नेपालीका लागि थप फलदायी बनाउन स्पष्ट कार्ययोजनाका साथ अगाडि बढ्नु पर्ने हुन्छ । तसर्थ, उल्लेखित सूचकांक प्राप्तिका लागि राष्ट्रिय सूचना आयोगको संलग्नतामा कार्ययोजना बनाई पर्याप्त बजेट व्यवस्थासहित कार्यान्वयन गर्नेतर्फ सक्रियतापूर्वक लाग्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| २ | सन् २०११ मा पारदर्शी, सहभागितामूलक, समावेशी र जवाफदेही शासन प्रबर्द्धनका लागि सरकारी नेतृत्व र नागरिक समाजका अभियन्ताहरूका बीचको सहकार्यका रुपमा खुला सरकार सहकार्य (Open Government Partnership) सम्बन्धी अभियान शुरु भएको र यसमा हाल ७८ देश र ७६ स्थानीय सरकारहरू सदस्य रहेका छन् । सदस्य हुन मात्र पनि निकै कडा शर्तहरू रहेको यस सहकार्यमा नेपालले सदस्यका लागि आवश्यक शर्त पूरा गरिसकेको अवस्था रहेको हुँदा खुला सरकार सहकार्यमा नेपाल सहभागी हुँदा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि राम्रो देखिन्छ । यसका लागि राष्ट्रिय सूचना आयोगले विगतमा सरोकारवालासँग व्यापक छलफलपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको कार्ययोजना यथावत रहेको छ । नेपाल सरकारले आयोगले पेश गरेको कार्ययोजनालाई आधार मानेर थप काम गर्न आवश्यक ठानेको हो भने त्यसका लागि आवश्यक सहयोगका लागि आयोग तयार छ । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ३ | नेपाल सरकारबाट स्वीकृत सूचनाको हक कार्यन्वयनसम्बन्धी अनुगमन निर्देशिका २०७६ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको नेतृत्वमा केन्द्रीय अनुगमन इकाई, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको नेतृत्वमा कार्यान्वयन अनुगमन इकाई, प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको नेतृत्वमा प्रदेश अनुगमन इकाई र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अनुगमन इकाई रहने व्यवस्था तथा ती समिति वा इकाईहरूले नियमित रुपमा सूचनाको हकको कार्यान्वयनको अनुगमन, सहजीकरण तथा समन्वय गरी गराई आयोगमासमेत त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ । तर यससम्बन्धमा आयोगलाई हालसम्म कुनै पनि प्रतिवेदन प्राप्त भएको अवस्था छैन । यसबाट सूचनाको हक कार्यान्वयनमा प्रतिबद्धता अनुरुप काम नभएको देखिन्छ । तसर्थ, कानून बमेजिम सिर्जना भएका यस्ता समितिहरूलाई सक्रिया बनाई सूचनाको हक कार्यन्वयनलाई सशक्त बनाउनु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

| | | |
|---|---|---|
| ४ | सूचनाको हकसम्बन्धी कानूनको परिधिभित्र रही सूचना माग गर्न सार्वजनिक निकायमा जाँदा सूचना मागकर्तालाई सहज वातावरण बनाई दिनु पर्नेमा कतिपय सार्वजनिक निकायमा सूचना मागकर्तालाई असहज वातावरण सिर्जना गरिएको, निरुत्साहित गरिएको, दुःख दिएको, निवेदन दर्ता गर्न मात्र पनि समस्या सिर्जना गरिएको तथा कतिपय अवस्थामा त सूचना माकर्तामाथि बल प्रयोगसमेत भएका घटनाका जानकारी आयोगमा प्राप्त भइरहेको छ। यस्तो अवस्थाले आयोगलाई स्वाभाविक रुपमा चिन्तित बनाएको छ। कतिपय अवस्थामा आयोगले त्यस्ता सार्वजनिक निकायका प्रमुखसँग समन्वय गरी सूचना मागकर्ताका लागि सहजीकरण गर्ने गरेको छ । सूचनाको हकसम्बन्धी कानूनको पालना गर्ने/गराउने कानुनी दायित्व र जिम्मेवारी सार्वजनिक निकायको भएको हुँदा नागरिकलाई सूचना माग गर्न र प्राप्त गर्न सहज वातावरण बनाउन नेपाल सरकारबाट निर्देशन हुनुपर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ५ | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भएबमोजिम यस आयोगले पुनरावेदन तथा उजुरी लिनेबाहेक सूचनाको हकको प्रचलनका लागि प्रचारप्रसारका विभिन्न कार्यक्रमहरू गरिरहनु पर्ने हुन्छ। तर, केही वर्षदेखि आयोगका लागि विनियोजन हुने बजेट निरन्तर रुपमा घटिरहेको कारणबाट अपेक्षित र प्रभावकारी रुपमा कार्यसम्पादन गर्न/गराउन आयोगलाई बाधा पुगिरहेको अवस्था छ। तसर्थ, आयोगको आवश्यकताका आधारमा नेपाल सरकारबाट आयोगसँग छलफल गरी पर्याप्त बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ६ | पारदर्शिता तथा सुशासनका लागि कुनै पनि निकायले रु २५ हजारभन्दा बढीको भुक्तानी हुनासाथ यस्तो भुक्तानीसम्बन्धी विवरण त्यस निकायको वेबसाइटमार्फत् सार्वजनिक गर्ने गरिएकोमा हाल यस्तो व्यवस्था कार्यान्वयनमा शिथलता आएको छ । खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थावाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा भइरहेको व्यवस्थाको प्रभावकारी कार्यन्वयन वा नयाँ निर्णय गरी पारदर्शिता र सुशासनका लागि अझ प्रभावकारी व्यवस्था कार्यन्वयनमा ल्याइनु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ७ | नेपाल सरकारले देशको आर्थिक समृद्धि तथा विकासका लक्ष्य प्राप्तिका लागि ठूलो मात्रामा प्रत्येक वर्ष लगानी गरिरहेको छ। यसरी गरिने लगानीको ठूलो हिस्सा सार्वजनिक खरीदका लागि हुन्छ । सार्वजनिक खरीद पारदर्शी र भ्रष्टाचारमुक्त गराउन सकियो भने मात्र यस्तो लगानीको प्रतिफल उपलब्धीमूलक बन्न सक्छ र राजनैतिक नेतृत्वले अपेक्षा गरेको लक्ष्य प्राप्तिका लागि सहयोग पुग्ने हुन्छ। तसर्थ, सार्वजनिक खरीदको प्रक्रिया सार्वजनिक गर्ने सम्बन्धमा आयोगबाट मिति २०७८।४।२८ मा भएको निर्देशनको पालना र सार्वजनिक खरीदसम्बन्धी नीति तथा कानून निर्माण गर्दा यथाशक्य पारदर्शी हुने गरी गर्ने व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ८ | सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २४ (क) मा सार्वजनिक निकायले ऐनको दफा ६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफूभन्दा दोश्रो वा तेश्रो मुनिको अधिकारीलाई तोक्नु पर्नेछ भनिएकोमा धेरै सार्वजनिक निकायले प्रशासकीय प्रमुखभन्दा धेरै मुनिको अधिकारीलाई सूचना अधिकारीको जिम्मेवारी तोक्ने गरिएको अवस्था छ। यसबाट सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको परिपालनामा स्वाभाविक असर पर्ने नै भयो। नियममा व्यवस्था भएबमोजिम प्रशासकीय प्रमुखले वरियतामा आफूभन्दा दोस्रो मुनिको अधिकारी तोक्ने व्यवस्था कडाइका साथ लागु गराउने। जस्तै मन्त्रालयको सचिवपछि सबैभन्दा जेष्ठ सहसचिवलाई सूचना अधिकारी तोक्ने व्यवस्था हुनुपर्ने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ९ | सिंहदरबारको परिसरभित्र प्रायः मन्त्रालयहरू अवस्थित रहेको र सुरक्षाका कारण सर्वसाधारणलाई परिसरभित्र प्रवेश गर्न सहज र सजिलो छैन। सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहज बनाउनु सबै सार्वजनिक निकायको दायित्वभित्रै पर्ने हुँदा सिंहदरबारको दक्षिण ढोका प्रवेशद्वारमा सूचनाको हकसम्बन्धी डेस्क राखी सूचनाको हकसम्बमा प्राप्त आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्बन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलब्ध गराउने व्यवस्था मिलाउने। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १० | सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले दफा ३ उपदफा ३ सँग सम्बन्धित सूचनाको संरक्षणका लागि नीतिगत रुपमा सूचनाको वर्गीकरण गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा एक समिति रहने व्यवस्था गरेको छ। तर हालसम्म यस व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन। वर्गीकरणका लागि आयोगले पटकपटक निर्देशन तथा अनुरोध गरेको छ। वर्गीकरण गर्दा सार्वजनिक निकायहरूलाई सूचना उपलब्ध गर्न गराउन सहज हुने हुँदा अविलम्ब यो कार्य सम्पन्न गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| ११ | नेपालको संविधानको धारा ६ अनुसार "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्" भनिएको छ भने धारा ७ को उपधारा २ मा "नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ" भनिएको छ। भाषा आयोगले हालै पेश गरेको आफ्नो वार्षिक प्रतिवेदनमा पनि सूचना प्रवाह गर्दा मातृभाषाको प्रयोग गर्न सिफारिश गरेको छ। सार्वजनिक निकायबाट सम्पादन हुने क्रियाकलापहरूबारेमा जानकारी सार्वजनिक गर्दा नेपाली भाषाका साथसाथै अन्य राष्ट्रभाषामासमेत गर्ने गर्दा सबै भाषाभाषीसमेत मूलधारमा समेटिने, भिन्नभिन्न भाषिक समुदायलाई राज्यका नीतिबारे बुझाउन सकिने तथा राज्यका क्रियाकलापमा उनीहरूको स्वामित्व ग्रहण हुने र लक्षित वर्गमा पुग्ने हुन्छ। तसर्थ, सार्वजनिक निकायहरूले त्यस्तो भाषाको बाहुल्यता भएका क्षेत्रहरू पहिचान गरी ती भाषामासमेत सूचना दिने र प्रवाह गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १२ | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ मा "यसको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ" भन्ने व्यवस्था भएकोमा सूचनाको हकसम्बन्धी नियमावली २०६५ मा आयोगको परामर्शबिना नै २०७७ सालमा तेस्रो संशोधन भएको अवस्था छ। यसबाट कानून पालना गर्नू/गराउनू पर्ने निकायबाट नै कानूनको पालना नहुँदा अरुलाई कानून पालना गर्न गराउन बाधा पुग्ने देखिन्छ । तसर्थ, नियमावली संशोधन गर्दा आयोगसँग परामर्श नलिई संशोधन नगर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १३ | सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि स्थापित राष्ट्रिय सूचना आयोगको कार्यप्रकृति, आवश्यकता र महत्वलाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम २० को उपनियम २ मा "नेपाल सरकारले निजामति सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवको रुपमा काम गर्न तोक्नेछ" भन्ने व्यवस्था गरेको र सोही अनुरुप नेपाल सरकारले कानून सेवाको विशिष्ट श्रेणीका अधिकृतलाई आयोगको प्रशासकीय प्रमुखका रुपमा तोक्दै आएको थियो। आयोगको आवश्यकताको विश्लेषण तथा आयोगसँग कुनै परामर्श, सल्लाह वा छलफल नै नगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७/०७/२५ मा पत्र लेखी अचानक प्रशासकीय प्रमुखका रुपमा निजामति सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत रहने निर्णय भएकोप्रति आयोगले मिति २०७७/०८/११ को बैठकबाट असहमति प्रकट गरिसकेको छ। तसर्थ, आयोगको कार्यप्रकृति तथा आवश्यकतालाई ध्यानमा राखी आयोगको सचिवालयको प्रमुखका रुपमा निजामति सेवाको कानून सेवाको विशिष्ट श्रेणीको अधिकृत नै रहने व्यवस्था गर्नु पर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १४ | आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था छ। फेरि प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको हुन्छ। भाडाकै कारण आयोग एक स्थानबाट अर्को स्थानमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ। सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेका कारण सेवा प्रवाहमा बाधा पर्ने गरेको छ भने वर्षेनी ठूलो रकम भाडाका रुपमा खर्च गरिरहनु पर्दा देशको लागि अनावश्यक व्ययभार बढ्दै गइरहेको छ। आयोगले आयोगका लागि स्थायी रुपमा आयोगकै नाममा रहने गरी भवन उपलब्ध गराउन वा निर्माण गरिदिन सम्पर्क मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारलाई पटकपटक अनुरोध गरिसकेको छ। तसर्थ, यथाशीघ्र नेपाल सरकारले आयोगका लागि उपयुक्त भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्ने । | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |
| १५ | नेपालको संविधानको मौलिक हक खण्डअन्तर्गतको धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। सूचनाको हकलाई विशिष्ट हक पनि भनिन्छ । विशिष्ट यस अर्थमा कि संविधानप्रदत्त अन्य हक वा अधिकारको उपभोगका लागि सूचनाको हकको प्रयोग गर्न सकिन्छ। विश्वभरि नै आम बन्दै गएको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारका बारेमा राष्ट्रिय सूचना आयोगबाट सम्पादन भएका गतिविधि तथा कार्यहरू वार्षिक प्रतिवेदनका रुपमा सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसदमा छलफलका लागि प्रस्तुत हुनुपर्ने कानुनी व्यवस्थाबमोजिम यो प्रक्रिया पूरा हुँदै आएको छ। अपितु नागरिकलाई संवैधानिक रुपमा प्रत्याभूत गरिएको विशिष्ट व्यवस्था तथा त्यसको कार्यान्वयनको अवस्थाबारे व्यवस्थापिका संसदमा पर्याप्त छलफल हुन नसकेको भन्ने आम गुनासो रहँदै आएको छ। | कार्यान्वयन भएको जानकारी प्राप्त हुन नसकेका |

**२०७८/७९ का सुझाव**

| क्र. सं. | सुझावहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सुशासनका लागि महत्वपुर्ण माध्यमका रुपमा पारदर्शितालाई लिइन्छ । विश्वमा र नेपालमा पनि विभिन्न संस्था (कंपनी, प्रतिष्ठान, संगठन, समिति, संस्था इत्यादी) हरू खोल्ने र ति संस्थाहरूको नाममा नक्कली वा गलत कृयाकलाप गर्ने, भ्रष्टाचार गरेको आम्दानी लगानी गर्ने वा लुकाउने, कालो धन शुद्धीकरण गर्ने जस्ता कृयाकलापहरू हुने गरेको साय समयमा हुने घटनाहरूबाट प्रमाणित हुने गरेको पाइन्छ । विश्व बैंकको एउटा अध्ययन अनुसार विश्वमा ७० प्रतिशत भन्दा बढी ठुला भ्रष्टाचारमा यसरी खडा भएका संस्थाहरूको संलग्नता रहेको पाइएको छ । यस्तो कृयाकलाप रोक्ने एउटा शसक्त माध्यमका रुपमा कुनै पनि संस्थामा संलग्न रहेका प्राकृतिक व्यक्तिहरूको नामावली र लगानी सबै नागरिकले थाहा पाउन सक्ने बनाउन जरुरी देखिएको छ । विश्वमा १०० भन्दा बढी देशहरूले Transparency Beneficial Ownership लागुगर्न सहमती प्रकट गरिसकेका छन । तसर्थ यस्ता संस्थाहरूको एकीकृत लगत खडा गरी सबैले हेर्न मिल्ने व्यवस्था मिलाउन आवश्यक भइसकेको हुंदा यस तर्फ आवश्यक पहल गर्न पर्ने । | |
| २ | सार्वजनिक पद धारण गर्ने समयमा नेपालको संविधान तथा कानूनबमोजिम शपथ ग्रहण गराउने व्यवस्था छ । यसरी गरिने शपथमा गोपनियता शब्द राख्ने गरिएको छ । लोकतान्त्रिक पद्धतिमा नागरिकबाट गोप्य राख्नुपर्ने विषय सीमित हुन्छ । साथै कानूनले नै गोप्य राख्ने भनेको विषय शपथ नलिंदा पनि सार्वजनिक गर्ने विषय हुन सक्दैन । गोपनियताको शपथका कारण सार्वजनिक गरिन पर्ने विषय सार्वजनिक गर्न हिचकिचाउन पर्ने तथा बहानाका रुपमा प्रयोग हुने गरेको अवस्था छ । तसर्थ शासन पद्धतीमा भइरहेको विकास र सुशासनको आवश्यकतालाई ध्यानमा राखी गोपनियताको शपथ गराउन सान्दर्भिक हुन सक्दैन । तसर्थ सार्वजनिक पद ग्रहण गर्नेहरूका लागि शपथमा रहेको गोपनियता शब्द पुर्ण रुपमा हटाउने । | |
| ३ | सूचनाको हक कार्यान्वयन गर्ने प्राथमिकता दायित्व सार्वजनिक निकायको हो । कार्यान्वयनका लागि आफ्ना निकायका कर्मचारीलाई पर्याप्त तालिम दिनु र साधन श्रोत उपलब्ध गराउन आवश्यक हुन्छ । आयोगले सूचनाको हक प्रचलन गर्न गराउन नियमित रुपमा प्रयासहरू गरिरहेको छ । सीमित श्रोत साधनका साथ । तर यसरी गरिएका प्रयासहरू पर्याप्त हुन सक्दैनन् । सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकारले स्वीकृत गरी लागू गरेको सूचनाको हक कार्यन्वयनसम्बन्धी कार्यन्वयन निर्देशिका २०७६ मा भएका व्यवस्थाहरूको पालना गर्न गराउन नेपाल सरकारका तर्फबाट प्रभावकारी पहल हुनुपर्ने । | |
| ४ | सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब रुपिया भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरू खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी र जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरुपयोग भइदिँदा खोजेको प्रतिफल प्राप्त हुन सक्दैन । सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरू (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने । सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रुपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने । सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रुपमा समावेश गर्ने । | |
| ५ | सार्वजनिक निकायहरूले समय समय भएका घटना, समस्या, परिस्थितिको अनुसन्धान तथा अध्ययन गर्नका लागि कानूनबमोजिम वा निर्णय गरी समय समयमा विभिन्न कार्यदल, टोली, समिति आदी बनाउने गरिएको छ । यसरी हुने अध्ययन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनहरू मध्ये कतिपय समयमै सार्वजनिक नहुंदा यसबाट प्राप्त भएका परिणाम तथा सुझावहरू वारेमा सर्वसाधारण नागरिक थाहा पाउन पर्ने अधिकारबाट वञ्चित हुने गरेको छ । यसबाट सार्वजनिक निकायप्रति नै नकरात्मक धारणा बन्ने हुन्छ । तसर्थ सार्वजनिक निकायहरूले गरेका यस्ता अध्ययन तथा अनुसन्धान प्रतिवेदनहरू यथाशिघ्र सार्वजनिक सार्वजनिक गर्ने व्यवस्था गर्ने । | |
| ६ | सार्वजनिक निकायलाई पारदर्शी बनाई सर्वसाधारण नागरिकप्रति जिम्मेवार बनाउने प्रमुख दायित्व सार्वजनिक निकायका प्रमुखको हो । यसका लागि प्रत्येक सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कानूनको इमान्दार पालना गर्नु/गराउनु आवश्यक छ । पछिल्लो अवधिमा सार्वजनिक निकायका प्रमुखहरूमा सूचनाको हक लगायतका नागरिक हक कार्यान्वयनमा उदासिनता देखिने गरेको छ । तसर्थ सूचनाको हकको कार्यन्वयन नगर्ने नगराउने सार्वजनिक निकायका प्रमुख माथि तालुक निकायले अनुगमन गरी विभागीय कारवाही गर्न पर्ने । | |
| ७ | सूचनाको हकको संरक्षण, संबर्द्धन र प्रचलन गर्न गराउन राष्ट्रिय सूचना आयोगको गठन भएको हो । यो जिम्मेवारी पुरा गर्न गराउन आयोगले नियमित रुपले अन्तरक्रिया, प्रशिक्षण, गोष्ठीका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । केहि वर्ष देखि आयोगका लागि विनियोजित बजेटमा कार्यक्रम बजेट घट्दो क्रममा रहेको छ । यसबाट सूचनाको हक कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता माथि प्रश्न उठ्ने अवस्था आउने गरेको छ । नेपाल सरकारबाट आयोगका लागि विनियोजित बजेट बृद्धी गर्न पर्ने । | |
| ८ | नेपाल सरकारका विभिन्न निकाहरूले विद्युतीय प्रणालीमार्फत् सेवा प्रदान गर्न प्रारम्भ गरेको देखिएको छ । यस प्रणालीमार्फत् सेवा प्रदान भएका र हुने निकायहरूले त्यस्ता प्रणाली अवलम्बन गरी सञ्चालन गर्दा सूचनाको हकको पक्षलाईसमेत मध्येनजर गरी सूचना प्रणालीको निर्माण र सञ्चालन गर्न आवश्यक देखिन्छ । विशेष गरी त्यस्तो प्रणालीको प्राविधिक क्षमता, प्रणालीको कार्यपद्धति, प्रणालीले काम गर्ने अवधि, प्रणालीका काम प्रतिको उत्तररदायित्वको विषयहरूमा प्रयोगकर्तालाई पूर्वजानकारी सुनिश्चित गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने । | |

# परिशिष्ट १

## आर्थिक वर्ष ०७८/७९ मा आयोगमा परेको पुनरावेदनउपर भएको कारवाहीको संक्षिप्त विवरण